# जीवनका उत्सर्गहरु

(चिन्तनसङ्ग्रह)

# Jiwanka Utsargaharu



डा. अनोजा गुरुमाँ

Downloaded from http://dhamma.digital

# धर्मदान प्रदान गर्नहुने



श्रद्धेय भिक्षु असेँनन्द

Downloaded from http://dhamma.digital

# जीवनका उत्सर्गहरू

(चिन्तनकृति)

लेखक

**डा. अनोजा गुरुमाँ**

प्रकाशक

**श्रद्धेय भिक्षु असेंनन्द**

Downloaded from http://dhamma.digital

कृति : जीवनका उत्सर्गहरू
विधा : लेखसङ्ग्रह
लेखक : डा. अनोजा गुरूमाँ
धर्मदान : श्रद्धेय भिक्षु असेँनन्द
प्रकाशन मिति : २०७३ फागुन ३०
कम्प्युटर सेटिङ : श्रीकृष्ण बादे
कम्प्युटर टाइपिङ : उत्सव थपलिया
प्रति : १००० प्रति
मुद्रक : सर्वश्री क्वालिटी प्रिन्टर्स, बनेपा
सहयोग
**ISBN** : 978-9937-0-2296-5

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

आज मुझे बहुत ही हर्ष की अनुभूति हुआ कि भगवान् तथागत बुद्ध के प्रवचनों को संग्रहित कर बुद्ध के शिक्षाओं सम्बन्धी पुस्तक का प्रकाशन के लिए दान करने का अवसर मिला ।

वैसे तो नेपाल देश से मै ने बहुत कुछ पाया । जैसाकि मेरा उपसम्पदा काठमाण्डू के आनन्दकुटी विहार मे नेपाल के ही पूज्य आचार्यों के द्वारा सम्पन्न हुआ था। मेरी दातामा स्वर्गीय रत्नमञ्जरी गुरूमाँ मेरा उपसम्पदा का प्रायोजक (Sponsor) थी ।

जब अनोजा गुरूमा ने मुझे बतायी कि एक पुस्तक लिखकर तैयार रखा है अभी तक छापने की व्यवस्था नही हो पाया है तो मै ने स्वर्गीय दातामा रत्नमञ्जरी गुरूमाँ (जो मेरे लिए तो माँ ही है) के याद में इस पुस्तकका प्रकाशन करने का निश्चय कर लिया ।

मेरे लिए सौभाग्य की बात है मे अपनी स्वर्गीय दातामा के लिए पुण्य कर के उनके उपकारों का थोडा सा भाग को चुकाने का अवसर मिला । इसी पुण्य कर्म का फल स्वर्गीय दातामा रत्नमञ्जरी गुरूमाँ को मिले। यही मेरा कामना है ।

तथा अनोजा गुरूमाँ को भी मै दिल से धन्यवाद कहना चाहता हुँ कि मुझे इस बहुमूल्य पुस्तक के प्रकाशन का अवसर दिये ।

सब्बे सत्ता सुखि होतु ।

**– श्रद्धेय भिक्षु असेंनन्द**

Downloaded from http://dhamma.digital

# लेखकीय

जीवनका अनेकौं घुम्तीहरू पार गर्दै शान्तिमय बौद्ध ज्ञानको प्राप्ति पछि निरन्तर शान्तिमा मन दिएर बुद्धको ज्ञान, दीक्षा, सम्प्रेषण गर्ने यात्रामा राष्ट्रका अनेकौं स्थानहरूमा र अन्तर्राष्ट्रिय जगत्मा समेत प्रस्तुत गर्न पाएकोमा आफूलाई गौरव महसुस भएको छ। समाजमा बुद्धका शील, धर्मलाई व्यापक प्रचार प्रसार गर्न पाउँदा, समाजका हितका लागि सामाजिक कार्यहरूमा रम्न पाउँदा, दुःखीजन, भोका मन, अस्वस्थ तनमा सहयोग गर्न पाउँदाका खुसीहरू मनमा अनगिन्ती छन्। आफूले बुझेका कुराहरू, आफूलाई सत्य जस्तो लाग्ने ज्ञानहरू वितरण गर्न मन लागिरहन्छ। त्यसैले म केही न केही लेखिरहन्छु। र ती लेखिएका सामग्रीहरूलाई प्रकाशन गर्न मन लाग्छ।

यसपटक पनि 'जीवनका उत्सर्गहरू' (चिन्तनसङ्ग्रह) प्रकाशनमा आएको छ। यस कृति प्रकाशनका लागि आर्थिक सहयोग गरिदिनु भई धर्मदान दिनुहुने श्रद्धेय भिक्षु अर्सेनन्दमा मेरो मनभित्रैदेखिको हार्दिक आभार प्रकट गर्दछु। पुस्तक प्रकाशन गर्न हौसला प्रदान गर्दै यस पुस्तक प्रकाशनमा पनि बौद्धिक सहयोग गरिदिनुहुने साहित्यकार मोहन दुवालमा पनि हार्दिक आभार व्यक्त गर्दछु। हडबडमा तयार भएको यस ग्रन्थमा अवश्य भुलचुक हुनेछ। यसका लागि क्षमा प्रार्थना गर्दछु। गर्नेले नै भुल गर्ने हो; नगर्नेहरूले भुल गर्दैनन्। म पनि केही न केही गरिरहन चाहन्छु, अनि त भुल पनि भइ जान्दा रहेछन्। सत्य गरौं, कर्म र धर्म गरौं - यही त हुन् बुद्ध ज्ञानहरू।

**२०७३ फागुन ३०** **– डा. अनोजा**

Downloaded from http://dhamma.digital

## —। विषय सूची ।—


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १ | **सही धर्मको अर्थ** | **१** |
| २. | शान्ति आश्रम (बृद्धाश्रम) निर्माणबारे मेरा धारणाहरू | ४ |
| ३. | **वैशाली राज्यमा प्रजातन्त्र पतन** | **८** |
| ४. | शुद्ध आशीर्वादको कारणले आयु लामो | १३ |
| ५. | **सन्तानले कर्तव्य भुलेपछि .....** | **१७** |
| ६. | मानवताको धर्म | २२ |
| ७. | **नाकावन्दीको कर्मफल** | **२६** |
| ८. | मनलाई दुषित हुनबाट बचाउनु पर्छ | २९ |
| ९. | **धर्मको नाउँमा श्राद्ध** | **३७** |
| १०. | बुद्ध धर्ममा श्रीमान् र श्रीमतीको कर्तव्य | ४१ |
| ११. | **एक गाँस भातको लागि तीन वर्ष नोकर** | **४६** |
| १२. | मातृ तथा बाल मृत्युदर स्वास्थ्यको सम्बन्धमा बौद्ध ग्रन्थ | ५४ |
| १३. | **सत्य कुरा भएता पनि परिस्थिति हेर्नुपर्छ** | **५७** |
| १४. | सुख शान्तिको लागि पुण्य | ६१ |
| १५. | **प्रेमबाट शोक उत्पन्न हुन्छ** | **६५** |
| १६. | सुख र शान्ति कहाँ छ ? | ७१ |
| १७. | **५०० रूपैयाँ जाने ज्ञान** | **७५** |
| १८. | भोग सम्पत्ति कमाउनको लागि चारवटा गुण चाहिन्छ | ८३ |
| १९. | **आफूभन्दा प्यारो अरू कोही छैन** | **८८** |
| २०. | ध्यानको महत्व र अनुभव | ९२ |
| २१. | **आजको युगमा धर्मका अनुयायीहरूको भूमिका** | **९७** |
| २२. | बिरामी पतिलाई आश्वासन | १०१ |


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| **२३.** | **विपश्यना ध्यान र योगामा फरक** | **१०५** |
| २४. | आधुनिक विज्ञानको दृष्टि र बुद्ध दर्शन | १०८ |
| **२५.** | **आफूले गरेको कर्मको फल कसैले मेटेर मेट्न सक्दैन** | **११२** |
| २६. | शान्ति र उन्नतिको आवश्यकता | ११५ |
| **२७.** | **बुद्ध दर्शन र आधुनिक विज्ञानको दृष्टि** | **१२०** |
| २८. | बंगलादेशको भ्रमणको अनुभव | १२५ |
| **२९.** | **धर्म भनेको के हो ?** | **१२९** |
| ३०. | बोधिसत्व सिद्धार्थ गौतम | १३५ |
| **३१.** | **यात्रा : एक परिचय र बौद्धदर्शन** | **१३७** |
| ३२. | प्रवज्याको गुण | १३९ |
| **३३.** | **नेपाल र ताइवान विषय** | **१४२** |
| ३४. | दुःख सत्य | १४४ |
| **३५.** | **शुद्ध मनले कार्य गरेमा सफल हुन्छ** | **१४७** |
| ३६. | कर्मको फल : आनन्द महाजनको कहानी | १५१ |
| **३७.** | **बुद्ध, ध्यान र यसको महत्व** | **१५०** |
| ३८. | धर्मको ज्ञानलाई व्यवहारमा उतारौं | १६३ |
| **३९.** | **विन्दी अमेरिकन केटी** | **१६९** |
| ४०. | जमा च्व | १७४ |
| **४१.** | **मूर्खहरू आफू पनि उन्नति गर्दैनन्, अरूलाई पनि गर्न दिँदैनन्** | **१८१** |
| ४२. | बाल विवाहबारे बौद्ध दृष्टिकोण | १८५ |
| **४३.** | **शान्तिका नायक भगवान् बुद्ध** | **१८८** |
| ४४. | हेतु पच्चयको अर्थ (पट्ठान) | १९१ |


Downloaded from http://dhamma.digital

# सही धर्मको अर्थ

'धारयती'ति धम्म अर्थात धारण गर्नु नै धर्म हो । जस्तै आगाको धर्म पोल्नु र बरफको धर्म शातल दिनु हो । कर्तव्य पालन गर्नु नै मानव धर्म हो । चोट लाग्दा दुख्नु, घाउ हुँदा रगत आउनु, बग्नु यथार्थता हो । मानिसले गर्नुपर्ने सम्पूर्ण उपचार सेवा र कार्यहरूमध्ये सबैको हित हुने कल्याण, सुख शान्ति हुने कार्य र बचन नै सही र शुद्ध धर्म हो । धर्म भनेको जीवन जिउने कला हो । आफू सुखपूर्वक बाँच्ने र अरूलाई पनि सुखसँग बाँच्न दिनु नै धर्मको सार तत्व हो । सबै प्राणी सुखसित बाँच्न चाहन्छन, दुःखबाट अलग्ग रहन चाहन्छन । तर, हामीलाई यो कुरा थाहा छैन कि वास्तविक सुख के हो ? र यो पनि हामीलाई थाहा छैन कि त्यसलाई (सुख) कसरी पाउन सकिन्छ भनेर । त्यसैले धर्मको सही अर्थ बुझेर पालन गर्न सिकौं । धर्मको सारलाई बुझी सही रूपमा ग्रहण गर्न सिकौं । नत्र वास्तविक सारतत्व छोडी बोक्रामा नै अल्झिरहन्छौं त्यसलाई नै धर्म भन्छौं । परम्परादेखि चल्दै आएको धर्मको नाममा जुन थोत्रो बोक्रा बचेका छन, त्यसबाट अलग रही धर्मको सारलाई ग्रहण गर्नतर्फ लागौं । धर्मको सार मंगलदायी, उत्तम र सार्थकता हो । तर, बोक्रा निरर्थक र हानिकारक हुन । सारतत्व प्राप्त भएपछि मात्र साँच्चिकैको सुख प्राप्त हुन्छ ।

कसैलाई मार्नु पाप हो भनी मानवले गर्ने सबै पनि धर्ममा छ । हाम्रो देशमा धर्मको नाममा बलि दिने (पञ्चबली) गरिन्छ । अबोध पशुलाई स्वर्ग पठाउने भनी देवीदेवताको सामु बली दिइन्छ । अरूको ज्यान लिनुमा नै धर्म मिल्छ भने पाप कहाँ छ त ? बरू त्यसको सट्टा आफू र आफना परिवारका सदस्यलाई नै स्वर्ग पठाए हुन्न र ? बलि दिनुको सट्टा पशुलाई देवतासामु ज्यूँदै चढाएमा धर्म हुन्छ । पशुको एक-एक नशा तानी दिनुसम्म सास्ती दिइसकेपछि देवतालाई फोहोर गरी हिंसा गरिन्छ । यसमा स्वार्थ लुकेको छ ।



Downloaded from http://dhamma.digital

आफूभन्दा निर्बलको हत्या गर्नु के यो वास्तविक धर्म हो त ? यो कस्तो धर्म बलिया बाघ, भालु भोग दिन मानव असमर्थ छ । विभिन्न भाकल गरी आफूले खानका लागि देवताले मागेको भनी धर्म ठानी पशुलाई मार्ने गरिन्छ । यो अन्धविश्वास हो । यो धर्म नभई पाप हो । देवीदेवताले प्राणीको बली देऊ कहिल्यै भन्दैन । मानव नै त्यो देवता हो, जसले असल काम गरेकै कारण उच्च स्थानमा राख्ने गरिन्छ । जस्तै कोही मान्छे विरामी भएको छ भने एक असल एवं जिम्मेवार बहन गर्ने नर्सले पैसाको लोभमा नफसी राम्ररी हेरचाह गरी उक्त विरामीलाई जीवनदान दिन्छ । रगत चुस्ने देवता नभई राक्षस हो । अर्काको धन चोर्ने, अरूलाई मार्ने, दु:ख दिने, अर्काको श्रीमान वा श्रीमतीप्रति कुदृष्टि राखी बिगार्ने, अर्काको कुरा काटनेलाई राक्षस वा ज्यानमारा भनी कहलिन्छ । ऊ अविश्वासको पात्र बन्छ । मानव नै एक त्यस्तो सज्जन र दुर्जन । देवता वा राक्षस दुवै बन्न सक्छ । हाम्रो नेपालमा देवीको पूजा गर्नेलाई धर्मात्मा र पूजा नगर्नेलाई अधर्मिक मानिन्छ । पूजा गर्ने व्यक्ति धार्मिक हुने र पूजा नगर्ने चाहिँ अधार्मिक हुने साँच्चिकै हा त ? प्रश्न उठन सक्छ । देवताको अस्तित्व छ कि छैन ? देवता र मानिसको सम्बन्ध के छ ? मानिसको सुख:दु:खमा देवीदेवताको हात छ कि छैन ? यस्ता प्रश्नहरूमा विभिन्न चर्चा परिचर्चा हुने गरिन्छ । सबैले आ-आफनै अध्ययन र अनुभवले बुझ्नुपर्ने कुरा हो । मैले २८ वटा देशहरूको भ्रमणका क्रममा कुनै पनि राष्ट्रमा देवताको नाममा बलि दिने चलन भएको थाहा पाइनँ । देखेको पनि छैन ।

नेपालमा जन्मिनु भएका शान्तिका अग्रदूत भगवान बुद्ध (सिद्धार्थ) को ५६३ वि.सि.मा जन्म भएको थियो । १६ वर्षमा सिद्धार्थले यशोधरासित विवाह गरी २९ वर्षको उमेरमा सम्पूर्ण परिवार र राज्य सुख त्यागी ३५ वर्षको उमेरमा बोधिज्ञान प्राप्त गरी बुद्ध हुनुभयो । महामानव गौतम बुद्धलाई देवता सम्झी पूजा गरिन्छ नेपालमा यस्ता महान पुरूष जन्मिनु भनेको राष्ट्रको गौरव बढनु हो ।

बलिलाई मानिसले परम्परादेखि चलिआएको भनी मान्दै आइरहेका छन । परम्पराका एउटा घटना -म सानो छँदा बाजेले भन्नुभएको थियो, मेरो बाजेहरूको बेनाम नेवारीमा 'भकू' (विरालोलाई थुन्ने) भनिन्छ । भकूको अर्थ



Downloaded from http://dhamma.digital

सोद्धा बाजेले भन्नुभयो कि पहिला पहिला श्राद्ध गर्दा विरालोले दूध र दही खान्छ भनेर बाँधेरै श्राद्ध गरिन्थ्यो। त्यही बेलादेखि अहिलेका साना-साना जाति-नातिनाले अहिले बाजेको मृत्युपछि आफूले विरालो बाँधी श्राद्ध गर्छन। यदि विरालो घरमा नभए खोजी खोजी भए पनि बाँधेर श्राद्ध गर्ने चलन छ। यो परम्परा नै बन्यो। विरालोलाई नेवारीमा 'भौ' भनिन्छ। छोपेर राख्नुपर्छलाई 'कुनावयेगु' भनिन्छ। त्यसकारण भौकू भनेको हो। भौकूलाई परिवर्तन गरी भकू भयो। र मेरो विरारचमा पहिला हिंस्रक पशुलाई मारिन्थ्यो होला। त्यस्तै परम्परा पशु बलिदिने चलन पनि बस्यो। मनोकामना पूरा हुन्छ भनी मनमा अन्धविश्वास पालेर बसेको हुन्छ।

●



Downloaded from http://dhamma.digital

# शान्ति आश्रम (बृद्धाश्रम) निर्माणबारे मेरा धारणाहरू

म २०३८ साल वैशाख ६ गते अध्ययनको लागि रंगुन पुगेको थिएँ। रंगुन पुगेको लगत्तै स्वतगाउँफयामा घुम्न मौका पाएँ। ठीक तीन महिनापछि महासांसनायता भन्ने ठाउँमा म पुगेँ। जाने बित्तिकै पढन नपाइने रहेछ। त्यहाँको नियमानुसार अध्ययन गर्न जानेहरू तीन महिनासम्म ध्यानमा बस्नुपर्ने रहेछ। आफ्नो चित्तलाई वशमा राख्न सकेको खण्डमा मात्र अध्ययन गर्न सजिलो हुने भएकोले नै यस्तो नियम बनाएको हुनुपर्छ। तीन महिनासम्मको ध्यान पूरा गरिसकेपछि म मोल्मिन खेमामाया सातन्ताइमा बौद्ध दर्शन अध्ययनको लागि गएँ। त्यहाँ नौ महिनासम्म मात्र बस्न पाएँ। सैनिक शासन भएकोले त्यो समयमा सबै विदेशीहरूलाई देश निकाला गरिएको कारण विदेशीहरू बर्मामा थिएनन। एकजना विदेशीले के गडबड गरेको थियो कुन्नि, त्यसको प्रभाव हामीमाथि पनि पर्‍यो।

अभिधर्ममा तीनवटा विषयहरू अध्ययन गर्नुपर्ने थियो। नौ महिनामा मैले दुई विषयहरू मात्र पूरा गरी पास गरेँ। त्यहीँ बसेर अध्ययन गर्न मनपरेको थियो तर सबै कुरा आफूले भनेजस्तो, चाहेजस्तो कहाँ हुन्छ र ? मोल्मिन छोडेर मलाई रंगुन आउनु पर्‍यो। रंगुनमा दाताहरूले मलाई र अरू साथीहरूलाई विभिन्न स्थानहरूमा भ्रमण गराउन लगे। ती ठाउँहरूमध्ये हामीले एउटा बृद्धाश्रममा पुग्ने मौका पायौं। त्यस वद्धाश्रमको व्यवस्थापन अत्यन्त राम्रो भएको हामीले पायौं। त्यहाँको एउटा नियम पञ्चशील पालन गर्नैपर्ने। ५ बजे उठेर नुहाइ-धुवाई सक्नुपर्ने र बुद्ध पूजाको लागि तयार हुनैं पर्ने, समय-समयमा ध्यान गर्नुपर्ने। ध्यान गर्न नसक्नेहरू जपमाला घुमाएर



Downloaded from http://dhamma.digital

बसिरहनुपर्ने । चिया, जलपान, भोजन आदि तोकिएका समयमा गर्नुपर्ने र सक्नुपर्ने । चिकित्सक, परिचारिकाहरू र अरू सेवा सुश्रुषा गर्न खटिएकाहरू सबै आफ्ना-आफ्ना काममा लगनशील भएर लागिरहेका हुन्थे । भन्ते गुरूमाँहरू हरेक दिन दिउँसो ४ बजेदेखि धर्म उपदेश दिने गर्नुहुन्थ्यो । धर्म उपदेश नुहेन दिन नै हुँदैनथ्यो । धर्म उपदेश जीवनयापन गर्न अत्यावश्यक महसूस गरेर बृद्धाहरू मात्र होइनन सेवा निवृत्त भएर बसिरहेकाहरू पनि त्यस बृद्धाश्रममा बस्न आइरहेका हामीले भेट्टायौं । पूण्य कमाउन र धर्म श्रवण गर्न नपाएकै कारण घर छोडर तिनीहरू बृद्धाश्रम आएर बसेका थिए । धर्म उपदेश सुन्न दिनहुँ विहारमा जानुपर्ने हुन्छ । यही कारणले पनि कति तरूण-तरूणीहरू आफ्ना सम्पूर्ण परिवारलाई छोडेर पनि बृद्धाश्रममा बस्न आउने गर्दथ्यो । त्यहीँ तिनीहरूका खानपान, सुत्ने र अन्य आवश्यक व्यवस्था मिलाएको हुन्थ्यो ।

त्यहाँ कुन किसिमको कमी हुँदैनथ्यो । समयतालिका यस्तो हुन्थ्यो : ५ बजे उठने, सरसफाइ ६ बजेदेखि ७ बजेसम्म, जलपान, त्यसपछि बुद्ध पूजा, ध्यान माला जप्ने, ११ देखि १२ सम्म भोजन र १२ देखि १ बजेसम्म सुत्ने समय हुन्थ्यो । त्यसपछि फेरि ध्यान अनि केही समय यताउता चक्रमण गर्ने क्रियाकलाप हुन्थे । त्यहाँ चिकित्सक र परिचारिकाहरूका सेवादेखि हातखुट्टा दुख्यो भने मालिस गरिदिने, कपडा धुने लगायत सम्पूर्ण सेवा उपलब्ध हुन्थ्यो । बेलुका ४ बजेदेखि ५ बजेसम्म चिया पिउने समय हुन्थ्यो । ५ बजेदेखि ६ बजेसम्म भन्ते, गुरूमाँहरूका प्रवचनको लागि समय छुटयाइराखेको हुन्थ्यो । घरमा नपाइने भगवान बुद्धको उपदेश सुन्ने मौका र अरू सेवा सुविधाहरू त्यहाँ सबैले प्राप्त गर्थे । त्यहाँ आनन्द र शान्तिको वातावरण हुन्थे । कुनै किसिमका झै-झगडा र दुःखको नामोनिशाना त्यहाँ हुँदैनथ्यो । केहा तकलिफ र समस्या छन कि भन्ने मेरो प्रश्नको उत्तरमा तिनीहरूले त्यस्तो केही नभएको आराम र सुविस्तापूर्वक बस्न पाएका मैले उत्तर पाएको थिएँ । कोही आफ्ना सारा सम्पत्ति बृद्धाश्रमलाई प्रदान गरेर त्यहीँ बसोबास गर्न आएका त कोही छोराछोरीको लागि अंश पहिला नै छुटयाएर र आफ्ना शेषपछि बृद्धाश्रमलाई सम्पत्तिको हक प्रदान गर्ने वचनवद्धताका साथ त्यहाँ बस्न आएका कुरा उनीहरूले मलाई बताएका थिए ।



Downloaded from http://dhamma.digital

घरको याद पटक्क नआउने, आनन्द र शान्तिपूर्वक जीवन बिताइरहेका कुरा उनीहरूले मलाई बताएका थिए । मृत्यु अवश्यम्भावी छ भने पुण्य कमाएर शान्तिपूर्वक मृत्यु वरण गर्ने उनीहरूको मनसुवा थियो । यस्तो कुरा सुनेर मेरो मनमा लाग्यो नेपालमा पनि म शान्ति आश्रम खोल्ने छु । यस्तै प्रकारले व्यवस्था गरी यस्तै किसिमको शान्ति आश्रम खोल्ने मेरो मनमा इच्छा जागेर आयो । बूढाबूढीहरूका दुखेसो सुनेर र आफ्नै पनि उमेर ढल्किँदै गइरहेका अवस्थामा मैले शान्ति आश्रमको आवश्यकताको ठूलो महसूस गरेँ । कोही कोहीको अवस्था कस्तो छ, छोराछोरीहरू विदेशमा आफू एक्लै नेपालमा र परेको बेला सेवा गर्ने कोही हुँदैनन । सम्पन्न भएर पनि आमाबाबुलाई सेवा नगर्ने छोराछोरीहरू पनि धेरै छन । आफू सधैं तरूण र तरूणीहरू नै भइरहन्छन जस्तो गरी, आफ्नै जहान बच्चालाई मात्र स्याहारी बूढाबूढी भएका बाबुआमालाई उनीहरू वास्तै गर्दैनन । आफू कहिल्यै पनि बूढाबूढी हुँदैनन नै जत्तिकै बेहोसी भएर बस्छन । कति बूढाबूढीहरू छोराछोरीकै भरमा बाँचेका हुन्छन । उनीहरू छोराछोरीले झगडा मात्र गर्न नआए पुग्छ भन्छन । सकुन्जेल आमाबाबुहरू पैसा कमाई जम्मा गर्छन । छोराछोरीले मोजमस्तीमा उडाइदिन्छन । बूढाबूढी भइसकेपछि सम्पत्तिको लागि उनीहरू रातदिन झगडा गरी दुःख दिन्छन भने त्यतिबेला बूढाबूढीको मन कस्तो हुन्छ होला ?

छोराछोरीले आफू पनि एक दिन आमाबाबु हुन्छन र बूढाबूढी भएपछि त्यस्तै अवस्थामा उनीहरू पर्छन भनेर किन सोच्न सक्दैनन होला ? यस्तो सोच्न सकेको भए उनीहरूले आमाबाबु असहायहरूलाई सेवा सुश्रुषा गर्थे र सहायता दिन्थे होला । यस्तै दर्दनाक कुराहरू मनमा खेलेको छ । बूढाबूढीहरूका लागि केही गरूँ भन्ने सेवा भावना उब्जेको हुँदा 'शान्ति आश्रम' को अवधारणा, परिकल्पना र भावना मेरो मनमा जागृत भएको हो । यस्तो परिकल्पनालाई साकार बनाउन सानातिना जग्गा भएर पुग्दैन । वारगंजका गोपाल अग्रवालले यस्तो पण्य कार्यको लागि १० रोपनी जग्गा दान प्रदान गर्ने शुभेच्छा पनि व्यक्त गर्नुभएको थियो । तर बाध्यता छ के गरूँ ? विहार यहाँ काठमाडौंमा छ । अस्पताल, शान्ति आश्रम (बृद्धाश्रम) र बाल स्याहार केन्द्र आदि स्थापना गरी विहारद्वारा प्रदान गरिने सेवालाई विस्तार गर्ने



Downloaded from http://dhamma.digital

मेरो ठूलो मनोकांक्षा छ ।

शान्ति आश्रमको लागि ७५ वटा कोठाहरू निर्माण गरिदिने ७५ जना दाताहरूले उदार चित्तले सहयोगका हात बढाउने वचनवद्धता व्यक्त गरिसकेका छन । अस्पतालका लागि पनि दाताहरू सहयोग गर्न तयार छन । पर्खन सक्नु मात्र पर्दछ, समय आउँछ । समय आएपछि सबै कुरा बन्छ । मलाई विश्वास छ, यस कुशल कार्यको लागि समयले एक दिन साथ दिन्छ नै ।

मलाई लाग्छ यहाँ मेरो भन्नु केही छन । सबैले यो कुरा बुझेर मेरा सदिच्छा पूरा गर्न र सबैको कल्याणको लागि साथ देलान भनेर मैले आशा गरेको हुँ । म घरबार परिवार सबै त्याग गरेर भिक्षुणी भएको व्यक्ति हुँ । विहार बनाई बुद्ध शिक्षा प्रचार-प्रसार गरेर धर्म अनुसार आफ्नो जीवन कसरी यापन गर्ने भन्ने कुरा बताउँदै, सबैलाई जागृत हिँडिरहने व्यक्ति हुँ । एकदिन मर्नै पर्छ, सेवा गरेर आफ्नो जीवन सार्थक बनाउनु पर्छ भन्ने मेरो भावना सानै बच्चादेखिकै हो । मनुष्य भएर बुझ्नुपर्छ । जिउनु भनेको आफ्नो लागि होइन, अर्काको लागि हो । खान, पिउन, सुत्न, बच्चा जन्माउनको लागि मात्र जिउने हो भने हाम्रो जीवन पशुको जीवनभन्दा के फरक भयो र ? पाली भाषामा त्रिछान भनिन्छ । त्रिछान तीन अक्षरले तीनवटा कुरा देखाउँछ । खाने, सुत्ने र बच्चा जन्माउने र यी तीनै कुरामात्र उद्देश्य लिने हो भने मनुष्य चोला ग्रहण गर्नुको कुनै अर्थ रहँदैन र हामी निकै तलसम्म गिर्दछौं । मनुष्यभाव दुर्लभ ! मनन गर्न योग्य भएकोले नै मनुष्य भनेको हो । पाप, धर्म, राम्रो, नराम्रो, गर्नु हुन्छ, गर्नु हुँदैन, न्याय, अन्याय छुटयाउन सक्ने व्यक्तिलाई नै मनुष्य भनिन्छ । यही कुरामा नै मनुष्य र जनावरमा फरक छुट्टिन्छ । यसकारण बुद्ध भन्नुहुन्छ 'मनुष्य बन, पशु नबन' । जन्म भएपछि कालगतिले एकदिन त मर्नै पर्छ भने अरूलाई दुःख दिएर होइन सुख दिएर शान्तपूर्वक मर्न सिक्नुपर्छ । सुख, शान्तपूर्वक बाँच्न सिक्नुपर्छ । धन सम्पत्ति जति भए पनि पुग्दैन । सन्तोष लिएर कुशल काम गरी जिउन जान्नु पर्छ । अरूको फाइदाको लागि केही राम्रो गरेर मर्ने मनमा धारणा लिनुपछ । अरूले गर्न खोजेको असल कार्यलाई अनुमोदन गरी सहयोगको हात बढाउनु ठूलो धर्म हो । सबैले यो कुरा बुझून ।

●



Downloaded from http://dhamma.digital

# वैशाली राज्यमा प्रजातन्त्र पतन

गङ्गाबाट प्रान्तहरू छुटाएको थियो । जस्तै : पटनाबाट आइराखेको वारिपट्टिको गङ्गा मगधराजा विम्बिसारको राजतन्त्रात्मक राज्य थियो । गङ्गाको पारिपट्टि लिच्छवीहरूको गणतन्त्रात्मक अथवा प्रजातन्त्र बज्जी राज्य थियो । पहिला एउटा-एउटा प्रान्तमा एक-एक राजाले राज्य चलाउने गर्थे । त्यसकारणले गर्दा राजगृह नगर विम्बिसार राजाले राज्य चलाउनुभयो । त्यस्तै वैशालीमा लिच्छवी राजाले राज्य चलाउनुभयो । यही समय भगवान बुद्ध पनि गाउँ-गाउँमा, नगर-नगरमा, देश-देशमा चारिका गर्दै वैशाली पुग्नुभयो । लिच्छवीलाई वैशाली भन्दछन । लिच्छवीको राजा, राजकुमारहरू भगवान बुद्धकहाँ गएर उहाँको उपदेश सुनिरहन्थे । भगवान बद्धले पनि यसरी उपदेश दिनुहुन्थ्यो ।

राज्य सुधार र समृद्धिको लागि मेलमिलाप र नैतिकता अत्यन्त जरूरी छ । महापरिनिर्वाण सूत्र अनुसार भगवान बुद्धले सारन्दन चैत्यमा लगेर दिनुभएको सात सूत्रीय अपरिहार्य अवनति नहुने यो सातवटा के भन्दा -

१. आफ्नो राष्ट्रिय विकास र उन्नति गर्नको लागि आपसमा सहमतिको लागि बराबर वैठक (संसद बस्नु) बसेर समभ्रुदारी भएर मैत्रीपूर्वक छलफल गर्नुपर्छ ।

२. एक-आपसमा मेलमिलाप भावना राखी बठक बस्नु । पहिलाको कुरालाई ध्यानमा राखी सुनिदिनु र चित्त नबुझे पछि आफूले बोल्ने, आदानप्रदान गर्ने यसरी वैठकको निर्णयलाई सबै मिली कार्यान्वयन गर्नु ।

३. अवैधानिक कार्य नगर्नु भनेको पहिला सबैले सहमति गरेर



Downloaded from http://dhamma.digital

लेखिराखेको संविधान उल्लंघन नगर्नु ।

४. आफूभन्दा ठूलो अनुभवी वयोवृद्ध व्यक्तिहरूको शिक्षाप्रद र रचनात्मक कुरालाई सुनिदिनु, त्यस कुरालाई सम्मान गर्नु । उखान एउटा भन्न चाहन्छु मलाई असाध्य मनपर्ने - कुरा सुन्नु वयोवृद्धाहरूको र आगो ताप्नु मुडाको रे । आमाबुबाको सेवा गर्नु, बाज्या, बाजेको मान गर्नु ।

५. कुल कुमारीहरूप्रति बलात्कार नगरी उनीहरूप्रति उचित व्यवहार गर्नु । केटीहरूलाई आफ्ना बहिनीदिदी समान व्यवहार गर्ने ।

६. आफ्नो राष्ट्रको पूजनीय स्थानहरूको सम्मान गर्नु जस्तैः चैत्यहरू मार्ग फल प्राप्त गरिसकेको मूर्तिहरू, वोधिवृक्षहरू इत्यादिलाई पूजा सत्कार गर्नु । यस्तो चिजहरू पुरानो भएर भत्केर जाँदा आदरसत्कार राखेर गर्नु बनाउनु पर्दछन ।

७. आफ्नो ठाउँमा पाल्नुभएको पूज्य पाहुनाहरूको सम्मान गर्नु, उनीहरूको सेवा गर्नु, तिनीहरूको रक्षा गर्नुपर्छ । याचकहरू, भिक्षुभिक्षुणीहरू, ऋषिमुनिहरू र बाबाजीहरूलाई मान गरेर दान दिनुपर्दछ ।

यसरी सात सूत्रीय अपरिहार्य (अवनति नहुने) नियमहरू उपदेश दिनुभएको थियो । भगवान बुद्धले बताउनुभएको उपयुक्त सात नियमहरूलाई लिच्छवीहरूले अखण्डित रूपमा पालन गर्दथे । फलस्वरूपः त्यसबेला तीव्र रूपमा वैशाली देश विकास भएको थियो र जनताको जीवनस्तर पनि माथि उठेको थियो । वैशाली यति विकास भयो कि नराम्रो भनेको कोही पनि थिएन । जताततै शान्ति; झैं-झगडा भनेको विल्कुल थिएन । सबै मानिसहरूसँग मैत्री, करूणा, मुदिता र उपेक्षाले भरिपूर्ण थियो । शहर जति जतातत सुफासुग्घर भूईमा हेर्दा चाख्न सकिन्छ । अलिकति पनि धुलो नभएको । मानिसको मुख हेर्दा सबैको शान्तदान्त र हाँसेको मात्र । दुःख भनेको कसैको देखिएन । आफ्नो शरीरबाट आउने दुःख बाहेक वाहिरबाट केही पनि थिएन । व्यापार त्यत्तिकै राम्रो । खेतजग्गा र जमिनहरू त्यत्तिकै विकसित भयो । भगवान बुद्धले यतिसम्म भन्नुहुन्छ कि स्वर्ग हेर्नुपर्‍यो भने



Downloaded from http://dhamma.digital

वैशाली हेर्नु । मानिसहरूको स्वर्ग । स्वर्गको उपमा दिनुहुन्छ । मनुष्यलोकका स्वर्ग हेर्नुहुन्छ भने वैशाली जानु भन्नुहुन्छ ।

वैशाली लिच्छवी गणतन्त्र (प्रजातन्त्र) को यसरी विकास र उन्नति भएको देखेर राजा अजातशत्रुलाई ईर्ष्या र डाहा हुन थाल्यो । वनको बाघले नतर्साए पनि मनको बाघले तसायो भनेजस्तै उनको मन कहीँ यो लिच्छवीगणले आफ्नो राजतन्त्रलाई नै खतरा पार्ने हुन कि भन्ने शंका-उपशंका उब्जिन थाल्यो । राजा विम्बिसारको छोरा अजातशत्रुले प्रभावशाली वैशाली गणतन्त्रलाई तहसनहस पार्न आक्रमण गर्नेबारे सोच्न थाले ।

यसबारे भगवान बुद्धसँग सल्लाह लिनु अझ राम्रो हुनेछ भन्ने विचार गरी उनले आफ्ना महामन्त्री वर्षकार ब्राम्हणलाई बोलाई यसो भने - तिमी भगवान बुद्धकहाँ गई मेरो इच्छा र वन्दना सुनाएर मिलेका व्यक्तिहरूलाई कसरी वज्जी गणतन्त्र माथि आक्रमण गर्न चाहेको कुरो बताउनु अनि भगवान बुद्धले यसबारे जे भन्नुहुन्छ, त्यसको खबर मलाई दिनु । भगवान बुद्धले नहुने कुरा त भन्नुहुन्न ।

राजा अजातशत्रुको कुरा सुनेर वर्षकार ब्राम्हण सरासर भगवान बुद्धकहाँ गई सबै कुरा बताए । उनको कुरा सुनी भगवान बुद्धले भन्नुभयो - 'वज्जीहरूले जबसम्म सातवटा अपरिहार्य नियमहरूलाई पालन गर्छन तबसम्म उनीहरू उनीहरूको विजय र अभिवृद्धि नै हुनेछ । कसैले पनि बिगार्न सक्नेछैन ।' यसरी भगवान बुद्धको कुरा सुनिसकेपछि वर्षकार ब्राम्हणले कूटनैतिक भषामा भने - 'भगवान सास्ता सातवटा नियमहरूको त के कुरा एउटा मात्र नियमको पालन भएसम्म पनि वज्जीहरूलाई कसैले विगार्न सक्दैन ।' यत्ति भनी वर्षकार ब्राम्हण राजा अजातशत्रुकहाँ गएर भगवान बुद्धले भन्नुभएको सबै कुराहरू सुनाए । यो कुरा सुनिसकेपछि निराश हुनुभयो ।

'महाराज ! किन निराश हुनभएको ? त्यो वज्जीहरूको एकता र संगठन बललाई मैले भङ्ग गरिदिन्छु । त्यसबेला वज्जीहरूको नाश हुनेछ र त्यसबेला तपाईले आक्रमण गर्नुभयो भने तपाई सफल हुनुहुनेछ ।' यो कुरा सुनी अजातशत्रुले सोधे -'वज्जीहरूको एकता कसरी भङ्ग र नाश गर्ने ?'

'महाराज ! मलाई तपाईले राष्ट्रघाती अपराधी भनी घोषणा गरी



Downloaded from http://dhamma.digital

देशबाट निकाला गर्नुस, अनि म राजतन्त्रविरोधी र गणतन्त्रप्रेमी बनी वैशालीमा जानेछु । त्यसपछि मैले पहिले उनीहरूको भलो हुने कार्य गरी देखाउनेछु । यसरी उनीहरूको आँखामा छारो हाली म एक विश्वासी पात्र बनिसकेपछि मात्र विस्तारै उनीहरूको बीचमा फुट पैदा गर्न सक्षम भएपछि मात्र मैले राजालाई खबर दिनेछु ।' वर्षकार ब्राम्हणको सुझाव अनुसार अजातशत्रुले उनलाई देशद्रोहीको आरोप लान्छाना लगाई देशबाट निष्काशन गरिदियो ।

वर्षकार ब्राम्हणले पनि राजतन्त्र मूर्दावाद प्रजातन्त्र जिन्दावाद भन्ने नारा लगाई उता पारी पुगे । वज्जीहरूले वर्षकार ब्राम्हणको नारा सुनी उनीहरूबीच एक-आपसमा मतभेद भई दुई गूटमा विभाजन हुने थाले । एकथरीले भने वर्षकार ब्राम्हण वृद्धा भयो उसलाई शरण दिनुपर्छ । अर्कोथरीले भने वर्षकार चाप्लुसी छुल्या चुकुरीदारी छन । ऊ हाम्रो देशको अहीतका लागि आउन लागेको होला । तर संसारमा बहुमतको जित हुन्छ । त्यसलाई शरण लियो । एक त वृद्धा अर्को शरण आएको । यति मात्र होइन वर्षकारलाई गणतन्त्र राज्यमा अर्थमन्त्री पदमा समेत राख्नुभयो । सामूहिक विकासमा लागेका वज्जीहरू सामूहिक नेतृत्वमा लागेका लिच्छवीहरूले पनि विस्तारै व्यक्तिगत स्वार्थपूर्तितिर लाग्ने काम पनि सिक्न थाले । वषकारले पनि वज्जीहरूको राम्रो विश्वास पात्र बनिसकेपछि आफ्नो पूर्वयोजना अनुसार विस्तारै नाटक शुरू गर्न थाले ।

एकदिन उनले सार्वजनिक भेटघाटको स्थानमा कुनै एकजना राजकुमारलाई समूहबाट अलग बोलाई उनको कानमा विस्तारै मन्त्र फुकेजस्तै गरी सोधे- "आज तिमीले भातसँग के-के खायौ ?" यो दृश्य देखेपछि अर्को राजकुमारले सोधे- "राजकुमार ! त्यो वर्षकार ब्राम्हणले के भनेको हँ ?" राजकुमारले सीधै उत्तर दियो -"भातसँग के-के खायौ भनेर सोध्यो ।"

"होइन होला, तिमीले कुरा लुकायौ यति भन्नको लागि कानसम्म मुख राख्नु पर्छ र !" यस्तै गरेर धेरैजना राजकुमारहरूलाई भन्दा आपसमा फूट हुन थाल्यो र परस्पर तरवार लिई लडनुपर्ने अवस्था भयो ।

हाम्रो नेपालमा पनि दुईजना श्रीमान र श्रीमती धेरै मिलेको रहेछ । आपसमा एकदम मिल्ले । जिन्दगीमा कहिले पनि झगडा नभएको । यस्तो मिले; सहन नसक्नेहरू बाझिराखे- "यिनीहरू दुइजनालाई फुटाउन सक्यो



Downloaded from http://dhamma.digital

भने यति पैसा दिनेछु भनेर ।", अर्कोले भन्यो- "सक्दै सक्दैन ।", अर्कोले भन्यो- "मैले फुटाई दिनेछु ।" पैसाको लोभले र मिलेर बसेको सहन नसकेको कारणले गर्दा ।

श्रीमान र श्रीमती बाटोमा आइरहेको देखेपछि त्यो दुत्याउन सकिन्छ भन्ने व्यक्ति गएर महिलालाई अलग बालाएर कानसम्म गई भन्यो, "धानको भित्र चामल छ ।" यो दृश्य देखेर श्रीमानले सोध्यो, "त्यो मानिसले कानसम्म आएर के भनेको ?" - "केही भनेको छैन । धानभित्र चामल छ, यति भन्नको लागि कस्तो मान्छे भनेर श्रीमतीले जवाफ दिइन । यही कुरालाई विश्वास गरेन- "तिमीहरूका केही सम्बन्ध छ होला, त्यो कुरा भनेको होइन, मलाई झुठ कुरा गऱ्यौ ।" भनेर झगडा शुरू भयो । यति मात्र होइन पारपाचुकी सम्म भयो । त्यस्तै वर्षकार ब्राम्हणको सानो कुरा लिएर वैशालीको राजकुमारहरू आपसमा सल्लाह नगरी हो वा होइन भनी विचार नगरेको कारणले गर्दा ठूला झगडा हुन गयो ।

वर्षकार ब्राम्हणले अब आक्रमण गरे पनि भयो । वज्जीहरू फुटिसक्यो भनेर खबर पठाउनुभयो । मगध राजा अजाशत्रुले शस्त्रअस्त्र पठाएर सारा वज्जी नगर अथवा वैशाली देशलाई हराई वज्जी गणतन्त्रलाई तहसनहस पारी फाइदा उठाई राजा अजातशत्रुले आफ्नो कब्जामा लिए ।

यही कुरालाई होस पुऱ्याउन अत्यन्त आवश्यक छ । हाम्रो नेपालमा पनि अरूले कुरा लगाएर, लोभ देखाएर देश बिगार्न खोजेकोमा होस पुऱ्याउनु अत्यन्त आवश्यक छ । आफ्नो स्वार्थको लागि देश टुक्राउन र जनतालाई दु:ख नदिन सबै मिलनसार भएर बस्दा कसैले पनि बिगार्न सक्दन । यो सातवटा उपदेशलाई व्यवहारमै उतार्नु ।

●



Downloaded from http://dhamma.digital

# शुद्ध आशीर्वादको कारणले आयु लामो

कुनै जमानाको कुरा थियो । बनारसमा एउटा परिवारमा एकलौटे छोरा थियो । आफ्नो एकले छोरा राम्रो ठूलो विद्वान होस् भनी इच्छा थियो । आमाबाबुले आफ्नो छोरालाई शिक्षा दिलाउनका लागि दिसापामोख गुरूकहाँ तक्षशिला छात्रावास स्कुलमा भर्ना गर्न लगे । तक्षशिला स्कुल मात्र होइन विश्वविद्यालय पनि हो आजकाल पाकिस्तानमा पर्छ । पेशा र छोरालाई १६ वर्षको लागि छोडेर आयो । बालकले राम्ररी शिक्षा लिइरह्यो । गुरूहरूले नैतिक शिक्षा पनि सिकाउनु हुन्छ ।

मुख्य शिक्षा दिने गुरूले मानिसहरूको अनुहार हेरी भविष्यवाणी गर्न सक्थ्यो । साइकोलोजी भन्दछन । एकदिन शिक्षा दिँदादिँदै विद्यार्थीको अनुहार हेरिराखे । भरखर एक महिना जति भयो होला भर्ना भएको त्यही बालकको अनुहार हेरी उनले जाने - यो बालकको कर्म सिद्धियो । सातदिन मात्र बाँच्नेछ । यो विद्यार्थी यहाँ मऱ्यो भने स्कुल, कलेजको नाम राम्रो हुनेछैन । कालले मरेको भन्दैन । गुरूले मारेको भन्दछन । हरेक आपतविपत आउनेछन । यसलाई चाँडै यहाँबाट पठाइदिनुपऱ्यो । यसको घर जान चारदिन चाहिन्छ । उसको घरमा पुग्दा तीनदिन मात्र बाँच्नेछ । घर पुगेपछि मरिहाल्छ । मलाई केही पनि अबगाल आउनेछैन । झन्झट पनि हुनेछैन । उसको आमाबाबुले मुख पनि हेर्न पायो ।

यसरी विचार गरी विद्यार्थीलाई बोलाएर भन्नुभयो -'बाबु, तिम्रा आमाबुबाले घरमा चाँडै आउनु भनी खबर पठाएका छन । तिमी चाँडै घर जाऊ ।' त्यो विद्यार्थीले विचार गऱ्यो किन होला म आएको एकमहिना मात्र भएछ । गुरूले पनि झुठ कुरा गर्दैन । आमाबुबाले बोलाए भन्दा खुसी लागेर गुरूसँग खर्च लिई सरासर घरतिर लाग्यो । उसको जंगल-जंगलबाट जानुपर्ने ।



Downloaded from http://dhamma.digital

पाकिस्तान र वनारसभन्दा नजिकका बाटो छ । आजकाल त झन ट्रेन, बस, प्लेनबाट जान सकिन्छ । त्यो बेला हिँडेर जानुपर्थ्यो ।

बाटोमा जाँदाजाँदै एउटा जंगलमा एकजना ऋषिले भुईमा खसिराखेको बिग्रेको फलफूल टिपिराखेको देख्यो । त्यो बालकले रूखमाथि हेर्दा रूखमा राम्राराम्रा फलफूल फलिराखेको देख्यो । कल्पना गर्‍यो कस्तो मूर्ख ऋषि राम्रोराम्रो नलिइकन कुहिएको टिप्दैछ । आफ्ना मन नमानेर ऋषिकहाँ गएर सोध्यो -'भो महात्माज्यू । रूखमा राम्रा फलफूलहरू भए तापनि किन भुईमा खसेको बिग्रेको टिपिराख्नुभएको ?' ऋषिले भने -'म अरूले दिएको मात्र लिने । रूखले मलाई दिएको यिनै हुन । त्यसैले भुईबाट टिपिराखेको हुँ ।' बालकले सोध्यो -'मैले रूखमा भएको टिपेर दिएँ भने लिनुहुन्छ कि हुन्न ?' ऋषिले जवाफ दिनुभयो -'अरूले दिएको लिनु मेरो नियम हो ।' त्यसपछि केटा रूखमा चढेर एउटा भाँडोमा राम्राराम्रा फलफूलहरू टिपेर टोकरीभरी ऋषिलाई दियो । ऋषिले उसलाई शुद्ध चित्तले खुसी होस, निरोगी होस, दिर्घायु होस जय होस भनी आशीर्वाद दिए ।

आशीर्वाद भनेको शुद्ध मनले दिनुपर्छ । आशीर्वाद लिनको लागि पनि शुद्ध मनले सेवा गर्नुपर्छ । त्यो केटा धेरै खुसी भएर घरतिर लाग्यो । घरजाने बाटोमा दुईवटा पोखरी एउटा पोखरीमा पानी भरी थियो । अर्कोमा खाली माछा छटपट भएर बस्यो । माछाको खुट्टा छैन, हिँडेर जान सक्दैन । टिलटिलाप घाममा माछाहरू छटपटिरहेको देख्यो । उसलाई माया लाग्यो । उसले पानी सुकेको पोखरीबाट माछाहरू समातेर पानी भएको पोखरीमा छाडिदियो । माछाहरू नाच्दै रमाउँदै गएको देखेर उसलाई पनि खुब रमाइलो लाग्यो ।

हामीहरूलाई पनि विश्वास छ कि माछा पानीमा छोडिदिँदा आयु लामो हुन्छ त्यस्तै मार्नको लागि राखेको पंछी, चरा, जनावरहरूलाई नमारीकन छोडिदियो भने अथवा अभय दान दिँदा आफ्नो आयु लामो हुन्छ भन्ने धर्म विश्वास छ ।

त्यो केटा पनि खुसी हुँदै त्यहाँबाट सरासर घरतिर हिँडयो । बाटोमा सानो खोला तर्नुपर्ने रहेछ । एक ठाउँमा सानो खोलामाथि बाँसको पूल बनाइराखेको रहेछ । त्यो बाँस सबै पुरानो र विग्रिसकेको थियो । मानिसहरू



Downloaded from http://dhamma.digital

खोलामा खस्न सक्छ। नयाँ बाँस खोजेर राख्न पाए हुन्थ्यो भन्ने विचार गर्दागर्दै खोज्न जाँदा नयाँ बाँस पनि पायो। विग्रिसकेको बाँसहरू निकालेर नयाँ बाँस राखिदियो। बाटोमा बटुवाहरूले आशिर्वाद दिएर हिँडने गर्दथे।

ऊ खुसी भएर घरतिर लाग्यो। घरको आंगनमा नै आमालाई भेटयो। आमाचाहिँले खुब गाली दिनुभयो। लुचा, ठकाहा, त्यति पैसा छोडेर आएँ नपढिकन घर फर्क्यो भनेर। छोरालाई अचम्म भयो। यता गुरूले भन्नुभयो- आमाबुबाले बोलाएका छन आजै जाऊ भनेर, यता आमाले गाली गर्नुभयो। छोराले भन्यो- तपाईहरूले नबोलाएको भए आजै फर्केर जान्छु। गुरूले जाऊ भनेर मात्र आएको हो। आमाको माया भयो त भयो गुरूलाई भल्यो होला अरूलाई पठाएको तिमीलाई परेछ।

आमाले आफ्नो छोराको मुख देखेर माया लाग्यो। केही दुब्लो भएकोले घरमा पठाएको होला। आफ्नो छोरालाई मीठोमीठो खुवाएर मोटाएर मात्र पठाउनेछु भनी मीठो खुवाए। हेरविचार गऱ्यो। त्यस्तै छोराले पनि आफ्नो आमाबुबालाई सेवा गऱ्यो। घर-आँगन पनि सफासुग्घर गने तक्षशिला स्कुलमा कसरी सफा र सुग्घर गर्ने, गुरूजनलाई सेवा गर्ने त्योभन्दा राम्रो आफ्नो आमाबुबा र घरमा गर्नुभयो। आमाबुबा खुसी भई धेरै आशिर्वाद दिनुभयो। भित्र दिलदेखि आमाबुबाको दिल शुद्ध हुने नै भयो लिने छोराको पनि शुद्ध। बाटोमा पनि धर्म गरेआयो आमाबुबाबाट पनि। त्यो केटाको मृत्यु-कर्म सकेर मृत्यु हुने थियो। उनले त कर्म थाप्यो। बुद्धधर्ममा र अभिधम्ममा भनेछ। हामी प्राणीहरू मृत्यु हुने कारण ४ (चार) प्रकारका छन।

जस्तैः आयु सकिएपछि कर्म अथवा धर्म सकिएपछि अकाल र कर्म र आयु सकिँदा मृत्यु हुनेछ। जस्तैः उपमाको लागि- दियो बाल्ने छ नि त्यो दियोमा तेल पनि छ, वतेल सकिएपछि बत्ति निभ्छ। धागो नभए तापनि अथवा सकिँदा, हावामा पर्दा, तेल र धागो सकिँदा निभ्छ। तर धागो बाँकी छ, तेल पनि अलिअलि भएको दियोमा विस्तारै तेल थपिदिनु त एकघण्टा बल्ने बत्तिको ५ (पाँच) घण्टा बाल्न क्षमता हुन्छ। त्यस्तै धर्म अथवा कर्म सकियो भने कर्म गरेर आयु लामो गर्न सकिन्छ। जस्तैः त्यो केटा सातदिनमा मृत्यु हुनुपर्ने एकमहिना भए तापनि मृत्यु भएन।

आमाले भनिन -'छोरा, अब तिमी पढनलाई गए पनि भयो जाऊ।



Downloaded from http://dhamma.digital

केटा पनि आमाबुबाको कुरा सुनेर सरासर चारदिन बिताएर तक्षशिलामा पुग्नुभयो। गुरूचाहिँले त्यो बालक मरिसक्यो होला भनी विचार गरिराखेको थियो। त्यही समय बालक फर्केको देखेर अचम्मित भयो। मेरो शास्त्र त असत्य हुनेछैन। यो भूतप्रेत भएर मात्र आएको हो कि ? यो के भएको ? भनी विचार गरेर हेरी रहनुभयो।

यो बालकले अवश्य पनि धर्म गऱ्यो होला। कर्म सिद्धिसकेको धर्म गरेर कर्म थपियो होला। त्यसैकारण उसको आयु लामो भएको होला। गुरूको अगाडि पुग्दा, गुरूलाई नमस्कार गरी बस्यो। गुरूले सोधे- बाबु, तिमीले के धर्म गरेर आयौ ? भन त ?

बालकले उत्तर दियो- मैले केही पनि धर्म गरेर आएको छैन। हाम्रो भाषामा धर्म भनेको पूजा गर्ने देवदेवीकहाँ गएर सिंदुर, अक्षता, फूलफल हालेर पूजा गरेको धर्म भन्ने ठानेको थियो। विहान उठेर केही पनि नखाई व्रत बस्ने रूखदेवतालाई पूजा गर्ने, चन्द्रमालाई, नदी-गंगामातालाई पूजा गर्ने नै धर्म भन्ने ठानेको थियो। त्यो त केही पनि गरेको थिएन। तिमीले धर्म गरेको छैन भने बाटोमा के-के भयो ? घर पुग्दा के-के गरेर आयौ ? भन। त्यो बालकले बाटोमा गरेको सहयोग सबै कुरा भन्यो व। आमाबुबालाई सेवा गरेको कुरा पनि भन्यो। गुरूले भन्यो- तिमीले धेरै धर्म गरेर आयौ। तिमीले गरेर आएको काम सेवा त्यो नै ठूलो धर्म हो। तिमी सात दिनमा मर्नुपर्ने। मैले झुठो कुरा गरेको कारण मलाई यहाँ झन्झट पर्ला भनी तिमीलाई मैले घर पठाएको थिएँ। अब तिमी मर्नेछैन। कारण तिमीले ठूलो धर्म गरेर आएको हुँदा सिद्धिसकेको कर्म थपेर आयो। अब तिमी चाँडै मर्नेछैन।

यो घटनाले राम्ररी सिकाउँछ- सेवा नै धर्म हो। त्यसैकारण बुद्धधर्म भनेको समाज सेवा गर्ने र सामाजिक धर्म नै बुद्धधर्म हो। धर्मको नाउँमा पाटीपौवा बनाइदिने, बाटो बनाएर, कसैले स्कुल-कलेज बनाइदिएर, कसैले विहार, गुम्बा, मन्दिर बनाइदिने। कसैले बाटोको दायाँ-बायाँ रूख रापेर, कसैले बटुवाहरूको लागि पानी, धारा, कुवा बनाइदिने। अर्काको बच्चाहरू पालेर, यो सबै सेवा हो। यसलाई नै धर्म भन्दछन।

●



Downloaded from http://dhamma.digital

# सन्तानले कर्तव्य भुलेपछि .....

श्रावस्ती नगरमा अनाथपिण्डिक महाजनले बनाइदिएको जेतवन विहारमा बस्नु बेला त्यही नगरमा एकजना प्रसिद्ध धनाढय सेठ एकजना पनि थिए । उहाँबाट एउटी छोरी जन्म भयो । सन्तान नभएको कोखबाट छोरी पाउँदा सबै परिवार धेरै नै खुसीले गदगद भए । त्यो छोरी अति नै सुन्दरी थियो । छोरीलाई नामाकरण गर्दा सोना भनेर नाम राखिदिए । सुनजस्ती राम्री भएकै कारणलले गर्दा सोना भनेको हो ।

विस्तारै लालनपालन गर्दागर्दै ऊ यौवन अवस्थामा पुगी । जति छोरीलाई मन परे तापनि अर्काको घरमा जानै पर्दछ अर्थात विवाह गरिदिनै पर्दछ । जति धनसम्पत्ति भए तापनि यो संसारको नियम हो । छोरीलाई मन नपरेर अर्काको घरमा दिनुपर्ने । सोना सुन्दरी र धनसम्पत्ति भएकै कारणले गर्दा अलि घमण्डी थिइन । धर्म भनेको के को लागि भन्ने उनको विचार थियो ।

यसैकारण उसलाई धर्म भनेको आवश्यक छैन । धर्म भनेको गरिब र खान नपाउनेहरूले गर्नेछन भन्ने उनको धारणा रह्यो । धर्मकर्म गर्नै मन लागेन । ठूली हुँदा केटी माग्न आउने धेरै नै भए । आमाबुबाले पनि त्यही श्रावस्तीको सेठको छोरासँग धुमधामसँग विवाह गरेर पठाएछन । दाइजो पनि धेरै राखेर ।

सोनाको विस्तारै सन्तान भएर आयो । छोराछोरीहरू दशजना भयो । आफ्नो सन्तान पनि विस्तारै ठूलाठूली भएर आए । उनीहरूलाई आमाबुबाले गर्नुपर्ने कर्तव्य पाँचवटा गरिरहेकै थियो । पाँचवटा भनेको यसप्रकार छन-

१. उनीहरू अर्थात आफ्नो छोराछोरीहरूलाई शिक्षादीक्षा दिए तर नैतिक



Downloaded from http://dhamma.digital

शिक्षा होइन- डाक्टर, ईन्जिनियर, पाइलट ।

२. आदर्श सिकाइ दिनुपर्छ । तर आफूले त्यस्तो दिएनन, आफू नै घमण्डी थिए ।

३. छोराछोरीलाई प्रोत्साहन दिए ।

४. पढाइ सकेपछि काम दियो राम्रो अफिसर ।

५. इच्छा अनुसार विवाह-कर्म पनि गराइदिए ।

आमाबुबाले पाँचवटा कर्तव्य त पालन गर्नुभयो तर नैतिक शिक्षा दिएनन । कारण आमा सोनाबाट नै धर्मकर्म र नैतिक शिक्षा दिइएन । उहाँले विचार गर्छन यो संसार सबै नित्य र उहाँले भनेजस्तो हुन्छ भन्ने ठानेको थियो । सबै छोराहरूलाई एउटा-एउटा घर बनाएर दिए । धनसम्पत्ति, पैसा मात्र दुई-दुई करोड बाँडेर दिइयो । सुनचाँदी त कति न कति । छोरीहरूलाई पनि विवाह गरिदिए अर्थात उनीहरू आफ्नो घर-घरमा गए । छोराहरू पनि आफ्नो-आफ्नो श्रीमती लिएर छोराहरूलाई दिएको घरमा गएछन ।

छोराहरूको ठूलो पोष्ट थियो । आफूले कमाएको धन आफूले राखे । आमाबुबासँग पनि घर र धनसम्पत्ति थियो । धनसम्पत्ति भएर के गर्ने ? सोना दम्पत्ति दुबैजना कमजोरी भएर आयो । छोराछोरीहरूमा आफ्नो आमाबुबालाई सेवा गर्नुपर्छ भन्ने धर्मचित्त थिएन । कारण सिकाएर राखेको थिएन । सेवा धर्मकर्म सिकाएको छैन भने कहाँको धर्म-चेतना आउनेछ ? सोनाको श्रीमानलाई विचार आयो समयमा पुण्य गर्न सकिएन अहिले भए तापनि ध्यान भावना गर्नुपर्‍यो भनेर जेतवन विहारमा जहाँ भगवान बुद्ध बस्नुभएको थियो । त्यहाँ गएर भिक्षु बन्नुभयो ।

सोनाले विचार गर्नुभयो । यो भएको सम्पत्ति सम्हाल्नुपर्छ । मेरो सम्पत्ति नातीनातीनीहरूलाई दिने । छोराहरूलाई धेरै नै दिइसके- यो भएको बाँकी अर्थात बाँकी रहेको नातीनातीनीहरूलाई भनी विचार गरिरहेछन । यता छोराहरू सबै जमघट भएर सल्लाह गरे । हेनू भाइहरू, अमासँग त्यत्तिका सम्पत्ति छन । आमा बित्दा सम्पत्ति यता र उता हुनेछ । अहिले नै हामीले बाँडेर लिनुपर्‍यो भनेर सल्लाह गरे । आमालाई पालैपालो गरेर सेवा गर्ने भनेर मिटिङ्ग पास भयो ।



Downloaded from http://dhamma.digital

पाँचैजना छोराहरू आमाको घरमा गएछन । सबैले खुट्टा मुसेर भन- आमा यो सम्पत्ति किन भार बोक्नु भएको ? हामीलाई दिनु । हामीले पालैपालो तपाईको सेवा गर्नेछौं । तपाई कमजोर हुनुभयो । तपाईले सम्हाल्न सक्नुहुन्न । त्यसैकारण तपाईसँग जेजति सम्पत्ति छ, त्यो सबै हामीलाई जिम्मा लगाइदिनु । बारबार भनेको कारणले आमाले विचार गरिन हो पनि । आफ्नै सन्तान हो । पछि दिए तापनि अहिले दिए तापनि यिनीहरूको नै हो भनी मन कमलो भएर आयो । छोराहरूले बेइमान गर्दैन भन्ने विश्वास गरेर सम्पूर्ण सम्पत्ति बाँडेर दिइन । आफूसँग एकपैसा पनि बाँकी नराखीकन सबै दिइन । ५ (पाँच) रूपियाँ दान दिनुपऱ्यो भने दाँतबाट रगत आउने जस्तो हुन्छ । तर आफ्नो छोराछोरी, नाती नातीनीहरूलाई भने आफ्नो शरीर भए पनि दिन तयार हुन्छिन । सम्पत्ति त केको मतलब ।

समय बित्दै गयो । छोराहरू सबै अलगअलग अर्थात छुट्टाछुट्टै बसे । आमा अथवा सोनाले विचार गर्नुभयो । आफूसँग कौडी पैसा छैन । अब आजैदेखि ठूलो छोरासँग बस्नुपऱ्यो । यिनीहरूले पालैपालो सेवा गर्छौं भनेका छन । अब ठूलो छोरासँग बस्नुपऱ्यो भनेर ठूलो छोराको घरमा बस्न जानुभयो । त्यहाँ १५ दिन जति बस्दा पछि विस्तार ठूली बुहारीले नाना तरंगको घुर्की देखाइन । अनेक थरीका कुराहरू सुनाइन । ठूलो छोरा भएर के गर्ने ? अलिकति समान अथवा सम्पत्ति बढी दिएको थिएन । बुहारीको कुरा सुनेर छातीमा छुराले रोपेको जस्तो दुख्यो । त्यस्तो कठोर शब्द सुन्नुपर्दा वृद्धा भएकी सोनाको चित्त फाटने जस्तो अथवा फुटने जस्तो भयो । मान-सम्मान पाउनुको ठाउँमा चोटमात्र खान पऱ्यो । अब माहिला छोराकहाँ बस्नु जान्छु भनेर माहिला छोराकहाँ जानुभयो । त्यहाँ पनि केहिदिन छोरा र बुहारीले मान सत्कार गरे । १६ दिन जति बितेपछि बुहारीले विस्तार-विस्तार कडा कुरा गरेर सुनाउने गर्नु थालिन । केहि दिन बिताउन नपाउँदै माहिली बुहारीले पनि चोट पुऱ्याइन ।

सोनाको चित्त खिया-खिया हुन पुऱ्यो । अब कहाँ बस्न जाने साहिला छोरा त छन । त्यसैकहाँ बस्न जाने भनेर गइछन । त्यहाँ पनि पहिला जस्तै केही दिन नवित्दा नै बुहारीको कुरा सुन्नुपऱ्यो । ५ (पाँचै) जना छोरा र बुहारीहरू त्यस्तै भइदिए । तिनीहरूको अपशब्द सुन्दासुन्दै बौहालानी जस्तो



Downloaded from http://dhamma.digital

हुनुपर्‍यो । भन्नुहुन्छ- महिलाको शत्रु महिला नै हो । बुहारीहरूको राज्य हुन्छ । म पनि एक दिन त्यस्तै वृद्धा भएर जानेछु भनि विचार गर्दैनन ।

आमा सोनाको मुखबाट यस्तो शब्द निस्कियो- धिक्कार छ, यी सन्तानहरूलाई । छोराछोरीहरूद्वारा सुख पाउने छ । छोराहरू भएमा वृद्धा अवस्थाको लागि सुख हुनेछ भनेर आशा लिनु पनि व्यर्थ रहेछ । यस्तो अनादर, अपहेलित भएर यी सन्तानहरूकहाँ बस्नु भन्दा मेरो श्रीमान बस्नुभएको ठाउँमा गई प्रव्रजित हुनु नै मेरो लागि कल्याण हुनेछ ।

"तुम्हेहि किच्च मातप्पं अक्खातारो तथागता ।"

*(अर्थ- आफूलाई मोक्ष मार्गमा लैजान सक्नुपर्छ र मोक्ष प्राप्तिको निमित्त आफैले प्रयत्न र पराक्रम गर्नुपर्छ न कि अर्काद्वारा; तथागत त केवल मार्गदर्शक मात्रै हो ।)*

साना घर छोडेर भिक्षुणी निवासस्थान गइन । आफ्नो दुःख सुनाएर प्रव्रजित अथवा भिक्षुणी बन्नको लागि प्रार्थना गर्नुभयो । भिक्षुणीहरूले पनि सोनालाई भिक्षुणी गराइदिनु भयो । सोना स्थवीरले पाठ गर्ने र ध्यान गर्ने शिक्षा हासिल गर्नु सकिनन । कारण वृद्धावस्था भएको र घरको यादले बुहारीहरूको व्यवहार मात्र याद आइराख्ने भएकोले गर्दा ।

तरूणी भिक्षुणीहरू भिक्षाको लागि जान्थे । सोनास्थवीरलाई नलानुको कारण उनी वृद्धा थिइन । खाली भिक्षा गएर फर्कदा खाली तातो पानी मात्र तताई राख्नु भनेर अह्राएर जाने गर्थे । तर तातो पानी तताउनको लागि आगो बाल्नुपर्छ । दाउरा बाल्नको लागि फु-फु गर्नुपर्थ्यो, उनको दाँतै थिएन । पानी तताउन सकिनन । भिक्षुणीहरू फर्कंदा तातोपानी थिएन । अनि भिक्षुणीहरू रिसाएर भन्ने गर्थे- "यत्तिका दिन भयो भिक्षुणी बनेको केही पनि शिक्षा हासिल गर्न सकेको होइन ।" यस्तो कुरा सुनेर चित्तमा दुःख लाग्यो । घरमा दुःख भयो भनेर यहाँ आएको यहाँ पनि दुःखैदुःख छन । भगवान बुद्धले उपदेश दिनुभयो । अरूको दोष हेर्ने भन्दा आफ्नो दोष हेर्नु बेस । आफू जन्म भएको नै दुःखको खानी हो ।

भिक्षुणी सोना स्थवीरले विचार गर्नुभयो कि हो म भिक्षुणी बनको यत्ति महिना-वर्ष भइसक्यो । केही पनि ज्ञान प्राप्त गरेको छुइनँ । म जन्म



Downloaded from http://dhamma.digital

नभएको भए यति दुःख घरको र भिक्षुणीको अपवाद सहनु पर्ने । आफूले जन्म दिएर पालनपोषण गरेकोले भनेन । यो भिक्षुणीहरूले भनेर नहेरेर किन चित्त दुखाउने भनी आफ्नो र आफूसँग भएको ३२ वटा अशुभ भावना गर्नुभयो । मेरो शरीरमा भएको ३२ वटा अशुभलाई राम्रोसित हेरेर ध्यान गर्छु भनेर आफ्नो श्रमण धर्मलाई मनन गर्दै आफ्नो चित्त आफैले बसमा राखी ( विर्य) मेहनत गरेर दिन रात मेहनत गर्दागर्दै ऋद्धि सहित अरहन्त भइन ।

त्यसपछि उहाँको नाम वीर्यवती सोनास्थवीर भन्न थाले । भिक्षुणीहरू भिक्षाटनबाट फर्केर आएर तातोपानी भयो भनेर सोध्नु भन्दा पानी तातो भयो र उ त्यहाँ छन भनेर ठूलो बाट । दुप्ती देखायो । आगो बलेको छैन । तातोपानी छन भन्यो भन्ने हेर्न जाँदा बाटामा त धेरै तातो भइरहेको देख्यो । अचम्म लाग्यो भिक्षुणीहरू । आगो बालेको छैन तर तातोपानी पायो । भिक्षुणी सोनास्थवीरले तेजकसिना ध्यानद्वारा पानी तताउनु भयो । त्यसपछि भिक्षुहरू गएर माफी मागे । कारण पहिला नाना तरिकाले गाली गरेको हुनाले ।

यो प्रवचनबाट के शिक्षा सिकायो भने छोराबुहारी अरूलाई दोष दिँदासम्म केही ज्ञान प्राप्त गर्न सकेका छैन । जब आफ्नो आफूले द्वेष लाई हेर्दा र आफू जन्म भएको कारणले गर्दा यति दुःख पाएको भनेर बुझेपछि आफ्नो चित्तलाई आफ्नो बसमा राख्न सक्यो । जबसम्म आफू आफुलाई चिन्न सक्दैन तबसम्म भवसागरमा घुमेर बस्नु पर्नेछ । त्यसैकारण अरूलाई दोष दिनु भन्दा आफ्नो दोष आफैले हेर्न सकेको हुनाले सोना माल्नीको सथा सोनास्थवीर भयो र उहाँ ऋद्धि सहित अरहन्त भयो । सम्पूर्ण किलेसबाट मुक्त भयो र फेरि फेरि संसारमा घुम्न परेन । भनेको मतलब फेरि जन्म लिन परेन । दुःखबाट मुक्त भयो ।

●



Downloaded from http://dhamma.digital

# मानवताको धर्म

हाम्रो नेपालको कपिलवस्तुमा राजा शुद्धोधनले राज्य गरिरहेका बेला उनका छोरा सिद्धार्थले घर (राज्य) त्याग गरी प्रवजित हुन लागे । राजाले अनेक तरिका अपनाई आफना छोरालाई रोक्न खोजे । त्यही समयमा सिद्धार्थले आफना बुवासित यस्तो वरदान मागे यदि मैले मागेको वरदान दिनुहुन्छ भने म राजदरबार छोडेर जान्न कहिल्यै पनि । बुद्धले भने -'मलाई कहिल्यै पनि रोग नलागोस र मेरो मृत्यु नहोस मलाई यि तीनवटा वरदान दिन सक्नुहुन्छ ? भनी सोध्दा राजाले भने त्यो वरदान त कसैले पनि दिन सक्दैन । यो बाहेका राज्य, श्रीसम्पत्ति जे जति चाहिन्छ माग तर राजदरबार छोडी प्रवजित हुने काम नगर । सिद्धार्थ कुमारले भन्ये कि मलाई यि तीन वटा चाहेको छ । यत्ति तपाईले दिन सक्नुहुन्न भने म यो सारा सम्पत्ति त्याग गर्छु आफना परिवार, राज्य सुख र भर्खरै जन्मको राहुलकुमार त्याग गरी भिक्षा मागी खानेछु । ध्यान बसी बुद्धत्व प्राप्त गरी मानवको लागि संघर्षको बाटो देखाउनेछु । बहुजन हिताय बहुजन सुखाय आयो मानवता धर्म मानिसले विचार गरी आएका पूजापाठ थालीमा अक्षता, अबिर, सिन्दुर फुल इत्यादि राखी देवी देवताको पूजा गर्नुमा नै धर्म सम्भेका छन ।

मानव धर्म भनेको के हो ? मानव धर्म भनेको परस्पर मिलेर बस्नु, विश्वासी पात्र हुनु, परिवारसित मैत्री, कल्याण, मुदिता र उपेक्षा भाव राखी जीवन चलाउने शान्तिपर्वक जीवन जीउन शंका लागेको सोधी त्यसको निवारण गर्नु नै कसैसित भै-भगडा नगर्ने, सम्पत्तिको नाममा नलडने वास्तवमा अविश्वासको कारणले नै भगडा हुने हो । यस्तै विहार, गठी, संस्था, समुहहरूमा पनि परस्पर एक-अर्कालाई नबसेकै कारण भै-भगडा हुने गर्दछन ।



Downloaded from http://dhamma.digital

यदि एक-आपसमा दया, माया, करूणा विश्वास आदि भएमा झगडा कहिल्यै पनि हुँदैन । यस्तो हुँदा मुख बङ्ग्याएर हिँडनुपर्ने अवस्था आउने छैन । बुद्धको उपदेश सुनेर आफनो व्यवहारमा उतार्न सक्ने क्षमताको अभिवृद्धि गर्नुपर्छ यसलाई व्यवहारमा उतार्न सक्ने क्षमताको अभिवृद्धि गर्नुपर्छ । यसलाई व्यवहारमा उतार्न सकेमा दु:ख अशान्ति र झै-झगडा कहिल्यै हुनेछैन । भगवान बुद्धले एकदिन मर्नु पर्छ त्यसैले शान्ति पूर्वक बसी जीउनुपर्छ भनी उपदेश दिनुपर्छ । कसैसित क्रोध, इर्ष्या गर्नुहुँदैन । सबैलाई आफनै परिवारको सदस्य जस्तै ठान्नुपर्छ । यसरी आफनै ठान्न सकेमा झै झगडा कताबाट आउँछ ? त्यसपछि जता हेरे पनि शान्तिले बास गर्दैछ ।

लोभ, लालचा क्रोध, राग भएकै कारण अशान्ति भैरहेको हो । जति सम्पत्ति भए पनि नपुग्ने त र म मैले गरेको मात्र सबै ठीक अरूले गरेको सबै बेठीक, अरूलाई होस कि नहोस आफूलाई भए पुग्ने, द्वेष, अहंकार, क्रोध, मोह र अविधा भएकै कारण अशान्ति भएको हो । परिवार सम्हाल्न नसक्नेले देश हांक्न खोजेको कारणले पनि अशान्ति हुन्छ । घर-घर, टोल, समाज, देश-देशमा झैझगडा हुनुको कारण नै यही हो । नेपाली पुत्र भगवान बुद्धको उपदेशलाई सुनी व्यवहारमा उतार्न । आचरण गर्न सकेमा कहिल्यै पनि झगडा हुँदैन वा हुनेछैन । एक्लै सानी र बुद्धिमानी बनेर पुग्दैन । परिवार समझदारीमा चल्नुपर्छ अनि बल्लन शान्ति हुन्छ । बुद्धको उपदेश सुनी आफनो व्यवहार जीवनमा त्यसलाई आचरण गर्ने कहानी स्मरणीय छ । एउटा घरमा श्रीमान-श्रीमती दुईजना बस्दथे । बुद्धको उपदेश सुनी उनीहरू त्यसलाई व्यवहारमा पनि लागू गर्दथे । दुवैजना एकदमै मिलनसार थिए । पहिला स्कूल, कलेज जाँदाखेरि लिएर पछि खेतबारीको काम गर्दा पनि मिलेर गर्थे । त्यो घरमा झगडा त के ठूलो आवाजले कराएको आवाज समेत सुनिदैनथ्यो । अरूले निन्दा प्रशंशा गरोस केही वास्ता थिएन । आफनै तरिकाले जीवनयापन गर्दै थिए । समाजका अरू मानिसले के गरे के गरेनन भनी चियो चर्चा गर्ने बानी उनीहरूमा थिएन । त्यसको मतलब समाजलाई हेला गरेको भने पक्कै होइन । मानिस सामाजिक प्राणी भएको नाताले समाजमा मिलेर बस्नु उसको कर्तव्य हो । यसरी पञ्चशील पालन गरी बसेका बूढाबूढी धेरै न परस्पर मिलेको देखेर छिमेकीलाई डाह लागेछ । वास्तवमा उनीहरू भित्रैदेखि



Downloaded from http://dhamma.digital

मिलनसार भई मिलेको हो कि अरूलाई देखाउनको लागि मिलेको हो । जाँच गर्नुपर्‍यो भन्न थाले । यसरी चारजना पुरूषहरूले सल्लाह गर्न थाले । यसरी लोग्ने नभएको मौका छोपी चारैजना त्यस घरमा गए । छरछिमेकी पाहुना भएकाले चारैजनालाई स्वागत गरी सुभाषित वचन बोली पाहुना सत्कार गरिन । एकछिनमा श्रीमान चाहिँको आवाज सुन्ने बित्तिकै अर्को कोठामा चारैजना लुक्न गए । कोठामा मात्र भन्दा बढी खाना र भाँडाहरू देखेपछि आफनी श्रीमतीलाई यहाँ को आएको थियो भनि सोधे ? यसरी चारजना मानिसहरू आएर पछि तपाईंको आवाज सुन्ने बित्तिकै लुक्न गए भनी राम्ररी सम्भाइन । तिनीहरूलाई बाहिर निस्किन बोलाउँदा बल्ल एकजना मात्र निस्कियो । अरू तीनजना चाँही यी बुढाथोकी भगडा गर्छन कि गर्दैनन भनी पर्खेर बसेका थिए । तर, एकछिन पछि पनि उनीहरू भगडा गरेनन । किनकि उनीहरूको मानव धर्म अर्थात बुद्धको शिक्षालाई व्यवहारमा उतारेका थिए । मैत्री, करूणा, मुदिता भएकै कारण एकआपसमा विश्वास छ । विश्वासघात गर्‍यो कि त्यहाँ भगडा हुन्छ । त्यसैले मानव धर्मलाई बुभनुपर्छ । बुभयो भने सुख, शान्ति प्राप्त हुन्छ । भगडा नभएको घर सँधै स्वर्गतुल्य हुन्छ । उनीहरू बूढाबूढी छिमेकी सबैका लागि एक असल नमुना बन्न गए । पछि ती चारैजनालाई थाह भयो कि तिनीहरू वास्तवमै भित्रैदेखि असल र मिलनसार छन भन्ने कुरा उनीहरूको अनुसरण गर्दै आफना परिवारका सबै सदस्यहरू मिलेर विहारमा गई बुद्धको शिक्षा ग्रहण गर्न थाले जापानले पनि बुद्धको शिक्षालाई ग्रहण गरी अघि बढेको हुनाले विकसित देश भनी विश्वभर प्रख्यात छ ।

अर्को एक जोडी श्रीमान-श्रीमती दुवैजना एकदमै मिलेर बसेका थिए । यसरी मिलेर बसेको हाँसीखुसी बसेको एकजना पुरूषले देखेछ । उसलाई जाँच्न मन लाग्यो कि यिनीहरू साँच्चिकै मिलेर बसेको हो कि होइन भन्ने कुरा त्यसपछि बाटोमा आउँदै गरेका मध्ये श्रीमती चाहीँलाई बोलाई कानमा खुसुक्क भन्यो धानभित्र चामल हुन्छ । सबैलाई थाह छ कि धानभित्र चामल हुन्छ भन्ने कुरा यो केही नौलो खबर हैन भनिन । श्रीमान नजिक आई सोध्दा श्रीमतीले भनिन । कि त्यो मान्छेले कानमा खुसुक्क आई धानभित्र चामल छ भन्यो अरू केही होइन । यति जाबो सानो कुरा भन्नको लागि



Downloaded from http://dhamma.digital

कानमा आई भन्नुपर्छ होइन कुरा अर्कै होला भनी श्रीमतीको कुरामा विश्वास गरेन । कुरा लुकायो भनी श्रीमतीसित भगडा गरी चारपाचुके गरी अलग्ग बन्न थाले । दुईजना बीच विश्वासको कमी भएको कारणले यस्तो भएको हो । त्यसैकारण नैतिक शिक्षा धेरै नै अपरिहार्य हुन्छ । यसरी नैतिक शिक्षा ग्रहण गर्न बौद्ध शिक्षा, अत्यन्त आवश्यक छ । हामीले भित्रैदेखि मैत्री, करूणा, मुदिता, प्रेमभाव जगाउनुपर्छ ।

पछि त्यसरी कान भर्न जाने मान्छेलाई मिलेर बसेको दुईजनालाई छोडाइदिएँ, भूल गरैं, बिराएँ भनी धेरै नै पछुतो लाग्यो । मनपर्ने दुईजनालाई छुटाउनु पनि ठूलो पाप हो । यसरी छुटेर बस्नुपरेको प्रमुख कारण नै विश्वासको कमीले हो । त्यसैले हामीले एक आपसमा विश्वास राखेर बस्न सक्नुपर्छ ।

●

Downloaded from http://dhamma.digital

# नाकावन्दीको कर्मफल

मां प्पमञ्ञेथ पापस्स न मन्त आगामिस्सति
उदविन्दु लिपातेन उदकुम्भो पि पूरति ।
पूरति बालो पापस्स थोक थोकम्पि आत्चेनं ।

(अर्थ : अलिकति पापा गरेर मलाई के हुन्छ भन्नु हुदैन, थोपा थोपा आएको पानीवाट घैंटो भरेको जस्तै मूर्खहरूले अलि अलि गरि धेरै पाप जन्माएको हुन्छ । पापीले पाप गरेको फल नआएसम्म पापलेपापलाई पुन्य सम्भेर बस्नु हुन्छ । तर पापको फल भोग गर्ने समय मात्र पापलाई भनेर सम्भ,न्छ । आफूले गरेर आएको कर्मफलवाट कोही पनि वच्न सक्दैन । आफुले गरेर आएको कर्म विपाकवाट भगवान बुद्ध पनि बन्चित हुन सक्दैन । त्यस्ते बुद्धको पालामा सिवली भन्ने भिक्षु धेरैनै लाभ सत्कार हुने भगवान बुद्धलाई पनि त्यति लाभ थिएन हजारौं भिक्षु संघलाईलिएर भिक्षा लिन जांदा फर्केर हेरेर भन्नु भयो सिवली छ कि छैन । सिवली भएको समय कोही भिक्षुहरू खाली हात फर्केर आउनु परेको थिएन । लाभ गर्नु प्राप्त भएको भिक्षुले पनि नाकाबन्दी गरेको पापले आमाको पेटमा सात वर्ष सात महिना र सात दिन सम्म दु:ख भाग गर्नु परेछ ।

भगवान बुद्धको समयमा कोलिय राजवंशीकि सुप्पवासा नाम भएकी कन्याको एक धार्मिक केटासंग विवाह भयो। दुवैजना खुसीसंग जीवन वित्यो। सुप्पावासाको गर्भधारणले परिवार खुसी थिए तर सो वालक सात वर्ष सात महिना र सात दिन पछि मात्र जन्म्यो ।

आफुले गरेर आएको कर्मको फल भन्न सकिन्दैन सानैमा मार्गफल प्राप्त गर्न सक्ने क्षमता भएको व्यक्तिले सात वर्ष सात महिना र सात दिन सम्म आमाको गर्भमा वस्नु पर्ने आफूले र आमाल दु:ख भोग्नु परेको पाप कर्म



Downloaded from http://dhamma.digital

यस प्रकार छ । पहिलाको जन्ममा वाराणसी राजाका वडामहारनी र वहांवाट पाएको राजकुमार थिए । त्यसवेला कौशल राजाले वाराणसी राष्ट्रमा युद्ध गरी राजालाई हत्या गरी महारानीलाई महारानीकै रूपमा राख्नु भयो । त्यसवेला राजकुमार सानो थियो विस्तारै युवा भए पछि आफनो वुवाको राज्य फिर्ता गर्न आमाको शिक्षा लिई सवै सैनिकलाई हातमा लिई शहरलाई घेरामा हाली कोशल राजालाई आत्म समर्पण वा युद्धको आव्हान गरे तर राजाले दुवै गरेन र सो नाकावन्दी सात वर्ष सात महिना सात दिन सम्म नाका बन्दी गर्दा जनताले भोग्नु परेका समस्याले गर्दा सो राजकुमार सिवली भई जन्म भयो जो व्यक्ति सात वर्ष सात महिना सात दिन आमाको गर्भमा कष्ट पूर्वक वसी जन्म लियो ।

यो शिक्षा हाल नेपालमा भई रहेको नाकावन्दीलाई पनि शिक्षाको रूपमा लिन सकिन्छ  नेताहरूले आफनो स्वार्थको लागि जनताको समस्यालाई समाधान नगरी भाषण मात्र गरि रह्यो । जव सम्म जनताको समस्याको सम्वोधन हुदैन तवसम्म नेताहरूको काम सफल हुन कठीन हुन्छ । जनताको दु:नै आफनो दु:ख सम्फी समाधान गर्नु नेताहरूको कर्तव्य हो । यदि यसलाई नहेर्ने हो भने नताहरूले पनि सिवली भन्टेले जस्तै जति दिन नाकाबन्दी गरी जनतालाई दु:ख दियो त्यतिनै दिन कर्म विपाक भोग गर्नु पर्ला । तर सिवलीले एक धर्म गरेको हुनाले भन्टे हुन पायो । सिवली जन्मेको उपलक्षमा भगवान बुद्धलाई भोजन दान दियो सो वेला सिवलीरे सिधै बुद्धसंग कुरा गरेको देखेर छक्क भयो । आमाको गर्भमा लामो अवधी वस्दाको कष्ट सोधकोमा अतिनै कष्ट भएको वताउनुभयो । यस्तो दु:ख कष्ट कसैले पनि भोग्न नपरोस भने ।  यो सुनी आमा चाहीं ज्यादै खुसी भईन । त्यो देखि भगवान बुशद्धले आमासंग सोध्नु भयो यस्तो पुत्र फेरि पनि जन्माउन मन लाग्छ भन्दा यस्तै पुत्र हो भने सातजना सम्म जन्माउछ भनिन तर सिवली ले फरि जन्म नलिने भनी प्रभूजित हुनुभयो ।

मेरो सत्य अनुभव :

लामो सांगुमा वुवाको पसल थियो घुम्ने क्रममा जांदा त्यहां एक गर्भवती महिला वच्चा जन्माउन नसकी छटपटाईरहेको सुनायो मलाई दयालाग्यो र जान अनुरोध गरेकोले गएं र भगवान बुद्धले अंगुलीमाललाई



Downloaded from http://dhamma.digital

सिकाउनु भएको शुत्रल धेरै महिलाले समयमै वच्चा जन्माएकोले त्यही शुत्र पढनाले सो महिलाले पनि डाक्टरले तिन दिन सम्म पनि वच्चा जन्मन्दैन भनेको त दश मिनेटमै जन्म्यो । उनीहरूले त मलाई भगवान नै सम्झेर अहिले सम्म पनि आदर गर्छ । हामीले यस शिक्षावाट धेरै सिक्न सक्छौ आफनो स्वार्थ भन्दा माथि उठेर काम गर्‍यौं भने सवैको भलो हुन्छ । सबैको मंगल होस ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# मनलाई दुषित हुनबाट बचाउनु पर्छ

रिसको आँखा छैन । रिस कहाँ बाट आउँछ ? हामीहरूले थाहा पाएको छ ? कहाँबाट आउँछ भनेर कि टाउकोबाट आउने हो कि ? हातको काखीबाट या मनभित्रबाट आउने थाहानै पाएको छैन । तर हामीले यति थाहा छ कि हामी जन्मे बेला रिस लिएर आउँदैन ।

जस्तै पानी जङ्गल अथवा रूखको हाँगाबाट निस्कने बेला एकदम सफा र निर्मल भएर निस्किन्छ । तर पछि वायुमण्डलमा भउको दुषित, धुलो, फोहर नाना प्रकारको कचिङ्गहरू मिसेर फोहर र दुषित हुन्छ । त्यस्तै बाहिरको नराम्रो बातावरणहरूलाई देख्दा देख्ने बेला आफ्नो चित्तमा नमिल्ने देख्दा रिस आउँछ तर रिस भ्वात आएर गडबड भयो भने आफूलाई र अरूलाई दुःख हुन्छ । समस्या आउने छ रिसको कारणले गर्दा आफ्नो र अरूको धनसम्पत्ती र जिवन पनि नास हुने छ । रिसको कारणले गर्दा सबभन्दा पहिला आफूलाई नै हानी पुऱ्याउँछ । तर केही गरि भ्वात रिस आयो भन्ने त्यसलाई रोकाउन उपाय छ । त्यस्तो रिसलाई रोकाउनु सक्यो भन्ने धेरै फायदा हुनछ र रोकाउन उपाय भनेको होस गर्ने ध्यान अभ्यास गर्ने भ्वात रिस आएको लाई रोकाएको कारण कति फाइदा भयो भन्ने एउटा घटना तपाईहरूको समक्ष राख्नु चाहन्छु ।

म वाराणसीमा पढी रहेको समयको घटना हो । त्यहाँ एउटा गाउँमा ब्राह्मणपरिवार बसिरहनु भएको थियो । यिनीहरूसँग असी करोडको पैसा र सम्पत्ति भएको रहेछ । यिनीहरूको एउटा मात्र छोरा थियो । छोराको नाम प्रकाश थियो । इन्द्रियमा छोरा पायो भन्ने संसार बनाएको जस्तो खुशी कुने र छोरा जन्म हुने बितीकै कमाएर ख्वाउने जस्तै गर्छ । खालि खानु र पियो, ल्याउँदा सात पुस्तासम्म सकिने छैन वहाँहरूको धनसम्पत्ति । त्यसैकारण



Downloaded from http://dhamma.digital

एक्लो छोरालाई दु:ख हुन्छ भनी केही काम र पढनु दिएन । पढनु जान्दा अक्षर नआउंदा टिचरले गाली र पिटला भनेर डर आफ्नो एक्लो छोरा प्रकाशलाई केही पनि दु:ख नहोस भनी आमा बुबाको माया । फुल सजाउने जस्तो पात भरेर जान्छकि भनी डरले सजाएको फुल जसतो माया गरिराखेको छोरा विस्तार विस्तार तरूण भएर आयो । वहाँको संगत खराब संगत परेछ । जडयाहा, बारडमास्या, रण्डाबाजीहरूको संगत भएछ । आमाबुबाले एक्लो छोरालाई केही पनि भन्न सकेन । राम्रो स्कुल नैतिक शिक्षा केही पनि सिकाएको थिएन । अक्षर एउटा जानेको छैन । पछि ड्रग्स खाने पनि भयो । जति पैसा भएता पनि नपुग्ने आफूले कमाउन परेको भए थाहा पाइन्छ पैसाका मूल्य । प्रकाशको संगत कस्तो छ त्यस्तै बानो बिग्रायो, जाँडरक्सी, ड्रग्स खाने, जुवा खेल्ने, रण्डीबाजीमा जाने त्यति भएतापनि छोरालाई केहीपनि भन्नु भएन आमाबुबाले । जति पैसा लगेता पनि दिएर पठाउने कारण पैसा नहुँदा दु:ख हुन्छ भनी माया गरेर राख्यो ।

प्रकाश उकदम बदमास भएर आयो । पैसा भएको प्रकाशलाई सबैले खानु, पिउनु, जुवा खेल्नु र तरूणीकहाँ जानुको लागि बोलाउनु आउने गर्थ्यो । सबैसाथीहरूलाई पैसादिने त्यस्तो गर्दा गर्दै आधाभन्दा बढी पैसा ढुकुटीबाट खर्च गऱ्यो । त्यसपछि अब घरबाट पैसा रोक्नु पऱ्यो भनेर सबै पैसा रोकि दियो । पैसा नभएपछि जसरी गरेर भएतापनि आफ्नो स्वार्थी पुरागर्नु पर्नेछ । घरको बर्तनहरू चोरेर लाने पसलमा बेचेर आफ्नो स्वार्थ पुरागर्ने गऱ्यो, त्यभि धनवान इज्जत भएको ब्राह्मण साहुको छोरा । छोराको कारणले इज्जत खेर गऱ्यो ।

घरको सामान चोरेर टोलमा बेच्दा टोलवासिहरूले घरमा भन्न आयो कि आज तिम्रो घरको ढोरछ पछि हाम्रो घर घरको पनि चोरेर लगिन्छ के गर्ने आफ्नो छोरालाई सम्हाल, यति धनसम्पत्ति भएको साहुको छोराको काम हेर्नु । पछि हाम्रो घरमा चोर्नु आउँदा हामीले बाकी राख्ने छैन भनेर धम्की दिएर जानु भयो ।

आजकाल हाम्रो नेपालमा पनो धेरै नै लागुपदार्थ सेवन गरेर सम्पत्ति नाश गरेको पनि छ । हाम्रो सुलक्षणकीर्ति विहार सुन्दरीघाटको पाटी माथि ड्रग्स खाएर विहारको सामान चोरेर हेरान भएको छ । घरको पैसा नपुगेर



Downloaded from http://dhamma.digital

विहारको सामान धारा, स्टोभ, ग्यास, डण्डीहरू फलामको सामान चोरेर हैरान भएकोछ । यो सबैलाई थाहा पाएको कुरा हो । यस्तो बिग्रेको त्यो सबै केटा केटीको मात्र दोष होइन, आमा बुबाहरूको र समाजको पनि दोष हो । कारण आमा बुबाको पाँचवटा कर्तव्य छोरा-छोरी प्रति गर्नु पर्ने छ । भगवान बुद्धले गृह विनयमा राम्ररी कर्तव्यहरू बताउनु भएको छ । कर्तव्य पुरा नहुदा दुःख पाउने छ । खाली जन्म मात्र दिएर पुग्ने छैन । जन्म त सबै प्राणीहरूले दिन जान्छ तर कर्तव्य पुरा गर्न गाऱ्हो छ । कर्तव्य पुरा भएको आमाबुबाको सनतान कहिले पनि दुःख पाउने छैन, दुबै तर्फलाई पाँचवटा कर्तव्य यस प्रकार छन ।

१. आमाबुबाले आफ्नो छोरा र छोरीहरूलाई सानै देखी नराम्रो बानी बस्न दिनुभएन, प्राणीघात, दुष्शील कर्म, अकुशल काम, अकुशल कर्मको दुःखविपाकको कुरा सुनाई अनेक पापहरूको उदाहरण दिई शुद्ध मागृमा लागने प्रेरणा दिनु पर्छ ।

२. असल सङ्गतमा लगाउनु पर्छ । आफूभन्दा गुणीहरूको सङ्गत गर्न सिकाउनु पर्छ । शिक्षाकर्मी भिक्षु-भिक्षुणी, त्यागि र गुरूहरूको आश्रयमा राख्नु पर्दछ । कुलघरानि व्यक्तिहरूको सङ्गत गर्न लगाई सदाचारी र शीलवान बन्न सिकाउनु पर्छ ।

३. आफ्नो कुलमा चलिआएको शिल्पविद्या। शस्त्रविद्या, नीतिविद्या र नैतिक शिक्षाको ज्ञान दिनुपर्छ ।

४. समयअनुसार खर्च गर्नका लागि पैसा दिनु पर्छ । काम गर्न सक्ने भएपछि उपयुक्त हुने काम सिकाउनु पर्छ । व्यापार गर्ने इच्छा भए छोराछोरीलाई व्यापार गर्न पैसा दिनु पर्छ ।

५. यौवन अवस्थामा पुगेपछि शीलवती-शीलवान, विदुषी-विद्वान, गुणवती-गुणवान केटी-केटा छानेर विवाह गराई घरबार बसाईदिने काम गर्नु पर्छ ।

प्रकाशको आमाबुबाले यो कर्तव्य पुरागर्नु भएन त्यसकारण प्रकाश नराम्रो बानी भएर आमाबुबालाई धेरैनै दुःख भयो । खाली छोरालई दुःख हुन्छ, सम्पत्ति धेरे छ भनेर घमण्डीले गर्दा अल्क्षण मायाले गर्दा प्रकाशको



Downloaded from http://dhamma.digital

जीवन बिगाऱ्यो । प्रकाशसँग पैसाछँदा धेरै साथीहरू थियो । तर पैसा नहुँदा साथीहरू पनि कम भएर गयो । आफ्नो बानिलाई सुधार्न सकेन । जे चोरेर भएपनि आफ्नो भएपनि आफ्नो इच्छा पुरा गर्ने गर्थ्यो । आमाबुबालाई धेरेनै दु:खलाग्यो । विवाह गरिदिये भने राम्रो हुन्छ कि भनेर राम्री केटीसँग विवाह गरी दियो । तर श्रीमती भएतापनि आफ्नो बानि केही फरक भएन । आफूले कमाएको धन र अरूले कमाएको धन धेरै फरक छ । कारण आफूले कमाएको धन धेरै खर्च गर्न सक्ने छैन । अरूले अथवा आमाबुबाले कमाएको सम्पत्ति त्यति महत्व हुँदैन, खर्च गर्नुको लागि कन्जुस हुँदैन झन आफ्नो श्रीमतीको दहेज (कोस:) हरू गहना, भाढाकुँडा, यति मात्र होइन साडी समेत चोरेर बेचेर आफ्नो इच्छा पुरा गऱ्यो ।श्रीमती पनि केही गर्नु सकेन कारण पुरानो बानि भयो । आमाबुबालाई मनमा आयो कि यस्तो सन्तान जन्म भएतापनि मरेको बेस जे गरेतापनि सुधार्नु सकेन । आज पनि यस्तो सन्तान धेरै नै छ । छोरा पायो भनेर दङ्ग हुने अहिले भोगेर बसेको छ ।

आमाबुबालाई धेरै दु:ख हुँदा प्रकाशलाई बोलाएर भन्यो । प्रकाश तिमीलाई जती सुधार्नु खोजेतापनि सकेन अब तिमी हिजोसम्म हाम्रो छोरा थियो । आज देखी तिमी हाम्रो छोरा होइन तिमी जहाँ गएतापनि जाउँ यो घरमा नबस तिमा बाटो खर्चको लागि यो ५०० रूपिया लिएर अहिले नै जानु भनेर निकाली दियो । आफ्नो छोरालाई दु:ख हुन्छ भनेर कहिले पनि केही न भनीकन बस्ने आज अचानक घरबाट निकाल्दा धेरै चोट पुऱ्यो । अब म मर्नु जान्छु भनी त्यो ५०० पैसा बोकेर घरबाट निस्कीयो । देशबाट कहिले कहीपनी नगएको अब यहाँ जाने भनेर खोला तिर गएछ । र नदिमा डुबेर मर्ने भन्ने हेर्दा नदि सानो थियो । मर्न पनि डरलाग्दो अनि नदि तरेर चारकोसी झार जङ्गलबाट हिडयो । जङ्गलभित्र खाने केहि पनि थिएन । पैसा छ खानु हुँदैन । अनि रूखको कलिलो टिपेर खाएर जङ्गलको बाटो बनाउँदै सात दिन भयो एकजना मानछे भेटेको थिएन ।

सात दिनमा टाढादेखि धुँवा आईराखेको देख्यो । उसले सानोमा सुनी राखेको थियो । जहाँ धुँवा हुन्छ त्यहाँ आगो हुन्छ । अनि त्यहि धुँवा हेर्दै जाादा एकजना ऋषिमुनिले यज्ञ गरेर बस्नु भएको थियो । ऋषिमुनी ज्ञद्द वर्ष भई सक्यो त्यो जङ्गलमा बस्नु भएको मानिस भेटेको थिएन । अचम्म लाग्यो



Downloaded from http://dhamma.digital

यता प्रकाश सात दिन बित्यो मान्छे नभेटेको। दुबैजना अचम्म लाग्यो। प्रकाशले भनयोमथघ बस्नु सकिन्छ। तपाईको सेवा गरेर बस्छु। ऋषिले आफ्नो आफ्नो काम गरेर बस्नु भयो। ऋषिको काम ध्यान गर्ने। प्रकाशको काम ऋषिमुनिलाई फलफुल ल्याउने, होम को लागी दाउरा र सफासुग्घर गर्ने त्यस्तो गर्दा गर्दै ५ वर्ष बित्यो। जङ्गलमा कोहिपनी राम्रो नराम्रो साथी भनेको पाएन। अनि यसरी विचार आयो मेरो बानि नराम्रो भएको कारणले गर्दा घरबाट निकालेको हो। घरमा पैसा छ तर योग्य ज्ञान छैन। नराम्रो साथीहरूको संगतले गर्दा सबैलाई दु:ख भएको हो। अब मैले थाहा पाए। नराम्रो संग सत्संगत गर्नु हुँदैन भनेर र ज्ञान बुद्धि अति हति नै आवश्यक छ। त्यसैकारण मलाई ज्ञानको आवश्यक छ। केटा-केटी घरबाट बाहिर जाँदा कि धन कमाएर आउँछ कि त ज्ञान-शिक्षा कमाएर घर फर्कीन्छ। मलाईत यहाँ केही पनि पाएको छैन। आमाबुबा के गरेर बस्नु भएको होला, श्रीमती पनि छ। परिवार याद आउने बित्तिकै घर जाने मन उत्सुकता भएर आयो। अब घर जानको लागि केही शिक्षा लिएर जानु पऱ्यो भनेर ऋषिमुनिको अगाडि गएर विन्ति गर्नु भयो।

भो ! ऋषिज्यू म घर जान मन लाग्यो, म बसेको ५ वर्ष भयो। घरपरिवार याद आएर जानु मन लाग्यो, त्यसैकारण घरमा लिएर जाने केही अमूल्य ज्ञान-शिक्षा दिनु। ऋषिमुनिले भन्नु भयो, म सँग ज्ञान लियो भने ५०० रूपिया चाहिन्छ। ५०० रूपिया तिमी सँग छ ? छ हजुर मेरो आमाबुबाले बाटो खर्चको लागि दिनु भएको ५०० रूपिया लिनु भनेर डबलै डबल खुरूखुरू खनाइदियो। त्यसपछि ऋषिले भन्नु भयो राम्रो सित सुन दुई चोटि भन्दैन, त्यसैकारण राम्रोसित सुनेर व्यवहारमा उतार, त्यो हो "रिस भनेको झत ननिकालनु र प्रयोग नगर्नु" प्रकाशलाई अरू पनि ज्ञान चाहेको थियो। फेरी प्रार्थना गर्दा फेरा ५०० चाहिन्छ भन्नु भयो तर प्रकाशसँग पैसा सक्यो। अनि ऋषिलाई नमस्कार गरेर जुन रिस भनेको झत निकाल्न हुँदैन भनेर कण्ठ गरेर घर तिर आयो , तर जङ्गलबाट आउनुको लागि सात दिन हिंडेर बल्ल नदितिर पुग्यो। नदिमा आफ्नो मुख हेर्दा आफै डराउने, डाढी, जुङ्गा, कपडा झुत्रो, या सबै हेर्दा आफै आफ्नै नभएको र घर र छिमेकीहरूले चिन्ने छैन भनी ठिक रातको १ बजे तिर आफ्नो घरमा गएछ। बाटो भरी



Downloaded from http://dhamma.digital

जुन ५०० रूपिया गएको ज्ञान बिर्सीन्छ भनी कण्ठ गरेर आयो घर पुग्यो ।

रातको १ बजे सबै बेस्सरी निन्द्रा लागि रहेको थियो । आमाबुबा भन्दा भन्दै ढोका घच्घच्याउनु भयो । तर कोहि पनि ब्युँझेन । मस्त निन्द्रामा परेछ । यताउता हेर्दा आफ्नो कोठा याद आयो र माथी हेर्दा झ्याल खोलेको देख्यो । गर्मीको समय झ्याल खुल्ला नै थियो । आफ्नो कोठामा जानकोलागि झ्यालैबाट जान्छु भन्ने यस्तो हेर्दा डोरी जस्तो देख्यो । त्यही डोरी समातेर कोठा पुग्दा आफूले छोडेर जाँदा श्रीमती एउटा, अहिले श्रीमतीको हातमा एकजना मान्छे देख्यो । देख्दा रिस आई हालयो दुबैजनालाई मारी दिन्छु भनेर मार्न खोज्यो तर ऋषिले दिनु भएको ५०० रूपिया जाने ज्ञान रिस भनेको झत ननिकाल्नु र प्रयोग नगर्नु भन्ने ज्ञान याद आयो । अनि मार्नखोजेको हात रतल राख्यो । यिनीहरू कहाँ जान्छ म पर्खि बस्छु भनेर त्यहि डोरी समातेर तल झरेछ । दुइ जना देख्दा रिस त आउने नै भयो । त्यो पनि आफ्नो श्रीमतीसँग अरू मान्छे सुतेर बसेको । रिसको झोंकमा मान्छे र केटा छुटाउन सकेन । फेरि त्यही डोरी समातेर अहिलेत दुबैजनालाई मार्ने छु । फेरि सम्झयो रिस भनेको झत ननिकाल्नु र उपयोग नगर्नु भनेको झत आयो तर प्रयोग गरेन । यस्तै तीनपटक माथि र तल गएछ । यस्तो गर्दा गर्दै रिसले ढोका जोरले गरेर आमा बोलाउँदा आमाचाहिं ब्युँझेर छोरा आयो भनी खुशी खुशीले ढोका खोल्नु आयो । जती रूप शरीर परिवर्तन भएतापनि आवाज परिवर्तन भएन । आमाबुबा धेरैनै खुशी हुनु भयो तर प्रकाशको आँखामा श्रीमतीसंग अरू पनि सुती राखेको मात्र देख्यो । खोइ तिम्रो बुहारी भनेर सोध्यो । कुशल वार्ता कुरा नै छैन । आमाचाहिंले भन्यो बुहारी सुती राखेको छ । तिमीले छोडेर गएतापनि बुहारी गएन भनेर बुहारीलाई उठाउन जाँदा बुहारी र केटा दुबै जना उठेर प्रकाशलाई ढोग्नु आएछ ।

प्रकाश अच्चम्म भयो यो केटा को नी भन्दा आमाचाहिँले तिम्रो छोरा । तिमी जाँदा यो बच्चा पेटमा थियो । अब यत्रो ठूलो भएछ । छोरा भनेको कुरा सुने बितीकै प्रिती माया उठेर आयो र खोइ आमा मलाई बत्ति एउटा दिनु हतार हतारले बत्ति लिएर झ्याल तिर हेरेछ । जुन डोरी भनेर समातेको त्यो त काल सर्प पो रहेछ । शंका त लागेको डोरी भए कडा हुन्छ । तर काल सर्पलाई जति दुखेतापनि केहि गरिन, यदि प्रकाशले आमा



Downloaded from http://dhamma.digital

छोरालाई मारेको खण्डमा प्रकाशलाई पनि टोकेर मार्थ्यो। त्यसैले भने "धम्म हवे रक्ख तिती धम्म चारी" जुन व्यक्तिले धर्मलाई रक्षा गर्छ त्यसलाई धर्मले रक्षा गर्छ। पत्यो या नपत्यौ मलाई मतलब छैन। म सानो छंदा हाम्रो खेत वारीमा जाँदापनि मेरो खुट्टा माथि सर्प गएको थियो। सुलक्षणकीर्ति विहार बनाउन आउँदा चर्पि छैन। पछाडि नकाले चर्पि बनाएको ठाउँमा बस्दा खुट्टा माथी सर्प गयो। खाना पकाउने भाडामा पनी मुसा भनेर समात्नु खोजेको सर्प परेछ। यस्तै धेरै सर्पलाई समाते। यो मेरो कहानी अनि त्यो प्रकाशलाई सर्पले केही गरेन। अचम्म लागेर माथी आमाबुबालाई धोगेर भन्यो।

आमाबुबाले घरबाट निकालेको कुरालाई होइन नराम्रो बानीलाई हो। जब मैले बुझे। नराम्रो संगत हुँदैन प्रज्ञा ज्ञान भनेको अत्यन्त आवश्यक छ। आमाबुबा मलाई माफ गरिदिनुहोला। छ वर्ष बाहिर बसेर आएतापनि मैले पैसा कमाएर ल्याउन सकेन। तर तपाईहरूले दिएर पठाएका ५०० रूपैया जाने ज्ञानबाट आज छोरा, बुहारी र नाती बाँच्यो। रिस भन्ने झत ननिकाल्नु र उपयोग नगर्नु भनेको शिक्षाबाट आज तिनजना बाँचे। यदि यो ५०० जाने ज्ञान नभएको भए तिन जनाको ज्यान जाने। त्यसै कारण यो अमुल्य ज्ञान पाएको छु। आजदेखी नराम्रो संग तगर्ने छैन। तपाई कसैको पनि चित्त दु:खाउने छैन मैले गर्नु पर्ने ५ वटा पुरा गर्ने छु। जुन भगवान बुद्धले सिकाउनु भएको ज्ञानलाई सुने मात्र होइन मैले उपयोग गर्छु भनेर विन्ति गऱ्यो-खाली आमाबुबाले मात्र छोराछोरीहरूकालागि कर्तव्य पूरागर्ने कुरा हुँदैन। त्यस्तै छोराछोरीहरूले पनि आमाबुबाको लागि गर्नुपर्ने कर्तव्यहरू छन। ती निम्नप्रकार छन –

१. आमाबुबा बूढाबूढी भएपछि आमाबुबाको सेवाटहल गऱ्यो। नुहाउन पानी चिसो वा तातो कस्तो चाहिन्छ त्यस्को व्यवस्था गरेर बिरामी पर्दा बैद्य, डाक्टर बोलाई राम्रो औषधी गरिदिनु भयो। आमाबुबालाई चित्त दु:ख हुने खालका काम र कुरा गर्नु भएन। गर्नु हुँदैन।

२. आमाबुबालाई आइपरेका सबै जिम्मेवारी लिएर काम गर्नुभयो। आमाबुबाले कमाएको धनसम्पत्ति कुल थाम्न कमाएको धनसम्पत्ति अर्थात खेतबारी ज्वाहरात नाश नगरी जोगाइ दियो र दिनुपर्छ। कुलका सबैको रक्षा गर्नु छोराछोरीको कर्तव्य हो।



Downloaded from http://dhamma.digital

३. आमाबुबाले प्राणीहिंसा गर्ने, चोरी गर्ने, व्यभिचार गर्ने, झुठो बोल्ने, जाँडरक्सी पिउने, मासु बेच्ने, विष, हतियार र मान्छे बेच्ने काम गरिरहेको छन भने त्यस्ता अकुशल आचरणलाई छाडी धमानुकुल काम गरी धन कमाएर आमाबुबाले भनदा पनि उन्नति गर्न सक्नुपर्छ ।

४. छोराछोरी भएर जन्मेपछि आमाबुबाको अंश लिन योग्य हुनुपर्छ । अंश भनेको धनसम्पत्ति मात्र होइन, आमाबुबाको आज्ञा मान्न सक्ने दुवाच्य नबोल्ने, कुलमा कलङ्क नलगाउने हो । आमाबुबाको इज्जत थाम्न सक्ने राम्रो व्यक्ति हुनुपर्छ ।

५. परलाक भइसकेको आमाबुबाको नाममा दान, शील, भावनामय पुण्यकार्य गरी आफूलाई प्राप्त भएको पुण्य दिनु पर्छ । आमाबुबाको नाममा पुण्यकार्य गरेर बस्नु उचित हुन्छ । यसले गर्दा आफूलाई समेत पुण्य प्राप्त हुन्छ र शान्ती सुख पाइन्छ ।

यी पाँचवटा छोराछोरीहरूको कर्तव्य हो । यही कर्तव्य प्रकाशनै पुरा गर्नु भयो । पढेर लेखेर सुनेर मात्र पुग्दैन आफुले नै उपयोग गर्नु पर्छ । पहिला सुन्नुपर्छ त्यसपछि कल्पना गर्नु पर्छ, होहोइन राम्रो-नराम्रो, कुशल-अकुशलको विचार गर्नु पर्छ त्यसपछि अभ्यास गर्नु, राम्रो फाइदाकुशल हो भन्ने फर्केर नहेरिकन अभ्यास गर्नु पर्छ । त्यसैकारण प्रकाशले पनि बुद्धिवानहरूको संगत गरेर राम्रो बुद्धिवान बनेर आफूलाई पनी शान्ती अरूलाई पनि हान्तीको शिक्षा दिनु भयो र रिस भनेका झत ननिकाल्नु र प्रयोग नगर्नु भनि भनि उपदेश शिक्षा दिंदा धेरै मानिसहरूको फाइदा भयो, ज्ञान पायो । पढेर लेखेर मात्र पुग्दैन अभ्यास गर्नु अति आवश्यक छ । त्यसैले हामीले स्मृतिजन्य भई उत्पत्तित द्वेष चित्तलाई भाविता गर्नु पर्छ, मनलाई प्रदुषित हुनबाट बचाउनु पर्छ । भवतु सब्बमङ्गलं ।

●



Downloaded from http://dhamma.digital

# धर्मको नाउँमा श्राद्ध

श्राद्ध भनेको मारिसकेको व्यक्तिको स्मरणमा गरिने क्रिया कर्म हो तर, बौद्ध भाषामा श्राद्ध भनेको श्रद्धाले दान दिनु भन्ने अर्थ लाग्छ । 'धर्मको नाउँमा श्राद्ध गर्नु भनेको वास्तवमा मानव संसारमा धर्म लोप भएर गएको संकेत हो । यसै सन्दर्भमा एउटा घटना यहाँ म प्रस्तुत गर्न चाहान्छु ।

एउटा परिवारमा आमा र छोरा मात्र थिए । दुवै खेतीपातीको काम गरेर जीविकोपार्जन गरिरहेका थिए । आखिर समयसँगसँगै जसरी दु:ख अर्थात बूढाबूढी हुनु । दु:ख स्वाभाव देखाई आमा झन-झन बुढी हुँदै गईन र खेतमा काम गर्न सकिनन । त्यसपछि छोरा एक्लैले खेतीपाती अनि आमाको सेवा गरेर बस्न थाल्यो । एकदिन आमाले विचार गरिन - म बुढी भएँ , खेतमा पनि काम गर्न सक्दिनँ, छोरा एक्लैले दु:ख गर्नुपर्‍यो, बुहारी भित्रयाउन पाए छोरालाई पनि साथी हुन्छ अनि म पनि नातिनातिनाको अनुहार हेरेर मर्न पाउँछु । यस्तै विचार गरेर एकदिन आमाले छोरालाई आफनो मनसाय सुनाइन । छारालाई विवाह गर भनेर भनिन तर छोराले विवाह गर्न मानेनन कारण, २१/२२ वर्षको कम उमेर अनि विवाह पछि थप बोझ हुन्छ ,पछि पछुताउनु पर्ला, बरू अहिले आमालाई नै सेवा गरेर बस्छु भनेर छोराले विवाहको लागि नकार्यो । पछि आमाले छोरालाई थाहै नदिई बुहारी भित्रयाइन । नयाँ बुहारी राम्री पनि थिइन, खेतको र घरको काम अनि सासुको हेरचाह राम्ररी गरेर बसिन । श्रीमानलाई पनि फकाइफुलाइ आफनो बसमा पारिन । दुई तीन वर्षपछि सासु-बुहारी बीच झगडा हुन थाल्यो । श्रीमतीले भनिन- तिम्री आमा खराब छिन, खाली कराएर मात्र बस्छिन । जति काम गरेता पनि काम गरेन भन्छिन । खाना तरकारीमा पनि कहिले नुनै छैन, कहिले नुन धेरै भयो भन्छिन । अब म घरमा बस्दिन । उता



Downloaded from http://dhamma.digital

आमाले पनि तिम्री श्रीमतीले राम्रोसित खाना दिइन, म बुढी भएँ, आँखा कमजोर छ के गर्ने बाबु ? भनेर सुनाइन । आमा र श्रीमतीको कुरा सुनेर छोरा चाहिँ धर्मसंकटमा पर्‍यो । बुहारीले पनि सासुलाई घरबाट नधपाई शान्ति हुँदैन भनी ढिपी गर्न थाली । यसरी हरेक दिन कचकच सुन्नु परेकोले छोरालाई दिक्क लाग्यो । आमाले जबरजस्ती विवाह गरिदिएर आफैले दुःखको बीउ रोपिन । छोरालाई आमाको भन्दा श्रीमतीको माया लाग्यो । त्यसैले रीसको झोँकमा छोराले आमालाई नै घरबाट निकालिदियो ।

आमा बुढी भइसकेकीले काम गरेर पनि खान सकिनन, अकस्मात आकाशबाट नरकमा खसेको जस्तो अनुभव गरिन । रोडा कुटेर छोरालाई पढाइयो आज उही छोराले घरबाट निकाल्यो भनेर रूदै थिइन । आमालाई घरबाट निकालिसकेपछि छोरा र बुहारी दुवैजना खुसी र आनन्दसँग बस्न थाले । श्रीमान-श्रीमती बीच कुरा भयो । बुढी घरमा भएको बेला घर त नरक जस्तो थियो । उसलाई निकालिदिएपछि अहिले घर स्वर्ग भएको छ । अहिले आनन्द छ । यस्तो कुरा गरिरहेको बाहिर अरूहरूले सुने । त्यही कुरा एककान दुईकान हुँदै यताउता भडकेर घुमिरहेकी आमाको कानमा पुगेछ । आमाको मनमा झन डाह भयो । आमाको गुनलाई बिर्सने छोरा, श्रीमती भए आमा पनि नचाहिने ? यो घटना नै मानव संसारमा धर्म बिर्सदै गएको, धर्म लोभ भएको संकेतको एउटा उदाहरण हो । आमा चाहिँ धर्मको नाउँमा श्राद्ध गन भनेर माटोको भाँडोमा केही सामान राखेर धर्म मर्‍यो अब धर्मको नाउँमा श्राद्ध गर्नुपर्‍यो भनेर चिच्याई कराई बहुलाही जस्तो कराउँदै मसानघाटतिर गइछन ।

अमेरिकामा केटाकेटीहरूको पैसा रक्सी र केटाकेटीमा खर्च हुँदैछ, केटालाई केटी र केटीलाई केटा भए पुग्छ । संसारमा धर्म भनेको छैन भन्दछन । यस्तो हिनताबोध विचार मौलिक शिक्षाको अभावको कारणले गर्दा हो । धर्म भन्दा श्रीमान-श्रीमती र धन प्यारो भएको छ । धर्मको नाउँमा श्राद्ध गरिरहेको समयमा एकजना बटुवाले नजिकै गएर सोध्यो - बुढी आमा के भनेर कराइरहेकी ? बुढीले जवाफ दिइ- 'धर्म मर्‍यो त्यसैले धर्मको नाउँमा श्राद्ध गर्न गइरहेकी । आफनै छोराले पनि श्रीमतीको कुरा सुनेर मलाई घरबाट निकालिदियो । मलाई घरबाट निकालिसकेपछि उनीहरूलाई आनन्द



Downloaded from http://dhamma.digital

भयो रे । यस्तो जमाना आएपछि यस संसारमा धर्म मरेन त ? धर्म नभएको कारणले गर्दा जन्मदाता आमालाई घरबाट निकालिदियो, बस्ने ठाउँ नपाएर पार्टीमा बसिरहेकी छु । खान नपाएर मागेर खाइरहेकी छु । मर्न सकिएन, बाँच्न त पऱ्यो । घर खेत छ, आफूले काम गर्न नसकेपछि के गर्ने ?' त्यस बटुवाले भन्यो -'आमै ! तपाईको छोरा त धेरै नै पापी र चण्डाल पो रहेछ । यस्तो पापी दृष्टलाई म गएर मारिदिन्छु ।' छोरालाई मार्ने कुरा सुन्नासाथ ती बुढी कराइन- 'मेरो छोरालाई नमार है ।' हेर आमाको चित्त, आमाको चित्तमा सन्तानप्रति दया, मैत्री, करूणा, मुदिता र उपेक्षा भएको हुन्छ । बौद्ध दर्शनमा आमा-बुबालाई ब्रम्हा भनिन्छ । हिन्दू धर्ममा चारवटा मुख भएको काल्पनिक बम्हाण देवतालाई मान्दछन । फरक यति ब्रम्हा त देखेको छैन तर बौद्ध दर्शनको देवता र आमा-बुबा अर्थात उहाँहरूको चारवटा सदगुण मैत्री, करूणा, मुदिता र उपेक्षा छन । आमा बुबाको मैत्रीभाव छोरा-छोरीप्रतिको जस्तो अरूसँग हुँदैन । उहाँहरूको हृदयदेखि आउने सदा रहिरहने, मरो छोरा-छोरीलाई केही नहोस, केही आपत-विपत नआओस भनी मैत्री भावना गर्छन । छोराछोरीलाई केही भइहाले पनि अपर्भ्कट उसको उपकार गर्नको लागि तयार हुन्छन र मुदिता खुसी हुने स्वभाव । सफलमा अति खुसी हुने व्यक्ति भनेको नै आमा-बुबा हुन । उपेक्षा भनेको तटस्थ चित्तमा रहन सक्ने गुण । आमा-बुबा छोरा-छोरीप्रति उपेक्षित भएर बस्छन । घटनाको आमाले छोराको कस्तो अपहेलित व्यवहारलाई ग्रहण गरिन तर श्राप दिइनन । उपेक्षित तटस्थ भावनामा बसिन । हो, श्रीमतीको कुरा सुनेर आमालाई छोराले बाहिर निकालिदियो । बटुवाले गएर मार्छु भन्दा मेरो छोरोलाई नमार भनिन । अनि त्यस बटुवाले भन्यो- 'आमा ! धर्म मऱ्यो भनेको होइन ? अनि आफनो आमालाई घरबाट निकाल्ने छोराप्रति कसरी तपाईको मनमा माया जाग्यो ? दृष्ट चण्डाल छोराप्रति आमाको यसरी दया रहिरहनु नै धर्म होइन र ! यदि धर्म मरेको भए चण्डाल, दृष्ट छोरालाई मार्न आमाले किन रोक्नुभयो ? यसैले धर्म मरेको छैन । धेरै मानिसमा धर्मका चेतना हराएको छ । यो मरेको छैन । त्यही उवखंप्वाचा एउटा नै ठूलो भएको कारणले हो । सबैमा धर्म लोप भएको छैन । कुनै व्यक्तिसँग धर्म चेतना नरहँदैमा धर्म मऱ्यो भन्नु ठिक छैन, श्राद्ध गर्नु पर्दैन धर्मको नाउँमा ।'



Downloaded from http://dhamma.digital

घरमा छोराको पनि छोरा नै धर्म भयो। छोरा जन्म्यो भनेको सुन्नासाथ उसलाई एउटा अनौठो स्नेह र मायाममताको अनुभव भयो। उसले विचार गऱ्यो - 'सम्झिदा पनि मेरी आमा खुसी भएकी होलिन र यस्तै स्नेह र ममता जागेको होला। अहो ! मैले श्रीमतीको कुरा सुनेर यस्तो दया-माया भएको आमालाई घरबाट निकालिदिएँ। श्रीमतीलाई त आमाले जन्माएको होइन। मलाई जन्माएको हो। त्यो पनि वृद्धआमालाई मैले घरबाट निकालिदिएको मेरो वृद्धि के भएको ? मैले ठूलो अपराध पाप गरेँ' भनेर पश्चाताप गर्यो।

भगवान बुद्धको सिद्धान्तले भन्छ - गल्ती हुन्छ। गल्ती नभएको संसारमा कोही पनि हुँदैन तर गल्तीलाई सुधारेर पश्चातापपछि गल्ती सुधार्ने व्यक्ति मान्छे हो। सकेसम्म पश्चाताप गर्नुपर्ने काम नै नगर्नु। यदि गल्ती भइहाले पनि त्यसलाई सुधार्नु पर्छ। त्यसपछि उ आफनो आमाको खोजीमा निस्क्यो। उसले आफनी आमालाई बहुलाह जस्तै भई मसानतिर गइरहेको देख्यो। उ त्यहाँ गएर आमाको खुट्टा समातेर खुट्टा ढोगेर क्षमा माग्दै भन्यो - 'आमा मलाई क्षमा गर्नुस। मैले गर्न नहुने ठूलो पाप अपराध गरेँ। मैले जानी जानी गरेको होइन, मायाको जालमा परेँ। मैले आफनै आमालाई पनि आमा भन्न सकिनँ। मलाई माफ गरिदिनुस, जाउँ घर हिंडनुस। अब देखि यसरी जोशमा होश गुमाउँदिनँ। यस्तो अपराध फेरि गर्दिनँ '। आमा छोराको त्यसरी मन परिवर्तन भएका देखेर बटुवाले भन्यो - आमै ! धर्म मरेको भनेको होइन ? अब के भयो त ? साँच्चै धर्म मरेको भए छोरालाई आमाप्रति माया जाग्दैनथ्यो।' जबसम्म मानिसले आफनो गल्ती स्वीकार गर्छ तवसम्म धर्म मर्दैन यो सबै नैतिक शिक्षाको अभावको कारणले गर्दा हो। सानैदेखि नैतिक शिक्षा दिनु अत्यन्त आवश्यक छ। नैतिक शिक्षा नभएको कारणले गर्दा श्रीमतीको कुरलाई हो, होइन भनी छुटयाउँन सकेन त्यसैले नैतिक शिक्षा हुनु अत्यन्त आवश्यक छ।

●



Downloaded from http://dhamma.digital

# बुद्ध धर्ममा श्रीमान् र श्रीमतीको कर्तव्य

मानिसहरू सुख, शान्ति चाहन्छ । तर चाहेर मात्र प्रार्थना गरेर केही पनि हुने होइन । त्यसको लागि परस्पर सदभावना सहिष्णुता र मद्धत गर्ने भावना विकसित गर्नुपर्दछ । एक अर्कामा करूणा मुदिता र मैत्रीपूर्वक व्यवहार गर्नुपर्दछ । ठूलो, सानो धनी, गरीव, उच्च, निच, जातपातको भेदभाव राख्नु हुँदैन । सानोले ठूलोप्रति मात्र कर्तव्य पूरा गरेर पुग्दैन । ठूलोले सानोप्रति पनि आफनो कर्तवय पूरा गर्नुपर्छ । देशमा समाजमा प्रत्येक वर्गले आ-आफनो क्षेत्रबाट आ-आफनो कर्तव्य पूरा गरेमा परिवार एवं समाजमा सुख शान्ति हुन्छ । चाहे सादा खाना, लत्ता कपडा मात्र नहोस मनमा शान्ति र सुख भएपछि पानी, भात मात्र खाए तापनि शरीरमा लाग्छ । भूईंमा सुते तापनि निद्रा आउँछ । मानिसले सच्चा शान्तिको रसस्वादन गर्न सक्दछ र साँचो मानेमा जीवन जिउनको सार्थकता रहन्छ । मानव जीवनको सफलता पनि यसैमा छ ।

भगवान बुद्धले छब्बिस सय वर्षअघि सिंगालपुत्रलाई ६ दिशालाई नमस्कार गर्ने सिलसिलामा दिनुभएको उपदेशलाई मनन गरी व्यवहारमा उतार्न सकिएमा हाम्रो पारिवारिक र सामाजिक जीवन शान्ति र सुखमय हुनेछ । आजकाल परिवार परिवार, श्रीमान-श्रीमती छोरा-छोरी र आमा-बुबा, समाज-समाजमा विद्यमान रहेक सबै किसिमका कलह, अशान्ति, झैझगडा, व्यभिचार, चोरी, डकैतीजस्ता पारिवारिक र सामाजिक विसंगतिहरू र अपराधजन्य विषमताहरू छन ।

एकजना असाध्य धनवान साहु थिए । उहाँको एकजना मात्र छोरो थियो । उहाँको नाम सिंगालपुत्र । साहु भगवान भक्त, भगवान बुद्धको उपदेशलाई अत्यन्त गारव गर्ने मान्ने पालना गर्ने व्यवहारमा उतार्ने । भगवान



Downloaded from http://dhamma.digital

बुद्धको उपदेश अनुसार काम गर्ने साहु थिए । तर आफना अत्यन्त मनपर्ने छोरालाई उपदेश सुनाउन सकेनन । सबै चीज आफूले भने जस्तो पनि हुन सक्दैन । आफनो शरीर त आफूले भनेजस्तो गर्न सकिँदैन भने झन छोरालाई त क सकिन्थ्यो ? साहुलाई धेरै नै दु:ख लाग्यो । यो कपुत छोरालाई सपुत बनाउन पाए मेरो जीवन सुखी हुन्थ्यो । अरू सबै राम्रो छ । ग्राहक, कामदार परिवार तर छोरालाई बुद्धको कुरा सुनाउनु पाइएन भन्ने मनमा दु:ख थियो । आमा-बुबाका इच्छा सन्तान जन्मिदा आफूले भनेजस्तो ज्ञानी, इमान्दार, भनेको कुरालाई सुनिदिने, मानिदिने भयो भने अमाबुबा सुखी हुन्छन । तर सिंगालपुत्रलाई राम्रो राम्रो कुरा भगवान बुद्धको उपदेशहरू सुनायो भने कानमा नै जाँदैन उल्टो बाबुआमासँग मुख लाग्ने गर्दछन । त्यसले गर्दा बुबालाई झन झन पीर, चिन्ता भएर रोगले ग्रस्त भएछन । छोराको कारणले निँद्रा पनि आएन । निँन्द्रा नआएपछि खाना खानु समेत रूची भएन । खाना नखाँदा ओछ्यानमा परेछन । भगवान बुद्ध भिक्षुसँग उहाँको घरमा अएका बेलामा सिंगालपुत्र घरबाट बाहिर जाने, घरमा नबस्ने, राम्रो कुरा सुन्नु पर्ला, सुनेपछि व्यवहारमा उतार्नुपर्ला, आफूले मनोमानी गर्न पाइँदैन भनेर परपर भाग्ने गर्थ्यो । बाबु चाहिँ झनझन रोगले च्यापेर थला पर्नथाले । मर्ने अवस्थामा पुग्दा अन्तिमको वचन त अवश्य पनि सुन्छ होला र यसले अर्थ नबुझदा भगवान बुद्धले बुझाइदिनेछन र यो सही मार्गमा आउनेछ भनेर विचार गरी आफनो छोरो सिंगालपत्रलाई बोलाई 'मेरो यो अन्तिम वचन चाहिँ सुनिदिनु, दान पनि गर्नु पर्दैन खाली गंगामा गएर ६ दिशामा नमस्कार गर्नु भने । त्यति भन्ने बित्तिकै बुबाको प्राण गयो ।

सिंगालपत्रलाई उनको बुबाले भनेर गएको जिम्मेवारी अर्थ नबुझिइकन ६ दिशालाई नमस्कार गरिरहेको देखेर भगवान बुद्धले उनलाई ६ दिशा के हुन र ती दिशालाई नमस्कार गर्नुपर्ने खास तात्पर्य के हो भन्ने बारेमा राम्ररी सम्झाउनु भएको थियो । त्यसलाई आफनो साथै अर्काको कल्याणार्थ व्यवहारमा उतार्न उपदेश दिनुभएको थियो । जुन सिंगालोवाद सूत्रको नामले प्रख्यात छ । ६ दिशाको अर्थ

१) पूर्व दिशा-आमाबाबु/छोराछोरी

२) दक्षिण दिशा - अचार्य तथा गुरूजन/शिष्य



Downloaded from http://dhamma.digital

३) पश्चिम दिशा - पति/पत्नी

४) उत्तर दिशा -भित्रजन

५) उर्द्ध दिशा - श्रमण ब्राह्मण

६) अधो दिशा - मालिक/सेवक

यस मध्ये पश्चिम दिशा अथवा पति/पत्नी अथवा श्रीमान र श्रीमतीको कर्तव्य गनुपर्ने । श्रीमतीलाई साथीजस्तो नगरिकन खेलौनाजस्तो खाली बच्चा जन्माउने मिसिन सम्झेर व्यवहार गर्ने धेरैजनाको प्रवृत्ति छ । यस्तो बानीलाई हटाएर राम्रो बानी लगाउनुपर्छ । श्रीमतीलाई पाँच प्रकारको व्यवहार गर्नुपर्छ ।

१) आफनो श्रीमतीलाई सम्मानपूर्ण व्यवहार गर्नुपर्छ । वचनले प्रिय, देवी आदि नामबाट प्रेमपूर्वक सम्बोधन गर्नुपर्छ । श्रीमतीको चित्त प्रसन्न हुन्छ यसो गर्नाले । ऊ खुसी हुन्छे । श्रीमतीको मनमा प्रशन्नता भरिदिनु पर्छ, अपमान गर्नु हुँदैन ।

२) श्रीमतीलाई कडा वचन गर्नुहुन्न । आफनो सुखदुखको सहृदयी मित्र ठानी तदनुसार व्यवहार गर्नुपर्छ । सहयोगी साथी अर्धाङ्गिनी सम्झेर राम्रो व्यवहार गर्नुपर्छ ।

३) आफनी श्रीमती बाहेक अर्काकी श्रीमतीसँग भुल्नु हुँदैन । आफूले पनि पत्नीव्रत धर्म पालन गर्नुपर्छ ।

४) घरको धन संपत्ति समय अनुकुलअनुसार पत्नीकै जिम्मामा सुम्पनुपर्छ । तिनलाई विश्वास गर्नुपर्छ । भान्साको अधिकार दिनुपर्छ । श्रीमतीको आमाबुवा नियतीहरू आफनै सम्झनु पर्छ । राम्ररी खानपिनको प्रवन्ध गरी सुख ऐश्वर्य दिनुपर्छ ।

५) आफनो गच्छय अनुसार समयसमयमा लुगा गहना आदि दिनुपर्छ । तर ऋण लिएर पत्नीलाई सिंगार्नु उचित होइन । आफनो गृहस्थ काममा आँच नआउने गरी श्रीमतीलाई आभुषण र बस्त्र दिई सन्तुष्ट पार्नुपर्छ । समय र अवस्था हेरेर श्रीमतीको इच्छा पूर्ण गरिदिनुपर्छ ।



Downloaded from http://dhamma.digital

अब श्रीमतीले आफना श्रीमानप्रति गर्नुपर्ने कर्तव्य पनि पाँच प्रकारका हुन्छन ।

१) बराबर आफनो श्रीमानको सेवा मन लगाएर गर्नुपर्छ । गरिनुपर्ने भान्साको काम यथासमय गर्नुपर्छ । अल्छी मानेर बस्नु हुँदैन । आफनो जीवनसाथीलाई सम्मानपूर्वक व्यवहार गर्नुपर्छ । श्रीमानप्रतिको आफनो कर्तव्य राम्ररी निभाउनु पर्छ ।

२) आफनो श्रीमानको इज्जत बढने काममा अग्रसर हुनुपर्छ । श्रीमानको आमाबुवा, नातेदार, इष्टमित्र, तथा छरछिमेकहरूलाई अथवा आफनै नातेदारहरू आउँदा स्वागत सत्कार गर्नुपर्छ । दुईटै परिवारहरूलाई राम्रोसँग सेवा गर्नुपर्छ ।

३) आफनो पुरूषबाहेक अरू पुरूषको सपनामा पनि कल्पना गर्नु, इच्छा राख्नु हुँदैन । पतिव्रता धर्म पालना गर्नुपर्छ । आफनो बल, बुद्धि र वस्तुद्वारा आफनो श्रीमानलाई हरतरहले आपदविपदबाट बचाउनुपर्छ ।

४) श्रीमानसँग अनावश्यक विवाद गर्ने, छुद्र व्यवहार गर्नु हुँदैन । सुखदुखमा अभिन्न साथी बन्नुपर्छ । श्रीमानले कमाएर ल्याएको धनसम्पत्तिको रक्षा गर्नुपर्छ ।

५) घरको सरसफाई सफा सुग्घर गर्नमा दक्ष हुनुपर्छ । श्रीमानको कमाई हेरेर खर्च गर्नुपर्छ ।

यसरी श्रीमान र श्रीमतीको कर्तव्य परस्पर पालना गर्नु र व्यवहारमा उतार्न सक्यो भने यो देशमा, घरघरमा, झगडा हुँदैन । भगवान बुद्धको शिक्षा कर्ममा आधारित छ । आचरण भनेकै सम्यक कर्म गर्नु हो । कर्म त अहितको उद्धेश्यले पनि गर्न सकिन्छ । यसलाई यहाँ सद्धर्मको आचरणमा लिएको पाईदैन । सद्धर्मले आफूलाई अहित गर्ने आफूलाई दुख हुने वा अरूलाई दुख दिने कर्मदेखि टाढा रहन सिकाउछ । यसरी मात्र दुखका कारणहरूको निवारण हुन्छ । शान्ति हुन्छ र दुख मुक्तिको दिशातिर बढन सकिन्छ । सत्कर्म नै सम्यक आचरण हो र दुस्कर्म नै मिथ्या आचरण हो । सद्धर्मको आचरण भनेको दुष्कर्मबाट विमुख हुनु हो । भगवान बुद्धले यस्तो नैतिक



Downloaded from http://dhamma.digital

शिक्षा सिकाउनु भएको छ । बाहिर शान्ति भयो भने राष्ट्र शान्ति हुनलाई केही समय लाग्दैन । तर आज विश्वमा अशान्ति छ । ठाउँ ठाउँमा लडाईं र झगडाका अशान्ति मिश्रित खबरहरू सुनिन्छ । टिभिमा पनि यस्तै खबरहरू मात्र देख्नुपर्ने हुन्छ । विश्वलाई नै शान्ति चाहिएको छ सबै शान्तिमात्र खोजिरहेका छन । तर शान्ति कतै दृष्टिगोचर हुँदैन । किन ? किनकि भित्र हृदयमा धर्म पल्लवित भएको छैन । चाहना एउटा कर्म एउटा हुनु नै अशान्तिको कारण हो । भगवान वुद्धले गृहस्थ जीवनमा परस्पर कसरी मिलेर बस्ने भनी सम्पूर्ण सिकाउनु भएको छ । हामी धर्म गर्ने भन्छौं र आ-आफनो आश्था विश्वास र मतानुसार धर्म गरि टोपल्छौं । यसैलाई धार्मिक कार्य भन्दै अलमलिन्छौं पनि । तर धर्मको सच्चा अर्थ केहो भन्ने कुरामा हामी अनभिज्ञ नै छौं । यसरी धर्मको वास्तविक स्वरूप नजान्दा धर्म गर्ने भन्दाभन्दै अधर्म गरिरहेका हुन्छौं । त्यसैले राम्रोसँग बुझेर अनुसन्धान गरेर मात्र गर्नुपर्छ । अर्काको होहल्लामा जानु हुँदैन । जे कुरामा पनि सोच विचार गर्नुपर्छ र आफनो कर्तव्य पूरा गर्नुपर्छ । अरूले गरून वा नगरून आफूले गर्नु अति आवश्यक छ ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# एक गाँस भातको लागि तीन वर्ष नोकर

यहाँ तृष्णाभित्र कुनै कुराको निमित्त इच्छा राख्ने र यसमा आशक्त हुने, इन्द्रिय सुख, धन र शक्ति मात्र होइन, अवधारणा, विचार र आदर्शहरू, रायहरू, सिद्धान्त, धारणाहरू, विश्वासहरू धम्म तन्हा मा टाँसिने स्वभाव वा आशक्ति पनि पर्दछन। भगवान बुद्धको विश्लेषणअनुसार संसार सबै दु:खहरू संघर्ष साना लडाईहरू पनि स्वार्थपूर्ण तृष्णाको कारणबाट नै हुन्छ वा उठ्छन। यस दृष्टिकोणबाट सबै आधुनिक राजनीतिक र सामाजिक सेवकहरू र अन्य कुटनीतिक तवरले सतहमा गएर लडाई र झगडाको कुरा छिनोफानो गर्ने प्रयास गर्दछन तर कहिले पनि समस्याको हल गर्नु सक्ने छैन, यो सबै तृष्णाको कारण हो। तृष्णा भनेको गजब छ। हेर्नु भात एक गाँस खानुको लागि एकजना साहुकहाँ तीन, तीन वर्षसम्म नोकर बसेको थियो। यसको कहानी भगवान बुद्धो पालामा भएको घटना घटेको यहाँ बताउँछ चाहन्छु।

भगवान बुद्ध जेतवन विहारमा बस्नुभएको बेला सुख श्रामणेरको विषय लिएर आज्ञा गर्नु भएको थियो। अतित अथवा पहिला पहिला वाराणसीमा महाजन एकजना अतिनै धनधान्य भएको र उहाँको सम्पत्ति भनेको हिसाव गर्नु नै सकिदैनथ्यो। उहाँबाट एउटा छोरा रत्न प्राप्त भयो। छोरा पाएको बेला धेरै नै खुसी हुने नै थियो। छोरा पाउँदा छोराको नाम राखिदियो कि गन्धकुमार। त्यसपछि छोरा विस्तारै ठूलो भएर आयो। अचानक महाजनको मृत्यु भयो। महाजनको मृत्यु हुँदा बनारको राजाले गन्धकुमारलाई बोलाई उहाँलाई पिताको स्थानमा महाजन पदवी दिनुभयो। उहाँ बनारस देशकै महाजन हुनुभयो। केही दिनपछि महाजनको घरको आयव्यय हेर्ने एकाउन्टले गन्धकुमारलाई सम्पूर्ण सम्पत्ति देखाएर भने -यो तपाईको बज्यै बाजेको सम्पत्ति। यो सम्पत्ति तपाईको बज्यै बाजेले कमाएर



Downloaded from http://dhamma.digital

गएको सम्पत्ति । तपाईको आमाको दाइजो आएको यो सबै छोडेर जानु भयो । आजदेखि यो सम्पूर्ण सम्पत्तिको जिम्मेवारी लिनु म पनि वृद्ध भएर आएँ भनेर सम्पत्ति सबै जिम्मा लगाउनु भयो । गन्धकुमार आश्चर्यमा परे । यति सम्पत्ति मेरो बाज्यै बाजे आमा बाले लिएर जानुभएन ? अलिकति पनि लिएर गएनन ? अनि आयव्यय हेर्ने एकाउन्टेन्टले भने -महाजन सम्पत्ति लिएर परलोक जाने यो संसारमा कोही पनि थिएन, छैन । कसरी लिएर जान सक्छ ? सियो एउटा त लिएर जान सदैन भने यतिका सम्पत्ति ? आफूले गरेको कुशल कर्म र अकुशल कर्म मात्र लिएर जान्छ । यति कुरा सुनेर विचार गर्नुभयो - मेरो आमा बुबाहरूले केही पनि सम्पत्ति लिएर जानु भएन अब यो सबै मैले लिएर जानेछु । उहाँहरू मूर्ख भएर यतिका सम्पत्ति छोडेर जानु भयो । धन सम्पत्ति हेर्दै विचार गरे - यसले सबै दान पुण्य गर्ने होला, सुपुत्र छोरा जन्म भयो । अरू महाजन कन्जुसी थिए । सम्पत्ति मात्र थुपार्ने अब यो गन्धकुमारले सबै दान दिने होला । होइन भने कसरी सँगै लिएर जान्छ ? भनी धनसम्पत्ति रेखदेख गर्नेले विचार गरे ।

गन्धकुमार महाजनले पूजा गर्ने होला, समाज सेवा गर्ने होला, दान दक्षिणा दिने होला भनेको त उसले सम्पूर्ण धनसम्पत्ति खाएर पिएर मोज मस्ती गरेर लाएर भोग गरेर जाने भनी पहिलाको जमानामा हजार थियो भने आजकल एक करोड हुन्छ । उनल एक करोड तिरेर नुहाउने कोठा बनाउनु लगाए । एक करोड तिरेर नुहाउनको लागि बाथरूम बनाउन लगायो । घर त ठूलो कसैको नभएको घर बनायो । त्यसमा कति खर्च भएको हिसाव नै  छैन । भात खाने ठाउँ एक करोड जाने गरी बनायो । एक करोड तिरेर टोल बाटोमा सिंगारपटार गर्न लगाए । एक करोड तिरेर टोलमा बाटो सिगार पटार गर्न लगाए । भात खाने थालमा हिरामोति जडान गर्न लगाए । खाना खानका लागि मण्डप आसन ठूलो गरेर बनाउन लगाए र भातको लागि एक लाख खर्च गरेर विभिन्न प्रकारको स्वादिष्ट तरिकाले भोजन बनाउन लगाए । र टोल टोलमा राखी बाजा बजाएर गन्धकुमारले पूर्णिमाको दिनमा भोजन गर्ने भोजन खुवाए, लिला हेराउने व्यवस्था मिलाए । कसैले पनि नखाएको यस्तो स्वादिष्टको त्यो पनि पूर्णिमा त्यो दिनमा भनेर टोलटोलमा देशभरी बाजा बजायो ।

बनारस देशमा एउटा साथी आफनो अर्को गाउँले साथी लिएर पराले



Downloaded from http://dhamma.digital

छवालीहरू लिएर बनारस सहरको साथी कहाँ आइपुगे । त्यो पराल, छवाली बेचेर केही खाना रासन पानी लिएर जानको लागि उनीहरू बनारस पुगेका थिए । त्यही दिन भोजनको लिला थियो । वाणरसी साथीले गाउँले साथीलाई सोधे- हे साथी भोजन लिला हेर्नु भएको छ ? आज गन्धकुमार महाजनले सबैलाइ देखएर अनेक प्रकारको भोजन गराएको हेर्न जाने ? भने, गाउँलेले भने किन नहेर्ने, यस्तो मौका कहिले आउँछ ? हेर्ने । कहिल्यै नहेरेको गरीव जीवन अनि -हुन्छ जाऊँ हेर्न जाउँ भनी दुवैजना लिला हेर्न गए ।

जब गन्धकुमार महाजनले माथि गई भोजनको डिब्बा खोल्ने बित्तिकै ह्वार-ह्वार वासना आयो । त्यहाँ सबैले वास लिएका थिए । कस्तो वास आएको होला ? त्यो समय ती गरीव गाउँबाट आएको हुँनाले सहन सकेनन । खानको लागि तिबै ईच्छा भयो, मन लाग्यो । आफ्नो चित्त आफैले सम्हाल्न सकेनन । अनि एकले अर्को साथीलाई भन्यो - हे साथी त्यो भात एक गाँस मागिदिनु न होइन भने मत मरिहाल्छु । ल न एक गाँस मात्र भए पुग्छ । धेरै कराएको हुनाले वाणारसी साथीले चिच्याएर महाजन नमस्कार भनेर गराए । गन्धकुमारले भात खानको लागि मुख आँ मात्र गरेका थिए । यस्तो आवाज आएको हुनाले को होला यस्तो कराएको भनेर बुझ्नु पठाए । अनि भन्यो - तपाईले खान लाग्नु भएको भात एक गाँस दिनु होइन भने मेरो साथी मर्नेछ ।

गन्धकुमारले भने -हे पुरूष यो भात एक गाँसको एकसय हजार पर्छ सबैले लियो भने म के खाउँला त ? त्यसकारण म यो भात दिन सक्दिनँ । वाणारसी साथीले फेरि भन्यो - यो भात नभए मेरो साथा मर्नेछ । उसको जीवन रक्षा गरिदिनु । गन्धकुमारले भने-कत्रो तृष्णा यो भात दिन सक्दिनँ, तर, यस्तै भात खाने हो भने एक गाँस मात्र होइन एक थाली दिनेछु, तर, मेरो घरमा तीनवर्ष नोकर बस्नुपर्छ । त्यही कुरा सुनेर गाउँले साथीले 'हुन्छ भात एक गाँसको लागि तीनवर्ष नोकर बस्न भएँ' भनेर गाउँमा गई छोरा, छोरी, श्रीमतीहरूसँग अनुमति लिएर आएपछि उ गन्धकुमार महाजनको घरमा नोकर बोर बस्न आयो । साहुको घरको गाह्रो सजिलो सम्पूर्ण भित्र बाहिरको काम गरिदियो । काम गर्दागर्दै विश्वासी पात्र बन्यो । साहु अत्यन्त सुखी भए । वर्ष दिन बित्यो । गर्दागर्दै तीनवर्ष भयो ।



Downloaded from http://dhamma.digital

उसको एकगाँस भातको नोकर भनेर नामै चल्यो। साहुले पनि विचार गरिदिए , अरूभन्दा यो एक गाँस भातको नोकर राम्रो विश्वासी छ । यसलाई मेरो सम्पत्तिको अधिकार दिन्छु । यसलाई घरबाट ननिकाल्ने भनी विचार गरेर अधिकार दिए ।

एक गाँस भातको लागि नोकर तीनवर्ष पुग्ने बित्तिकै साहुले त्यतिकै पैसा खर्च गरेर सम्पूर्ण सिंगार-पेटार लगाएर सुगन्ध पानीले नुहाउन दिएर देशभर बाजा बजाएर भात एक गाँसको नोकरलाई भात ख्वाउन मेला हेर्न आउँ भनी टोल टोलमा गई बाजा बजाए । टोलका मानिसहरू छिमेकीहरूले भने- यो तृष्णा भनेको गजब रहेछ । त्यति भातको लागि तीन वर्षसम्म नोकरी गरेर बल्ल आज भात प्राप्त हुने भयो । जाऔं हामी पनि हेर्न जाऔं भनी उत्सुकतापूर्वक हेर्न आउने मानिसहरू थुप्रै भए । अनि त्यो गरीवलाई मञ्चबाट माथि पठाइयो र खाना त्यतिकै एक करोड जाने थालमा भात राखी भात खानको लागि तयार भएर बसाइयो । भात खानको लागि हात धोएर ठिक पारेर बसाइयो । संयोगबस त्यसबेला गन्धमादनपर्वतमा एकजना बुद्ध सात दिनसम्म निरोध समाधि ध्यानमा बसेर सातदिन भएपछि उठेर आज कहाँ भिक्षाटन गर्न जाने होला ? भनेर ध्यानबाट हेर्दा त्यही भात एक गाँसको लागि नोकर बसेकोलाई देख्नु भएछ । अब यो भात दिने श्रद्धा छ कि छैन यसले दिन्छ कि दिँदैन भनेर हेर्दा श्रद्धा पनि छ । यसले दान दिन्छ भनेर यति मात्र होइन, यसलाई ठूलो पूण्य सम्पत्ति लाभ हुन्छ भनी बुझेर हिमालबाट आउनुभयो । त्यही समय टुप्लुक्क त्यो नोकरले भात खान खोजेको समय प्रत्येक बुद्धलाई देख्यो ।

समस्या पऱ्यो कारण खानु कि दान दिऊ भन्ने भयो । दान दिनु भने यही भातको लागि तीन वर्ष नोकर बसेर प्राप्त भएको भात । नदिऊँ भने यस्तो महान बुद्ध अगाडि उभिनुभएको छ आफैलाई पूण्य दिनको लागि । उसले सम्झयो -मैले पहिला दान दिएर नआएको कारणले गर्दा गरीव भएर नाकर बस्नु परेको थियो । यो भात खाएर मलाई चौबिस घण्टाको लागि मात्र तागत दिन्छ । त्यसपछि मल भएर जानेछ । यो दान दिंदा मलाई ठूलो पुण्य लाग्नेछ । यति भनेर मनमनमा कुरा खेल्दै दान दिने निर्णय गऱ्यो । आफूले नै भातको थाल लिएर बन्दना गरेर भात प्रत्येक बुद्धका पात्रमा



Downloaded from http://dhamma.digital

खनाउँदा आधा गएकोले प्रत्येक बुद्धले पुग्यो भनेर भन्नथाल्नु भयो । नोकरले भन्यो -यो मात एकजनाका लागि मात्र हो । मलाई चाहिँदैन तपाईले नै थाप्नु भनेर प्रार्थना गऱ्यो । यो पूण्य हेतुद्वारा म जन्म भएको ठाउँमा सुखै सुख मात्र होस, तपाईले जुन धर्मलाई देख्नु भएको छ, त्यस्तै मैले पनि देख्न सकूँ । अनि प्रत्येक बुद्धले पनि आशिर्वाद दिनुभयो । त्यस्तै होस तिम्रो इच्छा सबै पूरा होस जस्तै पूर्णिमाको चन्द्रमा, जस्तै नपुगेका सम्पूर्ण इच्छा पुराहोस भनी आशिर्वाद दिनुभयो ।

इच्छितं पत्थितं तुयहं खिप्यमेव समिज्झतु । सब्बे पुरेन्तुचित्त संङकप्यो चन्दोपण्णरस्वे यथा ।। इच्चिछतं पत्थितं तुयहँ सब्मेव समिज्झतु । सब्बे पुरेन्तचित्त मणिं जोतिरसो यथाा ति ।। अर्थ- तिमीले इच्छा गरेर प्रार्थना गरेको भन्दा छिटो सफल होस पूर्णिका चन्द्रमा जस्तै धर्यको साथै सम्पूर्ण इच्छा पूर्ण होस भनी आशिर्वाद दिनुभयो । र प्रत्येक बुद्धल जुन भोजन दान लिएर मैले ५०० जना प्रत्येक बुद्धहरूलाई दान दिएको र खाएको सम्पूर्ण मानवले देख्न सकून भनेर अधिस्थान गरेर हिमालतर्फ उडेर जानु भयो । सबैलाई दान दिएको र उहाँहरू सबैले अघाउने गरी खानुभयो यो देखेर सबै आश्चर्यचकित भए एकजनाका भात कसरी ५०० जनालाई पुग्यो ? साधु साधु भनी हर्षले हेरि राख्नु भयो साधुकारले दिएको आशिर्वाद साहु महाजनले सुनेछन ।

गन्धकुमार महाजनको विचारमा नोकरले खाना खान सकेन होला त्यस कारण मानिसहरूले गिज्याएको होलान भनी खोई हेर्न जानु पऱ्यो । सबै जम्मा भएर विशुद्ध विशुद्धले निन्दा, उपहास गरेर बसेका होलान भनी हेर्न गए । अनि मानिसहरू कराए । साहु महाजनले गर्न नसकेको यो नोकरले गऱ्यो । साहु महाजनहरूले गर्नुपर्ने, धन्य यो नोकर जाबो भात एक गाँसको लागि तीनवर्षसम्म नोकर बसेर कमाएको भात दान दिएर पठायो, धन्य धन्य भनेर जयजयकार गर्नुभयो । साहुले नोकरलाई बोलाई सोध्नुभयो -तिमी सही गरेको हो ? भनेर सोद्धा हो महाजन ! भन्यो । त्यसो भए मलाई पनि तिम्रो पूण्य भाग लिनु भनेर महाजनले भने । उसले हुन्छ भनेर पूण्य दियो र महाजन खुसी भएर आधा सम्पत्ति नोकरलाई दिए ।

जनताहरू कराएको सुनेर राजा पनि हेर्न आए । राजाले पनि हामीले



Downloaded from http://dhamma.digital

गर्न नसकेको पुण्य यो नोकरले गरेको छ भने र आफूलाई पनि पूण्य भाग लगाइदिन राजाले भने । उसले दियो, त्यही खुशियालीमा राजाले आधा राज्य दिए । यही हो दित्थ धम्म बेदनीय कम्म अहिले गरेको पुण्य अहिले नै प्राप्त हुने फल । यहाँ सम्पत्ति भनेको चार प्रकारका छन । १), वस्तु सम्पत्ति, २) प्रत्यय सम्पत्ति, ३) चेतना सम्पत्ति र ४) अतिरेक गुण भनेको सम्पत्ति हो ।

१) वस्तु सम्पत्ति : निरोध समापतिबाट उठेर आउनु भएको अरहन्त होस या अनागामी होस दक्षिणा दिने योग्य भएको व्यक्तिलाई दिएको दान वस्तु सम्पत्ति भन्दछन ।

२) दान दिनु अगाडि धर्म, श्रद्धा उत्पन्न हुनेलाई प्रत्यय सम्पत्ति भन्दछन ।

३) दान दिनु अगाडि दान दिई राखेको समय र दानदिन सकेपछि खुसी हुने चेतनालाई चेतना सम्पत्ति भन्दछन ।

४) अत्यन्त गुण भएको क्षिणाश्रव, प्रत्येक बुद्ध उहाँहरूलाई गुण तिरेको सम्पत्ति भन्दछन ।

वाणारसी राजाले जुन भात नोकरलाई बोलाई बनारस देशको महाजन पदवी दिलाए भोग सम्पत्ति धेरै नै भयो । देशको भात नोकर महाजन भनेर नामबाट प्रख्यात भयो । उसले पूण्य गर्न छोडेन । उसले थाहा पायो शुद्ध चित्तले गरेको पुण्यको प्रभाव धेरै महत्वपूर्ण छ भनी । त्यसपछि गन्धकुमार महाजन दुवै जना साथी साथी भए खाएर पिएर धर्मको काम गरेर बस्दा बस्दै वृद्ध भएपछि मृत्यु भए त्यसपछि गर्भमा जन्म लिन गए छन ।

श्रावास्ती नगरमा सारीपुत्र भन्तेको चेली । जब बच्चा पेटमा आउँदादेखि सम्पूर्ण भिक्षुहरूलाई भोजन दानदिने अनि कासाय वस्त्रधारण गरेर सँगै बसेर भोजन गर्ने इच्छा भयो गरिन । घरमा पनि सम्पूर्ण इच्छा पूर्ण हुने दुःख कहिले पनि छैन । सुखै सुख मात्र अनुभवन गरेको थियो । आफनो इच्छा श्रीमानलाई भन्दा सम्पूर्ण इच्छा पूरा गरिदियो ।

दश महिना पुगेपछि बच्चा जन्मभयो । त्यो पनि छोरा अनि बच्चालाई नाम राख्ने बेला सारा पुत्र भन्तेलगायत त्यहाँ भएको भिक्षुहरूलाई भोजनमा बोलाई नामाकरण गर्ने बेला सारीपुत्र भन्तेले सोध्नु भएछ, बच्चालाई



Downloaded from http://dhamma.digital

के नाम राख्नु भनी। उपासकले जबाफ दिए -यो बच्चा जन्म लिन आउँदादेखि केही पनि दुः भएको छैन। त्यसैकारण यसलाई सुखकुमार भनेर राख्न चाहन्छु भन्ते। सारीपुत्र भन्तेले पनि यो बच्चाको नाम सुखकुमार भनेर नामाकरण गरे। विस्तारै सुखकुमार सात वर्ष भएर आयो। सात वर्ष भएको बेला सारीपुत्र भन्तेले नैतिक शिक्षा दिए। त्यो समय आमाले सुख कुमारलाई सोधेकी थिइन -बाबा, तिमी के बन्न इच्छा छ ? यसो भन्दा आमा म श्रामणेर अथवा भिक्षु बन्न चाहन्छु छोराले भन्यो। विरोधमा नजाने भनेर सारीपुत्र भन्ते कहाँ लगेर भारी सिंगारपेटार गराएर सिन्दुर जात्रा गरेर श्रामणेर गराउनुभयो। आफनो नाता कुटुम्बहरू, विहारमा भएको सम्पूर्ण भिक्षुहरूलगायत सबैलाई सातदिनसम्म भोजन गराए ।

सुखकुमारलाई विहारमा छोडेर आमा बुबा घर फर्केछन। आठ दिनमा भोजनको लागि भिक्षामा जानुभयो। सात वर्ष भएको सुख श्रामणलाई पात्र चिवर लगाएर सारीपुर भन्ने दाताको घरमा भिक्षा लिन जानुभयो। विहारबाट बाटोमा हिडदाहिडदै खेतमा काम गर्नेले आफूलाई खेतमा पानी लगाउँदै गरेको देख्दा गुरूसँग सोधेछन- गुरू त्यो खेतालाले के गरेको ? गुरूले जबाफ दिए- उसलाई खेतमा पानी चाहिएकोले पानी लगाई रहेको छ,। अनि त्यो पानीमा जीव छ कि छैन ? गुरूले भने -छैन जीब नभएको पानीलाई आफूले मन परेको ठाउँमा लानु सक्छ।

त्यस्तै अरू ठाउँमा पुग्दा वाण बनाउनेले आफूलाई कसरी गराउने बाँगो टेङगो गरी बनाई रहेको देखे। फेरि अर्को ठाउँमा काठवालाले आफूलाई मनपरेको झ्याल, खापा, पुतली बनाउने काम इत्यादि बनाई रहेको देखे। यसमा जीव छैन ? यो जीवन भएकोलाई आफूले जे गरे तापनि हुने त्यसै कारण म विहारमा गएर ध्यानमा बसेर मार्ग कला प्राप्त गर्छु भनी विचार गरेछन। गुरू यो पात्र चिवर लिनु र मलाई पनि भोजन ल्याउनु भने। आफू एकलै विहारमा फर्केर गएछन र आफू सुतेको कोठामा ध्यान गरेछन।

उदकं हि नयन्ति नेत्तिका उसुकारो नमयन्तिजनं। दारू नमयन्ति तच्छका अन्तानं दमयन्ति सुब्बता ति ॥

अर्थ : थल खन्नेले आफूलाई चाहिने ठाउँमा पानी लिएर जानसक्छ, वाणतीर बनाउनेले आफूले भने जस्तै गर्न सक्छ। काठवालाले आफूलाई



Downloaded from http://dhamma.digital

चाहिएको भ्याल, खापा खेलौनाहरू बनाउन सक्छ । भनेको मान्य सुबच्चाले आफू आफूलाई दमन गर्न सक्छ ।

सुख श्रामणेर आफनो चित्तलाई आफनो बसमा राख्दै विपश्याना ध्यान गर्दै खुब मेहनत गर्न थाले । उता सारीपुत्र भन्ते आफनो दाताकहाँ भिक्षा माग्न गएका थिए । तर भिक्षा दाताहरूले त्यहीँ बसेर खानका लागि आग्रह गर्न थाले । सारीपुत्र भन्तेले पनि त्यही बसी भोजन सकेपछि सुख श्रामणेरको लागि पनि हतार हतार लिएर आए । आफनो चेलालाई भोक लाग्यो होला भनी सुख श्रामणेरले चेतको क्लेश निकाल्दै मेहनत गरेछन । बाहिरबाट आउने हल, अवरोधबाट बचाउनको लागि देवराज इन्द्र देवताहरूले पनि रक्षा गरिरहनु भएको थियो । त्यतिमात्र कहाँ सूर्यले पनि १२ बजेपछि खाँदैनन भने सूर्य पनि त्यहीँका त्यहीँ रहनुभयो । भगवान बुद्धसहित धन्धकुटी ध्वाखामा परिवर्तन रहनु भएको थियो । कारण सारीपुत्र भन्तेले भोजन ल्याएको सुख श्रामणेर अरहन्त नहुँदा मायाले ध्वाखा खोलेर भोजन दिन्छ । जब अरहन्त हुन्छ तब ख्वाइन्छ भनी पर्खी बासिरहनु भयो । पछि श्रमणेर अरहन्त भएपछि गाउँ भोजन ख्वाउन भन्नुभयो । भोजन खाएर हात खुट्टा धोएर बाहिर आउँदा बेलुकाजस्तै भयो । कारण सबै छोडेर गएछन ।

भिक्षु पीसं निन्द्रा यायगु । सुरूवात बेलुका भयो, श्रामणेरलाई के भएको होला अहिले भोजन खानु भयो । तुरून्त बेलुका जस्तो भयो के भएको हो ? त्यही समय भगवान बुद्धले सोध्नुभयो । के कुरा चलिराखेको, भिक्षुहरू ? भिक्षुहरूले जवाफ दिनु भयो - हो, भगवान शास्ता सुख श्रामणेरको विषय । उहाँले भोजन नगरेसम्म ११ बजे जस्तो तर भोजन सकेपछि तीनबजे भयो आश्चर्य भएको कुरा लिएर गरिराखेको हो, त्यस्तै हुन्छ । पूण्यवानले गरेको काम यस्तै हुन्छ सबैले मद्धत गर्छन । भनेर भगवान बुद्धले राम्रो काम गर्ने व्यक्तिहरूलाई आफनो चित्तमललाई हटाउने व्यक्तिहरू, भिक्षु, भिक्षुणी श्रामणेर चाहे उपासक र उपासिकाहरू सबैलाई प्रसंगा गर्नुपर्छ भनी धर्म उपदेश गर्नुभयो । यस्तो उपदेश सुनेर धेरै जनताहरू स्रोतापन्नको लागि सफल भयो ।

●



Downloaded from http://dhamma.digital

# मातृ तथा बाल मृत्युदर स्वास्थ्यको सम्बन्धमा बौद्ध ग्रन्थ

भगवान बुद्धको उपदेश धेरै व्यवहारिक र मानव कल्याण हित र भलाई केन्द्रित भएकै कारण, भगवात बुद्धको शिक्षा प्रचार प्रसारलाई अभिवृद्धि गर्न सकेमा मातृ तथा बाल मृत्युदर घटाउन सवालमा यसले महत्वपूर्ण भूमिका खेल्छ । वास्तवमा भगवान बुद्धले धर्म र चित्त शुद्धिकरणको कुरा गर्नुभयो । बुद्धधर्मको पञ्चशीलमा बाँच्न र बाँच्न देऊ सिद्धान्तले बोध गर्न सकेमा बाल मृत्युदरलाई घटाउन सक्छ । गर्भवती महिलाको स्वास्थ्य सम्बन्धी स्वास्थ्य स्वयमसेवीका र दक्ष डाक्टर नर्सबाट बेला बेलामा जँचाएर थाहा पाउनु पर्छ । त्यही अनुसार गर्भवती महिलालाइ उपचार तथा पौष्टिक आहार ख्वाउनु पर्दछ । यसबाट गर्भवती महिला पनि स्वास्थ्य र उनीबाट जन्मिने बच्चा पनि स्वास्थ्य नै हुन्छ । समय अनुसार आइरन चक्की, हरियो सागपात, फलफूलहरू, डाक्टरको सल्लाह अनुसार ख्वाउनु पर्छ । कहिलेकाहीं परिस्थिति हेरेर अलिअलि काम काज व्यायम पनि गर्नुपर्छ । सबभन्दा आवश्यक शील, समाधि र प्रज्ञालाई नै बुद्ध धर्मले जोड दिन्छ ।

धर्म चेतनाले यो गर्नु हुन्छ, यो गर्नु हुँदैन भन्ने कुराको शिक्षा सर्वसाधारण आमामा जगाउन सकेमा मातृ तथा बालकको मृत्य दर कम हुन्छ नै । मुख्य पञ्चशील पालन गर्न आवश्यक छ । महिला, प्राणि हिंसा गर्नु हुँदैन । गर्भपतन गर्ने विषय लिएर कल्पना पनि गर्न हुँदैन । गर्भवती महिलाले केही पनि अकुशल पाप काम गर्नु हुँदैन, चोरी गर्नु हुँदैन, व्यभिचार गर्नु हुँदैन । व्यभिचार गर्दा बच्चालाई र आमालाई नराम्रो असर परेर मृत्यु पनि हुनसक्छ । झुटा कुरा गर्नु हुँदैन । अमल पदार्थ– जाँड रक्सा चुरोट, अफिम, धतुर, गाँजा इत्यादि आमा बुबा दुवैजनाले सेवन गर्नु हुँदैन । यो पाँचवटा शील पालन गर्नु



Downloaded from http://dhamma.digital

भएका आमा-बाबुका छोराछोरी एकदम राम्रा, तेजबुद्धि र सुन्दर जन्मिन्छन । आमा पनि स्वास्थ्य नै हुन्छ । मृत्यु दर कम हुन्छ । जीवन जिउने अथवा बाँच्ने अधिकार सबैलाई छ । चित्त बिग्रने परिस्थिति नै सृजना नगर्ने ।

**बौद्ध धर्ममा रहेका राम्रो सांस्कृतिक चलनहरू :**

मातृ तथा बाल मृत्युदर स्वास्थ्य सम्बन्धमा बुद्ध धर्मले आफूलाई र आफूद्वारा अरूको कल्याण हुन दिनको लागि नियम र विनियमको कुराहरू रहेको छ । समय समयमा अष्टशीलको पालना खानाको गुणले शारीरिक र मानसिक अवस्थामा ठूलो असर पर्ने हुन्छ । खानाको प्रकारले उनले चित्तको अवस्था चिन्तन आदि बालकको शारीरिक मानसिक सामाजिक, बुद्धिको स्तरमा पनि ठूलो असर पर्छ ।

भगवान बुद्धको शिक्षालाई पनि ठूलो असर पर्छ । भगवान बुद्धका शिक्षालाई व्यवहारमा रूपान्तरण गर्न नसक्नु नै हामी मानिसहरूका कमी कमजोरी हुन । बुद्ध धर्मका कटटरता भन्ने कुरा छैन । समय, परिस्थिति र अवस्था अनुसार आफूले गर्नु पर्नेमा होस राख्नु पर्ने कुरामा बुद्ध धर्मले जोड दिन्छ । सिगालवाद कर्तव्य । छोरा छोरीले आमाबुबाप्रति कर्तव्य । त्यस्तै पति पत्नीका कर्तव्य स्पष्ट रूपमा भगवात बुद्ध धर्मले सिद्धान्तमा होइन अभ्यासमा जोड दिन्छ । आमाबाबुको चेतना बुद्ध विशेष धर्म सम्बन्धि चेतनाले नै शिशु मृत्युदर घटाउन ठूलो भूमिका खेल्छ । स्वास्थ्य क्षेत्रमा कार्य गर्नेहरूमा धर्म चेतना अभिबृद्धि गराउन जरूरी छ ।

**मातृ तथा बाल मृत्यु स्वास्थ्य सम्बन्धमा बौद्ध धर्ममा सुधारात्मक पक्षहरू :**

बुद्धधर्ममा बालविवाह गर्न हुँदैन । बालबिबाहले बालिका र बच्च मृत्यु हुन सक्छ । बाल विवाह गर्दा धेरै नै अन्याय अत्याचार हुन्छ । कारण महिलाको पाठेघर नै परिपक्क हुँदैन । त्यसमा बच्चा जन्मिदा अथवा बच्चा आउँदा बचा पाउने समय नै भएको छैन त्यस्तो अवस्थामा आमार बच्चा मृत्यु हुन्छ । यदि बच्चा पाए तापनि राम्रो स्वास्थ्य हुँदैन र अशोभनीय बच्चा जन्मिन्छ । हात खुट्टा नभएका अंग प्रत्याङ्ग पूरा नभएको बच्चा जन्मिन्छ । गर्भपतनको औषधी सेवन गर्न हुँदैन कारण आमा बच्चाको स्वास्थ्य नराम्रो भएर मृत्यु हुन्छ । त्यस्तै त्यही औषधीको असरले केही गरी बच्चा जन्मेता



Downloaded from http://dhamma.digital

पनि औषधीको प्रभावले अस्वभाविक बच्चा जन्मिन्छ। गर्भवती महिलाले कुशल कार्य र चिन्ता गर्नु पर्छ र अकुशल कर्म र चिन्ता गर्नु हुँदैन। शान्तिको अग्रदुत भगवान बुद्धको मूर्ति अथवा फोटो आफू सुत्ने ठाउँको अगाडि राख्नु पर्छ। जथाभावा फोटो राख्नु हुँदैन। राम्रो फोटोहरूले राम्रो असर गर्छ र नराम्रोले नराम्रो नै असर गर्छ। गर्भवती महिलालाई शान्ति, राम्रो खाना ख्वाउनु पर्छ। जथाभावी खाना ख्वाउनु हुँदैन र घरमा अथवा परिवार बिच झैंझगडा गर्नु हुँदैन। कारण गर्भमा भएको बच्चालाई नराम्रो असर पर्छ। चिन्ताको कारणले हुने हो।

## सुझाव र सल्लाह

सुलक्षणकीर्ति विहारबाट सर्वधर्म मिलेर विभिन्न कार्य र शिक्षाको काम गरेर आएको छु। धर्म कुनै समुदाय समूह र सम्प्रदायसँग कुनै सम्बन्ध छैन। भगवान बुद्धले धर्मको कुरा मात्र गर्नु भयो जुन मानवता कै लागि हो। भरखर सुलक्षण कीर्ति विहारमा माघको १२ गते अमेरिकाको लसएञ्जलबाट १७ जना डाक्टर नर्सहरू आएर ५०० जना बिरामीहरूको स्वास्थ्य उपचार गर्नुभयो। त्यस्तै महिलाहरूको पाठेघर क्यान्सरको कमसेकम १००० जनालाई उपचार गरिसके त्यस्तै बच्चाहरूको कुपोषण विषय पनि उपचार गरे।

त्यस्तै स्वास्थ्य क्षेत्रका कार्यकर्ताहरूलाई धर्म चेतना बृद्धि गर्ने अभियान चलाउन पर्ने। धर्मको ज्ञान विपश्यपना ध्यान भावना बढाउन स्वास्थ्य क्षेत्रले पनि कार्यक्रमहरू देशव्यापी रूपमा तल्लो तहदेखि माथिल्लो तहसम्म अघि बढाउनु पर्छ।

आजको आवश्यकता भनेको प्रतिबद्धता हो। व्यक्ति, समूह, कार्यकर्ताहरू र सरकारले नै स्वास्थ्य क्षेत्रमा प्रतिबद्धता व्यक्त हुनुपर्छ। प्रतिबद्धता – धर्मप्रति, कार्यप्रति, सदभावना, त्याग र समर्पण प्रति हुनु पर्छ। बहुजन हिताय बहुजन सुखाय बुद्ध धर्मको प्रतिबद्धता हो। यो प्रतिबद्धता सबैभन्दा पहिलो स्वास्थ्य क्षेत्रमा नै व्यक्त गर्न पर्छ जसले आमा र विशेष गरेर शिशु स्वास्थ्यमा हुनुपर्छ किन भने यही शिशु भविष्यको असल नागरिक हुन्छ।

●



Downloaded from http://dhamma.digital

# सत्य कुरा भएता पनि परिस्थिति हेर्नुपर्छ

भगवान बुद्धले सत्य, अर्थ सहित तर अरूलाई मन परे पनि भन्नु हुन्छ । यो संसारमा मनुष्यको चरित्र खाली अरूले के गरेछ के गरेको छैन भनेर अर्काको दोषलाई खोजतलास गर्ने मात्र गर्दछन । आफूले के गरेछ के गरेको छैन भनेर हेर्ने बानी भनेको पटक्कै छैन । तर, भगवान बुद्धले बुद्धले सबैलाई त्यतिकै करूणा जगाउनु हुँदा घनिष्ट व्यक्ति र पराया व्यक्तिमा विभेद नगरी एकसमान करूणा जगाउनु हुन्छ । गृहस्थी अवस्थाको पुत्र राहुलप्रति करूणा जगाउन भए जस्तै अनर्थकामी भई चिन्तन मनन र कार्य गरिरहने भिक्षु देवदत्तप्रति पनि एकसमान नै करूणा जगाउनु भयो । एक समय भिक्षु देवदत्तले राजा अजातशत्रुसँग साँठगाँठ मिलाई भगवान. बुद्धको हत्या गर्न समेत तम्सियो । त्यसो गरे तापनि सबैले. मैत्री नै राख्नु हुन्छ । अरूहरूलाई कुनै प्राणीपति चित्तले अहित चाहँदैन । यसै सिलसिलामा अभयराजकुमार निगण्ठनाथ पुत्र कहाँ जानु भएको थियो ।

एक समय भगवान बुद्ध राजगृहको कलन्दकनिवासमा भगवान बुद्ध राजगृहको कलन्दकनिवासमा बस्नु भएको थियो । त्यही समय निगण्ठनाथपुत्र कहाँ गएको अभय राजकुमारलाई यसरी सिकाउनु भयो । हे राजकुमार तपाई श्रमण गौतम कहाँ गएर मुख छाड, गाली गर्नु, तपाईको के मेखमा आएको छ, त्यस्तै गाली गर्नु कारण तपाईको ठूलो नाम चल्छ । त्यस्तो ठूलो भगवान बुद्धलाई गाली दिन सक्ने तपाई धेरै नै ठूलो रहेछ । कारण भगवान बुद्धलाई गाली दिने व्यक्ति हरू कोही पनि हुन सक्ने छैन, अभय राजकुमारले जवाफ दिनुभयो । मैले यहाँ यस्तो विद्वान शिलवान व्यक्तिलाई मैले गाली गर्न सक्दिन । उहाँ ठूलो विद्वान र हरेक क्षेत्रमा शान्ति त्याग भगवान बुद्ध हुनुहुन्छ । त्यस कारण उहाँलाई कोही पनि केही भन्नु सक्दैनन । त्यसो भए



Downloaded from http://dhamma.digital

भगवान बुद्धसँग प्रश्न गर्नु । यसरी तिमी भगवान बुद्ध कहाँ गएर यसरी भन्नु सोध्नु - के भगवन बुद्धले अरूलाई अप्रिय र अपमान, मन नपर्ने, कडा वचन गरेको छ ? यदि श्रमण गौतमले त्यस्तो वचन बोलेको छु भन्यो भने तपाईले भन्नु कि तपाई र पृथकज के फरक भयो ? गृहस्थ पृथजनले पनि अरूलाई अप्रिय कडा वचन बोल्छ । यदि श्रमण गौतमले त्यस्तो अप्रिय वचन बोलेको छैन, कडा वचन भनेको छैन भन्यो भने श्रमण गौतम झुठावादी भयो कि नभने देवदत्तलाई नर्क जान्छ, अभयगामी हुन्छ, छिट्टै मर्छ भनेर कडा अप्रिय वचन भनेको होइन ? यस्तो कुरा सुन्दा नखानु, नपचाउनु, न बाहिर फयाँकु जस्तो हुन्छ । जानुस तपाई गएर प्रश्न गर्नुभन्दा यो त हुन्छ भनी अभय राजकुमारले निगण्ठनाथ पुत्रहरूको नमस्कार गरेर सरासर भगवान बुद्ध बस्नु भएको कलन्दक निवापय विहारमा जानुभयो । १२ बजेट भगवान बुद्धकहाँ जानुभयो । यस्तो विचार गर्नु भयो यो प्रश्न अहिले भगवान बुद्धलाई स्वभान ठिक समय छैन । बरू भोलि भगवानलाई घरमा निमन्त्रणा गरेर घरमै प्रश्न गर्नु ठीक होला भनी भगवान बुद्धलाई भोलिको भोजन दरबारमा भनेर भोजन निमन्त्रणा गरेर जानु भएछ ।

भोलिपल्ट भगवन बुद्ध चीवर पात्र लिएर दरबारमा भोजनको लागि जानु भयो । अभय राजकुमारले चौरसी व्यञ्जन राखी भोजन दान गर्नुभयो । भोजन सकेपछि भगवान बुद्धलाई यसरी प्रार्थना गर्नुभयो । भगवान शास्ता के तथागतले अरूलाई अप्रिय, अपमान, कडा हुने वचन बोल्नु भएको छ ?

भगवान बुद्धले जबाफ दिनु भयो कि राजकुमार यहाँ एक्कासी बेकारमा कहिले पनि भन्नु सक्दैन । भगवान शास्ता निगण्ठहरूको नास भयो भनी मुखबाट आयो । फेरि भगवान बुद्धले सोध्नु भयो कि निगण्ठनाथहरूको नास भयो भनेको ? हो भन्ते ! मलाई तपाईलाई आरोप र प्रत्यारोप गर्नु र यस्तो प्रश्न पनि सोध्नु भनेर पठाउनु भएको थियो । त्यही समयमा अभय राजकुमारसँग एउटा बच्चा काखमा थियो । अनि भगवान बुद्धले सोध्नु भयो । के राजकुमार ! तिम्रो बच्चाको मुखमा ढुंगा वा काठको टुक्रा पस्यो भने के गर्ने ?

भगवान शास्ता मैले त्यो बच्चालाई त्यो ढुंगा निकाल्न मेहनत गर्छु । मेहनत गरेर न आयो भने बायाँ हातले टाउको समातेर दायाँ हातले हात भित्र



Downloaded from http://dhamma.digital

पठाएर घाउ भए तापनि छोरालाई जति दुखेता पाने, रगत आए तापनि बच्चा चिच्याएर रोएता पनि मैले त्यो ढुंगा निकालिदिन्छु ।

भगवान बुद्धले भन्नुभयो - किन त त्यति बच्चालाई रोई दुःख गरी घाउ लागे तापनि ढुंगा निकालेको त ? तपाईलाई छोरा मन परेन त ? छोरा बच्चा भएको कारणले नै हो । एकछिन दुखेको हुन्छ पछि निको भइहाल्छ । जबसम्म त्यो ढुंगा छोराको मुखभित्र रहिरन्छ तबसम्म दुखेको दुख्यै हुन्छ । ढुंगा निकाली दिँदा शान्ति हुन्छ । त्यस्तै हो राजकुमार त्यस्तै केही वचन अभूत असत्य अनर्थ रहित भएको भएर तथागतले जानी यस्तो वचनले अरूलाई अप्रिय अपमान भनी भगवान तथागतले अरूलाई यस्तो वचन कहिले पनि भन्नु हुँदैन ।

२. यस्तो वचन भूत सत्य हो, परन्तु अनर्थ भएको तर, अरूलाई अप्रिय अपमान हुन्छ भने त्यस्तो वचन पनि अरूसँग र अरूलाई भगवान बुद्धले भन्नु हुँदैन ।

३. जुन वाक्य वचन भूत सत्य र अर्थसहित भनेर थाहा पाए तापनि वचनभन्दा अरूलाई अप्रिय अपमानत हुन्छ भनेर थाहा पाए तापनि यस्तो कुरा गर्नुको लागि तथागतले काल समय हेरेर अवस्था हेरेर भगवान बुद्धले कुरा गर्नु हुन्छ ।

४. जुन वचन अभूत असत्य र अनर्थसहित भनेर तथागतले थाहा पाउँदा अरूलाई प्रिय मनपर्ने भए तापनि यस्तो कुरा भन्नु हुँदैन ।

५. जुन वचन भूत सत्य परन्तु अनर्थसहित भनेर थाहा भएको हुन्छ । तर, यस्तो कुरा गर्दा अरूलाई प्रिय मनपर्ने भए तापनि तथागतले अरूलाई भन्नु हुँदैन ।

६. जुन वचन भूत सत्य परन्तु अर्थसहित भएता पनि भगवान तथागतले जानेको यस्तो कुरा गर्दा अरूलाई प्रिय मनपर्ने भए तापनि त्यस्तो वचन गर्नुको लागि समय हेर्नु हुन्छ । के कारण राजकुमार सत्वप्राणीहरूप्रति मेरो दया, करूणा मैत्री भएकोले हो ।

भगवान शास्ता ! यहाँ क्षेत्रीय पण्डितहरू, ब्राम्हण, गृहपति, पण्डित र श्रमण पण्डितहरूले प्रश्न बनाएर तपाईसमक्ष प्रश्न गर्न आउने छ । के



Downloaded from http://dhamma.digital

तपाईले त्यस्तो प्रश्न सोध्नै यस्तो जबाफ दिन्छु भनेर पहिलादेखि विचार गरेर बस्नु हुन्छ ?

राजकुमार म तपाईसँग प्रश्न गर्छु, तपाईसँग रथको अङ्गप्रत्याङ्ग भनेको के भनेर सोध्नु आयो भने अथवा पहिलादेखि यदि मलाई यस्तो प्रश्न गऱ्यो भने यस्तो भन्छु भनेर विचार गरेर बस्ने ? होइन भगवान शास्ता । म रथको अङ्गप्रत्याङ्गको विषयमा सम्पूर्ण कुरा थाहा छन । रथ सम्बन्धी मैले अध्ययन राखेको छु । त्यससम्बन्धी के कहाँ छ र कस्तो बनाउनु पर्छ के गर्दा चलिन्छ भन्ने पनि मलाई ज्ञान छ ।

भन्नुस राजकुमार कोही विद्वान पण्डितहरू ब्राम्हण पण्डितहरू इत्यादि रथको सम्बन्धी सोध्नु भयो भने तपाईले पहिलादेखि विचार गरेर बस्नु हुन्छ कि ? सोध्ने बित्तिक उत्तर दिनु हुन्छ । कहाँ विचार गर्नु आवश्यक परेको छैन मलाई सबै थाहा छ, सोध्ने बित्तिकै उत्तर दिइहाल्छु । विचार गरेर बस्नु पर्दैन । हो, त्यस्तै हो तथागतहरूलाई पनि सबै ज्ञान भएको छ । सम्पूर्ण अर्थलाई बुझेको छ । जुन प्रश्न गर्न आएतापनि विचार गरी रहनुपर्ने छैन, फटट छिट्टो उत्तर दिइ हाल्छु । होइन भने बुद्ध कसरी बन्न सकिन्छ ? यथावादी तथा कोरी भन्नु हुन्छ, काम पनि गर्नु हुन्छ । त्यसैकारण बुद्ध भनेको ।

भगवान शास्ता मलाई बाटो बिराएको व्यक्तिलाई बाटो देखाएको जस्तो भयो । अन्धालाई आँखा खोलिदिनु भयो । घोप्टो पारी राखेको भाँडोलाई सुल्टो पारी दिनु भयो । म आजदेखि आजीवन बुद्ध धर्म र संघको शरणमा जान्छु भनी प्रार्थना गर्नुभयो ।

●



Downloaded from http://dhamma.digital

# सुख शान्तिको लागि पुण्य

पुण्यको फल भोग्नुपर्दा यही जन्ममा सुख र शान्ति प्राप्त हुन्छ । पुण्य र पापमा फरक पुण्य गर्दा आफनो खुलमखुला मनमा शान्ति र आनन्द आउँछ । पुण्य गर्दा कतिको मनमा आनन्द र यहि जन्ममा सुगत प्राप्त हुन्छ भन्ने विषय भगवान बुद्ध श्रावस्ती अनाथ पिण्ठिक महाराज जेतवन विहारमा बस्नु भएको समय धर्म दर्शन गर्नु भएका थियो । श्रावस्ती नगरमा ५०० जना धार्मिक उपासकहरू थियो । त्यो ५०० सय धार्मिक उपसकहरूको पनि ५००/५०० उपासक उपासिकाहरू छन । तर त्यसमध्ये नैकेको छोरा र छोरी ७/७ जना थिए । उहाँले हरेक समय दानशील र भावन गर्ने गर्नुहुन्छ । उहाँले भोजन सम्बन्धि हरेक छोराछोरी आफनो नाउँमा ज्वाइँ सबैको जन्मदिनको उपलक्षमा केही कारण त्यतिमात्र होइन विरालोको जन्मदिन र मृत्यु भए पनि भोजन दान दिने, कुकुरको बच्चा पाए पनि मृत्यु हुने बेलामा भोजन दान दिने गर्थ्यो । खाली भोजन दान दिने कहिले पनि फुर्सद पाउने छैन । आफूले मात्र पुण्य गर्ने होइन आफनो परिवारलाई पुण्य गर्नु गराउने गर्थ्यो ।

गृहस्थी जीवनमा र परिवारहरूलाई गर्नुपर्ने कर्तव्य पालेको थियो । गृहविनय अनुसार कर्तव्य पालन गरेको थियो । सबै परिवारहरू सुखी शान्तिपूर्वक जीवन बिताइरहेका थिए । जुन भगवान बुद्धले दिनु भएको उपदेश अनुसार काम गरिरहन भएको थियो । पछि धार्मिक उपासकलाई रोग लाग्यो र आयु पनि कम भएर गयो । त्यहि समय धर्म उपदेश सुन इच्छा गरेर परित्राण पाठ पनि सुन्न मन परेर १६ जना भिक्षुहरू पठाई दिनु भनेर प्रार्थना गरेअनुसार १६ जना भिक्षुहरूले पाल्नु भएर सबैजना चारैतरफ बसेर सोध्नु भयो के पाठ गरौं ? उपासकले भन्नु भयो सति प्रदान एकायनो अयं



Downloaded from http://dhamma.digital

महँगो सन्तान विक्षुद्धिया यहि एउटा मात्र हो मार्ग सत्वहरूलाई विशुद्ध भनेर सति प्रदान सूत्र सुरू गर्नु भयो। सूत्र पाठ गर्दागर्दै बीचमा नकराउ भन्नु भयो। अनि भिक्षुहरूले विचार गर्नु भयो कि समय ठिक छैन जाउँ भनेर बिहारमा फर्केर जानु भयो। एकछिन पछि उपसकलाई होस आउँदा भिक्षुहरू थिएन। छोरा छोरीहरू रोएर बस्यो के भएको खोई मान्छेहरू तपाइले नै नकराउ भनेको कारणले जानु भयो। धार्मिक उपासकले भन्नुभयो उहाँहरूलाई भनेको होइन मैले त ६ वटा देवलोकबाट मलाई लिन आएको थियो। तिनीहरूलाई भनेको नकरा। तिनीहरू देवीदेवताहरू ६ वटा विमान लिएर सबैले मेरोमा आउ भनेर कराएको हुनाले भनेको हो भन्नेहरूलाई भनेको होइन। छोरा छोरीले भन्यो जति धर्म गरेता पनि मरणमय देखेर कराउने रहेछ भनेर हामी रोइरहेको हो। फेरी भन्यो विमानकहाँ छ त हामीले देख्न मलाई भन्ने र फूलको माला गाँसेको छ ? ल्याउ भनेर लिएर राम्रो होला अनि छोरा र छोरीहरूले भन्यो देवलोक राम्रो छ। त्यहाँ भए सबै बोधिसत्वहरू र भगवान बुद्धको आमा बुबाहरू बास बस्ने शुद्ध भएको ठाउँ हो। उपासकले त्यसो भए स्वर्गलोकबाट आएको विमानमा पुगोस भनी फूलको माला आकाशमा फाल्यो त्यो विमानमा अडक्यो। उपासकले विमानमा अडकेको देख्नु भयो छोराहरूले हावामा अडकेर राखेको देख्नु भएछ। सबै आश्चर्य भएर बस्नु भयो। उता भिक्षुहरू भगवान बुद्धकहाँ गएर निवेदन गर्नु भयो। भगवान बुद्धले भन्नु भयो तिमीहरूलाई नकरा भनेको होइन। देवलोकबाट लिन आएको थियो तिनीहरूलाई भनेको हो। त्यसो पनि हुन सक्छ मान्छे मरेको छैन देवलोकबाट लिन आएको ?भगवान बुद्धले भन्नुभयो हो भिक्षुहरू राम्रो काम गर्ने पापबाट अशक्त भएको अपराधीहरू चाहे गृहस्थी होस चाहे भिक्षु भिक्षुणीहरू होस जो भएता पनि आनन्द शान्ति सुख र हर्षित भएको ठाउँमा जन्म लिन जान्छ। यस्तो भनेर गाथा आज्ञा हुनुभयो।

धार्मिक व्यक्तिलाई यहाँ र उहाँ जहाँ भएता पनि आनन्द हुन्छ। अर्थात यो लोक र परलोक दुवै लोकमा आनन्द हुन्छ। आफूले गरेको कुशल कर्म देखेर हर्षित हुन्छ सुख र आनन्द हुन्छ। यो कहानी सुनेर धेरै लोकजनहरू स्त्रोतपन्न, सकृदागामी भयो। धर्म उपदेश सुनेर धेरैलाई सार्थक फाइदा भयो।



Downloaded from http://dhamma.digital

## दान दिएको र नदिएकोमा फरक

काश्यप बुद्धको पालामा दुई भिक्षुहरू थिए । तीमध्ये एकजना दान दिएर खानुपर्छ भन्ने अर्को सबै त्याग गरेर आए संसार लामो नगर्ने छिटो छिटो मार्गफल प्राप्त गरेर जाने भने दान दिनु पर्छ भन्नेले आफूलाई भिक्षा प्राप्त भएको खाना भोजन खाएर पात्रमा बाँकी भएको खाना चरा पन्छीहरूलाई ख्वाई अनि मात्र ध्यान गर्ने तर अर्को चाँही आफूले खाएपछि बाँकी भएको सबै फोहरमा फयाकेर ध्यान गर्ने । यस्तो गर्दा गर्दै दुवैजनाको तृष्ण मेटन सकेन । मृत्यु पश्चात यता २ वटा जन्म लिँदा लिँदै गौतम बुद्धको पाला श्रावस्ती कोशल राजाको अग्रमहिषीको कोखमा दान दिनुपर्छ भन्ने भिक्षु जन्म लिन आयो ।

अर्को दान दिनुपर्ने कुरा नसुने चाँहि एउटा गरिबको कोखमा जन्म लियो । तर, दुवैजना धनी हो गरिबको चाँही दुध धेरै आएको थियो । त्यसैले धाइआमा गर्नुको लागि बोलाएर ल्यायो । अनि दान दिनुपर्छ भन्ने चाँही राजकुमार भएर जन्म लियो । उहाँको पासन गर्नुको लागि देशभर सिंगार पटार गराएर राजकुमारको पलङ्ग भनी सजाएको थियो । अलिकति पिसाब आयो भने छिटो छिटो फोहोर फालिदिने धेरै सकसिएका छन । तर धाई आमा गरिवीको छोरो दान दिनु पर्दैन भन्नेलाई जति फोहोर भएता पनि रोएता पनि फोहोर फाल्ने मानिस छैन । रोएर मात्र बस्ने भोक लाग्दा पनि पर्याप्त दुध खान नपाएका कारण राजकुमारलाई ख्वाए मात्र उसको आमाले ख्वाउने । त्यसकारण भोकको कारणले गर्दा ध्यान बस्न सकेन । राजकुमार टन्न दुध खाएर ध्यानमा बस्दा उता राजकुलमा राजकुमार भनेर जन्म लिन भयो तर मेरो साथी दान दिनु पर्दैन भने कहाँ जन्म लियो भनेर हेर्दा त्यही गरीवको कोखमा जन्म लिएर राजकुमारले खाएर बचेको दुधमा बाँचेछ । कहिले पनि पेटभरि खान पाएको छैन रोएर सस्छ ।

राजकुमारले त्यहाँ कोही पनि नभएको अवस्था मौका पारेर हे साथी हेर हामी दुवैजना ध्यानमा बसेको बेला दान भनेको दिनुपर्छ हामी कहिलेसम्म जन्म मरणमा घुम्नेछ । विना दानले सुखी हुँदैन भनेको तिमीले मानेनौ अब हेर म राजकुमार भए तिमी नोकरको छोरा तिमै आमाको दुध भएता पनि मैले खाएर बाँकी भएको मात्र तिमीले खान पाएको छ । त्यसै कारण तृष्णा



Downloaded from http://dhamma.digital

काटनु नसकेसम्म दान दिनुपर्छ मैले भनेको मानेन अब गरीव भएर जन्म लियो यति के कुरा सुन्यो कलिलो उमेर र मुटु पनि कलिलो भएको कारणले गरीव बच्चाको मुटुले थाम्न सकेन मृत्यु भयो । त्यसैकारण चाहे प्रवजित होस चाहे गृहस्थ होस धनी हुनु मन पर्छ भने दान दिनु अत्यन्त आवश्यक छ । दान विना कुनै पनि धनी हुन सक्ने छैन । भवतु सर्व मङ्गलम ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# प्रेमबाट शोक उत्पन्न हुन्छ

प्रेमबाट शोक उत्पन्न हुन्छ भन्ने कुरा सही हो । जस्तै कसैलाई प्रेम नै छैन भने कहाँबाट उसलाई शोक, दु:ख सन्ताप उत्पन्न हुन्छ । प्रेम भनेको हरेक व्यक्तिप्रति फरक-फरक हुन्छ जस्तै आमा बाबुले छोरा-छोरी प्रति गर्ने श्रीमान-श्रीमतीलाई गर्ने प्रेम साथी साथीलाई गर्ने प्रेम, दाजु-भाई दिदी-बहिनीलाई गर्ने प्रेम यस्ता सबै आ-आफनै ठाउँमा छ । तर प्रेम, माया, दया, करूणा, मुद्धिता, अपेक्षा सबै एउटै नाम हो ।

प्रेमको कारणले भय पनि उत्पन्न हुन्छ जस्तै प्रेम भनेको डरलाग्दो पनि हुन्छ । त्यसैले प्रेम भनेको गहिरो रूपमा गर्नु हुँदैन । यदि प्रेम गहिरो रूपमा गरियो भने दु:ख हुन्छ, त्यसलाई केही होला, नहोला सम्बन्ध छुट्टिएला भन्ने भय हुन्छ । यसरी नै म सानो छँदा दुईजना प्रेमी र प्रेमीकाको याद आउँदा मैले एकजनालाई दाइ र दिदी भन्थेँ तर उनीहरू दुबैजना एक अर्कोप्रति एकदम माया गर्थे । एकदिन मलाइ दाइले दिदीलाई बोलाएर ल्याउ भन्नुभयो अनि मैले दुवैलाई कुराकानी गराएर म पछि छुटिदिए । उनीहरू दुईजनाको प्रेम सम्बन्ध एक-दुई वर्ष नै भैसकेको रहेछ । अनि विस्तारै जब दिदीको आमा-बाबुले थाहा पाउनु भयो तब दिदीलाई बाहिर नै पठाउनु भएन । अनि दाइले थाहा पाएर जानहुँदा उहाँलाई त भित्र नै पठाउनु भएन दिदीको आमा-बुबाले । अनि दाइलाई अनुहार एक झलक हेरेर खानु हुने दाइले त्यो दिनदेखि खाना नै राम्रोसँग खानु भएन ।

दुवैजनाको प्रेम यति गहिरो थियो कि पछि दुवै जनाले भागेर जाने निधो गरेर दाइ र दिदी परिवार विपरीत भाग्नु भयो । अनि केही दिन, हप्ता, महिना बितेपछि दुईजना बीच हल्का झगडा हुन थाल्यो पछि गएर केटीको मृत्यु भयो र केटा अर्थात दाइ चाँही यत्तिकै हुनुहुन्छ । यो एउटा प्रेमको



Downloaded from http://dhamma.digital

कारणले दुःख र भय उत्पन्न भएको फेरी अर्को एउटा घटना छ जुन भगवान बुद्धको पालमा भएको सत्य घटनामा आधारित। भगवान बुद्ध श्रावस्तिको जतवनाराम विहारमा बसोबास गरिरहनु भएको बेलामा एक गृहस्थीको छोराको मृत्यु भयो। त्यो गृहस्थीको एक्लो छोरा र एकदम माया गरेर राखेको थियो, त्यो छोराको अचानक मृत्यु हुँदा गृहस्थीलाई न काम नै गर्न मन लाग्यो, न खान नै ! उसलाई केही गर्न मन लागेन छोराको मृत्युको शोकले खाली चिहानमा गई कहाँ छ मेरो एक्लो छोरा भन्दै रून्थ्यो ? एक दिन त्यसरी नै रूदै रूदै भगवान बुद्धकहाँ पुग्नुभयो। गृहस्थीले भगवान बुद्धलाई बन्दना गरी एक छेउमा बसेर रोइरहेको गृहस्थीलाई सोध्नुभयो 'किन रोएको के भयो तिमीलाइ भनेर सोध्नु भयो। अनि गृहमतिले भन्नुभयो भगवान ! मेरो एक्लो छोरा सान्है मनपर्नेले मलाई छोडेर गयो। त्यसैले म रोएको भनेर भगवान बुद्धलाई भन्नुभयो। त्यस बखत भगवान बुद्धले भन्नुभयो हो प्रेमको कारणले मन परेको व्यक्तिसँग टाढिनुपर्ने दुःख, शोक सन्ताप उत्पन्न हुन्छ मात्र के भन्नुभयो त्यस गृहस्थी जुरूक्क उठेर बाहिर गयो। जेतवन विहारको अलि टाढातिर जुवाडेहरू तास खेलिराखेको देखेर त्यस गृहस्थीले सोच्नुभयो। प्रेमको कारणले शोक दुःख सन्तान उत्पन्न हुन्छ रे हेरहेर त्यो भनेको, प्रेमको कारणले शोक, सन्तान, दुःख नैराश्य उत्पन्न हुन्छ रे। प्रेमबाट र प्रेमको कारणले त आनन्द, मज्जा, सुख नै उत्पन्न हुन्छ जुवाडेहरूले पनि साथ दियो प्रेमको कारणले आनन्द, मज्जा सुख नै उत्पन्न हुन्छ। गृहस्थी जसको छोरा बितेर पागल जस्तै कराउँदै भगवान बुद्धले यस्तो भनेको भन्दै बाटोमा कराउँदै जाँदा त्यो कौशल राजा कहाँ पुगेछ। कोशल राजालाई शंका लाग्यो प्रेमको कारणले सुख, आनन्द प्रसन्न हुन्छ किन भगवान बुद्धले प्रेमको कारणले दुःख सन्ताप, शोक हुन्छ भनेको भनेर आफनो मनपर्ने मल्लिकादेवीलाई बोलाएर सोध्नु भयो। भगवान बुद्धले भन्नु भएको सही हो भनेर महारानी मल्लिकादेवीले पनि भन्नु भयो। महाराज कोशलले तीन पटक सोध्दा पनि महारानी मल्लिकादेवीले त्यही सही हो भनेर भन्नुभयो। अनि राजा रिसाएर जानुभयो। भगवान बुद्धले भनेको हरेक कुरा सही हो भनेर विस्वास गर्ने भन्दै राजा जानुभयो।

त्यसपछि महारानी मल्लिकादेवीले नालिजङ्घ भन्ने एकजना



Downloaded from http://dhamma.digital

ब्राम्हणलाई भगवान बुद्धकहाँ पठाई प्रेमको कारणले दु:ख शोक, भय उत्पन्न हुन्छ" भनेर सोध्न पठाउनु भयो । अनि नालिजङ्घ ब्राम्हणलाई पनि भगवान बुद्धले प्रेमको कारणले दु:ख शोक, भय, उत्पन्न हुन्छ" भनेर भन्नु भयो । अनि फेरि भगवान बुद्धले भन्नुभयो हे । ब्राम्हण यहाँ श्रावस्तीमा अघि एकजना स्त्रीको आमाको मृत्यु भयो अनि आमाको मृत्युले गर्दा छोरी पागल जस्तै भइन र विक्षिप्त चित्त गरी एक सडकबाट अर्को सडकमा र एक दोबाटोबाट अर्को दोबाटोमा गएर "मेरी आमालाई देख्नु भएको छ कतै" भनेर सबै कटुवालाई सोधिरा हुन्थ्यो । ब्राम्हण यस सानो घटनाबाट पनि प्रस्ट हुन्छ कि जति प्रेम गर्‍यो त्यति नै दु:ख हुन्छ, भय शोक सन्तान उत्पन्न हुन्छ । प्रेमकै कारणले यस्तो भएको हो । ब्राम्हण यही श्रावस्तीमा कसैको आमा, बाबु, छारा, छोरी, दाजु, भाई श्रीमान श्रीमती सबैको मृत्यु हुन्छ एक न एक दिन यो संसार अनित्य छ । त्यसैले कसैको मृत्यु भयो भने त्यसको आफन्तहरू शोकमा दु:ख गरेर बस्छन त कोही पागल नै हुन्छ । अनि यही कुरा सुनेर सबै कुरा महारानी मल्लिादेवी लाई सुनाउनु भयो । त्यसपछि मल्लिका महारानी कोशल राजा भएको ठाउँमा गई राजालाई केही प्रश्नहरू सोध्न थाल्नुभयो मल्लिका महारानीले भन्नुभयो "महाराज म तपाईसँग केही कुरा सुन्न र बुझ्न आएको भनेर मल्लिका मारानीले राजालाई भनिन । फेरी महाराजलाई भनिन महाराज र सुन्न चाहान्छु कि के तपाईलाई बजिरी कुसारी त्यति मनपर्छ की जहा गएता पनि छोरी लिएर जानुहुन्छ र आफनो भन्दा पनि असाध्यै मनपर्ने छोरी हो । त्यसकारण भन्नुस की कतिको मनपर्छ ?

राजाको उत्त दिनुभयो । मल्लिका मलाई मेरी छोरीको असाध्यै माया लाग्छ भनेर राजाले भन्दा मल्लिका देवीले किन भनेर प्रशन सोध्नुभया यदि अचानक राजकुमारी वजिरीको मृत्यु भई उसबाट तपाई वियोग हुनु परेमा के तपाईलाई शोक, सन्तान, दु:ख वैमस्यता उत्पन्न हुँदैन त । राजाले भन्नुभयो मल्लिका यदि हाम्री राजकुमारी वजिरी कुमारीको मृत्यु भई म उसबाट विछोड हुन परेमा मेरो जीवन नै रहने छैन मलाई शोक सन्ताप नहोला भन्ने कुरै छैन । फेरि मल्लिका महारानीले अर्को उदाहरण दिनुभयो महाराज अर्को तपाइलाई क्षेत्रिय प्यारी लाग्छे यसमा तपाई के भन्नु हुन्छ नि ? वासन्न क्षेत्रिय मलाई प्यारी लाग्छे । केही गरी उसको अचानक मृत्यु भई उसबाट



Downloaded from http://dhamma.digital

तपाई वियोग हुनु परेमा के तपाईलाई शोक, सन्तान उत्पन्न हुनेछैन त, यसमा तपाई के भन्नुहुन्छ नि ? अनि राजाले जवाफ दिनु भयो कि मल्लिका यदि वासभ क्षेत्रियको मृत्यु भई म उसबाट विछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोक सन्ताप नहोला भन्ने कुरै छैन । मल्लिका महारानी पनि महारानीहरूमध्ये धेरै मनपर्ने केही कुरा राज्यको कुरा सोच्नु पऱ्यो अथवा केही सल्लाह लिनु पऱ्यो भने मल्लिका महारानीसँग सल्लाह गर्ने गर्थ्यो । मल्लिका महारानी अत्यन्त बुद्धिवान सुन्दरी पनि छ । त्यसैले मल्लिका महारानी धेरै मनपर्छ, महारानीलाई त्यो कुरा थाहा रहेछ । मल्लिका महारानीले सोध्नुभयो, महाराज के तपाईलाई म प्यारी लाग्छ ? महाराज यदि अचानक मेरो मृत्यु भयो र तपाईबाट मेरो विछोड हुनुपरेमा के तपाईलाई म प्रति शोक, सन्ताप, दुःख उत्पन्न हुनेछैन त तपाई के भन्नुहुन्छ नि । महाराजले भन्नुभयो मल्लिका यदि तिम्रो मृत्यु भयो भने म पनि तिमी सँगै मर्नेछु मेरो जीवन न रहने छैन भने मलाई शोक, सन्ताप दुःख नै रहने छैन भने मलाई शोक, सन्ताप, दुःख नहोला भन्ने कुरै छैन । मल्लिका महारानीले यस्ता धेरै उदाहरण दिएर बुझाउनु भयो महाराजलाई अनि महारानीले भन्नुभयो कि महाराज यही कारणलाई जानी बुझी भगवान बुद्धले यस्तो कारणलाई जानी बुझी भगवान बुद्धले यस्तो भन्नुभएको हो । "प्रेमको कारणले शोक, सन्ताप, दुःख उत्पन्न हुन्छ र प्रेमकै कारणबाट यस्तो हुन्छ । यदी कसैप्रति प्रेमनै छैन भने दुःख शोक सन्ताप पाउने छैन । सुन्नुस यदि अर्काका कोही आमा-बाबु श्रीमान-श्रीमती छोरा-छोरीको मृत्यु भयो र गयो भने हामीलाई कुनै दुःख शोक सन्ताप हुनेछैन किनभने हामी उनीहरूप्रति कुनै सम्बन्ध नै छैन त माया, प्रेम, पनि छैन । यदि अरू जनताको मृत्यु हुँदा शोक दुःख पीडा भयो भने कति रूनु, अरू मृत्यु भएर शोक हुन सक्दैन र हुँदैन पनि यदि आफनो नाता छैन । प्रेम छैन भने शोक, दुःख पीडा भयो भने कति रूनु, अरू मृत्यु भएर शोक हुन सक्दैन र हुँदैन पनि यदि आफनो नाता छैन, प्रेम छैन भने शोक, दुःख लिएर बस्दैनौं र यो जन्म र मृत्यु भनेको प्रकृतिको नियम हो भन्छौं । यदि कुनै व्यक्तिसँग धेरै माया, मोह, प्रेमको भावना छ र त्यस व्यक्तिको अचानक मृत्यु हुँदा शोक, दुःख पीडा भयो भने कति रूनु, अरू मृत्यु भएर शोक हुन सक्दैन र हुँदैन पनि यदि आफनो नाता छैन प्रेम छैन भने शोक, दुःख लिएर बस्दैनौं र यो जन्म र



Downloaded from http://dhamma.digital

मृत्यु भनेको प्रकृतिको नियम हो भन्छौं। यदि कुनै व्यक्तिसँग धेरै माया, मोह, प्रमको भावना छ र त्यसमा व्यक्तिको अचानक मृत्यु हुँदा शोक, दुःख, पीडा, सन्ताम उत्पन्न हुन्छ। महाराज संसारमा करोडौं मानिसहरूको मृत्यु भइरहेको छ तर खोई त्यस मानिसहरू प्रति हामीलाई, तपाईलाई कुनै दुःख शोक पिडा भएको छैन। हामी त्यो मानिसह प्रति प्रेम भावना नभएको कारणले गर्दा हो। त्यसै कारण प्रेमको कारणले नै शोक दुःख भय, सन्ताप हुने हो भनेर भगवान बुद्धले त्यसै भन्नु भएको होइन। उहाँले जानी बुझी अनुभव गरी सकेपछि मात्र भन्नु भएको थियो यति राम्रो सँग मल्लिका महारानीले राम्ररी सम्झाउँदा राजाले बुझे पछि भन्नुभयो मल्लिका आश्चर्य, अदभुत हो, लाग्छ की भगवान बुद्धले त्यसै भन्नु भएको होइन। उहाले जानी बुझी अनुभव गरी सकेपछि मात्र भन्नु भएको थियो यति राम्रो सँग माल्लिका महारानीले राम्ररी सम्झाउँदा राजाले बुझेपछि भन्नुभयो मल्लिका आश्चर्य, अदभूत हो, लाग्छ की भगवान बुद्धले प्रज्ञाद्वारा खोताले हेर्नुहुन्छ त्यसपछि राजा आसनबाट उठी उत्तरासँग एकांश गरी भगवान बुद्ध भएको दिशातिर हेरी दुईहात जोडी तीनवार उदान प्रकट गर्दै प्रसेनजित कोशलराजाले नमस्कार गरे।

"पीयतो जायती सोको, पीयतो जायती भय
पीयतो विव्यमुत्तस्स, नत्थि सोको कुतो भयं ।।

अर्थात-प्रेमको कारणले शोक हुन्छ, प्रेमको कारणले भय हुन्छ प्रेमबाट मुक्ति पाएको व्यक्तिलाई शोक हुँदैन भने भय कहाँबाट हुन्छ ? त्यसैले "प्रेमको कारणले शोक दुःख भय उत्पन्न हुन्छ भनेको सही हो।" केही महिना पहिलेको कुरा हो, दुईजना प्रेमका रहेछ, दुवैजनाले एक-अर्काप्रति एकदम गहिरो प्रेम गाँसेको रहेछ। एक-अर्काको छोडन नसकेको अवस्था आयो तर, घर परिवारलाई दुईजनाको सम्बन्ध चित्त बुझेको थिएन। जात पनि मिलेको थियो तर धनी गरिवमा भेदभावका कारणले गर्दा उनीहरूको विवाह गरिदिएन। अनि आमा बाबुले जवरजस्ती धनी केटासँग विवाह गरिदिन खोज्दा कसरी, कताबाट भागेर यो जीवनमा सँगै बस्नु सक्दैन पछिल्लो जन्ममा सँगै बस्छु भनि दुवैजना चोभारको झुलुङ्गे पुलबाट हामफालेर मृत्यु भयो घरमा धुमधामँग विवाह गरेर पठाउने तयारी गरेर



Downloaded from http://dhamma.digital

खुसीयाली मानेर मोज खाई रहेको सकेको पनि छैन, दुलही मरिसकेको थियो ।

यो पनि प्रमको कारणले दु:ख शोक भय उत्पन्न भयो । यस्ता घटनाहरू संसारभरि नै छन । त्यसैकारण धेरै गहिरो प्रेम नगर्नु, प्रमकै कारणले दु:ख शोक हुन्छ । धेरै मन पऱ्यो अथवा धेरै मन परेन भने पनि दु:ख हुन्छ ।

त्यसैकारण प्रेम भनेको माध्यम मार्गमा गर्नुपर्छ । धेरै पनि होइन थोरै पनि होइन । ठिक्क मात्रामा माध्यम गर्नुपर्छ । जोसँग भएता पनि एक मर्नु त अवश्य पर्छ । शान्ति पूर्वक जानु यही बुद्धशिक्षा हो । बुद्ध शिक्षा भनेको मध्यममार्ग हो ।



Downloaded from http://dhamma.digital

# सुख र शान्ति कहाँ छ?

"अत्ता हि अत्तनो नाथो कोहि नाथो यशेसिया, अत्तना १

सुदन्तेन नाथ लभति दुलभ"

अर्थात व्यक्ति आफनो मालिक (नाथ) स्वयं आफै हो । आफू बाहेक अरू नाथको छ र ? आफैले आफैलाई दमन गर्नेलाई दुर्लभ नाथ (निर्वाण) प्राप्त हुन्छ ।

सुख र शान्ति कहाँ छ ? सु:ख शान्ति पाउनको लागि त्याग तपस्या र सहनशीलता हुनुपर्दछ । जब सम्म आफनो चित्तमा सुख-शान्ति अनुमति गर्दैन तब सपना बाहय सु:ख शान्ति पाउन गाह्रो नै पर्छ । अत: आफनो चित्त क्लेस रहित परिशुद्ध राख्न सक्नु नै सुख र शान्तिको मुल थलो हो ।

बुद्धकालीन एउटा घटनामा एकजना ८० करोड धन भएको महाजन थियो । उसको एक मात्र कुमार भन्ने छोरो थियो । कुमार सुख र शान्ति प्राप्तिका लागि भौतिक सुख शयलमा लिप्त भएको हुँदैन । यहि विचार पछि कुमारले कठिन प्रयास पछि आफनो मातापिता सामु आफनो इच्छा प्रकट गरेर त्यागी जीवन अर्थात ऋषिमुनि जीवनको लागि अनुमति माग्यो तर, अनुमति दिएनन । मेरो आफनो व्यक्तिगत जीवनमा पनि यसरी नै प्रभावितको लागि अविभावकबाट अनुमति सजिलै नपाएपछि कसैको सल्लाह वमोजिम आमा सुनिरहनु भएको बेला भाँडोको कालो धुलो र तेल मिलाएर आमाको ल्याप्चा खाली पानामा लगाएको थिएँ जसमा लेखिएको थियो मेरी छोरी प्रवज्याको लागि अनुमति दिएको छु । राजीखुसी छु । यसरी मेरो व्यक्तिगत जीवनमा पनि मुश्किलले प्रभाजित हुने अवसर पाएको थियो ।

कुमारको धेरै अथक प्रयास पछि मुश्किलले साहुले छोरो प्रवातिको



Downloaded from http://dhamma.digital

लागि अनुमति दियो। गृहस्थ त्याग पश्चात कुमार गेरू बस्त्र धारणा गरे घरदैलो र चोकमा गएर भिक्षाटन गरेर आफनो जीविका चलायो। यसले भिक्षाटनको समयमा कस-कसैले यस्तो तरूण अवस्थामा काम गरेर जीविकोपार्जन नगरीकन भिक्षटन गरेर मागेर खायो भनेर भन्न थाल्यो। कुमार आफै भित्र पनि सन्तुलित प्राप्त गर्न सकेन कारण सही गुरू भेटाउन सकेनन। जसले अर्ति-उपदेशको साथै ध्यान मार्ग निर्देशन दिइयोस तर यस्तो भएन सही गुरू र मार्ग निर्देशन नपाएर निराश भएको कुमार केही समय पश्चात त्यागी जीवन त्यागेर गृहस्थ मै फर्केर गयो। तर, कुमारको भित्री गहन चाहना सु:ख शान्ति र ज्ञानको मार्ग भेटाउने अभिलासाले उसलाई झकझकाइरहेको थियो। यस्तै अर्को घटना जसमा एउटा राज्यको राष्ट्रपतिमा सु:ख र शान्ति प्राप्तिको चाहना थियो। धन, जन, सम्पत्ति भएर मात्रै पनि वास्तविक सु:ख पाउन नसकेको राष्ट्रप्रति एकदिन टहल्दै गर्दा एउटा विहार सामु पुगेछ। सोही बेला विहारको नाइके भिक्षुसँग भेटेर यस विहारमा कति जना भिक्षुहरू छन ? भिक्षुको जवाफ पाँच हजार भिक्षुहरू छन। राष्ट्रपति अचम्मित भए पाँच-पाँच हजार भिक्षुहरू भएको विहारमा अलिकति पनि आवाज नभएको शान्तपूर्ण वातावरण भएकोले राष्ट्रपतिले भिक्षुसँग सोध्यो। शान्ति कहाँ पाइन्छ ? भिक्षुको जवाफ थियो - सु:ख शान्ति भनेको आफनै चित्त छ अन्त कहिँ बाहिर छैन। यदि आफनो चित्त आफनै बसमा राख्न सकेन भने एक्लै बसेर पनि शान्ति पाउँदैन। यहाँ पाँच- पाँच हजार भिक्षुहरू चित्त काबुमा राख्न सकेकोले थुप्रै समूहमा पनि कुनै कोलाहल र आवाज विना शान्तिपूर्ण वातावरण रहेका छन। राष्ट्रपतिले बुझनुभयो कि शान्ति चित्तबाटै आउने रहेछ। यसको लागि वातावरण ठिक हुनुपर्‍यो साथै चित्त क्लेश रहित शुद्ध हुनुपर्छ। हाम्रो नेपालको राष्ट्रपति रामवरण यादवजीलाई कुनै काम विशेष भेटन जाँदा उहाँले सु:ख शान्तिको लागि राष्ट्रपति भन्दा डाक्टर पेशा नै मन परेको भनेर बताउनु भएको घटना यहाँ सान्दर्भिक देखिएकोले प्रस्तत गरेँ। शान्तिको चाहना राख्ने सो राष्ट्रपतिलाई विहारकै परिसरमा राखेर ध्यान विरही सिकाएर शरीर र जीवनको स्वाभाविक परिवर्तनशील धर्मलाई बुझ्नु आवश्यक भएको भन्दै भन्नुभयो। हाम्रो शरीर मेरो म भनेर माया गर्ने यो शरीर केही नभएर निरन्तर परिवर्तन भइरहने शरीर हो। आमाको गर्भमा रहेदेखि मृत्यु नहुन्जेल निरन्तर परिवर्तन भइरहने



Downloaded from http://dhamma.digital

साथै जीवन अवधिभर नै हामी कति जन्म-मृत्यु नहुन्जेल निरन्तर परिवर्तन भइरहने साथै जीवन अवधिभर नै हामी कति जन्म मृत्युको चक्रमा हुन्छौं। उत्पन्न हुनु र विनाश हुनु नै यो शरीर र जीवनको स्वभाविक धर्म हो। क्षण-क्षण, पल पलमा हामी शारीरिक र मानसिक रूपले परिवर्तन भइरहेका हुन्छौं। यस्तो प्रक्रियालाई बुझ्नको लागि विपश्यना ध्यान अभ्यास गर्नुपर्ने अति आवश्यक छ। शरीरलाई स्थिर गरी विना हलचल आँखा बन्द गरी श्वासप्रश्वासलाई मन लगाएर प्रत्येक भित्र गएको र बाहिर आएको श्वासप्रश्वासलाई हेरिरहँदा शारीरका वेदना अर्थात दुखाई र पीडा पनि हुने गर्छ त्यस वेदना अनुभूतिलाई पनि जस्ताको तस्तै नियालेर वेदनाको प्रकृतिलाई पनि छ। तटस्थ भावले हेर्न सक्नुपर्छ। बाहिरबाट शान्त र चुपचाप देखिने एउटा योगी वा साधक भित्री चित्तमा नानाथरीको विगतको याद र भविष्यको परिकल्पनाले वर्तमानमा बदल्नै नसकिने अति नै चञ्चल स्वाभावको चित्तलाई बुझ्ने गर्दछ। यी सबै शारीरिक र मानसिक प्रक्रियालाई जस्ताको तस्तै अवलोकन गर्ने विधि नै विपश्यना ध्यान हो।

अब हामी फर्किदैं यहि सेठको छोरा कुमारको घटनामै, गृहस्थ बसेर पनि दिक्क लागेको कुमार एकाएक भौतारिँदै जंगलको बाटो हिँडदै थियो। एउटी आईमाईले आफनो छोरा र छोरीलाई एक ठाउँमा राखेर रूख काटिरहेकी थिइन। त्यहिबेला, विषधारी सर्पले छोरालाई टोकेछ र तत्कालै मृत्यु भयो। यो घटना देखेर कुमारलाई अझ बढी पीडा र सांसरिक जीवनदेखि विरक्त लाग्यो। विरक्त वेदनाले भौतारिँदै हिँडदै गरेको कुमारले ८० करोड धन सम्पति भएको अर्को साहुलाई भेटन पुगेछ सो साहुको कोही आफनो सन्तान नभएकोले श्रवण कुमार नामक धर्मपुत्र पालेका थिए। सो धर्म-पुत्रले यति धेरै धन माथि धन कमाउन थालेछन। कि सुगाका पिंजडा समेत सुनको हालेछ।

अचानक सुगा मरेछ साथै साहु र साहुनीको पनि मृत्यु भयो। अनि त्यस घरमा धर्मपुत्र श्रवण कुमार मात्र बाँकी रहयो सुनको पिंजडा फालिसकेको थियो। उसले विचार गऱ्यो कि म पनि एक दिन मरेर जानुपर्छ यो घरमा म भन्दा बलियो मान्छे आउँछ अनि यो पिँजडालाई जसरी फालेका हो त्यसरी नै मलाई पनि फालिदिनेछ। श्रवण कुमारले पनि विचार गरेपछि



Downloaded from http://dhamma.digital

दु:खबाट मुक्त हुने चाहना गऱ्यो । सुगाको मृत्यु पश्चात जसरी सुनको पिंजडा रित्तो भयो त्यसरी नै यो महल पनि रित्तो हुनेछ अथवा कसैले लिन्छ भनेर श्रवण कुमार पनि गृहस्थ त्यागेर प्रभावित भएको भनि कुमारल देख्यो ।

यसरी सांसरिक दु:खबाट विरक्तिएको कुमारको मनमा अब प प्रभावित हुन्छु र फेरी गृहस्था फर्किने छैन भनेर कठोर गरेर हिँडिरहेको कुमारले एकजना शिशुलाई भेटदा भिक्षुलाई देखेपछि उसलाई होस आयो दु:खबाट मुक्त हुने प्रज्ञा प्राप्त भयो । जीवन अत्यन्त दु:ख रहेछ । मलाई यो ठूला-ठूला महल ८० करोड सम्पत्ति चाहिँदैन भनी त्याग गर्नुभयो ।

भिक्षुसँग भेटदा आफूले अनुभव गरेको कुरा सम्पूर्ण बताउनु भयो । त्यसपछि भिक्षुले भन्नुभयो तिमी वास्तवमा भिक्षु बन्न लायक रहेछौ । जाउ आजै बुद्ध धर्म र संघको शरणमा जाउ र भिक्षु बन भनेपछि भिक्ष बन्नु भयो । अनि त्यहाँ भिक्षु अथाव गुरूले राम्रोसँग शुद्ध शान्ति पाउने ज्ञान सिकाउनु भयो । तबसम्म चिन्ताको क्लेशलाई हटाउन सक्दैन तबसम्म सु:ख र शान्ति पाउने छैन । अनि कुमारले खुब मेहनत गऱ्यो पछि चित्तलाई बसमा राखी दाग, द्वेष र मोह लालचीलाई हटाई सुख र शान्ति भएको ज्ञान प्राप्त गऱ्यो, अरहत हुनुभयो । निर्वाण धर्मलाई बोध गर्न सक्यो, नित्य निर्माण सु:ख र शान्ति प्राप्त गर्न कुमार भिक्षु सफल भएको थियो ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ५०० रूपैयाँ जाने ज्ञान

हामीसँग रिस व्याप्त भएको हुन्छ । कसैलाई धेरै रिस उठ्छ त कसैलाई कम । रिस उत्पन्न हुनुको कारण त हामीलाई थाहा हुन्छ तर कहाँबाट उत्पन्न हुन्छ भन्ने कुरा धेरैलाई थाहा हुँदैन । मानिसहरू सोच्दछन कि रिस कतै टाउकोबाट आउने पो हो कि ? नभए पैंतालाबाट हातको काखीबाट वा अन्य कतैबाट वास्तवमा रिस चित्रबाटै उत्पन्न हुने हो । अप्रिय लाग्ने कुनै पनि आरम्भणसँग हाम्रो चक्खु प्रसाह, स्रोत पसाद, धाखा प्रसाद, जीव प्रसाद र काय प्रसाद ठोक्किन पुग्दा हामीलाई क्रोध उत्पन्न हुन जान्छ । त्यस अप्रिय आरम्भलाई हामी तुरून्तै टाढा हटाउन चाहन्छौं । फलस्वारूप नराम्रा नसुहाउँदा, अप्रिय तथा कुट वचन बोल्ने र त्यस्तै व्यवहारहरू देखाउने गर्दछौं । जसले हामीलाई कहिल्यै राम्रो गर्दैन । त्यसैले हामीले स्मृतिजन्य भई उत्पादित क्रोत्र चित्रलाई आविन गरी मनलाई प्रदुषित र कुलसिन हुनबाट जोगाउनुपर्छ ।

वाराणसीमा अध्ययनको क्रममा देखेको एउटा घटना यहाँ राख्न चाहन्छु । वारणसीमा एउटा गाउँमा अत्यन्तै धनी परिवार एउटा थियो । त्यस परिवारमा प्रकाश नामको एकजना छोरो पनि थियो । इण्डियामा छोरो नन्मियो भने अत्यन्तै खुशी हुने चलन छ । सात पुस्तासम्म खाए पनि नसकिने सम्पत्ति भएको कारणले त्यो महाजनले आफनो छोरो प्रकाशलाई दु:ख होला अनि केही काम गर्न नदिई पुल्पुलाई हुर्काएको थियो । पढाई, लेखाई पनि केही गर्न लगाएनन चाहेको हरेक चिज तुरून्तै उपलब्ध हुन्थ्यो । छोरो विस्तारै तरूण हुँदै आयो तर साथी भाइको संगत भने खराब परेछ । विस्तारै प्रकाश पनि साथीहरूसँग लागेर जाँड रक्सी पिउन थाल्यो, जुवा खेल्ने केटीहरूकहाँ जाने गर्न थाल्यो । आफनो एक्लोक छोरालाई आमा-बाबुले पनि



Downloaded from http://dhamma.digital

केही भन्न सकेनन । पुर्खाको करोडौं सम्पत्ति प्रकाशले विस्तारै जाँड रक्सी जुवा र रण्डीबाजीमा सल्कन थाल्यो । आमाबाबुले पनि भनेजति पैसा दिन्थे आफनो छोरालाई । प्रकाश दिनबदिन झनझन बदमास हुँदै गयो । उ साथीहरूलाई पनि जुवा खेल्न रक्सी पिउन ड्रक्स खान, केटीहरूकहाँ जान, पैसा दिने गर्दथ्यो । यसरी नै उसले घरको धेरै सम्पत्ति नाश गऱ्यो । अब घरबाट पनि उसलाई पैसा धेरै खर्च गर्नबाट रोक लगाउन थाल्यो । त्यसैले घरबाट पैसा नपाएपछि उसले आफनो स्वार्थ पुर्ति गर्न घरकै समानहरू चोरी गर्न थाल्यो । घरको सामानहरू चोरेर टोलमा बेच्न लग्दा टोल- छिमेकका मान्छेहरूले घरमा खबर गर्न आए । आज आफनो घरमा चोर्छ, त्यसपछि टोल छिमेकमै चोर्न आए आमी त यसलाई बाँकी राख्दैनौं अनि धम्कि समेत दिएर गए । यसरी एक अत्यन्तै धनी तथा इज्जतदार ब्राम्हण कुलको छोरो कुलतमा लागेर परिवारको इज्जत सबै माटोमा मिसिदिएछ ।

आजभोलि धेरै यस्ता युवाहरू छन जसले कुलतमा लागेर लागूपदार्थ सेवन गरेर सम्पत्ति पनि र आफनो जीन्दगी पनि नास गरिरहेका छन । हाम्रो सुलक्षण कीर्ति विहारको नजिकै पाटीमा धेरै प्रकाशजस्ता कुलतमा लागेका युवाहरू ड्रग्स खान आउने गर्दछन । बिहारको सामानहरू पनि धेरै पल्ट चोरेर लगेका छन । कहिले चन्दा बाकसै उठाएर लग्छन भने कहिले धारा, ग्याँस, डण्डीहरू जस्ता सामान यसरी लागूपदार्थ दुर्व्यसनी हुनु चोरी गर्नेसम्म हुनुमा केटा-केटीहरूको मात्र दोष होइन, आमाबुबा, घर-परिवार र समाजको पनि ठूलो हात हुन्छ । बच्चालाई जन्म दिएर मात्रै पुग्दैन । जन्म त पशुले पनि दिन्छ । आफनो छोरा-छोरीहरूप्रति आमाबुबाले गर्नुपर्ने कर्तव्यहरू पनि छन । ती कर्तव्यहरू पूरा गर्न सके मात्र जन्म दिएको सार हुन्छ । आमाबुबाले आफनो सन्तानहरूप्रतिको कर्तव्यहरू पूरा भए अवश्य पनि ती सन्तानहरू जीवनमा उँभो लाग्नेछन । भगवान बुद्धले गृह विनयमा आमाबुबाहरूले आफनो सन्तानहरूप्रति गर्नुपर्ने ५ वटा कर्तव्यहरू यस प्रकार छन ।

१. नराम्रो बानी बसाल्न दिनु हुँदैन । प्राणीधान आदि पञ्चशील कर्म गरेर हिँडनेलाई अनेक प्रकारले शकुशल कर्मको दुःख विपाकको कुरा बताइ अनक पापको दृष्टान्त दिई, उदाहरण देखाई धर्मोपदेश गरी



Downloaded from http://dhamma.digital

आफनो सन्तानहरूलाई पाप कर्मबाट बचाई पुण्यपथमा लगाउनु पर्छ ।

२. असल काम कुरोमा लगाउनु पर्छ । उत्तम साधू महात्माहरूको संगत गराउनुपर्छ सुपेसल शिक्षाकामी भिक्षु तथा गुरूहरूको आश्रममा राख्नु पर्दछ । घरानी कुलीनहरू संगत गर्न लगाउनु पर्दछ । फकाई फुलाई भए पनि भिक्षु श्रमणहरूको आश्रयमा राखी सुशिक्षित आचारी तथा सदाचारी शीलवान बनाउनुपर्छ ।

३. आफनो कुललमा चलिआएको शिल्प विद्या बाहेक अर्को किसिमको शिल्प विद्या पनि सिकाइ दिन्छन । शास्त्रविद्या, शिल्पविद्या तथा नीतिविद्या राम्ररी निपुण हुने गरी सम्झाईबुझाइ सिकाइ दिनुपर्छ ।

४. यौवन अवस्थामा पुगेपछि, शीलवती, विद्यावती तथा आफनो जातिकुलमा मिल्ने कुलीन कन्या विवाह गरिदिनुपर्छ ।

५. समय-समयमा आवश्कताअनुसार खर्च गर्न पैसा दिनुपर्छ । एउट राम्रो काम खोजिदिनु पर्छ । व्यापार गर्ने इच्छा भए छोराछोरीलाई व्यापार गर्न पैसा दिनुपर्छ ।

प्रकाशको आमा-बुबाले आफनो कर्तव्य पूरा भएन जसको फलस्वरूप प्रकाशले धेरै दुःख पायो । मनग्य सम्पत्ति छ भनी आमा बुबाले प्रकाशलाई पढनम जोड दिएन । पैशा हँदा सम्म प्रकाशको वरिपरी साथीहरू धेरै झुम्मिन आउँथे । कुलतमा लागेर प्रकाशले धेरै सम्पत्ति नास गऱ्यो । घरबाट पनि प्रकाशलाई पैसा नदिएपछि साथीहरू पनि कम हुँदै गए । साथीहरूले त छोडेर गए तर नराम्रो बानीले भने उसलाई छोडेन । कुलतमा फसेको प्रकाशले चोरी पनि गर्न थाल्यो । त्यसैले आमाबाबुले प्रकाशलाई विवाह गरिदिए सुध्रिएला कि भनी विवाह गरिदिए । तर, यो उपाय पनि काम लागेन । आफूले कमाएको धनको पो माया हुन्छ सित्तैमा आएको धनको के मतलब । प्रकाशले श्रीमतीको गरगहना दाइजो सब सक्काइदिये । त्यतिमात्र होइन, घरको भाँडाकुँडा, श्रीमतकिो साडी समेत बेचेर खायो । श्रीमतीले पनि केही गर्न वा भन्न सकिन । कस्तो कुपुत्रलाई जन्म दिएछु भनि आमा बुबा पनि दिक्क मान्दै बसे ।



Downloaded from http://dhamma.digital

एक दिन आमा बुबाले प्रकाशलाई बोलाई भन्यो 'हेर बाबु ! तिमीलाई सुधार्न हामीले धेरै प्रयत्न गऱ्यौं, तिमीले पूर्खाको सम्पत्ति सबै नाश गरिसक्यौ, अब तिमीलाई हामीले केही दिन सक्तैनौं। तिम्रो नराम्रो बानीको कारणले गर्दा हाम्रो धेरै बेइज्यत पनि भैसक्यो। त्यसैले तिमी यो ठाउँ छोडेर जाउ तिमीलाई बाटो खर्चको लागि यो ५०० रूपैयाँ दिन्छु। फर्केर फेरि नआउनु। कहिल्यै केही नभन्ने आमा-बाबुले अचानक यसरी घरबाट निस्केर जाउ भन्दा प्रकाशको मनमा ठूलो चोट पऱ्यो। बाँचेर केही फाइदा छैन भनि प्रकाशले ५०० रूपैंया खल्तीमा हाली घरबाट निस्क्यो। गाउँबाट टाढा कहिल्यै नगएको प्रकाश हिंडदा हिँडदै एउटा खोलाको किनारमा पुग्यो। नदीमा हामफालेर मर्छु भने तर हेर्दा मर्न पनि डर लाग्यो। नदी तरेर जंगलै जंगलको बाटो लाग्या। खल्तीमा पैसा थियो तर खाना किन्नको लागि कुनै पसल देखेन। जंगलमा मान्छेको गन्धसम्म पनि थिएन। उसले रूखक कलिला पातहरू टिपेर खान थाल्यो। जंगलको बाटो सातदिन लगातार एकोहोरो हिँडन थाल्यो।

सात दिन हिँडिसक्दा उसले टाढाबाट धुवाँ आइसकेको देख्यो। जहाँ धुवाँ हुन्छ त्यहाँ आगो पक्कै हुन्छ र जहाँ आगो हुन्छ त्यहाँ मान्छे पनि हुन्छ। यहि सम्भेर ऊ धुवाँ आएको दिशातिर लम्क्यो। त्यहाँ उसले एक जना ऋषिलाई देख्यो। ऋषिले पनि १२ वर्षसम्म त्यस जंगलमा कुनै पनि मान्छेलाई देखेको थिएन। दुवै जना अञ्चम्मित दिए। प्रकाशल ऋषिलाई आफू उनीसँग बस्न सक्छु कि भनेर सोध्यो। ऋषिले पनि सँगै बस्ने अनुमति दियो। ऋषिको काम ध्यान गर्ने थियो र प्रकाश चाँहि ऋषिको सेवा गर्ने गऱ्थ्यो। ऋषिकोलागि फलफूल, कन्दमुल खोज्ने सफा सुग्घर गर्ने जस्ता काम गरी प्रकाशले त्यहाँ ५ वर्ष बितायो। जंगलमा प्रकाशको साथी त्यही ऋषि एकजना मात्र थियो। एक दिन प्रकाशको मनमा आफू नराम्रा साथीहरूको संगतको कारणले गर्दा सम्पत्ति पनि नाश भयो अनि घरबाट पनि निकालिनु पऱ्यो भन्ने अनुभव हुँदै आयो। उसले विचार गऱ्यो घरमा पैसा छ तर योग्य ज्ञान छैन। कुलतमा लगेर आफूले पनि सुन्दर जीवन नाश गर्न थालें र अरूलाई पनि दुःख दिएँ। त्यसैले राम्रो संगत र राम्रो ज्ञान वृद्धि अत्यन्तै आवश्यक छ। मानिसहरू घर छोडेर बाहिर गए भने कि त ज्ञान



Downloaded from http://dhamma.digital

बृद्धि कमाएर फर्कन्छन कि त पैसा कमाएर फर्कन्छन । मैले त अहिलेसम्म केही कमाउन सकिन । घरमा आमा बुबा के गरेर बसे होलान, श्रीमतीको के हाल भैराख्यो होला भनि ५ वर्ष पछि प्रकाश होसमा आएभैं भयो । उसलाई घर फर्कने इच्छा भयो । त्यसैले घर फर्कनको लागि केही शिक्षा लिनु आवश्यक ठानी उसले ऋषिसँग केही ज्ञानगुनका शिक्षा दिनु हुन बिन्ती गऱ्यो । ऋषिले पनि घर फर्कने अनुमति त दियो तर सित्तैमा शिक्षा दिन चाहेन । विद्या सित्तैमा दियो भने त्यसको मुल्य राख्दैन मानिसले भन्ने कुरा ऋषिलाई थाहा भयो । त्यसैले ऋषिले प्रकाशलाई एउटा ज्ञानगुनको शिक्षा दिए बराबर के दिन्छौ भनि सोध्दा आफूसँग ५०० रूपैयाँ भएको सम्भी त्यही दिन्छु भन्यो । त्यतिबेला मात्रै ऋषिले प्रकाशलाई मेरो कुरा राम्ररी ध्यान दिएर सुन, दोहोऱ्याएर फेरि भन्ने छैन भनी यस्तो उपदेश दिनुभयो "रिस भनेको कहिल्यै पनि भ्कवाट्ट ननिकाल्नु, यदि रिस उठिहाले पनि आवेसमा आई केही पनि नगर्नु" । प्रकाशलाई अरू पनि ज्ञान दिएको थियो तर उसँग पैसा थिएन । ऋषिलाई नमस्कार गरी प्रकाश घर फर्क्यो ।

हिँडदा हिँडदै एक हप्तापछि प्रकाश त्यही नदीको किनारामा पुग्यो । नदी तरेर ऊ घरतिर लाग्यो । घर पुग्दासम्म अँध्यारै भैसकेको थियो । घरको ढोका अगाडि पुगेर उसले आमा-बुबालाई पुकार्दै ढोका घच्घच्यायो । मध्यरातमा थकित भएर सुतेका आमा बुबाहरूले केही सुनेनन । अनि घरको माथिल्लो तलामा रहेको आफनो कोठातिर हेऱ्यो । गर्मीको समय भएकोले कोठाको भ्याल खुल्लै थियो । पक्कै पनि श्रीमती कोठामै होला भनि कोठातिर चढेको लहरा जस्तै डोरी समाति उ माथितिर चढयो । भ्यालमा पुगेर कोठाभित्र चिहाएर हेर्दा उसलाई अत्यन्तै रिस उठयो आफूले घर छाडेर जाँदा श्रीमतीलाई एक्लै छोडेर गएको थियो । तर, अहिले श्रीमतीको खाटमा पुरूष आकारको मान्छे एकजना सँगै सुतिरहेको उसले देख्यो । अन्धकारको समयमा, जुनको प्रकाशका भरमा उसले त्यो दोस्रा पुरूषलाई मार्छु भन्ने मनमा आयो । भित्र पसि श्रीमती र त्यो केटालाई मार्छु भनि भित्र पस्न लाग्दा प्रकाशले ऋषिले सिकाएको शिक्षा याद आयो । अनि प्रकाशले आफनो रिसलाई संयमित गरी यिनीहरू कहाँ जान्छन के गर्छन पहिला हेर्छु भनी त्यही डोरी समति तल भ्ऱ्यो । तल भ्करिसकेपछि पनि उसलाई श्रीमती र



Downloaded from http://dhamma.digital

सँगै सुतेको मान्छे सम्भी फेरी रिस उठयो । यिनीहरूलाई मार्छु नै भनी फेरि माथि चढन लाग्दा ऋषिको कुरा याद आयो । भवाटट रिस उठाउनु हुन्न, आवेगमा आई नराम्रो केही नगर्नु भनेको याद आई उ फेरी शान्त भयो । यसरी नै उसले तीन पटकसम्म रिसको भोंकमा त्यो डोरी समाती तलमाथि गऱ्यो । ऊ थाकिसकेको थियो । उसले फेरि एक पल्ट ढोका घच्घच्याएर आमा-बुबालाई बोलायो । आमा-बुबाले आफनो छोराको स्वर सुनेर दौडेर ढोका खोल्न आए । पाँच वर्षसम्म दाह्री जुँगा नकाटेकोले रूप परिवर्तन भए पनि स्वर परिवर्तन भएको थिएन प्रकाशको । आमाबुबाहरू आफनो छोरा फर्केर आएको निकै खुशी थिए तर प्रकाशको आँखामा क्रोधको ज्वाला बलिरहेको थियो । उसले रिसाउँदै ठूल-ठूलो स्वरमा आमा बुबालाई माथि कोठामा श्रीमतीसँग सुतिरहेको मान्छे को हो भनि सोध्यो । आमा-बुबालाई कस्तो छ के गर्दै हुनुहुन्छ भनि सन्चो बिसन्चो समेत सोध्न भुल्यो रिसको सरमा । तल हल्ला खल्ला मच्चिरहेको सुनेर श्रीमती र केटा दुवैजना तल आए र श्रीमतीले प्रकाशलाई ढोगिन ।

उज्यालो प्रकाशमा श्रीमती र त्यो केटालाई देखेर प्रकाश अचम्म भयो । जुनको भिसमिसे उज्यालोमा शंकाको कारणले गर्दा सानो केटा बच्चालाई उसले कुनै पुरूषको आकार देखेछ । प्रकाशले घर छोडेर जाँदा उसको श्रीमती गर्भवती भैसकेको प्रकाशको मनमा पुत्र स्नेह जाग्यो । प्रकाशले आफू डोरीको सहायताले भयालसम्म पुगेको र श्रीमती र केटालाई सँगै सुतिरहेको देख्दा अत्यन्तै रिस उठेको तर ऋषिको उपदेश सम्भेर फेरि त्यही डोरिको सहायताले तल भरेको कुरा बतायो । यो कुरा सुनेर श्रीमतीले भयालमा न त कुनै डोरी छ न कुनै लहरानै, कसरी माथि आउनुभयो भनि सोधेपछि प्रकाशको मनमा पनि शंका लाग्यो । डोरी भए त अत्यन्तै सारो हुनुपर्ने तर उसले समातेको डोरी नरम थियो । उ बत्ति लिएर तुरून्त भयाल मुनि हेर्न जाँदा उसले त्यहाँ भुण्डिरहेको डोरिको सटटा भुण्डिरहेको कालो सर्प देख्यो । ऊ डरले पसिना पसिना भयो । अचम्मको कुरा थियो प्रकाश सर्पको भरमा तलमाथि गर्दा सर्पलाई जति दुखे पनि सर्पले केही गरेन । यदि प्रकाशले रिसको भोकमा श्रीमती र छोरालाई मारेको भए सायद सर्पले पनि प्रकाशलाई टोकेर माऱ्यो होला। । त्यसैले त भनिन्छ । “धम्मो हवे रक्खनिती धम्मचारी”



Downloaded from http://dhamma.digital

मतलब जुन व्यक्तिले धर्मको रक्षा गर्छ धर्म अनुसार चल्छ उसलाई धर्मले पनि रक्षा गर्छ । सुलक्षण किर्ती विहारमा पनि धेरै सर्पहरू आउँछन । कहिलेकाँही खाना पकाउने भाँडामा मुसा अनि समातेर फाल्न खोज्दा सर्प हुन्थ्यो ।

प्रकाशले आमाबुबालाई ढोगेर गयो । तपाईहरूले मलाई घरबाट निकालेको होइन, मेरो नराम्रो बानीलाई निकालेको हो । आफूले ५ वर्षसम्म जंगलमा कसरी दिन बिताएँ भन्ने विषयमा बतायो । जीवनमा प्रज्ञा, ज्ञान वृद्धि अत्यन्तै आवश्यक भएको कुरा उसले बुझेको थियो । त्यसैले प्रकाशले भन्यो मैले ५ वर्ष घरबाट बाहिर बसी केही सम्पत्ति कमाउन नसकेपनि तपाइहरूले दिई पठाएको ५०० रूपैयाँको सदुपयोग अवश्य गरेको छु । मैले ५०० रूपैयाँ जाने ज्ञान हासिल गरेको छु । ५०० रूपैयाँ दिए बापत ऋषिले एउटा ज्ञानको कुरा सिकाएको थियो । झवाटटै नरिसाउनु रिस आइहाले पनि आवेगमा आएर कुनै नराम्रो काम नगर्नु । यही शिक्षाको कारणले गर्दा श्रीमती, छोरा र आफनो पनि ज्यान बच्यो । त्यसैले प्रकाशले अबदेखि नराम्रो साथीहरूको संगत नगर्ने कसम खायो । छोरा भएको नाताले आमाबुबाप्रति गर्नुपर्ने कर्तव्य सबै पूरा गर्ने अठोट प्रकाशले त्यतिबेला लियो । र एउटा बिछोडिएको परिवारको पुनर्मिलन भयो ।

भगवान बुद्धले आमा बुबाको छोराछोरी प्रति ५ वटा कर्तव्य रहे जस्तै छोराछोरीले पनि आफनो आमा-बुबाप्रति ५ वटा कर्तव्य पूरा गर्नु पर्ने कुरा सिगालोवाद सूत्रमा उल्लेख गर्नुभएको छ । ती ५ वटा कर्तव्यहरू यस प्रकार छन नौ महिनासम्म गर्भमा राखि जन्म दिएर पालन पोषण गरेको गुणलाई सम्झी छोराछोरीहरूले पनि आमा बुबाको प्रत्युपष्ठान गर्नुपर्दछ । वृद्धावस्थामा नुहाउनको लागि आवश्कताअनुसारको खानपापिनको व्यवस्था नुहाउनको लागि तातो चिसो पानीको व्यवस्था, बिरामी, भए औषधि गराइदिने जस्ता कामहरू गरिदिनुपर्छ । आफूले जाने सुनेपछि धर्मका कुराहरू सुनाई धर्ममा प्रवृत्ति बढाइदिनुपर्छ । आफूलाई थाहा नभए जाने सुनेका भन्ने गुरूमाहरू डाकी धर्मका कुराहरू सन्न दिने काम गर्नुपर्छ ।

२. आमाबुबालाई आइपर्ने सरकारी कामकाज जन्मैको भार आफूले बोकिदिनु पर्छ ।

३. आमाबुबाको बिडो थाम्नुपर्छ । कुलवंश स्थिर गर्न सक्नुपर्छ र



Downloaded from http://dhamma.digital

सदाचार कुलाचरणको परम्परालाई ग्रहण गर्न सक्नुपर्छ । पूर्खाको सम्पत्ति नाश नगरी जोगाई अझ वृद्धि हुने काम गर्नुपर्छ । दानादि गर्ने चर्चालाई अथित कुलवंश रक्षा गर्नु पर्छ । आमाबुबाले प्राणी हिंसा गर्ने, अर्काको धन चोर्ने आदि जस्ता अकुशल कार्यहरू गरी बौद्ध गृहस्थलहरूका लागि नसुहाउने ५ प्रकारका व्याथाहरू गरी धन कमाइरहेका भए यसलाई रोक्न लगाई सदाचार हुने किसिमको राम्रो काम गरी धन वृद्धि गर्नुपर्छ ।

४. आमाबुबाको अंश लिन योग्य हुनुपर्छ । अंश भनेको धन सम्पत्ति मात्र होइन । आमा बुबाको आज्ञा मान्ने, नराम्रो बोलि नबोल्ने कुलमा कलङ्क लगाउने काम नगर्ने, कुलको इज्जत थाम्न सक्ने राम्रो व्यक्ति बन्नुपर्छ ।

५. परलोक भइसकेका आमाबुबाको नाममा दान, शील भावनामय पुण्यकार्यहरू गरी आफूलाई प्राप्त भएको पुण्यहरू मैत्रीपूर्वक पुण्यानुमोदन गरिदिनुपर्छ । परलोक भैसकेका आमा-बुबाको गुणलाई बिर्सनु हुन्न । परलोक भैसकेका आमा-बुबालाई पुण्य बाहेक हामीले अरू केही दिन सक्दैनौं ।

प्रकाशले पछि गएर एक असल छोरो भएर देखायो आफूले गर्नुपर्ने कर्तव्यहरू पनि पूरा गऱ्यो । केही पनि कुरा पढेर वा सुनेर मात्र हुँदैन । त्यो कुरा ठीक हो वा होइन भनेर बिचार गर्नुपर्छ । यदि आफनो विवेक बुद्धिले त्यो कुरा ठिक भने त्यसलाई अभ्यास र आचरण गर्नुपर्छ । तर आफूलाई ठीक र सही लागेको कुरा कहिलेकाँही गलत र खराब पनि हुन सक्छ । त्यसैले यदि कसैले हामीलाई हाम्रो गल्ती देखाइदियो भने क्रोध नगरी, घमण्ड नगरी स्वीकार्न सिक्नु पर्छ । प्रकाशले राम्रा साथीहरूको संगत गरि आफूले जानेका असल कुराहरू अरूलाई पनि सिकायो र अरूबाट पनि राम्रो कुराहरू सिकी विद्वान हुन पुग्यो । ५०० रूपैयाँ मूल्य तिरेर हाँसिल गरेका शिक्षाले उसको जीन्दगी परिवर्तन गरिदियो ।

●



Downloaded from http://dhamma.digital

# भोग सम्पत्ति कमाउनको लागि चारवटा गुण चाहिन्छ

सबभन्दा पहिला पूर्व गरेर आएको पुण्य चाहिन्छ । विना पुण्य वा बिउ फल पाउने छैन । खेत त छ त्यहाँ केही पनि रोपेन भने फल फल्दैन । मेरो खेतवारी धेरै छ भनेर त्यसै बस्यो भने त्यहाँ खाली घाँसमात्र उम्रिन्छन । पहिला आफूले बिउ हाल्नु पर्छ । आफूले पुण्यको विउ रोप्नुपर्दछ । अनि मात्र आफूलाई  आफूले बिउ रोपेपछि त्यही अनुसार फल पाइनेछ ।

मेहनत गर्नु पर्छ, विना मेहनत कुनै हालतमा पनि धन कमाउन सकिँदैन । बीउ अत्यन्त आवश्यक छ बीउ भनेको मेहनत हो । जे काम गरेतापनि मेहनत अत्यन्त आवश्यक छ । गर्मी छ पछि काम गर्छु चिसो छ पछि काम गर्छु भनेर अल्छी भएर बस्नु हुँदैन पछि भोली भनेर बस्नु हुँदैन । अहिले नै गर्नुपर्छ ।

काम गरेर धन कमाउनको लागि बुद्धि हुनुपर्छ विना बुद्धिले जति धन कमाएता पनि सफल हुँदैन । अकल, बुद्धि प्रज्ञा हुन अत्यन्त आवश्यक छ । एउटा निवन्ध लेख्नु पर्छ एसएलसीमा तरबार ठूलो कि कलम अथवा बुद्धि । बुद्धि नै ठूलो छ । कारण तरबार समात्नको लागि बुद्धि प्रज्ञा चाहिन्छ होइन भने घाउ लाग्छ । त्यसैकारण बुद्धि चाहिन्छ ।

अर्को आयो धन कमाउनको लागि राम्रो राम्रो सतसंगत हुनुपर्छ । बुद्धिवान व्यक्तिको संगत गर्नुपर्छ र उहाँहरूको कुरा सुन्नु पर्छ । बुद्धिवान भएको व्यक्ति शत्रु भए तापनि त्यसले अरूलाई विगार्दैन । मुर्खहरूसँग सतसंगत गर्नु हुँदैन । धम्मपदमा यसरी भनी राखेको छ ।



Downloaded from http://dhamma.digital

चरं चे ना छिगच्छेय्य-सेच्यं सदिसम त्तनो । अर्थ सकेसम्म आफूभन्दा उत्तम विद्वान ज्ञानी गुणीहरूसँग सतसंगत गर्ने अथवा आफू समानहरूसँग सतसंगत गर्ने, यस्तो व्यक्ति पाएन भन्ने वाल मुर्खहरूसँग सतसँग गर्ने भन्दा दृढतापूर्वक एक्लै बस्ने उत्तम छ ।

त्यसैकारण विद्वानजनहरूसँग सतसंगत आवश्यक छ । यो चारवटा अत्यन्त आवश्यक छ धन सम्पत्ति कमाउनको लागि यही कुरालाई लिएर ४ महिना भित्र सेठ भएको व्यक्तिको कहानी बताउन चाहन्छु यो संसार छ ।

बनारसमा ब्रह्मदूत राजाले राज्य गर्नु भएको बेला एक ठुले सेट थियो । उहाँको एउटामात्र छोरा थियो । उहाँको नाम चुलसैंठी थियो आफनो बुबा बितेपछि चुलसैंठीलाई सेठ पदवी दियो । चुलसेठो सँधै राजाकहाँ गइरहेको समय बाटोमा एउटा मरेको मुसा देख्यो । यताउता हेऱ्यो अनि विचार गरेर मुखबाट यसरी आयो यो मरेको मुसा एउटा कारणले आफनो जीवन परिवारको जीवन पाल्न सकिन्छ भन्यो । त्यही कुरा एकजना गरीब केटाले सुन्दछ ।

केटाले विचार गऱ्यो यो साहुले त्यसै भनेको होइन । गरेर हेरौं भनेर मरेको मुसा लिएर बिरालो पालीराखेको पसलमा गएछ । पसलको मालिकलाई भन्यो साहु साहु तपाईको बिरालो छ यो मरेको मुसा एउटा लिनुस भनेर आग्रह गऱ्यो । साहुले पनि ठिकै छ विरालोले खान पायो भनेर मुसा लियो । पसलको साहुले विचार गऱ्यो कि यो मुसा सित्तैमा लिनु भएन भनेर २५ पैसा दिएर पठाएछ । बुद्धिमान केटाले २५ पैसाको सखर किनेर एउटा थालमा सखर र पानी मिलाएर फूल भएर खायो र मालीहरूलाई पनि खुवायो । बनारसमा धेरै नै गर्मी थियो  म बनारसमा पढदाखेरि ५० डिग्री तामक्रम थियो धेरै नै गर्मी पलङ्गमा तन्ना पानीमा भिजाएर भुइँमा पूरा पानी थापेर पोखरी जस्तो गराएर रातभर पंखा खोली राख्थें । कारण गर्मी भएकोले गर्मीको कारणले सखरपानी खान पाएपछि मालीहरू खुसी भएर फूलको मुटठा दिए । फूलको मुटठा लिएर बेचिदियो । दुई रूपैयाँ आयो भोलि त्यो दुई रूपैयाँको पनि सखर किनेर ल्यायो अनि एउटा ग्याम्पमा राखेर बगैचामा गएर सखरको पानी सबैलाई पिलायो । त्यतिकै गर्मीमा मालीहरू फूल टिपेर थकान र प्यास लागि राखेको बेला भएर आफूले टिपिराखेको फूल आधा



Downloaded from http://dhamma.digital

दियो । त्यो आधा आधा दिएको फूलको माला गाँसेर बेच्दा ८ रूपैयाँ पैसा पायो ।

अनाचक भोलिपल्ट हुरी बतास आएर रूखहरू हल्लियो । बगैंचाको मालिकलाई चिन्ता भयो अब के गर्ने । त्यही समय सखर पानी पिलाउने केटा पुग्दछ । त्यो केटाले भन्यो यदि यो काठदाउरा सबै मलाई नै दिने हो भने मैले यो सबै हटाइ दिनेछु । मालिकले विचार गऱ्यो दाउरा भन्दा फूल महत्व हुन्छ भन्यो ।

त्यसपछि केटाहरूलाई बोलाएर सबैलाई सखर एक/एक टुक्रा दिनुभयो । केटाहरू पनि खुसी सखर खाएर त्यो खसेको दाउरा सबै हटाइ दियो । हटाएर एक कुनामा थुपारेर राख्यो । भोलिपल्ट राजाको भाँडाकुँडाहरू पोल्नको लागि यताउता दाउरा खोजेको थियो । अनि ति दाउरा थुपारेर राखेको देख्दा सुखी भएर सोधे । यो दाउरा बेच्ने हो भनेर ? बेच्दा १६ रूपैयाँ र भाँडा ५ वटा दियो र त्यो लिए फेरी सखर किन्यो । सखर पानी र घयाम्पा लिई ५०० जना घाँस घस्यार कहाँ गएछ । अनि ५०० जनालाई घाममा घाँस काटिरहेको समय सखर पानी खानु पाएको बेला धेरै नै खुसी भयो । हेर साथी तपाईलाई के चाहिन्छ ? हेर्नु हाम्रो नेपालमा पनि चलन छ । स्वायम्भु चैत्यमा वैशाख पूर्णिमाको दिनमा अहिले त पानी मात्र होइन जुस पनि पिलाउनु हुन्छ । मार्वाडी समाजको चोकमा बाटोमा पानीको घयाम्पा राखेर पानी पिलाउँछ । पानी दान दिएको पुण्य १० प्रकारका छन । नेपालमा विभिन्न ठाउँमा पानी राखेर पिलाउने चलन छ । त्यस्तै वर्मामा पनि हरेक भगवान बुद्धको चैत्य अगाडि पहाडमा भए ठाउँ मिलाएर पानीको घयाम्पा राखेको हुन्छ । जसले खाएता पनि हुन्छ । कप एउटा एउटा राख्दछन त्यहाँ जात पात भात झुठो भनेको छैन ।

अनि ५०० जना घँस्याहरूले सखर पानी पिउँदा खुसी भएर तपाईलाई के चाहिन्छ भनेर सोधेछन । त्यो केटाले पनि चाहेको बेलामा भन्छु भन्यो । त्यसैमा बाटामा हिँडने एकजना र जल पन्थक भने समुद्रमा ठूलो ठूलो जहाज स्टारक्रूजहरू बारे जति पनि पानीबाट आउने कुराहरू थाहा पाएको थियो । अनि त्यही साथीभाइ सोध्न पानीमा हुने खबर लिइ राख्ने गर्दथे ।



Downloaded from http://dhamma.digital

त्यही समय पन्थक बाटोमा यताउता हिंडनेले भन्न आयो भोलि घोडा लिएर आउने ५०० जना आउनेछ भनेर खबर दिन आयो ।

यो कुरा सुनेर घस्या अथवा घाँस काटनेले मलाई एकएक मुठा घाँस दिनु र पहिला त्यो घाँस बेच्छु त्यसपछि तपाइहरूले बेच भनेपछि उनीहरूले स्वीकार गर्नुभयो । अनि भोलिपल्ट ५०० जना घोडा लिएर दरबारतिर लाग्यो अनि घोँडाहरूलाई घाँस खुवाउनुका लागि अरू ठाउँ थिएन । त्यही केटासँग एक मुठाको १००० हजार दिएर किनेर खुवायो ।

अर्को दिन जलपन्थ साथी आएर भन्यो भोली ठूलो स्टारक्रूज ठूलो पानी जहाजमा ५०० जना व्यापारीहरूले व्यापार गर्न आउँदै छ । यो कुरा सुन्दा त्यो केटाले विचार गऱ्यो । यहि हो मौका पैसा कमाउने । यस्तो विचार गरेर सरासर समुद्रतिर गयो । अनि त्यहाँ जहाज रोक्ने ठाउँको मालिकलाई सुनको जहाज रोक्ने ठाउँ त्यहाँको मालिकलाई सुनको आठ असरफि दियो, र सानो ढुंगामा फूल, कपडाले सजाएर त्यसभित्र बस्यो । अनि तीन पटकसम्म मानिस राख्यो । अनि त्यहाँ भित्र बस्त्र खाली रहनु भयो । जलपन्थी साथी आएर भने । त्यही समय १०० जना वनारसबाट सामान किन्न आएको ठूलो व्यापारीहरू उनीहरूलाई पनि बसमा लियो । सामान सबै ठूलो साहुले लिइ सक्यो भनेर यिनीहरूबाट १००० पैसा लिएर त्यो केटासँग समेत गरे । जब जहाँ जहाज आयो सबैले फेरी १००० दिएर समान लिएर गएछ । अनि धेरै पैसा पाएपछि चुलसेठी याद आयो । उहाँले गरेर उहाँको कुरा सुनेर ४ महिनामा यति पैसा कमाए । अब यो आधा पैसा चलसेठीलाई दिन्छु भनेर चुलसेठीको घर खोज्दै गयो र भन्यो । यो यति पैसा ४ महिनामा कमाए तपाइले यो मरेको मुसाबाट परिवार चलाउन सक्छौ भनेर सुनेको हुनाले मैले यो पैसा कमाएँ तपाईको कृतज्ञता गुणलाई सम्झेर तपाई आधा पैसा दिन आएको भन्यो । तपाइले त्यति नभनेको भए मैले चार महिनाभित्र ति पैसा कमाउथेँ ? तपाईको शब्द सुनेर र तपाईको विचारलाई मैले अनुमोदन गरेर अल्छी नभइकन काम गरेँ । भोलि पछि गएर नभइकन काम गरेपछि नहुने केही छैन भनेर थाहा पाएँ । त्यसपछि चुलसेठी बुद्धिवान मेहनती बुद्धिवान पुण्यवान र राम्रो संगत भएको केटालाई यही राख्नु पऱ्यो भनेर विचार गरेर भन्यो । बाबु तिमी यही बस र मेरो छोरी तिमीलाई नै विवाह गरेर दिन्छु



Downloaded from http://dhamma.digital

भनेर छोरीलाई त्यहीसँग विवाह गरिदियो ।

चुलसेठीको घरमा राख्यो । समय बित्दै गयो चुलसेठी देहान्त भएर गयो । पछि त्यसको नाचुल अन्तवासिक सेठ भनेर वहाँलाई नै पद दिनुभयो । सेठ भयो भनेर अलिकति पनि अभिमानी भनेको थिएन । उनले झन विद्धानजन मात्र सतसंगत गरेर दान, शिल र भावनालाई अभिवृद्धि गरेर जनतालाई मैत्री करूणा, मुदिता र अपेक्षा गर्नु गरेर जनताको सेवा गरेर आयो ।

●

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# आफूभन्दा प्यारो अरू कोही छैन

हो आफू र आफनो भन्नेहरू कोही पनि छैनन र हुँदैनन पनि। मलाई त्यस्तो अनुभव भएको जस्तो लाग्छ। २०७१ साल जेष्ठ १५ देखि २०७१ कार्त्तिक १८ गतेसम्म अमेरिकामा बस्दा भएको घटना हो यो। म अमेरिका जाँदा अमेरिकनहरू भेटदा त्यति प्यारो लागेन र खासै मन पनि परेन। त्यही बीचमा त्यो ठाउँमा हाम्रो नेपालीहरू भेटदा आफनै परिवार जस्तो लाथ्यो। त्यहाँ कोही आफनो नातेदार हुन कि जस्तो पनि लाग्थ्यो। मैले अमेरिकामा रहँदा २१ वटा अञ्चल घुमें जहाँ गएता पनि नेपाल भेटिन्छ जस्तो लग्थ्यो। तर, दुई हप्तासम्म बस्दा एकजना नेपाली पनि भटन सकिन्छ। उनीहरूले जति माया गरे तापनि त्यति मन परेन। मनमा तिनीहरू अमेरिकन त हो नि भन्ने भावना आउँछ। त्यस्तै वर्मीहरू पनि आखिर म धेरै जस्तो वर्मीहरूको विहारमा बसेको कारण नेपालीहरूको एउटा पनि विहारी देखिएन। वर्मी, थाई, श्रीलंकन, कम्वोनियनहरूको ४०० वटा विहारहरू छन, अफसोच भगवान बुद्ध जन्म भएको देशबाट गएको मानवहरू ५००००० भन्दा बढी छन। तर, भिक्षु, भिक्षुनीहरू भगवान भएका विहारमा एउटा पनि देखेको छैन। दुई ठाउँमा त भगवानको मूर्ति र शिवलिङ्गसँगै राखेको मन्दिर दुई ठाउँमा देखें। आश्चर्य लाग्छ नेपालीहरूलाई देख्दा। नेपालीहरूलाई हाम्रो भगवान बुद्धले शान्तिको बाटो देखाउनु भएको मार्गदर्शक भनेर नबुझेको होला।

मलाई त नेपालीहरू देख्दा आफनो दाजुभाई दिदी बहिनी आफनै परिवार जस्तो मनमा एकदम खुसी हुने आनन्द आउने म त्यहाँ बस्दा ठूलो चैत्य छ। त्यो चैत्य दर्शन गर्नको लागि टाढाटाढाबाट दर्शकहरू आउने गर्थे। त्यसमा नेपालीहरू पनि आउने बेलामा त्यहाँको भन्नेहरूले अनोजा नेपालीबाट



Downloaded from http://dhamma.digital

आएको छ कुरा गन भनी उहाँहरू पनि खुशी भएर बोलाउन आए । जो नेपाली भए तापनि नेपालबाट आउने मलाई असाध्यै माया लाग्यो ।

त्यसमा पनि म नेवारी कुलबाट जन्म भएको कारणले नेवारीहरू भेटदा झनै आफनै नाता जस्तो लाग्ने । त्यहाँ आएर अलिकति फरक भएँ । त्यो भन्दा आफनो आफन्त भेटे तापनि झनै खुसी लाग्ने एउटा श्लोक छ । आरोग्य परमलतम शन्तोशी परमधन विश्वासी परम ज्याति निष्ठावान परमसुख ।

आरोग्य जस्तो निरोगी-रोग नभएको जस्तो अरू कही पनि लाभ सत्कार हुँदैन । सन्तोशी जस्तो धनसम्पत्ति अरू केही पनि हुँदैन । विश्वासी जस्तो अरू कोही पनि नियतिबन्धु आफनो परिवार कोही पनि हुँदैन । विश्वासी भएपछि जो व्यक्ति पनि आफन्त हुन्छ । आफनो नाता हुन्छ । त्यसैकारण म धेरै वर्मीहरूको विहार घरमा बस्ने कारण विस्वासीपरम जाती भएको कारणले त्यस्तै अमेरिकनहरूकहाँ पनि बसें नेपालीहरू त झनै आफना परिवार नै भए । खाना, भाषा पनि मिल्ने, मन पनि मिल्यो भने आमाले नै जन्म दिनुपर्ने आवश्यक छैन । मन मिल्न अत्यन्त आवश्यक छ । मन मिलेन भने श्रीमान-श्रीमती भए तापनि सँगै बस्न गाह्रो हुन्छ । अरू व्यक्तिलाई आफू बन्नुपर्ने कारण मन मिल्नु पर्ने भए तापनि मन मिलेपछि आफू भएतिर सबैभन्दा मुख्य मन हो । मन मिलेन भने आमा छोराछोरी, श्रीमान-श्रीमती र आफन्त भएर के मतलव होइन र ? त्यसै कारण भगवान बुद्धले भन्नुभएको छ कि मन मुख्य त्यसमा पनि सबभन्दा मन पर्ने आफू आफूलाई नै हो । त्यस समय प्रेसनजित कोशल राजा अग्रमाहारानी मल्लिक देवीसँग प्रासादको माथिल्लो तलामा बसेका थिए । दुःख-सुख कुरा गरेर बस्थे अचानाक राजाले यस्तो प्रश्न गर्नभयो । मल्लिकालाई मैले महारानी बनाएँ मलाई धेरै नै मन परेर उसलाई पनि म बाहेकको अरूको पनि मन परेको छ कि छैन होला भन्ने विचार गरेर मल्लिकादेवीसँग यस्तो सोधे

मल्लिका ? तिमीलाई आफूभन्दा प्यारो लाग्ने अरू कोही छ कि ?

"महाराज छैन, आफूभन्दा प्यारो लाग्ने मलाई अरू कोही पनि छैन । राजाको विचारमा थियो राजालाई असाध्यै प्यारो लाग्छ भन्ने ठान्नुभएको होला भनेर । कारण फुल बेच्ने मालीलाई विवाह गरेर महारानी



Downloaded from http://dhamma.digital

बनाएँ, त्यो पनि असाध्यै मनपर्ने अग्रमहारानी तर यसले त मलाई त्यति मन परेन आफूले आफूलाई मन पर्छ, भनेर रिसाउनु भयो ।

राजा रिसाएको देखेर महारानी त बुद्धिमानी हुनुहुन्थ्यो । अनि रिसाएर गएको राजा कहाँ गए धेरै नै उपमा दिनुभयो उपमा यस्तो कोही व्यक्ति असाध्यै मन पर्ने श्रीमान अथवा श्रीमती अथवा छोराछोरी जो मन पर्ने आफू भन्दा मन पर्ने व्यक्ति पाँच तला घर माथि बसिराखेको थियो । तर, अचानक भुँइचालो आयो भने तल बस्ने मन पर्ने व्यक्तिले माथि भन्न जान्छ कि आफू भाग्न खोज्छ । पहिला तलका व्यक्ति भाग्न खोज्छ । माथिसम्म कोही पनि भन्न जान सक्दैन । त्यही कारणले प्रमाणित गर्छ कि आफू भन्दा प्यार लाग्ने अरू कोही पनि छैन होईन महाराज ?

एउटा घटना घटेको थियो म लुम्बिनीबाट आइराखेको समयमा कृष्णभीर भन्ने ठाउँमा पुगें र म आएको बसमा भन्दा अगाडिको बस भिरमा खसेको थियो । हामी गाडी रोकेर हेर्न गएँ, त्यहाँ एउटा परिवार नै परेको रहेछ । बुबा चाँही आफू छिटो-छिटो बसको झयालबाट निस्क्यो पहिला आफू बाँच्न खोज्यो । बच्चाहरू र श्रीमतीलाई लिन गएन । यसबाट पनि बुझन सकिन्छ कि आफूले आफूलाई कति माया हुँदो रहेछ ।

अर्को एउटा घटना भएको थियो । सर्लाही भने ठाउँमा एउटा गाउँ नै जलेको थियो । त्यहाँ पनि आफनो-आफनो ज्यानलाई माया मानेर अरूलाई बचाउन गएनन । खाली आफनो-आफनो शरीर नै रक्षा गरे । म पनि तिनीहरूलाई बचाउन जान सकिन । आगोले पोल्छ कि भनेर टाढा नै बसेर हेर्न बाध्य भएँ । आफनो मन पर्ने श्रीमान-श्रीमती र आफ्ले जन्माएको बच्चाहरूलाई बचाउन पनि सकिनँ । आफनो ज्यानको रक्षा आफैले गर्नु पर्छ र आफनो माया छ भन्ने भयो मलाई । आफू र आफनो परिवार कोही पनि भएन र दाजु आफनै दाजुको परिवार सबै बमबाट शिकार भएर गए । यसले पनि आफूले आफैलाई माया गर्न सिक्नुपर्छ । आफू आफैमा प्यारो हुन्छ भन्ने भान हुन्छ सबैलाई त्यसैले भगवान विहारमा बस्नु भएको थियो । अनि भगवान बुद्धकहाँ जानुभयो र आफूलाई लागेको कुरा राख्नुभयो र मल्लिकाको कुरालाई पनि भगवान बुद्ध समक्ष राख्नुभयो ।

अनि भगवान बुद्धले राजाको कुरा सुनी उनको मनसाय पनि बुझी



Downloaded from http://dhamma.digital

निम्न गाथा भन्नुभयो

"सब्ब दिसा अनुपरिगम्भ चेतसा,
नेवज्झगा पियतरमत्तना क्वचि ।
एवं पियो पुथु अत्ता परेस
तस्मा नहिँसे परमत्तकामो ति ॥

अर्थ : सबै दिशातिर चित्त फैलाई हेरे तापनि आफूभन्दा प्रिय त अरू कोही पाइने छैन । जस्तै एकलाई आफू प्यारो लाग्छ उस्तै अरूलाई पनि आफू नै प्यारो लाग्छ भन्ने बुझी आफनो हित चाहनेले अर्कालाई पनि आफू समान सम्झी हिंसा र पीडा नगर्नु ।

●

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# ध्यानको महत्व र अनुभव

२०७० साल श्रावण १९ गते शनिबारको दिन नेपाल विपशना केन्द्र धर्मश्रृंखला फेरि एकचोटी ध्यान अभ्यास गर्नको लागि समय जुऱ्यो । बेलुका ८ बजेदेखि आनापाना अभ्यासहरू गरे सबैले । आनापाना भनेको आफूले जन्मेदेखि फेरेर आएको श्वासप्रश्वासमा स्मृतिपूर्वक ध्यान केन्द्रित गरेर बस्नु हो । सास भित्र भयो, बाहिर आयो भनी नाकमुनि एउटा क्षेत्रमा मात्र फरिराख्ने । साधारण सासमात्र फेर्ने तर त्यो सासलाई नियालेर हेर्ने हो भने अति गाह्रो हुन्छ । दुई मिनेट पनि राम्ररी हेर्न सकिँदैन । किनकि त्यो चित्त अत्यन्त द्रुत गतिमा चल्छ र छिटो भन्दा छिटो धारणा फेरिहाल्छ । भागको चित्रलाई फेरि फेरि कोशिस गरी खास भित्र आएको र बाहिर गएको हेर्न सक्नुपर्छ आफूलाई भएको र आफूले गरेर आएको काम सजिलैसित कल्पना गरिहाल्छ । मेहनत गर्नुपर्दैन । तर, चित्तलाई आफनो वशमा राख्नको लागि मेहनत गर्नुपर्छ । आफू भित्रको राग, द्वेव, अहंकार निकाल्नको लागि धेरै नै मेहनत गर्नुपर्छ । शुद्ध धर्म भनेको नै क्लेशलाई हटाउनु हो । अशुद्ध धर्म गर्न सजिलो छ । छिनछिनमाा अकुशल कार्य भइरहन्छ । एकदिनमा हामीले केलाएर हेर्ने हो भने कुशलभन्दा अकुशल कार्यहरू धेरै गर्छौं । कुशल कार्य गर्न धेरै नै कठिनाई र परिश्रम गर्नुपर्छ । कुशल चित्तको लागि आफनो चित्तसँग लडनुपर्छ । प्रायःजसो योगीहरूलाई पहिला एकघण्टा कहिले बित्छ भन्ने आश हुन्छ । आफनो चित्तलाई आफनो वशमा राख्न नसकेको कारणले गर्दा हो । मात्र अटुट मेहनतबाट विस्तारै आफनो चित्तलाई वशमा राख्न सकिन्छ । त्यस समय पनि कहिलेकाँही अनेकौं कल्पनाहरू आई नै रहन्छन । मैले केही नगरेता पनि यतिका मानिसहरू आएर किन भ्गगडा गर्न आएको होलान ? म जन्मेदेखि जानी-जानी एउटा चिज पनि चोरेर लिएकी छैन । आज किन यसरी कल्पना नगरेको कुरालाई सुन्नु परेको ? अरूलाई उपकार



Downloaded from http://dhamma.digital

मात्र गरकी छु । भूत, प्रेत, सर्प, चितवाहरूले केही हानी गरेको छैन तर मानिसहरूलाई किन मलाई मार्न खोजेको होला ? किन गाली गरेको होला ? कहिलेकाँही महिनाको २ चोटी जति गाली र लात खानुपर्ने ? यो पनि पूर्वजन्मको फल होला । पूर्वजन्ममा मैले तिनीहरूलाई केही गरेर आएको हुनुपर्छ नभए विना कारण हुल मान्छेहरू आएर मारौं या पिटौं जस्तो गर्ने थिएन । यस्ता नानाथरिका कल्पनाले सताउँछ । फरि त्यही सासलाई नियालेर हेर्ने गर्छु । ध्यान एकाग्र गर्नुपर्ने भएकोले आफनो चित्तमा आएको कल्पनालाई हेरिसकेपछि फेरि सासलाई हेर्छु । आँखा खोलेर बाहिरी संसारलाई हेरिन्छ भने आँखा बन्द गरेर आफनो चित्रलाई हेरिन्छ । शारीरिक वेदना र मानसिक अवस्थालाई समता भावले हुर्नुपर्छ । एकछिनमा त्यो स्वाभावलाई पनि राम्ररी जानिन्छ र त्यो स्वाभाव हराएर जान्छ । ध्यान अभ्यास गर्दा शील पालन गर्न अत्यन्त आवश्यक छ । शीत विना ध्यान अभ्यास गर्न गाह्रो हुन्छ । शील भन्नाले पञ्चशील, अष्टशील, दशशील गरी विभिन्न प्रकारका हुन्छन । प्राणीघात नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झुठ नबोल्नु, अम्मल पदार्थ सेवन नगर्नु यसरी पञ्चशील पालन गरी हामी शुद्ध रूपले ध्यान अभ्यास गर्न सक्छौं । आफनो जीवन सुधार्नको लागि सुखमय जीवन बिताउनको लागि ध्यान अभ्यास गर्नु अत्यन्त आवश्यक छ ।

मान्छेहरूको जावनमा दान, शील र भावना यि तीन तत्वहरू आवश्यक औषधीको रूपमा लिइन्छ । राजा, राष्ट्रपति जस्तो उच्च पदको मान्छेदेखि लिएर सर्वसाधारण जनतालाई समेत ध्यान अभ्यास अत्यन्त आवश्यक छ । महादेव, पार्वतीदेखि लिएर अरू देवीदेवताहरू पनि ध्यानमग्न भएको कुरा हामी टिभीमा हेर्न सक्छौं ।

दानले आफूसँग भएको लोभलाई हटाइदिन्छ । त्याग गर्नु अत्यन्त आवश्यक छ । शीलले चरित्र शुद्ध गराइदिन्छ । चरित्र शुद्ध नभई ध्यान गर्न गाह्रो हुन्छ । समाधिको लागि शील शुद्ध हुनु अत्यन्त आवश्यक छ । भावना सबै धर्मका लागि आवश्यक छ । जबसम्म आफू भित्रको राग, द्वेष, लोभ अहंकार, क्रोध बाँकी हुन्छ तबसम्म मार्ग र फल पाउन सकिँदैन । यसरी भित्रको अशुद्ध धर्मलाई ननिकालेसम्म शुद्ध धर्मलाई ग्रहण गर्न सकिँदैन । यसरी भित्रको अशुद्ध धर्मलाई ननिकालेसम्म शुद्ध धर्मलाई ग्रहण गर्न सकिँदैन । राग,



Downloaded from http://dhamma.digital

द्वेष, मोह, लोभ, क्रोधलाई नै अशुद्ध धर्म मानिन्छ । चारैतिर आगो बालेर हामी शीतल खोज्छौं त्यो मुर्खता सिवाय केही होइन । हामीले आफूले बालेको लोभ, द्वेष, क्रोधरूपी आगोलाई निभाइ दिन सकेको खण्डमा शीतल पाउन सक्छौं । मनमा शान्ति पाउन मठमन्दिर, चाहान्छौं । विभिन्न धर्मको शरणमा जान्छौं । जबसम्म हामीले लुकाइराखेको कुकर्मलाई हटाउन सक्दनौं, तबसम्म कसैको शरणमा गएता पनि शान्ति पाउन सक्दैनौ । ध्यानको अभ्यासबाट आफूलाई मनपर्ने चिज देख्दा राग उत्पन्न हुने अनि मन नपर्ने चिज देख्दा द्वेष उत्पन्न हुने कुरा प्रष्ट रूपले थाहा पाउन सक्छौं । राम्रो र नराम्रो कुरालाई यथार्थ रूपमा छुटयाउन सक्ने क्षमता हुन्छ । त्याग भावना र चरित्र शुद्ध भएर मात्र पनि हामीलाई पर्याप्त हुँदैन । जबसम्म ध्यान अभ्यास गर्दैनौ तबसम्म मुक्तिको मार्ग पाउने छैनौं । मुक्तिको मार्ग प्राप्त गर्नको लागि ध्यान अत्यन्त आवश्यक छ । सबै मानिसहरूले ध्यान अभ्यास गर्ने विधि सिकेर राखे अन्तिम अवस्थामा सजिलो हुनेछ । नेताहरू पदमा छउन्जेल, आफूसँग शक्ति हुन्जेल आफना छोराछोरी, नातेदारलाई मात्र नभई देशको समेत सेवा गर्छन । तर, ध्यान अभ्यास गर्ने समय उनीहरूमा हुँदैन । मनमा शान्ति पनि हुँदैन र अन्तमा मैले सकेजति सेवा गरेकै थिएँ यो देशको तैपनि मलाई किन शान्ति छैन भनि कराउनु सिवाय केही विकल्प हुँदैन । समय भएको बेला ध्यान गर्ने विधि सिकेर राखेको भए जुन अवस्थामा पनि वेदनालाई हेरेर आफूसँग भएको क्लेशलाई हटाउन जानिने हुन्थ्यो । मन शान्त भई सहेर बस्न सक्ने हुन्छ । वास्तवमा मृत्यु पश्चात लिएर जाने केही छैन । हाम्रा परिवारका सबै सदस्यहरू अघि र पछि गर्दै सबै एकदिन मरेरै जान्छन । यो त प्रकृतिको नियम नै हो । यो कुनै आश्चर्य मान्नु पर्ने कुरा होइन ।

ध्यान गर्दा शुरूमा पानी विनाको माछालाई जस्तै गाह्रो हुन्छ । अभ्यास गर्दै जाँदा सजिलो हुँदै जान्छ । हामी जहाँ गएता पनि जुन अवस्थामा पनि यसलाई अभ्यास गरी लाभ लिन सक्छौं । जस्तै बस्दा खाँदा, सुत्दा, हिँडदा, कुरा गर्दा, काम गर्दा ध्यान अभ्यास गर्न सक्छौं । जनु काम भैरहेको छ त्यसलाई होस दिएर भविष्य गरेमा अकुशल हाम्रो मना छिर्दैन । देशको सेवा गर्दा नि पुण्य लाग्छ । तर अन्तिम अवस्थामा आफनो चित्त सही ठाउँमा पुऱ्याउन वा पुग्नको लागि ध्यान भावना अत्यन्त आवश्यक छ । आफनो



Downloaded from http://dhamma.digital

परिवारको सदस्य वित्दा, अचानक धनसम्पत्ति विनाश हुँदा, रोजव्यधी हुँदा चित्तलाई विचलित नपारी ध्यानको अभ्यास गरी मनलाई शान्त पार्न सकिन्छ । ह्रावा चलेको ठाउँमा बलेको बत्ती पनि निभेर जाने हुन्छ । त्यस्तै हाम्रो शरीर पनि एकदिन क्षय भएर जान्छ । पानीको फोका अनि कर्कलाको पानी जस्तै उत्पत्ति र विनाश भइरहन्छ । आफनो भन्ने केही हुँदैन । उपमाको लागि कसैले एउटा धर्मशाला बनाएर राखेको छ । त्यो धर्मशालामा बास बस्न राम्रो, नराम्रो गोरो, कालो, ठूलो, सानो, मोटो, दुब्लो, शीवान, सुशीलहरू बस्न आउँछन । केही क्षण वा केही दिन बस्छन अनि फेरी फर्किन्छन । हामी पनि त्यस्त गरी हामीमा पनि राग, द्वेष, मोह, दान गर्ने चित्त, सेवा गर्ने चित्त, अरूलाई हानी गर्ने वा विगार्ने चित्त जस्ता अनेकौं चित्रहरू हुन्छन । ति सबै चित्रहरू क्षणिकमात्र भएको हुनाले अनित्य छन । ध्यान अभ्यासले हामी यस्ता खालका सबै स्वाभावहरूलाई जान्न सक्छौं ।

श्रीमान र श्रीमती दुई जनाको एउटा परिवार रहेछ । श्रीमती चाँही विहार गएर बुद्धपुजा गर्ने, दान दिने, शील पालन गर्ने अनि ध्यान अभ्यास गर्ने खालको थियो । चर श्रीमान भने यस्ता पुण्यका कामहरू केही नगर्ने खालको थियो । तैपनि २ जना मिलीजुली नै बसेका रहेछन । समय वित्दै जाने क्रममा तिनीहरूको चारजना छोराछोरी भए । श्रीमती विहार भए पनि श्रीमानले विरोध भने गर्दैन्थे । श्रीमानलाई सम्झाउने गर्छिन कहिलेकाँही ध्यान भनेको हामीलाई अत्यन्त आवश्यक छ । हामी बिरामी हुने बेला एक्लै हुने बेला ध्यान भावना हाम्रो साथी सरह हुन्छ । मनको विकारलाई जरैबाट उखेल्न सक्यौं भने त्यो नै सत्य धर्म हो । दान दिने, शलि पालन गर्ने ध्यान भावना गर्नेमा जोड दिने गर्छिन ।

श्रीमान चाँही कुरा सुन्ने तर काम भने नगर्ने खालको थियो । बौद्ध धर्म भनेको कर्म र कर्मफलमा विश्वास गर्ने धर्म हो । हाम्रो कर्म गरे त्यसको फल पनि राम्रै हुन्छ र नराम्रो कर्म गरे त्यसको फल पनि नराम्ररी नै भोग्नुपर्छ । यसरी जति कुरा सुनाए पनि वास्तै नगर्ने खालको भएर श्रीमतीलाई दिक्क लाग्थ्यो । समय बित्दै गयो, कला पनि नजिकिँदै आयो । अरूले कुतै जाने आउ भन्दा एकछिन पख भन्न मिल्छ तर कालले लिन आउँदा हामी एकछिनमा आउँछु भनि नकार्न सक्तैनौ । श्रीमती चाँही आफूले



Downloaded from http://dhamma.digital

गरेको पुण्यको प्रभावले केही कष्ट नभइकन सजिलै ८५ वर्षको उमेरमा प्राण त्यागेर गयो। श्रीमान चाँही पनि झन झन बुढो हुँदै गयो। श्रीमतीको मृत्युपछि बेसाहा र निराश भयो। ध्यान भावना सिकेर राखेको भए एक्लो हुँदा साथी हुन्थ्यो र त्यसकै अभ्यासले मनलाई सम्हालेर राख्न सहयो हुन्थ्यो। बृद्धवृद्धा हुँदा धर्मले मात्र साथ दिन्छ। युवा अवस्थामा धर्मप्रति विश्वास नगर्नेहर पनि उमेर ढल्किँदै जाने क्रममा धर्मप्रति विश्वास गर्ने हुन्छन। जति घमण्डी भए पनि आफनो शरीर आफूले सम्हाल्न नसक्ने भएपछि छोराछोरील के हेर्ला र ? भन्ने प्रश्न उठने स्वाभाविकै हो। मसँग धन सम्पत्ति छ, छोराछोरी छन तिनीहरूले मलाई हेर्छन मैले किन धर्म गर्नुपर्‍यो भनी घमण्ड गर्नेहरूले पछि दुःख पाउँछन त्यसैले धर्मपदमा भनिएको छ।

पुतामत्थि धनमत्थि, इति बालो विहञ्जति।

अत्ताहि उत्तनो नत्थि, कुतो वुत्ता कुतो धन नि ॥

अर्थात मुर्खहरू विचार गर्छन कि मेरा छोराछोरीहरू छन, मसँग धनसम्पत्ति प्रशस्त छ भनी घमण्डी भएर बस्छन। आफनो शरीर त आफूले भने जस्तो हुन्न भने छोराछोरी र धनसम्पत्ति आफूले भनेजस्तै कहाँ हुन्छ ?

युवा अवस्थामा आफूभन्दा जेष्ठहरूलाई नियालेर हेरी म पनि त्यो अवस्थामा पुग्नुपर्छ भनि सम्झनुपर्छ। यता श्रीमतीको वियोगमा श्रीमानले धेरै दुःख पायो। न त छोराछोरी नै हेर्‍यो न त धनसम्पत्तिले। दान, शील र भावनाको अभ्यास श्रीमतीले सिकाए जस्तै गरेको भए बुढेसकालको साहारा हुन्थ्यो। आफूले सकेको बेला कुशल काम गरेर राखेको भए अन्तिम अवस्थामा त्यही कुशल चित्रको कारणले सुगतिमा जान सजिलो हुनेछ। त्यसैले हामीले कर्म र कर्मफलमा विश्वास गरी कहिल्यै नगरेको पापलाई कहिल्यै नगर्ने, गरिसकेको पापलाई मुन नदोहर्‍याउने कहिल्यै नगरेको कुशल कर्मलाई शुरू गर्ने र गरिसकेको कुशल कर्मलाई अभिवृद्धि गर्ने अनि ध्यान भावनाले नै निर्माण पुर्‍याउने भएको हुनाले ध्यान भावनाको अभ्यास गरी अन्तमा सारा दुःखबाट मुक्त हुने निर्माण सम्पत्ति लाभ गर्न सकोस।

●



Downloaded from http://dhamma.digital

# आजको युगमा धर्मका अनुयायीहरूको भूमिका

मनुष्य भएर सार्थक जीवन बाँच्न धर्मको आधार आवश्यकता छ। आजको युगमा धर्म अत्यन्त चाहिन्छ त, सत्ययुक्त धर्मको अनुशरण अनिवार्य छ। धर्ममा सत्य प्रकृति र नैसर्गिक स्वभाव हुनुपर्छ। कल्पना, मान्यता मतमनान्तर र स्वार्थन्धता धर्ममा निहित हुनुहुँदैन। व्यक्ति, जाति र सम्प्रदायको मूल्य मान्यताका आधारमा निर्मित या विकसित धर्मले सच्चा आध्यात्मिक विकास र दिगो सुख शान्तिमा तगारो मात्र हाल्दछ । धर्म भनेको त सार्वजनिक, सार्वकालिक र सार्वदेशिक हुनुपर्छ। आजको युगमा धर्मलाई यथार्थ रूपमा बुझेको छैन यदि बुझेको भए कैलाली टिकापुरमा त्यति धेरै मानिसहरूलाई दुःख पाउने छैन होला। अहिलेसम्म पनि भूकम्प आएको रोकिएको छैन। मानिस मानिसले झैंझगडा गरिरहेका छन। कोही मर्न र मार्नुको लागि डराई रहेका छन भने कोही खान नपाएर मरिरहेका छन त कोही भूकम्पले थिचेर अकालमै ज्यान गुमाइरहेका छन। यस्तो अवस्थामा मानिसको चित्तमा धर्म भनेको कहाँ छ ?

मानवले अथवा हामीहरूले धर्म गर्ने भन्छौं र आ-आफनो आस्था, विश्वास र मतानुसार धार्मिक कार्य भन्दै अल्मलिन्छौं, तर धर्मको सच्चा अर्थ के हो भन्ने कुरामा हामी अनभिज्ञ नै छौं। यसरी धर्मको वास्तविक स्वरूप नजान्दा धर्म गर्ने भन्दाभन्दै अधर्म गरिरहेका हुन्छौं। मैले बुझे अनसार धर्म भनेको चित्त शुद्ध गर्नु हो। चित्त शुद्ध हुने व्यक्ति लाखौंमा एकजना पनि कठिन रूपमा भेटाउन सकिन्छ होला। चित्तमा आउने रोग, द्वेष, मोह, अहंकार भावना हटाउनु नै धर्म हो। यहाँ त त्यस्तो होइन देवतालाई खुसी



Downloaded from http://dhamma.digital

पार्छौं, आफना ज्ञातिबन्धुलाई खुसी पार्छौं भन्दै नानाथरीका अधार्मिक क्रियाकलापलाई अँगाल्दै अधार्मिक बनिरहेका हुन्छौं। यसमा हाम्रो ध्यान पुगेकै हुँदैन। पूजाआजाद्वारा प्राणीको बली समेत दिई ईश्वरलाई रिझाउन खोज्छौं। बलीबाट प्राप्त मासुलाई देवताको प्रसाद भनेर नाना थररीका परिकार बनाई आफना परिवार र ज्ञातिबन्धुलाई भाज भतेर खुवाउँछौं। धर्मको नाममा हिंसाकर्मलाई अपनाउँछौं। यसरी त हामीले अपायको ढोका पो घच्घच्याउन थाल्छौं। यो हाम्रो अज्ञानताले गर्दा हो।

हामी धर्म मन्दिरमा, विहारमा, गुम्बामा, मस्जिदमा, चर्चमा, पुस्तक वा धर्मग्रन्थहरूमा खोज्छौं। फूल, अक्षता, धूप, दीप, नैवेद्यमा धर्म खोतल्छौं। धर्म त यहाँ हुँदैन। मन्दिरमा देवताको मूर्ति हुन्छ र एकजना पुजारी हुन्छ। विहारमा भगवान बुद्धको मूर्ति हुन्छ र त्यहाँ भिक्षु र भिक्षुणीहरू हुन्छन। गुम्बामा भगवान बुद्धको मूर्ति हुन्छ र लामा आनीहरू हुन्छन। चर्चमा इशुको प्रतिमा र पास्टर फादर हुन्छ। मस्जिदमा नमाम र इमाम हुन्छ। सबैको आफनो आफनो आस्था हुन्छ। मूर्तिमा भगवान देख्छौं। वास्तविक भगवानलाई चिन्दैनौं। आस्था र भावभक्तिको कारणले मन्दिर, विहार, गुम्बा, चर्च र मस्जिदमा गइन्छ। पुस्तक वा धर्मग्रन्थमा पनि धर्म हुँदैन। त्यहाँ त ज्ञानगुणका कुरा हुन्छन। हामीले अध्ययन गर्नुपर्छ। पढेपछि जसलाई हामीले लिनु छ र व्यवहारमा उतार्नु छ।

बौद्ध धर्म अनुसार धर्म हाम्रो काय वाक र चित्तको सम्यक आचरणमा हुन्छ। सत्य युक्त धर्मलाई नै सद्धर्म भनिन्छ। त्यस धर्मलाई पहिला सुन्नुपर्छ, त्यसपछि चिन्तन गर्नुपर्छ अनि धारण पालन गर्नुपर्छ। धर्म श्रद्धाबाट विकसित भएको हुनुपर्छ। श्रद्धा अन्धश्रद्धा होइन, सम्यक श्रद्धा नै सद्धर्मको बलियो जग हो।

धर्म भनेको पञ्चशील पालना गर्नु हो। पञ्चशील भन्दा प्राणी हिंसा गर्नु हुँदैन, अर्काको धन सम्पत्ति चोरी गर्नु हुँदैन, व्यभिचारी गर्नु हुँदैन, झुठ कुरा गरेर अरूलाई झैझगडा गराउनु हुँदैन र अमल पदार्थ सेवन गर्नु हुँदैन भनेर उपदेश दिनु हुन्छ। तर, अनुयायीहरूले नै पालन गर्दैनन भन्ने उपदेश मात्र कितावले र भगवान बुद्धले, इशुले, रामले कृष्णले र इमामले के गर्ने ? मानिस स्वयं आफना सुख र दुःखको विधाता हो। ऊ बाहेक उसलाई सुख



Downloaded from http://dhamma.digital

वा दु:ख दिने अरू कोही छैन । ऊ आफैं शत्रु हो र आफनो मित्र स्वयं आफैं हो । यदि कुनै मानिस पाप कर्म अकुशल कर्म गर्दै हिँडछ भने त्यसलाई दु:ख हुन्छ । त्यो दु:ख दिने शत्रु अरू कुनै व्यक्ति नभएर उसैको कर्म फल हो । जो आफैंलाई दु:ख हुने कर्म गर्छ, त्यही ने  बुद्धिहीन र मूर्ख हो ।

उपमाको लागि एउटा घटना बताउन चाहन्छु । श्रावस्ती नगरमा केही मानिसहरूले बौद्ध भिक्षुबाट धर्म उपदेश श्रवण गरी स्रोतापन्न हुने उद्देश्यले एउटा कार्यक्रमको आयोजना गरे । कार्यक्रममा दिनभर रातभर मानिसहरूको उपस्थिति थियो । भिक्षुले धर्म देशना गरिरहनु भएको थियो । धर्म देशना सुन्नेहरू कोही उठेर गए, कोही निदाए, कोही आलस्य भएर लम्ससार परे । धर्म देशना समाप्त  हुन्जेलसम्म त्यहाँ दुई चारजना मात्र ध्यान दिएर सुनिरहेको अवस्थामा थिए । धर्म देशना सुन्ने र बस्ने इच्छा गर्ने र सफल हुनुमा धेरै फरक छ । जीवनमा सफलता हासिल गर्नका लागि इच्छा शक्तिका साथै क्रियाशक्ति र पतिक्षा शक्ति पनि उत्तिकै आवश्यकता छ ।

भन्नु र गर्नुमा धेरै फरक छ धर्मको अनुयायीहरूले आ-आफनो धर्म राम्रो सित बुझेको भए यो संसार सुख र शान्तिमय हुने थियो । आफूले गरेर आएको सदाचार कुशल कर्मको फलबाट सुखद र दुराचार अकुशल कर्मको फलबाट दु:खद हुन्छ । मानौं मैत्री, करूणा र मुदिता सदाचार कुशल हो र लोभ, द्वेष, क्रोध अकुशल दुराचार हो । तपाई अथवा हामीहरू क्रोध गरेर अगाडि भएको मानिसलाई गाली गर्छौं । काय वाक र चित्तबाट लागि गर्नु भएको छ भने त्यसको फल तुरून्तै देख्न पाउनु हुनेछ । अक्रोध, मैत्री करूणा र मुदिताले गरिएको पूण्य कुशल व्यवहारले आफू र आफनो सम्पर्कमा आउने दुवैलाई शान्ति र सुख हुन्छ । मैत्रीले नै हामीहरूलाई सुखसँग जीउन सिकाउँछ, मैत्री,  करूणा र मुदिता पनि धर्मको बलियो शाखा हो । बिना मैत्रीले परस्पर मिल्न सक्ने छैन । यदि मानवता हो भने मैत्री, करूणा, भएको मात्र हुनसक्छ । सबै धर्मको अनुयायीहरूसँग चत्तुब्रम्ह विहार अत्यन्त आवश्यक छ । आफूसँग मात्र भएर हुँदैन, त्यसलाई व्यवहारमा उतार्नु पर्छ । आजकल यो जुनी मैत्री, करूणा, उपेक्षा र मुदिता भावना व्यवहारमा नभएको कारण तँ र म, तिमी र तिम्रो भन्ने भावना भएको हो । असन्तुष्टका कारण सुख र दु:ख भई आएको सबै तृष्णा भित्र कुनै कुराको निमित्त इच्छा राख्ने र



Downloaded from http://dhamma.digital

यसमा आशक्त हुने, इन्द्रिय सुख धन शक्ति मात्र होइन, अवधारणा विचार र आदर्शहरू सिद्धान्तहरू, विश्वासहरूमा टाँसिने स्वभाव वा आशक्त पनि पर्दछ ।

भगवान बुद्धको विश्लेषण अनुसार संसारमा सबै दु:खहरू संघर्ष, साना व्यक्तिगत र पारिवारिक झैं झगडादेखि राष्ट्रहरू, देशहरू बीच ठूला लडाई पनि स्वार्थ पूर्ण तृणाको कारणबाट नै हुन्छन वा उठछन । यस दृष्टिकोणबाट सबै आर्थिक राजनीतिक र सामाजिक समस्याहर यही स्वार्थी तृष्णामा नै जरो गाडेर रहेको हुन्छ । महान राष्ट्रका सेवकहरू र अन्य कुटनीतिक तवरले सहरमा गएर लडाई र झगडाको कुरा छिनोफानो गर्ने प्रयास गर्दछन तर, कहिले पनि समस्याको साँच्चैको भित्री गहिरो जरोसम्म पुग्दैनन ।

सबै धर्ममा कुशल कर्मले कुशल परिमाण दिन्छ र अकुशलले अकुशल परिणाम दिन्छ । तृष्णा इच्छाद्वारा गरिने काम, धर्म असल वा खराव भए पनि आफनो परिणाम दिने शक्ति हुन्छ । असल वा खराव दिशातिर निरन्तर प्रभाव पार्ने शक्ति हुन्छ । असल वा खराव काम गर्दछ तापनि कर्म सञ्चय गर्दैन किनभने ऊ आत्माको गलत धारणाबाट मुक्त हुन्छ, निरन्तरता भएको तृष्णाबाट अलग्ग हुन्छ । सबै किमिसका अरू क्लेशहरू र अशुद्धबाट ऊ मुक्त हुन्छ । उसको लागि पूर्ण जन्म हुँदैन ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# बिरामी पतिलाई आश्वासन

हामीलाई लाग्ने रोग दुई प्रकारका हुन्छन, शारीरिक रोग र मानसिक रोग । कुनै पनि शारीरिक रोगलाई ठिक पार्नको लागि विरामीले चिकित्सकको सल्लाह अनुसार औषधि सेवन गर्नु पर्ने हुन्छ भने मानसिक रोग निको पार्नको लागि भने विरामीले ज्ञानी व्यक्तिहरू, विद्वान व्यक्तिहरूका साथै मनोचिकित्सकको सल्लाह अनुसार त्यस विमारले व्यवहारमा उतारेर आफनो मनस्थितिलाई सकारात्मक बनाउनु पर्ने हुन्छ । यसो गरेमा कुनै पनि रोग चाँडै नै निको हुन सक्छ ।

भगवान बुद्धको समयमा उहाँलाई एउटा डाक्टरको रूपमा पनि लिने गरिन्थ्यो । त्यसबेला धर्मलाई औषधि र संघलाई विरामीको रूपमा लिइन्थ्यो । त्यस समयमा कोही विरामी भएमा बुद्ध भगवानको उपदेश र सल्लाह अनुसार नियम पालन गर्दा विरामी सन्चो भएको कुराहरू प्रसस्तै सुनिन्थ्यो । त्यसकारण भगवानलाई त्यसबेलाको एउटा महान डाक्टर भनेर पनि चिन्न सक्छौं । भगवान बुद्ध नेपालको लुम्बिनी वनमा ईसापूर्व ५६३ मा जन्मनु भएको थियो । उहाँले ३५ वर्षको उमेरमा सम्पूर्ण ज्ञान प्राप्त गरेर सर्वज्ञ बुद्ध हुनुभएको थियो । उहाँले प्राप्त गर्नु भएको बौधिज्ञानलाई सर्वप्रथम वाणारशी, सारनाथ, ऋषिपतन, मृगमन नेपालकै पाँचजना ब्राम्हणलाई धर्मचक्र प्रवर्द्धन गर्नु भएको थियो । भगवान बुद्धले आफनो पहिलो वर्षावास सारनाथ भन्ने ठाउँमा बिताउनु भएको थियो भन दोस्रो, तेस्रो र चौथो वर्षावास सुसुमार गिरीमा बस्नु भएके थियो । जुन ठाउँ वाणारसी सहरबाट लगभग ४५ किलोमिटर दुरीमा स्थित छ भन्ने कुरा सम्राट अशोकको सिलालेखमा लेखिएको पाइन्छ ।

श्रावण, भाद्र र आश्विनमा वर्षाकालमा तीन महिनाभरी पानी मात्र



Downloaded from http://dhamma.digital

परिरहने र जसको कारणले गर्दा भिक्षु भिक्षुणीहरूलाई धर्मप्रचारको लागि बाहिर जान गाह्रो हुने हुनाले भगवान बुद्धले त्यो तीन महिनाभरी भिक्षु भिक्षुणीहरूले एउटै विहारमा मसानघाट सव मुनि जहाँ आफूलाई पायक पर्छ त्यहाँ बसी १३ वटा घुहाङ्ग नियम पालन गरेर बस्नु पर्ने भनी नियम बनाइदिनु भयो । जन नियमलाई नै वर्षाबास भनिन्छ ।

यस प्रकारको वर्षाबासमा एक हप्ताको ६ रात आमा, बा, गुरू, बुद्ध धर्म र संघको काममा बाहिर सुत्न जान हुने तर सात रातमा अधिष्ठान गरेको ठाउँमा नै आएर सुत्नु पर्ने भनी नियम बनाउनु भयो ।

त्यस समयमा भारत ५२ राज्य अथवा प्राप्तमा विभाजित थियो । जबकी अमेरिकामा मात्र ५० वटा प्राप्त थियो । भारतलाई त्यसबेला भूमिराज पनि भनिन्थ्यो । त्यहाँको घडियाल आकारको पहाडलाई अहिले संसुमार गिरि भनी चिनिन्छ । यो ठाउँमा भएको अति नै रमणीय हरियाली रूख, विरूवा, ढुङगै-ढुङगाले भरिएको, पानीको स्रोत प्रसस्त भएको कारणले यो ठाउँ अति नै आनन्दमयी र अकर्षक छ । संसुमार गिरिको केही किलो मिटर पर चुनार गढ भन्ने ठाउँ छ । त्यस ठाउँमा महाराज अशोकले शिलापत्रमा यसरी उदृत गर्नु भएको छ कि, “जब म यहाँ पुगेँ र यहाँको बारेमा सुने तब म पूरा बौद्धमार्गी भएको हुँ ।”

भगवान बुद्ध यो संसरमार गिरि राज्यमा आएर बराबर वर्षावास गर्नुहुन्थ्यो । त्यस ठाउँमा आउनको लागि उहाँलाई कसैले पनि निमन्त्रण गर्नुपर्दैथ्यो । किनकि पूर्वजन्मदेखि नै उहाँको नाता थियो । बोधिसत्वको समयमा नकुल माता पिता भगवान बुद्धको पाँच सय वर्षसम्म भएर आएका थिए । बोधिसत्वको ५ सय वर्षसम्म नै उनीहरू नातेदार नै भएका थिए । जसको कारणले गर्दा उहाँलाई सबैले नै माया गर्ने गर्दथे । पुष्पे वासने हितेन : पहिले पहिलेको जन्मको नाता वा माया, ममता, करूणाको कारणले गर्दा पनि कोही व्यक्तिसँग यस जन्ममा भेटदा पनि एकै भेटमा आफनो जस्तो लाग्नुको साथै अति नै प्यारो र नजिक हुन पुगिन्छ । यो हाम्रो जन्मौंजन्मको नाताको कारणले गर्दा यस्तो हुन गएको हो ।

अमेरिकामा जाँदा मलाई पनि यस्तै भयो कि दाताहरूले मलाई भोजनको लागि एउटा होटलमा लग्नुभयो । त्यस होटलको मालिकलाई देख्ने



Downloaded from http://dhamma.digital

बित्तिकै चिनेको नजिकैको व्यक्ति जस्तो लागेर उहाँसँग मैले प्रश्न गरे हजुर यहाँ कहिले आउनुएको ? नेपालमा देखेथे तब उहाँले जबाफ दिनुभयो म नेपालमा कहिले पनि आएको छैन । म अमेरिकामा आएको ३० वर्ष भयो । त्यस बेला उहाँले नै भन्नुभयो, पूर्व जन्मको नाता होला भनेर । त्यसपछि उहाँले आज मैले नै भाजन दान गर्छु भनेर हामीहरू दशै जनासँग पैसा लिनु भएन ।

पच्छुपन्न हितेन : हामीहरूले सकेसम्म सबैको भलो हुने कार्य गर्नु पर्छ । यदि हामीले सबैलाई आफनै सम्झि माया ममता, मद्धत, उपकार गरेर प्रेमभावले बाँध्न सक्यौं भने पुण्यको प्रभावले पछि जन्ममा नै आफूले पनि सुख, सुविधा, माया प्रेम पाइनुको साथै आफनो जीवन स्वर्ग जस्तो भइ धन्य हुन जान्छ ।

यसैगरी भगवान बुद्धले सबैका कल्याणको हेतुले बराबर बर्खावास बस्ने गर्नु हुन्थ्यो । भगवान बुद्ध, संसुमार गिरिमा वर्षाबास बस्नु भएको बेला नकुल पिता अचानक विरामी हुनुभयो । बच्चाहरू र तरूनी श्रीमतीको चिन्ताको कारणले नकुल पितालाई खाना खान मन पनि लागेन र निद्रा पनि लाग्न छोडदै गयो, जसको कारणले उहाँ झन झन दुब्लाउँदै जानुको साथै विरामी ठिक भएन । मानसिक चिन्ताको कारणले रोग ठिक नभएको भन्ने कुरा नकुलकी आमाले थाहा पाएपछि नकुलमाताले आफनो श्रीमानलाई आफनो काखमा सुताएर कपाल सुम्सुम्याउँदै सम्झाउदै भनिन 'नकुलको बाबा तपाईले के कल्पना गर्नु भएको ? के तपाई बित्नु भयो भने म तरूणी छु र नकुनले दु:ख पाउला भनेर सोचेर चिन्ता गर्नु भएको होला । तपाईले चिन्ता गर्नुपर्दैन । म नकुललाई छाडेर कहि पनि जान्न यो बच्चालाई राम्ररी पालन पोषण गरेर पञ्चशीलमा पालना गरेर नै बस्ने छु । ध्यान र मैत्री भावमा नै बस्नेछु । यो शरीर भनेको अनित्य हो उत्पती र बिनाश त हुन्छ भनै त्यसकारण तपाईले म र छोरा नकुलको बारेमा कुनै पनि चिन्ता लिनु पर्दैन बरू शान्त मन लिएर रोग निको पार्नको लागि औषधि खाएर शान्तिका साथ सन्तुस जसले गर्दा रोग चाँडो भन्दा चाँडो निको हुन्छ' भनी आश्वासन दिइन । श्रीमतीको यस्तो आश्वासन सुनेपछि नकुल पितालाई बिना औषधि नै रोग निको हुन गयो । दिनरातको सेवा र मैत्री भावको कारणले नकुल पिता श्रीमतीप्रति अति नै प्रभावित भई जन्मौं जन्म यस्ती श्रीमतीको साथ पाउनको



Downloaded from http://dhamma.digital

लागि के गर्नु पर्ला भनी बुद्ध समक्ष प्रार्थना गर्न पुगे ।

भगवान बुद्धले ४ वटा नियम पालन गरेमा जन्मौंजन्मसम्म पनि साथ रहन सक्ने जबाफ दिनु भयो । जुन ४ नियमहरू यस प्रकारका छन :

१) सम्म सत्ता : सम्मसत्ता भनेको समानता, बराबर हो जसमा दुवैजनाको इच्छा अनुरूप कुनै पनि कार्य हुनुपर्छ । दुवैजनाबीच एकअर्कामा श्रद्धा र सम्मान हुनुपर्छ ।

२) सम्मशील : दुवैजनाले शील पालना गर्नुपर्छ । दुवै जनाले एउटै बराबर शील लिनु पर्छ । एक जना पञ्चशील र अर्को अष्टशील हुनु हुँदैन । दुवै जनाको इच्छा अनुरूप कार्य हुनुपर्छ । अर्काको श्रीमान श्रीमतीलाई हेर्नु हुँदैन ।

३) सम्म त्याग : दुवै जनाको त्यागको भावना बराबर हुनुपर्दछ । उदाहरणको लागि एक जनाले दान दिने इच्छा गर्दा अर्कोले पनि साथ दिने वा दुवैको सहमति हुनु पर्ने हुन्छ । जसले गर्दा शान्ति र मेलमिलाप हुने गर्दछ ।

४) सम्म पञ्ञा : दुवै जनाको विचार एउटै हुनुपर्दछ । दुवैले एक अर्काको भावना बुझ्नु पर्दछ । दुवैमा सहने क्षमता र प्रज्ञा हुनुपर्दछ । शरीर अलग-अलग भए तापनि चित्त विचार इच्छा, एउटै र मैत्री भाग हुनु पर्दछ । जसको कारण पुण्यले गर्दा जन्मौंजन्मसम्म पनि आफनै श्रीमान र श्रामती भई जन्म लिनु पाइनेछ भनी भगवान बुद्धले नकुल बाबालाई जबाफ दिनुभयो ।

बुद्ध भगवानले यस्तो कुरा सुनी नकुलको बाबा खुशी भएर घर फर्की आफनो श्रीमतीलाई बुद्धले भन्नुभएको कुरा सुनाउनु भयो । यी कुराहरू सुनेपछि दुवै श्रीमान श्रीमती परस्पर मैत्री, करूणा, मुदीता भावनाका साथ मिलर यस जन्मम स्वर्गको जीवन जस्तै गरी अति नै आनन्दपूर्वक बिताउनु भयो । खान नपाए पनि सुख शान्ति र मेलमिलापका साथै एकआपसमा मुदीता र करूणा भावना राख्नु नै बुद्धको सिद्धान्त हो ।

●



Downloaded from http://dhamma.digital

# विपश्यना ध्यान र योगामा फरक

ध्यान र योगामा धेरै अन्तर देखिन्छ । कारण ध्यान गर्नाले चित्तलाई शुद्ध पार्न मद्दत दिन्छ र त्यस्तै योगा गर्नाले शरीरको रोग निर्मुल पार्न मद्दत दिन्छ । जस्तै ध्यानले चित्तमा आएको राग, द्वेष, मोह, लोभ, अहंकार र अन्धकारलाई हटाउछ भने योगा गर्दा शरीरमा भएको विकारहरूलाई हटाई सहज र सरल बनाउन मद्दत गर्छ र शरीरलाई स्वस्थ र स्फुर्ति जगाउछ । योगा पनि अलगअलग किसिमले गरिन्छ जस्तै कपालभाटी, अनुलोम विलोम, सुर्य नमस्कार इत्यादि र अर्को व्यायामबाट पनि यसले नसा सम्बन्धी र हाड जोर्नी रोमलाई विशेष रूपले निर्मुल हुन मद्दत पुराउन्छ । ध्यान र योगा जति फरकफरक भए पनि यी दुबै एक आपसमा परस्पर छन ।

योगा हजारौं वर्ष पहिलेदेखी नै बोधिसत्व तथा ऋषिमुनिहरू द्वारा एकान्त ठाउँ गई योगा र ध्यान भावनामा लिन भएको ग्रन्थी तथा लेखहरूमा पाएका छौं र अर्को कुरा ध्यान र योगा बीच किन एकापासमा परस्पर मान्छौ त्यो हो दुबैमा एकाग्रता हुन्छ । अब हामीले चित्त सम्बन्धी करा बुझौं कि कर्म भनेको चित्तबाट आउने चेतना हो । कर्म बन्ने द्वार तीनवटा हुन्छन । काय-द्वार, वची-द्वार, मनो-द्वार यी तीन द्वार मध्य मनो-द्वारबाट गरिएको कर्म नै प्रमुख हुन्छन । मनले चिताएपछि मात्र वचन र शरीरले कर्म गर्छन । मनको राम्रो नराम्रो कर्मको फल पनि त्यसैअनुसार हुन आउछ ।

त्यसैकारण भगवान बुद्धले चित्तलाई नै प्रथम स्थान दिनुभएको छ ।

मनोपब्बङ्गमा धम्मा मनोसेटठा मनोमया

मनसा चे पदुठेन भासति वा करोतिवा

ततो नं दु:ख मनवेति चक्क व वहतो पदं)



Downloaded from http://dhamma.digital

*(अर्थ : जुन काम गर्दा पनि मन नै सबै भन्दा अगाडि सर्छ । मन नै श्रेष्ठ छ र सबै मनोमय नै हुन । त्यसैले मनभित्र पाप राखी अशुद्ध कर्म गर्छौं, बोल्छौं त्यसको फलस्वरूपमा दु:खको भण्डार पछिपछि आएको हुन्छ ।)*

त्यस्तै जसले मन, वचन शुद्ध राखी अरूको सेवाभाव, उपकार गर्छ उसले मलाई पुजेको हुन्छ भनी भगवान बुद्धले भन्नु भएको छ ।

चित्तलाई (मन) विज्ञान पनि भनिन्छ । स्कन्धको रूपमा विज्ञानलाई प्रयोग गर्दा मनलाई चित्त मान्दछ । यसले शरीर देखिन्छ तर मन अथवा चित्तलाई देखिदैन । जस्तै उपमाः हावा छ तर त्यसलाई देख्न सकिन्दैन त्यस्तै मन (चित्त) लाई देख्न नसकिने मनको संयोग नै जिवन हो ।

हाम्रो भाषामा प्रयोग हुने शब्दमा हामीले चित्त अथवा मनलाई नाम भनिन्छ । नामको आकार हुँदैन तर रूपको आकार हुन्छ । आकार नभएको नाम र आकार भएको रूपसँग दुबै एकापास मा घनिष्ठ सम्बन्ध छन जस्तो चित्त मनको आदेश बिना रूप निर्जीव सरह केहीगर्न नसक्ने हुन्छ त्यस्तै रूप बिना नाम वा चित्तको कुने अर्थ नै रहदैन ।

चित्तको वास्तविक स्वभाव मुहानको निर्मल र शुद्ध पानी जस्तो हुन्छ । त्यस्तै मानव प्राणी जन्म लिन्दा पनि उस भित्र शुद्ध, राग, द्वेष, मोह, लोभ, लालच, कोध हुँदैन यसले अन्तसम्म पनि आफ्नो मुल स्वभाव छोडदैन त्यसलाई चित्त परमार्थ-धर्म भन्दछन । चित्तलाई फोहर पार्ने चैतशिक तत्वले गर्दा नै हा । चित्तमा कहिले लोभ, द्वेष, मोह, त कहिले अलोभ, अद्वेष, अमोह र अन्य चेतशिकहरू भेटन आउछन । जसले चित्तको अवस्था र स्तरको निर्धारण गर्दछ । त्यसैकारण चित्त एकनास को हुँदैन परिवर्तनशील भैरहन्छ, उत्पत्ति विनाश भइरहन्छ । चित्तको उत्पत्ति आलम्बन र हेतु (मतलब-कारण) मिलेर हुन्छ । मन भएन भने आलम्बनको अस्तित्व हुँदैन र हाम्रा पाँच इन्द्रीयहरूको पनि अर्थ हुँदैन । पाँच इन्द्रीय भन्नाले (आँखा, कान, नाक, मुख, र शरीर) यस पाँच तत्वमा चित्त हुँदैन र यी पाँच तत्वलाई योगामा सामेल गर्न सकिन्छ । तर बिना चित्तको यो पाँचवटा अंगहरू योगाद्वारा चलाउनु सक्दैन । तर योगा विना चित्तलाई सफा र शुद्ध राख्न सकिन्छ । र चित्त शुद्ध भएको कारणले जन्ममरण मुक्त भएर निर्वाणको मार्गमा पुग्न सकिन्छ । र शरीर स्वस्थ भए पाँच इन्द्रीय शक्तिलाई पनि आफ्नो नियन्त्रणमा राख्न



Downloaded from http://dhamma.digital

सकिन्छ । उपमा दिंदा जस्तो, बिजुली र चिम एकापसमा जोडिनेछ त्यस्तै शरीर र चित्तको पनि सम्बन्ध जोडिएको छ ।

शरीर र चित्त बीच कुनै काम फरक फरक भए पनि एकापसमा जोडेछ । कहिलेकाहिँ शरीर र चित्त जोडिन नसक्दा त्यसबाट निस्कने दु:खलाई अवमात गराउँछ । त्यस्तै केही दिन अगाडि नेपालमा (२०७२ बैशाख १२ गते शनिवार र २९ गते मंगलवार) भएको महाभूंकपबाट धेरै नै धन, जनको नोक्सानको परिणाम भोग्नु पऱ्यो र त्यसको परिणाम अहिलेसम्म भोग्नु परिरहेछ । जतातते त्रासै त्रासले जनमानसहरू बाँच्न विवश भैरहेछन । धेरै ठूलो नोक्सानले गर्दा जनमानसलाई आफ्नो शरीर र चित्तलाई राम्रोसँग नियन्त्रणमा ल्याउन सकिरहेका छैनन र दु:ख भोग्नु परिरहेछ । तर जसले धर्म-उपदेशको ज्ञानलाई अभ्यास गरी सार्थक मान्यो, बुझ्यो उसले यो महाभुकम्पको त्रास र दु:खको जंजालबाट बाहिर निस्कन सक्यो । यो सबै प्राकृतिक-परिवर्तनशील हो र यसलाई रोकेर राख्न सक्दैन र उत्पत्ति भए एक दिन विनाश पनि हुन्छ । जसले यी कुरा बुझ्े उसले यस्तो त्रासुपर्ण घटनामा पनि आफ्नो शरीर र चित्तलाई नियन्त्रणमा ल्याउन सक्छ ।

योग-साधना समस्त मानव जातिको शारीरिक श्रपले सदैव स्वस्थ्य रहनको लागि परापूर्व कालदेखि चलि आएको कियाशील विज्ञान हो । योग कुनै जातिवाद सम्प्रदाय र सिद्धान्तसँग सम्बन्ध छैन । योग साधनाको अभ्यासले मात्रै हामी सदेव स्वस्थ एवं निरोगी हुनमा मद्दत दिन्छ । त्यस्तै चित्तको रोग विपश्यना ध्यान गर्नाले मात्र निर्मुल पार्न सक्छ ।योगाको प्राणायाम विभिन्न प्रकारका छन । जस्तै : नारीशोधन, भ्रामरी, उज्जयी, मास्त्रिका, कपालभाती, शीतली, शीतकारी, सुर्यमोदन आदि ।

ध्यान ४० प्रकारका छन । तर विपश्यना ध्यानलाई ४ प्रकारले हेर्न गर्छ । जस्तै : कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना, धम्मानुपश्यना । यी चार किसिमको ध्यानलाई एकाग्रह गरी हेर्नेलाई विपश्यना भन्दछ ।

●



Downloaded from http://dhamma.digital

# आधुनिक विज्ञानको दृष्टि र बुद्ध दर्शन

आजभन्दा २६०८ वर्ष अघि भगवान बुद्धले प्रतिपादन गर्नुभएको हेतुवाद सिद्धान्त सांसारिक र प्राकृतिक चिजबाट स्वभावधर्म अनित्य यो संसार सबै अथवा जति उत्पन्न भइरहेको छ त्यो सबै अनित्य भएर जानेछ । नित्य केही पनि छैन । सबै वस्तुहरू उत्पत्ति हुन्छ र विनाश भएर जान्छ र जानेछ । दुःख हाम्रो जीवन दुःखै दुःखले भरिएको छ । दुःख धेरै प्रकारका छन । त्यसमध्ये आफूसँग नमिल्नेसँग मिलेर बस्नुपर्ने झन ठूलो दुःख हो। मानिसहरूले यस्तो दुःख साधारण दुःख हो भन्ने ठान्दछन । आफूले चाहेको, इच्छा गरेको भएन भने दुःख हुन्छ । आफूलाई चाहेको, मनपरको, इच्छा गरेको, मन परेकाहरूसँग वियोग भएर बस्दा दुःख हुन्छ । मन नपरेको व्यक्तिसँग बस्नुपर्दा धेरै नै दुःख हुन्छ । तर आफूले भनेजस्तो, चाहेजस्तो कहाँ हुन्छ र यो संसार त दुःखै दुःखको खानी हो । त्यसो भएर हाम्रो समाजमा र घरमा छिट्टै अलग भएर बस्ने चलन भएर आएको हो । अलिकति कुरा मिलेन भने क्रोध उत्पन्न गरी झगडा सुरू भइहाल्छ । यस्तो दुःखबाट मुक्ति पाउनको लागि छिट्ट अलग बस्न खोज्छ । तर जस्तो गरे पनि जता गए पनि सुख कहिल्यै पाउँदैन । हामीले जन्मने बित्तिकै दुःख बोकेरै जन्मेका हौं । त्यसैले स्मृति राख्न सकेनौं सत्य धर्मलाई बुझ्न सकेनौं भने कहिल्यै दुःखमय संसार चक्रबाट अलग्गिन सक्दैनौं । अन्त्यमा बुद्धको सिद्धान्त अनुसार संसारमा भएका सबै प्राणीहरूमा आत्मा भन्ने चीज छैन । अनात्मा छ, परिवर्तनशील छ ।

सम्पूर्ण प्राणीहरूमा मन नै प्रमुख हुन्छ । राम्रो नराम्रो चित्त (मन) ले नै कर्म निर्धारण गर्छ र आफू पुग्ने गति पनि । हाम्रो चित्त सदैव एकनासको छैन । क्षण क्षणमा परिवर्तन भइ नै रहन्छ । हामी सानो छँदा लोभ, क्रोध धेरै हुँदैन । ठूलो हुँदै जाँदा लोभ पनि बढदै गएको त्यस्तै ज्यानै लिने जस्तो



Downloaded from http://dhamma.digital

क्रोध उत्पन्न भएको पनि पाउँछौं। यसरी परिवर्तनशील मनको स्वभावलाई हामी आफैले थाहा पाउनुपर्दछ। र त्यो थाहा पाउन ध्यान भावना अभ्यास गर्नु अत्यन्त आवश्यक छ। वैज्ञानिक यन्त्रहरूको पनि नाप्न र किटेर भन्न नसक्ने चित्तका स्वभाव र वेगलाई ध्यान अभ्यासले प्रष्ट पार्न सक्दछ। वैज्ञानिक अनुसन्धानले पत्ता लगाएका केही कुरा र बौद्ध दर्शन कतिपय ठाउँमा मिल्दा हुन्छन। त्यसैले बुद्ध दर्शनलाई वैज्ञानिक दर्शन पनि भनिन्छ। जस्तै : बौद्ध दर्शनमा यो संसार पानी, आगो, माटो र हावाले बनेको हो भन्छ र विज्ञानले पनि यो चतुमहाभूतको नियमलाई स्वीकारेको छ। पृथ्वीमा पानी ३ भाग र माटो १ भाग मात्र छ भनी विज्ञानले भन्दछ र बुद्ध दर्शनमा पनि यही कुरा उल्लेख भएको पाइन्छ। अरूको भनाइलाई मात्र विश्वास नगर्ने आफूले नै उपयोग गरेर हेर्नुपर्दछ। किनभने भगवान बुद्धले संसारको त्रिलक्षण स्वभाव धर्म अगाडि सारी मानिसहरूलाई उनीहरूको आ आफनो क्लेशहरू अर्थात मनका चित्तका  दुषित भावनाहरू लोभ, द्वेष, मान, मोह, लालच, अभिमान, मिथ्यादृष्टि आदि हटाई विवेकशील भई शुद्ध आचरण सहितको जीवन यापन गर्न सिकाउनुभएको छ। यसको साथै भौतिक भोग विलासमा मात्रै नडुबी चतुआर्य सत्यलाई बुझ्नुपर्दछ भन्नुभएको छ। चतुआर्य सत्य भनेको :

१. दुःख सत्य : संसार दुःखै दुःखले व्याप्त छ। दुःख ८ प्रकारका छन। ती हुन जन्म हुनु दुःख, वृद्ध हुनु दुःख, रोगले ग्रस्त हुनु दुःख, मृत्यु हुनु दुःख, विलाप गरी रून, कराउनुपर्ने दुःख, मन नपर्नेसँग बस्नुपर्ने दुःख, मन पर्नेसँग बस्न नपाउनु दुःख, इच्छा गरेर नपुग्नु दुःख। संक्षिप्तमा भन्दा पञ्च उपादानयुक्त शरीर धारणा गर्नुपर्ने नै दुःख हो।

२. दुःख समुदय सत्य : फेरि फेरि जन्म लिनु अथवा जन्म हुनु, रोगबाट मुक्त अथवा उत्पन्न भएको ठाउँमा अभिनन्दन गराउने तृष्णा हो। यसलाई नै दुःख समुदय सत्य भन्दछ। तृष्णा ३ प्रकारका छन :

क) काम तृष्णा - कुनै विषयवस्तुमा भागमग्न हुनुमा आनन्द लिने।

ख) भव तृष्णा - फेरि फेरि जन्म लिने इच्छा गर्ने।

ग) विभव तृष्णा - उच्छेद, नित्य, अस्थिरता, विक्षेपको इच्छा गर्ने।

३. दुःख निरोध सत्य : सम्पूर्ण तृष्णाको निरोध गर्नु, त्याग गर्नु,



Downloaded from http://dhamma.digital

मुक्तिको मार्ग पाउनु, सम्पूर्ण दु:खबाट मुक्त हुनु नै दु:ख निराध अति सत्य हो ।

४. दु:ख निरोधगामिनी प्रतिपक्ष अर्थ सत्य : यस आर्य सत्यलाई हामीले आर्य अष्टाङ्गिक मार्ग भनेर पनि निम्न प्रकारले बुझ्न सक्दछौं ।

क) सम्यक दृष्टि - दु:ख र दु:खको हेतु दु:ख निरोध, दु:ख निरोधको बाटो, यी सबै विषयको ज्ञानलाई अवबोध गर्न सक्ने ज्ञान हो । काय, वाक र मनले गर्ने कुशल, अकुशलको सही तरिकाले बुझ्नु नै सम्यक दृष्टि हो ।

ख) सम्यक संकल्प - हिंसा, व्यभिचार, चोरी जस्ता अकुशल कर्मबाट अभाक्ष्गिने र कुशल कर्महरू मात्र गर्छु भन्ने दृढ आत्माविश्वासलाई नै सम्यक संकल्प भनिन्छ ।

ग) सम्यक वाचा - झुठो नबोल्नु, चुक्ली नगर्नु, सारयुक्त प्रिय वचन बोल्नुलाई नै सम्यक वाचा भनिन्छ ।

घ) सम्यक कर्मान्त - प्राणहिंसा गर्नु, चोरी गर्नु, व्यभिचार गर्नु, मादक पदार्थ सेवन गर्नु जस्ता अकुशल कर्महरूदेखि विरक्त र कुशल कर्म गर्नुलाई नै सम्यक कर्मान्त भनिन्छ ।

ङ) सम्यक आजीविका - प्राणीहिंसा गरेर मासु बेच्ने, मारकाट गर्ने हातहतियारहरू बेच्ने, अम्मल पदार्थहरू बेच्ने, विष बेच्ने, मानव व्यापार, देह व्यापार जस्ता अमानवीय व्यापारहरू नगरी शुद्ध रूपले, मानवीय ढंगको व्यापार गर्नु नै सम्यक आजीविका हो ।

च) सम्यक व्यायाम - पञ्च इन्द्रियहरूबाट उत्पन्न हुने अकुशल कर्महरू रोक्ने, अर्थात पाप कर्महरू नगर्ने, कुशल कर्म गर्नेतर्फ मिहेनत हुनु, उद्योग गर्नु, चित्त एकाग्र गर्नु, खराब भावनालाई रोक्नु, राम्रो भावना उत्पन्न हुन दिनु, अकुशल भावना उत्पन्न हुन नदिनु, कुशल भावनालाई रक्षा गरेर राख्नु, बृद्धि गर्नु । यही नै सम्यक व्यायाम हो ।

छ) सम्यक स्मृति - आफूले गर्ने हरेक कृयाकलापहरूमा स्मृतिजन्य हुनु, आफूले गरेका कार्यहरू कुशल हो भनी थाहा पाई कुशल कार्यहरू मात्र गरी त्यसमा होस राखी बस्नु नै सम्यक स्मृति हो ।



Downloaded from http://dhamma.digital

ज) सम्यक समाधि : कुशल कार्यमा चित्त एकाग्र गर्नु नै सम्यक समाधि हो । अर्थात समय भावना, विपश्यना भावनामा मन एकाग्र गरी परिशुद्ध हुन् नै सम्यक समाधि हो ।

दान, शील भावनामय आर्य अष्टांगिक मार्गको अभ्यास गरी चित्त निर्मल हुन्छ । वास्तवमा शान्ति त्यसैबाट प्राप्त हुन्छ भन्नु नै बौद्ध शिक्षा हो । विभिन्न वैज्ञानिक अनुसन्धानहरूबाट पनि अभ्यासले, अरूलाई मद्दत गर्ने जस्ता शील आचरणले र भावना अभ्यासले मन शान्त राख्न, खुशी हुनु भरपर्दो टेवा दिन्छ भन्ने पुष्टि भइसकेको छ । तर पनि कतिपय आधुनिक वैज्ञानिकहरू धेरैजसो लोभ, द्वेष, मोह, मान, मिथ्यादृष्टि जस्ता चित्तको मयलहरूको बसमा लागि भौतिकवादी भएर अल्मलिएका छन । कतिपय व्यक्तिहरू त वैज्ञानिक चमत्कारपूर्ण प्रदर्शनमा भुल्नमा मस्त भएर सांसारिक मायाजालमा बाँधिएका छन । मुक्तिको मार्गबाट टाढिएका छन । व्यक्तिवादी भई स्वार्थको पर्दा आँखामा लागेको कारणले गर्दा नै विध्वंसकारी हात हतियारहरूले सृजना गरी संसार विनाश गर्ने, दु:ख दिने कार्यमा नलागेका पनि होइनन । नांगो भएका हामी नाङ्गै जानुपर्छ, कर्मबाहेक पछि लागेर आउने अरू केही छैन भन्ने कुरा बुझ्नमा पछि परेका छन उनीहरू । मानिसहरूको लागि सजिलो होस भनेर तरकारी काटन, घाँस काटन आदि चक्कु छुरा जस्ता वैज्ञानिक आविष्कार, छिटो छरितो काम सकाउनको लागि कुकरप्रेसर आदि विज्ञान निर्माण सामग्रीहरूको दुरूपयोग पनि नभएको होइन । तर नरसंहार गर्नकै लागि रकेट, पेस्तोल, बम, बारूदहरू पनि यही विज्ञानकै उपज हो । आजको आधुनिक वैज्ञानिक आविष्कारका सामग्रीहरूको सदुपयोग गरी भगवान बुद्धको उपदेश अनुसार आचरण गरे सबै ठाउँमा सुविधा र शान्ति व्याप्त हुँदैन भन्ने कोही हुँदैन । स्वर्ग यही धर्तीमा देख्न थियौं । साम्प्रदायिक धर्मभन्दा अलग रहेको, माथि उठेको यो बुद्ध शिक्षा सम्पूर्ण जगत हितको लागि आवश्यक छ । त्यसैले साँच्चैको सक्कली सुख प्राप्त गर्नु छ भने वैज्ञानिक आविष्कारहरूको सदुपयोग र बुद्ध शिक्षाको सही अभ्यास हामीले गनपर्छ ।

●



Downloaded from http://dhamma.digital

# आफूले गरेको कर्मको फल कसैले मेटेर मेट्न सक्दैन

'इधसोचति' भनेको धर्म पुण्य या पाप देशना भगवान बुद्ध बेलु वने विद्यामा बस्नुभएको बेला चन्द्र सुकरीक भन्ने व्यक्तिको कारणले भन्नुभएको थियो ।

जुन चन्द्र सुकरीकले ५५ वर्षसम्म सुँगुरलाई मारेर आफूले पनि खाने अनि मासु पनि बेच्ने गर्दथे । राजगृह गाउँ गाउँमा जब सुँगुरको बच्चा पाउने समय भएपछि चन्द्रसुकरीकले दालमा धान राखेर धान दुई भाग सुँगुरको बच्चा अनुसार लिएर साटेर ल्याउने गर्थ्यो । अनि आफनो खेतमा कर्कलो, तरूल, जुन सुँगुरलाई आवश्यक र यिनीहरूको खाने रोपिदिएका थिए । अनि सुँगुरको बच्चालाई मादीमा राखी भुस ख्वाई त्यसपछि ठूलो भएर जाँदा सुँगुरको छाला मोटो भएर आएको छ कि छैन भनेर ठूलो मोगले हानेर छालाको जाँच गर्ने थियो । हातले छोएर होइन कुटेर छानेर हेर्ने गर्थ्यो ।

अरूलाई दुःख दिन नै मज्जा लाग्ने, अरूलाई दुःख हुँदा आफूलाई आनन्द महसुस गर्ने आजकाल पनि छन । अरूलाई दुःख भएको र शान्ति भएको हेरेर आफूलाई मज्जा लाग्ने भगवान बुद्धको शिक्षा ठीक उल्टो भएको कारण भगवान बुद्ध भन्नुहुन्छ -"अरूलाई दुःख भएको नै आफूलाई दुःख भएको सम्भिmनुपर्छ ।" आफूलाई भोक लागेको छ भने अरूलाई पनि भोक लाग्यो होला भनी सम्भmनुपर्छ । आफूलाई सास्ती भएको छ भने अरूलाई पनि सास्ती भयो होला भनेर विचार गर्नुपर्छ । माया दया राख्नु पर्दछ । तर चन्दसुकरीकले सुँगुरहरूलाई त्यति कुटेर छाला हेर्ने मात्र होइन ठूलो भएर आयो र नरम छ भने आफूलाइ खान मन पऱ्यो भने सुँगुरको मुखमा त्वक



Downloaded from http://dhamma.digital

हालेर बेस्सरी उमालेको पानी मुखमा हाली प्लेट सफा गर्ने गर्थ्यो । जबसम्म प्लेटबाट गुडद्वारबाट सफा पानी नआएसम्म उमालेको पानी मुखमा हाली अनि प्लेट सफा गरेर पानी निस्केपछि त्यस्तै उमालेको पानीबाट नै शरीरभरी सफा गरिदिने र ज्यूँदै तातो पानीले सास्ती गर्ने कत्तिको जल्यो कति सास्ती भयो होला त्यो सुँगुरलाई धेरै कराउने कति ठाहा भयो होला । सुँगुरलाई सास्ती गरेर पछि बल्ल धार भएको चुप्पीले काटेर त्यो छाला खाने र बेच्ने गरिरहेको ५५ वर्षसम्म अत्याचार गरेर मारेको थियो ।

भगवान बुद्ध बेलुवण विहारमा बसिरहे तापनि धेरै भिक्षुहरू भिक्षाटन गएता पनि एक गाँस भोजन दान दिने, नमस्कार गर्ने भनेका छैनन । अलिकति पुण्य गर्ने भनेको मनमा आएन । आजकाल पनि त्यस्तो पुण्य गर्ने मन नपरेको धेरै छन । सुँगुरलाई त्यस्तो अत्याचार गरेर सास्ती गर्ने व्यक्ति पछि त्यसलाई ज्यूँद विस्तार विस्तार रोग लाग्यो । चन्द्रसुकरीकको शरीर पोलेर डाहा भएर आयो । बस्न गाह्रो भएर डाहा हुने शरीर बाहिर हेर्दा केही रोग छैन । तर भित्र भित्र धेरै डाहा हुने आगोले पोलेको सहन सक्छ । पालेको सहन नसकेर त्यो सुँगुर कराएको जस्तो कराउने भयो । बाहिरबाट केही रोग छैन । त्यो कहानी हेर्दा १० वर्ष अगाडिको कुरा थियो । धर्म कृति विहारमा अष्टमाया महर्जनले एकजना केटा लिएर आयो । त्यो केटाले भैंसीको टाउकोमा फलामको डल्लोले हानेर मार्ने रहेछ । उसलाई पनि त्यही टाउको दुख्ने रहेछ । हामीकहाँ आएर परित्राण गराउनको लागि ल्यायो । त्यो केटा टाउको दुखेर सहन सकेन । हेर्दा छटपट भइरह्यो धेरै डाक्टर, वैद्य देखाए । धरै अस्पतालमा गएर जँचाए केही सीप लागेन भन्नुभयो ।

यहाँ आएर चन्द्रसुकरीकलाई पनि अभिची महानरकको ज्वालाले पालेको अनुभव भयो ।

अनि सातवटा टोलले सुन्नेगरी कराउने । एक सय योजनासम्म सुनेर हेरेरै बस्दा पनि सबैको आँखामा आँसु आउने हेर्ने नै नसक्ने । चारैतर्फबाट आगोले पोलेको जस्तो भयो । धेरै कराएको आवाज सुन्न नसेकर घरको परिवारले समातेर कराउन नसक्ने गरी मुख छोप्यो । छोपेर दिएता पनि घ्वाघ्वाँ आवाज आएको थियो । आफनो कर्म विपाक भनेको कसैले मेटेर मेटन सक्ने होइन । सुँगुर कराउने जस्तो लडिबडी गरेर कराएको त्यहाँ भिक्षा



Downloaded from http://dhamma.digital

आउने भिक्षुहरूले सुनेछ । टोलको छिमकीहरू सात दिनसम्म सुत्न सकेन । मरण देख्दा सबै डराएका थिए । भित्र गएर फर्केर आउँदा भगवान बुद्ध समक्ष राख्नुभयो ।

चन्दसुकरीको घरमा भोज छ कि धेरै सुँगुरलाई मारिदिएको कस्तो सुँगुर कराएको भनेर भगवान बुद्धलाई प्रार्थना गर्नुभयो । तपाई यदि हुनुहुन्छ भने अलिकति पनि पुण्य गरेन खाली अरूलाई दुःख दिएर खानु मात्र थियो । सात दिन भयो कस्तो सुँगुर कराएको । अनि भगवान बुद्धले भन्नुभयो - त्यहाँ मंगल कार्य गरेको होइन । आफूले गरेको कर्मको फल भोगी राखेको जस्तै सुँगुरलाई सास्ती गर्दा कराएको थियो ।

त्यस्तै चन्द्रसुकरीक पनि कराएको भिक्षुहरूले भन्यो - भगवान शास्ता यही जन्ममा भोग गर्नूपर्ने । यो जन्ममा पनि पछि पनि भाग्नुपर्छ । गृहस्थ भए पनि भिक्षु भिक्षुणी भएता पनि प्रमादी भयो भने भपा गर्दा यो जन्ममा र पछि पनि आफूले गरेको कार्य भोग्नुपर्छ भने यो गाथा बताउनुभयो ।

*दूध सोचति पेच्चसोचति*

*पापकारी उभयत्थ सोचति ।*

*सो सोचति सो विहञ्ञचि*

*दिस्व कस्मकिलिट ठमत्तनो ति ।*

(*अर्थ : पापीलाई यमलोक र परलोकमा शोक सन्ताप दुःख हुन्छ । त्यसैले गरेको कुकर्म शोक गर्दछ दुःख हुन्छ ।*)

आफूले गरेको कर्मफल नआएसम्म पापलाई कस्तो समान सम्भिन्छ पापको फल भोग्नुपरेको अवस्था दुःख भनेर थाहा पाइन्छ ।

जस्तै चन्द्रसुकरीकाले भोग्नु परेजस्तो ।

●



Downloaded from http://dhamma.digital

# शान्ति र उन्नतिको आवश्यकता

नेपालमा ठूलाबडाहरूको पूजा कम भएको कारणले गर्दा लोभ लालचका कारणले गर्दा आफनो व्यक्तिगत जीवन पनि उन्नति हुन सकेको छैन भने अरूहरूको पनि उन्नति हुन सकिरहेको छैन । अरूहरूलाई मात्र दोष लगाएर बस्छन । एउटा उपमा छ आफनो टाउकोमा हात्ती हिँडेको नदेख्नेले अर्काको टाउकोमा जुम्रो दौडेको देख्छ भनेजस्तै आफनो दोष देखेको हुँदैन खाली अर्काको मात्र दोष देख्छ । जबसम्म अर्काको दोष हेरेर एक अर्काबीच झगडा गर्दछन तबसम्म शान्ति र उन्नति हुन सक्दैन ।

आफनो पनि बुद्धि छैन अर्काको पनि बुद्धि विवेकलाई पनि अपनाएर काम गर्दैन । प्रज्ञाहीन व्यक्तिहरूको कुरा सुनेर आफनो र आफनो राष्ट्रको उन्नतिमा बाधा पुऱ्याइरहेको छ । नेपाली-नेपालीबीच मिलेर देश चलाएको भए अवश्य पनि शान्ति र उन्नतिको ढोका खुल्ने थियो । मात्र आफू र आफनो परिवारले मात्र खान लगाउन, मोज गर्न पाए पुग्ने अरूलाई जे सुकै होस केही मतलब छैन । असमानता र भेद हुने बित्तिकै झगडा त हुने नै भयो । नेपाली-नेपालीबीच झगडा गराएर अरू राष्ट्रले फाइदा लिइरहेको याद गर्न सकिरहेको छैन । आफू आफू मिल्नुपर्छ, देश र जनतालाई उन्नति र शान्ति दिनुपर्ने भन्ने चेतना आउन सकिरहेको छैन ।

प्रज्ञायुक्त चेतनाको कमीले गर्दा नेपाली-नेपालीबीच झगडा भइरहेको छ त शान्तिको स्वास फेर्न पाइरहेका छैनौं र देश उन्नतिको मार्गमा सकिरहेको छैन ।

तथागत शाक्यमुनि बुद्धको राजनीतिक उपदेशलाई व्यवहारमा उतार्न सकेको भए हामा अवश्य पनि शान्ति र उन्नतिको मार्गमा पुग्ने थियौं । अफसोच तथागत बुद्धको जन्मभूमिमा नै शान्तिको अभाव छ किनकि



Downloaded from http://dhamma.digital

शान्तिको मार्ग हामीले अपनाउन सकिरहेका छैनौं ।

भगवान रामको जन्म भयो भारतको अयोध्यामा, कृष्णको जन्म भयो भारतकै गोकुलमा, क्राइष्टको जन्म भयो इजरायलमा भने यहुदीको जन्म मक्कामा भयो । तथागत बुद्ध मात्रै जो नेपाली भूमिमा जन्मनुभयो तर पनि तथागत बुद्धको शान्ति उपदेशलाई हामीले अपनाउन सकिरहेका छैनौं । भगवान बुद्धले राजनीतिक, धार्मिक, सामाजिक आदि विभिन्न उपदेशहरू दिनुभएको छ । यस मध्ये

इ नोसु च सन्तसु अपरिहानियेसु

धम्मेसु बज्जी सन्दिस्सिस्सन्ति,

बुद्धि येव ब्राम्हणा बज्जीन

पाटिकंरवा नो परिहानि ति ॥

भगवान बुद्धले वर्षकार महामात्यलाई सुनाउनुभएको सात अपरिहारिणीय धर्मा जबसम्म बज्जीहरूसँग हुन्छ तबसम्म ब्राह्मण बज्जीहरूको बृद्धि मात्र हुन्छ । कसैले पनि बिगार्न सक्ने छैन भन्नुभएको छ ।

यी यस प्रकार छन - भगवान बुद्ध राजगृहको गृहकुट पहाडमा बस्नुभएको बेला बिम्बिसार राजाको छोरा अज्ञातसत्रुले राज्य गर्नुभएको थियो । आफनो राज्य मात्र भएर नपुग्ने अर्कोको राज्यमा लोभ राखेर वैशाली देश लिच्छवी बज्जी राजाले राज्य गरिरहेको देश जुन वैशाली राज्य मनुष्यहरूको स्वर्ग भनेर स्थान दिइएको थियो । कारण सातवटा अपरिहारिणीय धर्म पालन गरिरहेको राष्ट्र हो । त्यसैकारण कसैले पनि बिर्गान सक्दैनन । राजाहरू त देशको सीमा बढाउनको लागि कसरी अर्काको भूमि जितेर लिने भनेर कल्पना गर्दछन । यसको कारण भगवान बुद्धले सम्पूर्ण बुझ्नु भएको थियो । अब कारण बुझ्नुपर्‍यो भनेर आफनो विश्वासिलो पात्र वर्षकार ब्राह्मणलाई सुनाउन पठायो । अनि भगवान बुद्धले सातवटा अपरिहारिणीय धर्म जबसम्म बज्जीहरूसँग हुन्छ, तबसम्म बज्जीहरूलाई सक्दैन, वैशाली जित्न सक्ने छैन । यी सात वटा अपरिहारिणीय यस प्रकार छन ।



Downloaded from http://dhamma.digital

१. समूह मिलेर बारम्बार कुराकानी गर्नुपर्छ, छलफल गर्नुपर्छ, केही बाहिरबाट आएको सल्लाह सबै मिलेर छलफल गर्नुपर्छ, सबै मिलेर काम गर्नुपर्छ ।

२. जुन आ आफनो देशको नियमहरू पालन गर्नुपर्छ, व्यवहारमा पनि उतार्नुपर्छ ।

३. जब वृद्धाहरूको सेवा सत्कार गर्छ, नमस्कार गर्छ, आदर गौरव राख्छ, आफूभन्दा ठूलालाई आदर राख्छ, सानालाई माया गर्छ ।

४. वृद्धाहरूलाई गुरूको स्थानमा राख्नुपर्छ । मान सम्मान गर्नुपर्छ, आदर गौरव राख्नुपर्छ, पूजा सत्कार गर्नुपर्छ, यिनीहरूको योग्य र उचित सरसल्लाहलाई सुनेर व्यवहारमा प्रयोग गर्न सक्नुपर्छ ।

५. आफनो देशमा भएका स्त्रीहरूलाइ आफनो शक्ति छ भनेर बलात्कार गर्नु हुँदैन । महिलाहरूलाई केही नराम्रो व्यवहार गर्नुहुँदैन । स्त्रीहरूको इच्छाविना शक्ति छ भन्दैमा अन्याय अत्याचार गर्नुहुँदैन ।

६. चैत्य, मठ मन्दिरको पूजा गर्नुपर्छ, आदर गर्नुपर्छ । हिंसा आदि गलत कार्य गर्नुहुँदैन ।

७. अर्हतहरूलाई रक्षा गर्नुपर्छ, सत्कार गर्नुपर्छ, मार्गफल प्राप्तिको लागि मेहनत गर्नुभएका भिक्षु भिक्षुणीहरूलाई आदर गर्नुपर्छ । पछि यस्तै मेरो राज्यमा पनि पाल्नु भनेर आशा गर्ने, ध्यान भावना गर्ने । पछि आफूहरू पनि अरहन्त हुने आशा गरेर सुखपूर्वक बस्नेहरूलाई सबै चिजबाट मिलाएर राख्नुपर्छ ।

यी सातवटा अपरिहारिणीय धर्म पालन गरी राखेको हुनाले बज्जीहरूलाई कसैले पनि बिगार्न सक्ने छैन । फेरि भगवान बुद्धले भन्नु कि वैशालीमा तीनवटा शत्रुहरू छन । यी तीनवटा मध्ये एउटा भए पनि नाश हानी गर्न सक्छ । त्यो तीनवटा १. आगो, २. पानी र ३. परस्पर कलह ।

यति कुरा सुनेर सरासर राजाकहाँ आएर सल्लाह दिनुभयो । आगो र पानीले वैशाली बज्जीहरूको देशलाई जिताउन सक्ने छैन तर परस्पर कहल



Downloaded from http://dhamma.digital

झैं झगडाले देश जिताउन सक्छ । त्यसैकारण महाराज मेरा उपाय सुन्नु र गर्नु भनेर उपाय सुनाउनुभयो - "महाराज तपाईंले बज्जीहरूको प्रशंसा गर्नु अनि मैले भन्छु कि तपाईंको नाता कुटुम्ब को ? तपाईंलाई पालनपोषण गरिराखेको छ । तपाईंले केही उपकार गरेको छ भनेर प्रश्न गर्छु । त्यो समय रिसाएजस्तो गरेर मलाई यहाँ नबस जाउ भनेर आदेश दिनु अनि म उठेर जान्छु । यही कुरा फैलिइर बज्जीहरूकहाँ पुग्नेछ । अनि म उनीहरूको शरणमा जान्छु अनि आपसमा झगडा गराएर वैशाली राज्य जिताउँछु ।"

अनि राजाले पनि खुसी भएर त्यस्तै राजगृहबाट वैशालीकहाँ शरण लिन गएछ ।

यस्तो सानो कुरामा देश निकाला गरेको यस्तो विद्वान पण्डित वर्षाकर ब्राह्मणलाई भनेर शरण लियो र राजगृहमा जुन पद दिएको हो, त्यही पद दिएछ, राजकुमारहरूलाई पढाउने । राजकुमारहरूलाई पढाउँदा पढाई पश्चात एकजना राजकुमारलाई बोलायो र एकान्त ठाउँमा लगेर सोध्यो - के तपाईंलाई हलो जोत्न आउँछ ? आउँछ कि नआउनु त्यति जाबो भनेर राजकुमारले जवाफ दियो ।

फेरि अर्को दिन अरू राजकुमारहरूलाई एकान्त ठाउँमा बोलाएर त्यस्तै कानमा सुटुक्क सोध्नुभयो -'तपाईंको भोजनको साथमा के तरकारी छ ?' भातसँग विभिन्न तरकारी छ भनेर जवाफ दियो र त्यस राजकुमारलाई अरू राजकुमारले किन बोलाएको रहेछ भनेर सोधेछन र जवाफमा केही होइन भातसँग के तरकारी छ भनेर सोध्नको लागि त्यति टाढा एकान्तमा साध्न लगेको । त्यस राजकुमारले होइन होला, अरू नै केही होला भनेर पत्याएनन । ती दुई राजकुमारहरूबीच झगडा सुरू हुन थाल्यो । साधारण कुरा कान कानमा कुरा गरेर परस्परमा कलह गराएर छाडयो । मिलनसार बज्जीहरू पछि विवाद चर्किंदा लडाई नै भयो र रणभूमिमा रगत बग्यो । धेरै राजकुमारहरूले ज्यान गुमाए । कसैले कसै त कुरा सुन्ने स्थितिमा नै थिएनन । यही कुरा वर्षकार ब्राह्मणले राजा अजात शत्रुलाई भनेर त्यस्तो स्वर्ग जस्तो बज्जीहरूको राज्य वैशाली सजिलैसँग जितेर लग्यो । अनि वर्षकार ब्राह्मणलाई राम्रो पद दिएर राख्यो ।

यसरी अपहारिणीय धर्म नभएपछि आफू पनि अकालले मर्नुपर्‍यो ।



Downloaded from http://dhamma.digital

जनता र स्वर्ग जस्तो राज्य नर्कजस्तो परिवर्तन भयो। त्यसैकारण कुरा भनेको डरलाग्दो छ, सत्य र असत्य हो होइन भनेर एकैपटक अर्काको भरमा कुरा सुन्नु हुँदैन र विश्वास पनि गर्नु हुँदैन। छलफल गर्नुपर्छ। शंका निवारण गर्नुपर्छ। हाम्रा नेपालमा पनि अर्काको कुरा सुनेर झगडै झगडा अल्झिरहेको छ। हामी नेपाली नेपाली बीचको समस्या अरूको कुराको भरमा होइन हाम्रो आफनै परम्पर छलफल र सोही अनुरूप क्रियाद्वारा समस्या सुल्झाउन सक्नुपर्दछ। अनि मात्र सिंगो देश र सम्पूर्ण नेपाली जनताहरूले चाहना गरेको शान्ति र उन्नतिको आवश्यकता पूर्ति गर्न सकिन्छ।

●

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# बुद्ध दर्शन र आधुनिक विज्ञानको दृष्टि

आजभन्दा २६०८ वर्षअघि भगवान बुद्धले प्रतिपादन गर्नुभएको हेतुवाद सिद्धान्त संसारिक र प्राकृतिक तीनवटा स्वभाव धर्म अनित्य यो संसार सबै अथवा जति उत्पन्न भइरहेको छ त्यो सबै अनित्य भएर जाने छ । नित्य केही पनि छैन । सबै वस्तु उत्पति र विनास भएर जान्छ । नित्य केही पनि छैन । दुःख-दुःखले भरिएको हाम्रो जीवन हो । दुःख धेरै प्रकारका हुन्छन । त्यसमध्ये आफूसँग नमिल्नेसँग मिलेर बस्नुपर्ने झन ठूलो दुःख हो । मानिसहरूले विचार गर्दा यस्तो दुःख साधारण भनेर ठान्दछन । आफूलाई मनपर्ने नपाएपछि दुःख हुन्छ । इच्छा गरेको पुरा नहुँदा दुःख हुन्छ । आफुले चाहेको मन परेकोसँग वियोग हुँदा दुःख हुन्छ । मन नपरेको व्यक्तिसँग बस्नु परेको बेला धेरै नै दुःख हुन्छ । यो संसार दुःखै दुःखको खानी हो । त्यही भएर हाम्रो समाजमा र घर परिवारहरू छिट्टै अलग बस्ने चलन तीव्र गतिमा छ । अलिकति पनि आफुले भनेको कुरा मिलेन भने छिट्टै क्रोध उत्पन्न गरि झगडाको विउ रोपी हाल्छ । यस्तो दुःखवाट मुक्त पाउनको लागि छिट्टै अलग वस्ने चलन छ । जहाँ गएता पनि दुःखले छोडन सक्ने छैन । दुःख त जन्मने वितिकै बोकेरै हिडेको हुन्छ । मानिस भएर जन्मे पछि दुःख सत्य हो यसलाई स्वीकार्नु पर्छ ।

अनात्मा बुद्धको सिद्धान्त अनुसार संसारमा भएको सवै प्राणी आत्मा भई रहदैन । अनात्मा छ, परिवर्तनशील छ । कोहीले अनात्मा भनेको कहिल्यै मर्दैन भन्छ तर एक पटक आफैले विचार गरेर हेर्दा हामी वालक छदा र अलि वर्ष बढे पछिको चित्त औंल्याएर हेर्दा धेरै फरक हुन्छ । बौद्ध दर्शनले आत्मालाई चित्त भन्दछ । आत्मा र चित्त एउटै हो, भाषा मात्र फरक हो । चित्त जन्मदेखि बृद्धासम्म हुन्छ तर त्यही आत्मा हुन सक्दैन परिवर्तन हुन्छ ।



Downloaded from http://dhamma.digital

हामी साना छदा लोभ मोह कम हुन्छ, जव जव ठुलो हुँदै जान्छ लोभ मोह वढदै गएर ज्यानैसम्म लिन पछि पर्दैन। यो भनेको आ–आफनो चित्त परिवर्तन भएको हो। चित्त परिवर्तन भएको हेर्न भित्री आँखा चाहिन्छ त्यसको लागि ध्यान नै हो। बाहिरी आँखा चिम्लेर जवसम्म ध्यान गर्दैन आफनो चित्त परिवर्तन भएको ज्ञान हुँदैन। आफनो चित्त, आत्मा नित्य वा अनित्य छ भनि वैज्ञानिकहरूले पनि वुझ्न वा पत्ता लगाउन सकेको छैन। यो केवल ध्यान गर्ने व्यक्तिले मात्र अनुभव गर्न सक्छ। बौद्ध दर्शन र वैज्ञानिक विज्ञान धेरै मिल्छ। जस्तै वैज्ञानिक हरूले पनि चतुमहाभुत पानी, माटो, आगो र हावाले वनेको भन्दछन। त्यस्तै बौद्ध दर्शनले पनि यसैलाई प्रमाण गरेको छ। पृथ्वीमा पानी तीन भाग, माटो एक भाग त्यो पनि वरावर देवता आत्मालाई मान्दैन त्यस्तै बौद्ध दर्शनले पनि विश्वास गर्दैन। अरूको भनाइलाई मात्र विश्वास नगर्ने आफुले नै उपयोग गरेर हेर्नु पर्नेछ। किनभने भगवान बुद्धले संसारको त्रिलक्षण स्वभाव धर्म अगाडि सारा मानिसहरूलाई उनीहरूको आ आफनो क्लेशहरू अर्थात मनका (चित्तका) दुषित भावनाहरू लोभ, द्वष, मान, मोह, लालची, अभिमान, मित्थ्यादृष्टि आदि हटाइ विवेकशील भइ शुद्ध आचरण सहितको जीवन यापन गर्न सिकाउनु भएको छ। यसको साथै उहाँले भौतिक भोग विलासमा मात्रमा डुब्ने वानी त्यागनुपर्छ भन्न भएको छ। सत्य आठ प्रकारका छन : क) जन्म हुनु दुःख, ख) जरा - वृद्धा अथवा बूढाबूढी हुनु दुःख , ग) (व्याधी) राग हुनु दुःख, घ) मरण मृत्यु हुनु दुःख, ङ) मन परेकोसँग वियोग अथवा छुटिनु दुःख, च) मन नपरेकोसँग बस्नु परेको दुःख, छ) इच्छा गरेको पूरा नहुनु दुःख र ज) संक्षेपमा पंचस्कन्ध धारण गरेर बस्ने नै दुःख।

दुःख समुदय सत्य - फेरि फेरि जन्म लिन जानु अथवा जन्म हुनु रोगवाट मुत्त अथवा उत्पन्न भएको ठाउँमा अभिनन्दन गराउने तृष्णा हो। यसलाई दुःख समुदय आर्य सत्य भनिन्छ। तृष्णा तीन प्रकारका छन – १ काम तृष्णा विषय वस्तुमा भोग गर्नेमा आनन्द लिने। २ भव, तृष्णा भनेको फेरि फेरि जन्म लिने इच्छा ३ विभव तृष्णा, इच्छेद, नित्य अस्थिरता, विक्षेपको इच्छा गर्ने।

दुःख निरोध सत्य – सम्पूर्ण तृष्णको निरोध गर्न सक्ने, त्याग गर्न



Downloaded from http://dhamma.digital

सक्ने, मुक्ति हुनेको मार्ग पाउने सम्पूर्ण दु:खवाट मुक्त हुन सक्नेलाई नै दु:ख निरोध आर्य सत्य भन्दछ ।

दु:ख निरोध गमिनी प्रतिपदा आर्य सत्य हो । यो आर्य अष्टांगिक मार्ग हो, जस्तै

१) सम्यक दृष्टि – दु:ख दु:खको हेतु दु:ख निरोध वाटो । यो सवै विषयको ज्ञानलाई अवाध गर्न सक्ने ज्ञान हो । काय, वाक र मनले गर्ने कुशल अकुशलको सही तरिकाले वुझने नै सम्यक दृष्टि हो ।

२) सम्यक संकल्प – मनमा निस्कने सम्वन्धी रागवाट अलग हुने हिंसा प्रति हिंसा रहित भएर वस्ने हिंसा, चोरी व्यभिचार अकुशल कर्म गर्दैन भनेर संकल्प गर्नेलाई नै सम्यक संकल्प भनिन्छ ।

३) सम्यक वाचा – झुठा कुरा नगर्ने चुकुली नगर्ने वकवास कुरा नगर्ने सत्य वचन वोल्ने शुद्ध तथा प्रिय वचन वोल्नेलाई नै सम्यक वाचा भन्दछ ।

४) सम्यक कर्मान्त – प्राणी हिंसा गर्नेमा विरत्त हुने चोर्नुमा विरत्त हुने अर्काको श्रीमती र श्रीमानसँग काम भोग गर्नमा विरत्त हुने, मादक पदार्थ सेवन गर्नेमा विरत्त हुनेलाई नै सम्यक कर्मान्त भनिन्छ ।

५) सम्यक आजीविका – आफनो जीवन चलाउनको लागि पाँचवटा वाहेक अरू राम्रो काम या व्यापार गर्ने गर्न नहुने प्राणी हिंसा गरेर मासु वेच्ने लाई हतियार वेच्ने नहुने अमल पदार्थ वेच्न नहुने, विष वेचेर नहुने डर मनुष्य, महिलाहरू व्यापार गर्नु हुँदैन । तौल घटाएर मिसावट गरेर घुसखोरी वेश्यावृति गर्ने आदि मिथ्या साधनावाट विरत्त हुनेलाई नै सम्यक आजीविका भन्दछन ।

६) सम्यक व्यायाम – आंखा, कान, नाक, जिव्रो र शरीरवाट आउने अकुशल कर्मलाई रोक्ने अर्थात पाप कर्म उत्पन्न नहुन दिनको लागि मेहनत गर्नु परिश्रम गर्नु उद्योग गर्नु चित्तलाई आफनो वसमा राख्नु, खराव भावनालाई रोक्नु राम्रो भावना उत्पन्न गर्नु अकुशल भावनालाइ निकाली दिनु कुशल भावनालाई रक्षा गर्नु वृद्धि गर्नु यही सम्यक व्यायाम हो ।



Downloaded from http://dhamma.digital

७) सम्यक स्मृति – होस गर्नु । काय, वाक चित्तको ठीक र स्थीत राख्नु जाने अथवा हिंडने वस्ने उठने, खाने सुत्नेको समय अथवा कुराकानी गरेको समय पनि ध्यान गरेर स्मृति राखेर कुरा गर्नु पर्छ । मैले के गरिरहको छु, के गर्न इच्छा भइ राखेकोछ । त्यसमा पनि होस राखेर वस्नु पर्दछ । यसैलाई सम्यक स्मृति भन्दछ ।

८) सम्यक समाधि – कुशल चित्तको एकाग्रता गर्नु नै समाधी भन्दछ । अर्थात समय भावनालाई विपश्यना भावनावाट चित्तलाई परि शुद्ध गरेर राख्नुलाई नै सम्यक समाधी भन्दछ ।

प्रतीत्य- समुत्पाद – परिवर्तनशील हो ।

१) अविद्याबाट संस्कार उत्पन्न हुन्छ ।

२) संस्कारबाट विज्ञान उत्पन्न हुन्छ ।

३) विज्ञानबाट नामरूप उत्पन्न हुन्छ ।

४) नामरूपबाट षडायतन उत्पन्न हुन्छ ।

५) षडायतनबाट वेदना उत्पन्न हुन्छ ।

६) स्पर्शबाट वेदना उत्पन्न हुन्छ ।

७) वेदनाबाट तृष्णा उत्पन्न हुन्छ ।

८) तृष्णाबाट उपादान उत्पन्न हुन्छ

९) उपादानबाट भव उत्पन्न हुन्छ ।

१०) भवबाट जाति जनम उत्पन्न हुन्छ ।

११) जाति जन्मबाट जरा मरण, शोक परिदेव र

१२) मरण–शोक परिदेव (रूनु) दु:ख दौमनस्या र उपायास (पश्चाताप) उत्पन्न हुन्छ ।

यही अविद्याको कारणवाट संस्कार हुन्छ संस्कारवाट विज्ञान हुन्छ । यस्तो हामीले जान्नु पर्छ । यस्तो धर्मलाई ज्ञान, शील, समाधी र प्रज्ञाका मार्गहरू अनुसार आफनो आचरणमा ढाली यसको अभ्यासलाई निरन्तर जारी



Downloaded from http://dhamma.digital

राखी संसार चक्रवाट मुक्त हुने शिक्षा सिकाउनु भएको छ ।

आधुनिक वैज्ञानिकहरूले धेरै जसो लोभ, द्धेष, मोह, मान, मिथ्यादृष्टि जस्ता चित्तको मयलहरूको वसमा लागि धन सम्पति र मान सम्मान प्राप्त गर्ने कार्यमा लागिरहेका छन । अझ कतिपय व्यक्तिहरू वैज्ञानिक शक्तिको चमतकारपूर्ण प्रदर्शनमा भुल्ने भौतिक भोग विलासितामा दुवी सांसारिक माया जालमा वाँधेर संसारिक चत्रवाट मुक्त हुनुको वदला भवचत्रको संरचना गर्ने र सम्वर्द्धन गर्नुमा नै जुटेका देखिन्छन । भौतिकवादी वनेका धेरै जसो वैज्ञानिक र विद्धानहरू त व्यक्तिवादी स्वार्थी व्यक्तिगत सुख भोग वनी शस्त्रास्त्र क्षेप्यास्त्र जस्ता विश्व विनासकारी शसास्त्रहरूको निर्माण र वेचविखन कार्यका लागि पैसाको लागि वाँच्दछन । नांगो आएर नागै जानु पर्छ भन्ने भावना विर्सन्छ । जन्म पछि केही राम्रो राम्रो काम गरेर आफु र अरूलाई उपकार गर्ने भनेको पटकै विर्सन्छ । उल्टो अहंकारीबनी वदला लिने कुनीतिले कतिपय स्वार्थी व्यक्तिहरूले त वैज्ञानिक आविष्कारहरूलाई आपनो स्वार्थ पूर्ति गर्न आम नरसंहार कार्यको साधन वनाएका छन । उदाहरणको लागि कुकर प्रेशर वम, ग्यास वम, सकेट वम आदि ना ना थरीका वमवाट धेरै मानिसहरको ज्यान लिइ सक्यो । कति त अपाङ्ग जीवन विताई रहेकाछन । मान्छेलाई वचाउन वनाएको हतियार उल्टो मान्छेकै ज्यान लिन प्रयोग भयो । यसरी वैज्ञानिक आविष्कारको दुरूपयोगले आतंकवादको जन्म भयो र निर्दाष व्यक्तिहरू पनि अनाहकमा मृत्युको शिकार, अपाङ्ग र धनजनको पनि क्षति भईरहेकोछ । यदि भगवान वुद्धको उपदेश अनुसार विज्ञानलाई प्रयोग गर्न सकेको भए सम्पूर्ण प्राणीहरू शान्तिसँग वाची देशको विकासमा टेवा पुग्ने थियो । जुन वुद्धको शिक्षा शील समाधी र प्रज्ञा सम्पूर्ण मानवलाई नभई नहुने ज्ञान हो । यी तीन शिक्षालाई सवै धर्मालम्वीहरूले अनुशरण गरी व्यवहारमा उतार्न सके स्वर्णीम युगको देश भनी कहलाउन सकिन्छ । अझै पनि समय छ आजैवाट यस सुमार्गमा लाग्न तयार होऔं । भवतु सव्व मंगलङ्ग ।

●



Downloaded from http://dhamma.digital

# बंगलादेशको भ्रमणको अनुभव

वि.सं. २०६४ साल चैत्र ३ गत एम.बि.बि.एस. अध्ययनको लागि कृष्टिना श्रेष्ठलाई बंगलादेश पुऱ्याउन म (अनोजा गुरूमाँ), ज्ञानेश्वरी रंजित र कृष्टिना स्वयं, हामी तीनैजना काठमाडौंबाट भद्रपुरसम्म हवाईजहाजबाट गयौं। हामी त्यहाँबाट सिलगुडी हुँदै बंगलादेशको बोर्डर वुरिमारी गयौं। जहाँबाट भिसाको काम सकिएपछि टयाक्सीबाट रंगपुरतिर लाग्यौं। रंगपुर पुग्दा रातको ११ बजिसकेको थियो तर बस्ने ठाउँको व्यवस्था पहिल्यै श्रीपुर मानन्धरले मिलाइसकेको हुनाले विना कुनै झन्झट हामी आरामसित सुत्यौं। भोलिपल्ट कृष्टिनालाई रंगपुर कलेजमा भर्ना गराउनुको साथै अन्य सबै काम सकाएर हामी ८ बजेको रात्री बसबाट बंगलादेशको ढाकातिर लाग्यौं। पूरा रात बसमा बिताएका हामी तीनैजना निकै थकित थियौं। विहानको ६ बजे हामी ढाका पुगेका थियौं। जहाँ हामीलाई लिन प्रज्ञानन्द भन्ते आउनुभएको थियो। हामी उहाँसँगै विहारमा गयौं र आफ्नै विहार अनि आफ्नै आफन्त सम्झेर विना कुनै चिन्ता एकदिन र एकरात हामीले विहारमा बसेर बितायौं। भोलिपल्ट विहानै हामी चित्तगाउँतिर लाग्यौं। जहाँ हामीलाई लिन आउनको लागि प्रज्ञानन्द भन्तेले वेबीमा भन्ने उपासिकालाई खबर गर्नुभएको रहेछ। ज्ञानेश्वरी दिदी र म ढाकाबाट ६ घण्टा लगाएर गाडीबाट चित्तगाउँ पुग्यौं। संयोगले अचम्मित हुने गरी एकजना आईमाई भेटेकी थिएँ। जसलाई देख्ने वित्तिकै कताकता चिनेको जस्तो भान भयो तर ठम्याउन सकिनँ। त्यस उपासिकाले पनि हामीबीच पहिल्यैदेखि चिनेको जस्तो व्यवहार गरिन। त्यस उपासिका अरू कोही नभएर हामीलाई लिन आएकी वेबीमा उपासिका रहिछिन।

त्यहाँबाट हामी तीनैजना उपासिकाको घरमा लाग्यौं। त्यहाँ पनि आफ्नै



Downloaded from http://dhamma.digital

घर जस्तो कुनै अप्ठेरो भएको महसुस गरिनँ। मैले घर र परिवारको मंगलकामना गरेर परित्राण पाठ गर्नुको साथै धर्म उपदेश पनि दिएकी थिएँ र त्यहींबाट चित्तगाउँ घुम्न निस्क्यौं। चित्तगाउँस्थित विहार पनि हेऱ्यौं। तर कस्तो अचम्म, विहार भएर पनि त्यहाँको उपासक उपासिकाहरूले भिक्षु र भिक्षुणीको रूप नै देखेका रहेनछन। पहिलापटक भिक्षुणीको रूप देखेका उपासक-उपासिकाहरूले मलाई खुसी र आनन्दित हुँदै भारी स्वागत गरेका थिए। सबैजनाले आ-आफ्नै तरिकाले कसैले खास्टो बिछयाएर त कसैले फूलको गुच्छा दिएर साधु-साधु भन्दै स्वागत गरेका थिए। बंगलादेश जहाँ मुसलमानहरू अधिक भए पनि भिक्षुहरू लगभग ३,००० जना भन्दा बढी छन। यस्तो भन्दा मलाई दुःख लाग्छ। भगवान बुद्ध जन्मनुभएको नेपालमा थेरवाद भिक्षु-भिक्षुणीहरू जम्माजम्मी ६०० भन्दा बढी छैनन। बंगलादेश आर्थिक दृष्टिकोणले एक गरिब देश हो। त्यसैले भिखारीहरूको संख्या भारतको भन्दा कुनै कमी छैन। टन्टलापुर घाम भए तापनि गर्मीको कुनै वास्ता नगरी हामी धेरै गाउँहरूमा घुम्यौं।

अधिकांश मानिसहरू मुसलमानहरू मात्र भएको भेटैं। मुसलमान नारीहरू अति नै नाजुक अवस्थामा भएको देखें। उनीहरू पुरूषहरूद्वारा शोषित थिए। चित्तगाउँका वासिन्दाहरू अति नै गरिब र साधारण जीवन बिताउने अनि सफासुग्घरमा कम ध्यान दिने भेट्टाएँ। त्यहाँबाट अर्को दिन रंगमती भन्ने ठाउँमा गयौं। जहाँ धेरैजसो मानिसहरू बौद्ध भएको भेट्टाएँ। बंगलादेशमा भिसा मात्र भएर पुग्दैन एक अलग्गै सिफारिस पनि चाहिँदो रहेछ।

प्रज्ञानन्द महास्थवीर एक समाजसेवी व्यक्तित्व हुनुहुन्छ। उहाँको अनाथालयमा केटाकेटीहरू २८०० जना छन। संयोगवश जाँचमा पास हुनेलाई पुरस्कार दिने कार्यक्रममा हामीलाई पनि बोलाइयो र ती अनाथ बालबालिकाहरूलाई पुरस्कार दिन पाउँदा म अति नै हर्षित भएकी थिएँ। त्यो रात हामीले रंगमतीस्थित आनन्द विहारमा बितायौं। रंगमती गाउँ प्राकृतिक सौन्दर्यले भरिपूर्ण थियो भने काठमाडौंमा जस्तै अलिअलि चिसो पनि थियो। रंगमतीको बेसीतालको अनुभव बेग्लै छ। जुन तालको आकार गोलाकारमा छ र यो ठूलो तालमध्ये एक हो, जहाँ ४ घण्टा लगाएर घुम्दा



Downloaded from http://dhamma.digital

पनि पूरा राउण्ड घुम्न सकेका थिएनौं । यसैबाट अनुमान लगाउन सकिन्छ कि बेसीताल एक लामो ताल हो । चारैतिर सानासाना पहाड र बीचमा भने ताल थियो । रंगमतीमा चार दिन बसेपछि फेरि चित्तगाउँ नै फर्केर गयौं । त्यहाँ वेबीमा उपासिका नै लिन आएकी थिइन । एक रात त्यहीँ बसेर अर्को दिन अर्कै ठाउँमा घुम्न गयौं । जहाँ रमाइला अनुभव गर्नुको सट्टा मानिसहरूको जीवन देखेर एक किसिमले दु:खको अनुभव गरेकी थिएँ । किनकी त्यहाँ यस्तो मानिसहरूको समूह देख्न पुगें जसको न दुईटा हातहरू थिए न त दुईटा खुट्टाहरू नै झट्ट हेर्दा एउटा लाश जस्तो देखिन्थ्यो । लाज ढाक्न एक पातलो कपडा बेरिराखेको र ती पुरूषहरूका अगाडि एकएक महिलाहरू बसेर भीख मागेर बसेका थिए । यस्तो दुर्गति जीवन बिताइरहेका मानिसहरू एकजना होइन, दुईजना होइन, सयौं भेट्टाएकी थिएँ । तीमध्ये कैयौं जन्मजात नै हातखुट्टा नभएको हो भने कतिपय त दुर्घटनाले भएको रहेछ । तर अधिकांश जन्मजात नै त्यस्ता थिए ।

यस घटनाले मलाई सोच्न बाध्य बनायो कि हाम्रो प्रत्येक दिनको प्रत्येक कार्यमा कुनै प्राणीलाई केही हानि त भएको छैन । कसैले पशुलाई हत्या गर्दा हातखुट्टा पहिला निकाल्छ अनि पछि मात्र प्राण लिने गरी हत्या गरिदिन्छ । त्यही पापको कारणले हो कि ती मानिसहरू जिउँदै लाशजस्तो बनेका । के हामीले अरूको ज्यान लिँदा यस्तो विपाक बारे याद गर्छौं त ? अरूको ज्यान लिँदा वा अरूलाई दु:ख दिँदा सायद मज्जा लाग्छ होला तर त्यसको विपाक फलस्वरूप कति भयानक भोग भोग्नुपर्ने रहेछ । सायद त्यसैले नै होला, अरूको हातखुट्टा कोटेको र अहिले मान्छे भएर जन्मे तापनि विना हातखुट्टा जन्मिन पुगेछ र दुर्गती जीवन भोगिरहेको छ । आफूले मात्र दु:ख भोगेर पुग्छ र ? त्यसलाई सेवा सुसार गर्नेलाई पनि कति दु:ख हुन्छ होला ? यसबारे तपाई आफैं सोच्नुहोला । यदि पोलियो थोपा नै नदिएको भए पनि एक दुईजनाको मात्र त्यस्तो दुर्गति हुने थियो होला तर सयौं जनताको विना हातखुट्टा जन्म र जीवनयापन ........ के यो दुर्गति आफ्नै कुकर्मको फल होइन र ? यसबारे आ-आफ्नै स्वविचारले विचार गर्नु आवश्यक देखिन्छ । त्यसकारण गल्ती नहोस भनेर सचेत हुनु जरूरी छ । अरूलाई हानि पुगेको बेला हाँस्ने, खुसी हुने बानी छ भने त्यसलाई त्याग्ने बानीको



Downloaded from http://dhamma.digital

विकास गरौं। राम्रो या नराम्रो आफूले गरेको कर्मफल आफैंले भोग्नुपर्छ। त्यसकारण हामीले संसारलाई प्रेममय बनाउनुपर्छ। जहाँ प्रेम र विश्वास हुन्छ त्यहाँ रमाइलो र शान्त वातावरण हुन्छ। कसैप्रति नराम्रो व्यवहार नगरौं। यसले आफू स्वयंलाई आनन्द हुन्छ नै साथै समाजको पनि भलो हुन्छ र सबैको कल्याण हुन्छ। यदि कसैले नराम्रो विचार मनमा राख्दछ भने उसले आफूलाई कुकर्मको बाटोतिर लैजान्छ। प्रत्येक मानिसले अभ्यासद्वारा आफ्नो विचार र वाणीमा सुधार गर्न अत्यन्त आवश्यक छ।

चित्तगाउँमा तीन दिन बसेर कक्स बजारतिर घुम्न गयौ। जुन ठाउँमा नून बनाउने र माछा मार्ने काम गरिन्छ। जताततै माछा पालेर राखेको देखें र नून पनि धानको थुप्रो राखेको जस्तो देखिन्थ्यो। त्यहाँबाट बर्मा बोर्डरसम्म आयौं। त्यहाँको समुद्रमा खेलेर कक्स बजारतिर दुई रात बस्यौं। त्यसपछि फेरि ढाकातिर रातभरी बसमा बसेर आयौं। त्यसपछि ढाकाको विहारमा फर्क्यौं। त्यस विहारमा पनि १८०० बालबालिकाहरूलाई अध्ययन-अध्यापन गराउँदा रहेछन। त्यहाँबाट रंगपुर हुँदै रंगपुर कलेजमा कृष्टिना र श्रीपुललाई भेटेर दुईजना बसबाट काठमाडौं फर्केर आयौं।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# धर्म भनेको के हो ?

'धर्म शुद्धो य' प्रवचने त्रिधाव्यवस्थापित स्वलक्षण धारणार्थेन कुगतिगमन विधारगार्थेन पाञ्चगतिक संसार गमन विधारणार्थेन ।

सबभन्दा पहिला धर्म अर्थमा 'धर्म शुद्ध तत्व अथवा पदार्थ भनेको देख्न नसकिने अदृश्य हो ।'

दोस्रो - अरूको कल्याण र भलोको लागि मेहनत गर्नु नै धर्म हो ।

तेस्रो - परमार्थ अथवा भित्रको नदेख्नु सूक्ष्म, राम्रो र धारयतीति धर्म 'धु' धारणा धातु हो । आगोको धर्म पोल्नु हो । यहाँ धर्म भनेको राम्रो काम राम्रो विचारलाई भन्दछन ।

बौद्धधर्म विकासको इतिहास सीमामा दर्शनका अनुसार धर्म भनेको उत्तम विचारधारा बनाउन सक्नु हो । राम्रो विचार उत्पन्न गर्ने शक्ति, प्रज्ञाको विकास गर्नु धर्मको काम हो । आफूसँग भएको राग, द्वेष र मोहलाई हटाउनु र अनास्रव प्रज्ञा र पारमार्थिक धर्म यसको कार्य हो । शान्ति सुख पाउनु नै यसको रस हो ।

आफ्नो शरीर, वचन र मनलाई पवित्र बनाउनु नै धर्मको कर्तव्य हो । सबै अकुशल कर्म जस्तैः क्लेश, राग, द्वेष, मोह, लोभ, लालच आदि नष्ट गर्नु नै धर्म हो । कुशल कर्म बोध गर्नको लागि प्रयास गर्नु पनि धर्म हो । चार आर्य सत्य र आर्य अष्टाङगिक मार्गको साक्षत्कार गर्नु र मिथ्यादृष्टि हटाउनु नै धर्म हो ।

संसारमा जति पनि पाप र धर्म सम्बन्धी कुरा गरिन्छ, त्यसमा दश अकुशल र दश पुण्यकृयामा पर्दछन । दश पुण्यकृया नै धर्म हो । दश पुण्यकृया यसप्रकारका छन :



Downloaded from http://dhamma.digital

१) दान - श्रद्धापूर्वक दान दिनु ।

हामीले उपयोग हुने केही चिजवस्तु दिँदा शुद्ध चित्तले दिनुपर्छ । फलको आशा नगरीकन दान दिनुपर्छ । मूख्यतः सुख शान्तिको लागि त्याग भावना अत्यन्त आवश्यक छ । विना त्याग विना दानले केही पनि राम्रो काम गर्न सकिने छैन । त्यसैकारण केही सुख र शान्तिको लागि त्याग गर्नुपर्छ । आफूले सकेअनुसार क्षमतानुसार दान दिनुपर्छ, त्यसैबाट हामीलाई आनन्द आउँछ, त्यही धर्म हो ।

२) शील - शील पालना गर्नु पर्छ ।

शील भनेको शीस त्यस्तै सदाचार । यदि सदाचार राम्रो भएन भने जीवन सुख हुँदैन । शीलपालन गर्न नसक्ने व्यक्तिहरूले अरूको अगाडि जाने क्षमता हुँदैन डराउँछ । त्यसैकारण निर्वाणको लागि अथवा यो जन्ममा शीलको धेरै नै महत्व छ । शील पालन भएको व्यक्ति धर्माती हुन्छ ।

३) भावना - समथ, विपस्यना ध्यान भावना गर्नु पर्छ । ध्यान भावना गर्दा आफ्नो दूषित चित्त शुद्ध हुन्छ । ध्यान भावना विभिन्न प्रकारका छन । ध्यान गर्दा राग, द्वेष, मोह, लोभ, लालची सबै हटेर जान्छ । एक प्रकारको शान्ति पाइन्छ । जति सम्पत्ति भएता पनि असन्तोषी भएको चित्त शान्ति हुँदैन । एक दिन अवश्य पनि मरेर जानु पर्छ भन्ने भावना हुन्छ । ध्यान लाग्ने व्यक्तिलाई क्रोध छिटो आउँदैन । संयोगवश आए पनि होस आउँछ अनि त्यसलाई रोकिदिन्छ । पाप गर्नबाट बचाइ दिन्छ । अनि धर्मात्मा भई हाल्यो नि ।

४) अपचाय - आफूभन्दा जेठाहरूलाई आदर गौरव राख्न ।

आफूभन्दा जेठाहरूलाई सेवा गऱ्यो भने मेवा पाइन्छ । जेठा तीन किसिमका छन । जन्मले जेठा- भनौं आमा, बा, दाजु, बाजे, बज्यै, दिदीहरू इत्यादि । उनीहरूलाई सेवा गऱ्यो भने सानोलाई माया गर्छ । मैत्री गर्छ ।

कर्मले जेठा - जस्तै आफूभन्दा सानो छ, तर मन्त्री हुँदा राजकुमार हुँदा ठूलो पदमा बस्दा उनीहरूलाई नमस्कार गर्नु पर्छ । आफू ठूलो भएता पनि सानोलाई पदको कर्मको कारणले नमस्कार गर्नुपर्छ ।



Downloaded from http://dhamma.digital

धर्मले ठूलो - भनौं भिक्षु भिक्षुणीहरूलाई जेठा उपासक उपासिकाहरूले नमस्कार गर्छन । वन्दना गर्छन कारण शील नियम पालन गरेको हुँदा । व्यक्तिलाई वन्दना गरेको होइन वहाँहरूको गुणलाई नियमलाई वन्दना गरेको राम्रो कामलाई । पूजा गर्न योग्य व्यक्तिलाई पूजा गर्ने नै मंगल हो भनेजस्तै पूजा गर्दा आफूलाई पुण्य प्राप्त हुने हो ।

५) वेय्यावच्च - आफन्तहरूलाई सेवा गर्नु, मद्दत गर्नु नै पुण्यको कार्य हो । कुशल कर्म हो । छरछिमेकीहरूलाई सेवा गर्नु तिनीहरूको सेवा गर्दा झै-झगडा निन्दाचर्चा कम हुनेछ । सबैसँग करूणा भएपछि शान्ति नै शान्ति भइरहन्छ । यो पनि धर्मको कार्य हो । पूजापाठ मात्र धर्म हुन सक्दैन । आफूले गर्नुपर्ने कार्य पूरा गर्नु नै धर्म हो ।

६) पत्तिदान - आफूले गरेको पुण्य अरूलाई बाँडनु र दिनु । भनाइको मतलव मैले यसरी पुण्य गरेको छु तपाईहरूले पनि स्वीकार गरी खुसी हुनु भयो, कुशल कार्य गर्दैछु भनेर दिनु । सके अरूलाई पनि राम्रो काममा सम्मिलित गराउनु नसके आफूले दान, शील, भावना गरेको पुण्य सबैले प्राणीहरूलाई आफ्नो न्यातिबन्धुहरूलाई सबै भूतप्रेतहरूले मेरो पुण्य स्वीकार गरेर खुसी होउ भनेर दिने ।

७) पत्तानुमोदन - अरूले अथवा आफ्नो न्यातिबन्धु, छिमेकीहरूले गरेको पुण्य कार्यमा प्रसन्न र खुसी भएर बस्ने । आफूले त दान पुण्य गर्न सकिएन, दान दिनको लागि केही सम्पत्ति हुनु पर्‍यो आफूसँग । सम्पत्ति नै छैन, मैले केही वस्तु दिन नसके तापनि अरूले अथवा आफ्नो न्यातिबन्धुले गर्नु भएको छ भनेर खुसी र प्रसन्न भएर बस्नुपर्छ । डाहा भएर बस्यो भने पाप मात्र हुन्छ, पुण्य कमाउन सकिदैन, पुण्य कमाउनको लागि खुसी भएर बस्नु पर्छ । आफूले पहिला केही पनि वस्तु दान गरेर आउन सकेन । त्यसैकारण अहिले आफूसँग केही दान दिने वस्तु छैन । तर अरूले र आफ्नो ज्ञातीवर्गले पुण्य गरेर आएको छ । अहिले पनि उनीहरू पुण्य गर्दैछन भनेर खुसी मात्र भए तापनि आफूलाई आधा पुण्य प्राप्त हुनेछ । यही हो धर्म शुद्ध चित्तले गर्न सक्नुपर्छ । शुद्धचित्तले गर्ने कार्यलाई धर्म भन्दछन ।

८) धम्मसवन - धर्म उपदेश सुन्नु ।



Downloaded from http://dhamma.digital

बुद्धिजीवीहरूको उपदेश नसुन्दा ज्ञान पाइने छैन। ज्ञान नपाउँदा सुख र शान्ति पाइने छैन। जत्ति सम्पत्ति भए तापनि ज्ञान अत्यन्त आवश्यक छ। धर्मको ज्ञान नसुन्दा हामीसँग बुद्धि विकास हुन सक्ने छैन। जति सम्पत्ति भए तापनि ज्ञान अत्यन्त आवश्यक छ। धर्मको ज्ञान नपाउँदा सुख र शान्ति पाइने छैन। त्यसैकारण पहिला सुन्नुपर्छ, जसले जे सुनाए तापनि। अनि त्यसलाई छान्नुपर्छ, हो-होइन, राम्रो-नराम्रो, ठीक-बेठीक, सेतो-कालो, कस्तो छ भनेर विचार गर्नु पर्छ। उपमा तिम्रो कान कागले लग्यो भने मात्र विश्वास गर्नु हुन्छ ? पहिला आफ्नो कान छाएर हेर्नु पर्छ। छ भने ठीकै छ होइन भने जानु पऱ्यो। त्यसैकारण राम्रो-राम्रो ज्ञान बुद्धिको उपदेशहरू सुन्नु पर्छ। ज्ञान बुद्धि भएको व्यक्तिले नराम्रो काम कहिले पनि गर्न सक्ने छैन। नैतिक शिक्षा अत्यन्त आवश्यक छ। त्यसैकारण राम्रो-राम्रो ज्ञान बुद्धिको उपदेशहरू सुन्नु पर्छ। ज्ञान बुद्धि भएको व्यक्तिले नराम्रो काम कहिले पनि गर्दैन। त्यसैकारण धर्म उपदेश सुन्नु अत्यन्त आवश्यक छ, यही धर्म हो। राम्रो ज्ञान भएको व्यक्तिले पान गर्न सकिने छैन।

९) धम्मदेशना - आफूले थाहा पाएको धर्म उपदेश अरूलाई सुनाउनु। अरूलाई भइरहेको दु:खलाई हटाइदिने। 'सब्ब दानं धम्मदानं जिनाति' दान मध्ये उत्तम दान धर्मदान हो। सबै दानलाई धर्म दानले जिताउँछ। धन सम्पत्ति भए तापनि सुख प्राप्त हुने छैन। परिवार, सम्पत्ति र रूप सम्पत्ति भएर सुख पाउने छैन। जब ज्ञान प्राप्त हुँदैन तबसम्म सुख पाइने छैन। त्यसैकारण पहिला सुन्नुपर्छ अनि हो-होइन भनेर कल्पना गर्नु पर्छ। त्यसपछि आफूलाई अरूलाई फाइदा हुने सुख पाउने छ भने त्यस्तो ज्ञानलाई सुनेर व्यवहारमा उतार्ने र होइन भने छोडिदिने। सुनेर स्वीकार नै गर्नुपर्छ भन्ने केही आवश्यकता छैन। बौद्ध दर्शनको सिद्धान्तमा।

ज्ञान भनेको अत्यन्त आवश्यक छ, जुन धर्मालम्बीहरूलाई पनि। हिन्दु, बौद्ध, क्रिश्चियन, मुसलमान, सिख, जेन, जसलाई पनि ज्ञानको आवश्यक छ। त्यसैकारण आफूले थाहा पाएको राम्रो ज्ञानको आवश्यक छ। त्यसैकारण आफूले थाहा पाएको राम्रो ज्ञानहरू अरूलाई सुनाइदिने नबुझ्नेलाई बुझाइदिनु नै धर्म हो।

१०) दिटठजुकम्म - सम्यकदृष्टि हुनु।



Downloaded from http://dhamma.digital

सम्यकदृष्टि भनेको राम्रो धारण हो । राम्रो विचार बेकारको शंका उपशंका नगरिकन चतुआर्य सत्य, प्रतित्यसमुत्पादन र अनित्य, दु:ख र अनात्मलाई यथार्थ रूपले जान्ने बुझ्नेलाई नै सम्यकदृष्टि भन्दछन ।

यही दश पुण्य क्रियालाई नै धर्म भन्दछन । तर हाम्रो नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने दशैं आएपछि अथवा केही भोजभतेर र जात्रा आएपछि पशुहरूलाई देवताका लागि भोग दिने नै धर्म मान्दछन । त्यसैले अरूलाई मार्ने नै धर्म हो भने पाप कसलाई भन्ने त ? नेपालमा पशुहरूको भैंसीको एउटा-एउटा नशा तानेर भगवती अथवा गणेश देवतालाई नशाबाट अथवा रगतले नुहाउन भनेर पशुलाई सास्ती गरेर देवतालाई भोग दिन्छ । त्यो धर्म गरेको पाप कहाँ छ हाम्रो नेपालमा ? पाप के हो त ? फेरि शिवरात्रीमा अर्काको चोर्नु, दाउरा चोरेर बाल्नु अनि महादेवता खुसी हुन्छन भनेर अर्काको चोर्ने गरिन्छ । देवताले मलाई भोग दिनु, अर्काको चोरेर ल्याउन भन्नु हुन्छ ? यो सबै धर्मको नाममा गरिन्छ । सबै धर्म गर्ने सबै धर्मात्मा मात्र छ यो देशमा । सबै धर्म गर्ने मात्र भएपछि अशान्ति कहाँबाट आयो त ? नेपाल र संसारमा शान्ति नै शान्ति मात्र हुनुपर्ने थियो ।

अब हेर्नुहोस । देवतालाई भोग दिने भनेर आफूभन्दा निर्बल पशुहरूलाई मारेर नसा एउटा-एउटा काटेर भोग दिने गरिन्छ । आफूभन्दा बलियो भनौं शेर, बाघ, भालुहरूलाई मार्न सक्दैन, के यो न्याय हो त ? यदि देवतालाई भोग दिने नै हो भने पशुमा किन पक्षपात ? निर्बललाई भोग दिने बलियोलाई नगर्ने । किनकी आफूभन्दा बलियो बाघहरूलाई दिन सकिँदैन । त्यसैकारण बुद्धिवान व्यक्तिहरूले यसलाई राम्ररी विचार गर्न सक्नुपर्दछ । मानिस र पशुलाई पक्षपात गर्नु हुँदैन । जसरी डाक्टरले कोही विरामीको रोग निको पारिदियो भने विरामीलाई त्यो डाक्टर देवता जस्तो हो । त्यो डाक्टर त देवता नै हो भनेर भन्दछन । कसैले निर्बललाई माया गरेर केही मद्दत गर्छ भने त्यसलाई देवता जस्तो भनेर हामी भन्दछौं । उसमा मैत्री, करूणा, मुदिता र उपेक्षा हुनु पर्दछ । त्यो डाक्टरकोमा, मैत्री करूणा भएको देवताले अर्काको भोग लिन्छ त ? अर्काको भोग लिने देवता नै होइन । कारण राम्रो काम गर्ने साधारण व्यक्तिलाई त हामीले देवताको स्थान दिन्छौं भने सही देवताले त कुरा नै छोडनु । कुनै पनि देवी देवताले अरूको प्राण लिने काम



Downloaded from http://dhamma.digital

गर्दैन । त्यस देवताको लागि भोग लिएको हो भने त त्यसलाई राक्षसको नाम दिइन्छ । आजकाल नेपालमा मानवतावादीको नाममा धेरै जना राक्षस बनेका छन । त्यसैकारण हामी पनि देवता र जसमा क्रोध, लोभ, द्वेष, अहंकार आदि हुन्छ त्यो राक्षस हो । त्यसैकारण धर्म भन्दैमा अरूलाई दुःख दिने मारेर भोगदिने काम गर्नु हुँदैन र सबै प्राणीप्रति मैत्री, करूणा, मुद्धिता र उपेक्षा शब्य काम गर्नु पर्छ । त्यही सत्य धर्म हो ।



Downloaded from http://dhamma.digital

# बोधिसत्व सिद्धार्थ गौतम

संसारमा तीनवटा कोलाहल उत्पन्न हुने गर्दछ । ती कोलाहलहरू हुन - कल्प कोलाहल, बुद्ध कोलाहल र चक्रवती कोलाहल । बोधिसत्व तुषितभूमिमा बस्नु भएको बेला बुद्ध कोलाहल भएको थियो । काम धातुबाट व्यूह नाम गरेको देव चक्रवाल छोडेर, टाउकोमा हात राखी आँखाबाट आँसु खसाली, रातो वस्त्र धारण गरी, अति नै कुरूप मनुष्य लोकमा घुम्दै यसरी चिच्याएर कराउन थाल्यो "लाखवर्ष वितेपछि यो लोक नष्ट भएर जानेछ, महासमुद्रको पानी पनि सुकेर जानेछ, पहाड-पर्वत नाश हुनेछ, यो ब्रम्हाण्ड अनि मनुष्यलोक नाश हुनेछ । त्यसैले "हे मुनष्यहरू हो ! मैत्रा, करूणा, सुदिता र उपेक्षाको भावना गर, आमा-बुबाको सेवा गर, आदर गर, पूजा गर्न योग्य व्यक्तिहरूको मान सम्मान गर, आफू समान र सानालाई सधैं माया र प्रेम गर" यसलाई कल्प कोलाहल भनिन्छ ।

यो संसार नै बाँकी रहने छैन अनि हामी पनि यो संसारमा रहने छैनौं भनेर टि.भी. मा बारम्बार प्रसारण भइरहेको हामीले सुन्दै आइरहेका छौं । भारतका विभिन्न टेलिभिजन च्यानलबाट अबको चार वर्षपछि सबै नाश हुनेछ भनेर खबर प्रसारण गरेको, अमेरिकाका महान विद्वान एवं महान ज्योतिषविद, असले १० वर्ष अगाडिको पात्र लेखेका थिए, २०७० वर्षको क्यालेण्डर लेख्नुपर्ने छैन भनेका थिए । विद्वान ज्योतिषहरूको भविष्यवाणीलाई मान्नु या नमान्नु आफ्नो ठाउँमा छँदैछ । अर्कोतर्फ अतीतका कुरालाई पनि कसरी नमान्ने....!

जुन युगमा लोकपाल देवले संसारमा सर्वज्ञ बुद्ध उत्पन्न हुन्छ भनेर घोषणा गरेका थिए, त्यस युगलाई बुद्ध कोलाहल भनिन्छ । एकसय वर्षपछि चक्रवर्ती राजा उत्पन्न हुनेछ भनेर एकजना देव सबै ठाउँमा घुमेर कराउन



Downloaded from http://dhamma.digital

थाल्नुभयो, यसलाई चक्रवर्ती कोलाहल भनिन्छ ।

माथि उल्लिखित तीन लोकलाई महान लोक पनि भन्ने गर्दछ ।

सयौं वर्ष यसरी बित्दै गयो, कसैले पनि याद गरेन । त्यस समय बुद्ध कोलाहल शब्द सुनेर दश सहर्ष चक्रवालहरूका देवताहरू जम्मा भएर सल्लाह गरेका थिए । अनि उहाँहरूले एकदेवलाई लक्षित गरेर भनेका थिए, यही देव बोधिसत्व हो जसले दशपारमी, दश उपपारमी र दश परमत्थपारमी पूरा गरिसक्नु भएको छ । उहाँले अवश्य पनि बुद्धत्व प्राप्त गर्न सक्नु हुनेछ । त्यसपछि चतुर्महाराजका भूमिबाट एक देव शक्रदेव (इन्द्र), सुयामभूमिबाट एकदेव, तुषिता भूमिबाट एकदेव, परनिमित्तवरावर्ती भूमिबाट एक देव गरी जम्मा ५ जना देवहरू तुषिता भूमिमा रहनु भएको बोधिसत्वकहाँ गएर मनुष्य लोकमा जन्म लिनको लागि प्रार्थना गरेका थिए । उहाँ मात्र एक त्यस्तो महापुरूष हुनुहुन्थ्यो जसले मानवहरूलाई उपकार गर्न सक्नुहुन्थ्यो । अनि बोधिसत्व तुषितदेव पुत्रले पाँचवटा आफ्नो जन्म विषयमा विचार गर्नुभयो । समय, द्विप, देश, कुल अनि माताको आयु यी पाँचवटा जन्मसम्बन्धी उपयुक्तताबारे विचार गर्नुभयो । एकलाख वर्ष आयु भएको बेला जन्म लिंदा समय जन्म, जरा, मरण सम्बन्धी कसैल पनि वास्ता गर्ने छैन । तिनीहरूले धर्म उपदेश सुन्ने छैनन । अनित्य, दुःख, अनात्मा विषयमा प्रवचन गर्दा उनीहरूले बुझ्ने छैनन । तर यो समय भनेको मनुष्य लोकमा मनुष्यहरूको आयु मात्र सयवर्षसम्म छ । समय ठीक छ । यस समय मानिसहरू राग, द्वेष, मोहमा भुलिरहेका छन, क्लेशरूपी आगोले जलिरहेको समय धर्म उपदेश दिंदा उनीहरूले ध्यानपूर्वक सुन्नेछन र धर्मलाई पालन पनि गर्नेछन । यही समय जन्म लिनु ठीक समय हो भनेर उहाँ बोधिसत्वले मुनुष्य लोकमा उत्पन्न हुने निश्चय गर्नुभयो ।

●



Downloaded from http://dhamma.digital

# यात्रा : एक परिचय र बौद्धदर्शन

दिपंकर बुद्धलाई अतित बुद्ध सम्झेर त्रिकाल बुद्धको पूजामा पाली साहित्यको आधार लिन सकिन्छ । दिपंकर बुद्ध चौथो बुद्ध हुन । शाक्यमुनि गौतम बुद्धलाई उहाँले नै शुद्ध आशिर्वाद दिनुभएको थियो । उहाँले शाक्यमुनि बुद्धलाई "तिमी एकलाख चौरासी हजार कल्पपछि शाक्यमुनि बुद्ध बन्ने छौ" भनेर आशिर्वाद दिनुभयो । त्यसैकारण नेपालमा दिपंकर तथागतप्रति श्रद्धा र गहिरो आस्था छ ।

महामानव शाक्यमुनि गौतम बुद्ध आफ्ना शिष्यहरू सारिपुत्र, मौदगल्यायन र आनन्दसहित भिक्षु सँगसँगै नेपाल आउनुभएको हो भनेर स्वयम्भू पुराणमा उल्लेख गरेको छ । शाक्यमुनि बुद्ध भन्दा पहिला हाम्रो नेपालमा धेरै बोधिसत्व र बुद्धहरू उत्पन्न भएका थिए । अस्तिमात्र बुटवल र देवदहबीच खोलामा भेटिएको २५ हजार वर्ष पुरानो बोधिसत्वको दाँत भएको कुरा शंकर पौडेलले भन्नुभएको थियो । त्यसैकारण पहिलेदेखि बुद्धहरूको बसोबास भएको देश हाम्रो नेपाल हो भन्न सकिन्छ । बुद्ध बोधिसत्वको देश हो नेपाल । शान्तिमय देश हो तर आजकाल अशान्तिको कारण एकछिन बाँच्नलाई पनि हराएर बाँच्नुपर्ने अवस्था भएको छ । विदेशीहरूले भन्थे, "तिमीहरूको देशमा गरिवी र फोहोर छ तर भगवान बुद्ध जन्म भएको देश भएर शान्त छ ।" भगवान बुद्धले भन्नभएको थियो, "मेरो मूर्ति नबनाउनु, ...... पूजा मात्र गर्ने नगर्नु ।" तर जताततै भगवान बुद्धको मूर्ति मात्र छन । उहाँको मुख एकचोटि नियालेर हेऱ्यो भने मनमा क्रोध आए तापनि शान्त भएर जान्छ ।

शाक्यमुनि बुद्ध मगधदेश राजगृहमा हुँदा मगध सम्राट विम्वीसारले प्रश्न गर्नुभयो, "तपाई कहाँबाट आउनुभएको ?" अनि हिमालको मुनि रहेको



Downloaded from http://dhamma.digital

कपिलवस्तुबाट आएको भनी भगवान स्वयमले भन्नुभएको थियो। कपिलवस्तुमा एउटा नदी छ। त्यो नदीमा हिमालको छायाँ देखिन्छ। तसर्थ स्वयम बुद्धले गर्नुभएको बुद्धको मूर्ति वा चैत्य पूजाको वर्णन तथा नेपालको कथा र कलामा उल्लेख भएको कुरालाई दृष्टि राखेमा हिमालयको आकर्षणले भगवान बुद्धहरू नेपाल उपत्यकामा आउनुभएको कुराको विचार गर्दा पुरातात्विक र ऐतिहासिक अन्वेषण गर्न प्रेरित गर्छ। इतिहासले बुद्धको नेपाल आगमन किराँती राजा जितेदस्तीको शासनकालमा देखाउँछ। त्यसपछि सम्राट अशोकले बुद्ध धर्म ग्रहण गरेपछि भारतमा बुद्ध धर्मको प्रचार-प्रसार धेरै गर्नुभयो र उहाँ नेपालमा पनि पाल्नुभयो र उत्खनन र अनुसन्धान गर्दागर्दै निग्लिहावामा कनकमुनि बुद्धको जन्म भएको थियो भनेर अशोक खम्बामा लेखिदियो। त्यस्तै लुम्बिनी वनमा शाक्यमुनि गौतम बुद्ध जन्म भएको भनेर लेख्नुभयो।

अशोकले आफ्नो छोरी चारूमतीलाई देवपालसँग विवाह गरिदिएको उल्लेख पनि इतिहासमा छ। चारूमतीको स्मृतिमा बनाएको (चारूमती विहार) चाःवही अहिले पनि अशोक शैली स्तुप जस्तै छ। कोटेश्वरमा चारूमतीले बनाएको विहार र चैत्य अहिले पनि छन। त्यस समयको राजदरबार अगाडि अशोकस्तम्भ भएको भनाइ छ। अशोक महाराजाले जहाँ पुग्यो त्यहीं आफ्नो शिलास्तम्भ उभ्याइदिने गरेको इतिहासमा लेखेको पाइन्छ। जस्तो भए तापनि अशोक चैत्य भनेपछि विनामूर्तिको स्तूप स्मारक रूपको चैत्य हुने र सम्राट अशोक फेरि भिक्षु उपगुप्तले सुनाएको कथा साहित्य अनुसार नेपाली बौद्ध समाजमा उनको स्थान धेरै गहिरो र धेरै उच्च छ। त्यसपछि नेपालले बुद्ध धर्म दर्शनको आधारमा कला साहित्यको धेरै विकास गऱ्यो। पाँचौं शताव्दीको पूवार्धतिर आचार्य वलभद्र तिव्वत देश भएर चीन पुगे। तिनले चीपेह (नाँकिन) लाई आफ्नो कार्यक्षेत्र बनाइ त्यहाँका भाषामा बौद्ध साहित्य अनुवाद गऱ्यो। यो बेला चीनमा बुद्ध धर्म पुगिसकेको र बौद्ध साहित्य उत्थान र खोज्ने प्रारम्भिक युग पनि हो। त्यही समयमा फाहियान नेपालको कपिलवस्तु र लुम्बिनी पनि पुगेर फर्केको थियो।

●



Downloaded from http://dhamma.digital

# प्रवज्याको गुण

प्रवज्या भनेको गृह त्याग गरी भिक्षु, भिक्षुणी, श्रामणेर र श्रामणेरी र ऋषि हुनुलाई भन्दछन । प्रबजित भई बस्न अत्यन्त गाह्रो छ । विना संस्कार प्रबज्या प्राप्त गर्न सकिँदैन । जबर्जस्ती आमाबाबुले गराए तापनि केही दिन र वर्षमा छोडेर जान्छ । प्रबज्या लिनु अत्यन्त महत्वपूर्ण हुन्छ । त्यसैले जे जस्तो भए तापनि प्रबज्या ग्रहण गर्नुमा अत्यन्त महत्वपूर्ण गुण हुन्छ । आफ्नो छोरा वा छोरी, आफ्नो साथी अथवा कसैलाई पनि प्रबज्या लिनको लागि अनुमति दिनु या दिन लगाउनु स्वयममा प्रबजित भएको जस्तो पुण्य प्राप्त हुन्छ ।

दान दिएको पुण्यबाट धेरै धन सम्पत्ति हुन्छ र दश जन्मसम्म सुख ऐश्वर्य भोग गन पाउँछ । गरिब भनेको कहिले पनि हुँदैन । परिवारको कोही एकजना वा आफैं प्रबजित भयो भने दानको पुण्यभन्दा उत्तम हुन्छ । दान दिएको पुण्य खत्तम हुन सक्छ तर प्रबज्या भएको पुण्य कहिले पनि सकिने छैन । आफ्नो शीललाई रक्षा गरेर राख्न सक्ने ऋषिमुनिहरूले पाँचवटा अभिज्ञायुक्त ऋषि ब्रह्मलोकको भोग गर्न सक्छ । तर बुद्ध शासनमा प्रबजित भएको पुण्य धेरै थोरै महान छ किनभने उसको पुण्य केवल निर्वाण हुने मात्र लक्ष्य होइन । यदि कसैले सप्तरत्नहरूबाट त्रायस्त्रिस लोकसम्म उचाई भएको स्तुप बनाएर दिए तापनि प्रबज्याको पुण्य बराबर हुन सक्दैन । सप्तरत्नहरू नष्ट भएर जान सक्छ तर प्रबज्याको पुण्य कहिले पनि नष्ट हुन सक्दैन । हामीले हेर्ने हो भने कुशल कर्म बुद्ध, धर्म, ज्ञान र स्वभावजस्तो अरू कुनै पनि बराबर हुनै सक्दैन ।

उदाहरणः एकजना राम्रो बुद्धिमान वैद्य अथवा डाक्टरमा एकसय



Downloaded from http://dhamma.digital

अन्धाहरूलाई अप्रेशन गरेर देखाउन सक्ने क्षमता हुन्छ । सयजनाले एकैचोटी देख्न सक्ने क्षमता बनाई दिन सक्छ अथवा देखाई दिने क्षमता हुन्छ र कसैले अरूलाई दु:ख जनाको आँखा निकाली दिन लगाएको व्यक्तिलाई रोकाउनको लागि मेहनत गरेर निकाल्न रोकाएको पुण्य बराबर हुन्छ । तर त्योभन्दा ठूलो पुण्य प्रबजित हुन र हुनको लागि वचन दिलाउनेको पुण्य ठूलो र महानता साथसाथै प्रज्ञाचक्षु हुन्छ । प्रज्ञाचक्षुको स्वभाव कल्प-कल्पसम्म नष्ट हुँदैन । त्यो पुण्यको कारणले गर्दा अत्यन्त सुख र इच्छा अनुसार भोग गरेर अन्त्यसम्म अभिसंबुद्ध बन्न सक्छ ।

त्यसैले प्रबज्या धर्म अत्यन्त महत्वपूर्ण छ । यसले चित्तको मल क्लेश, राग, द्वेष, मोह, अहंकार, लोभ, लालचलाई नष्ट गरेर अनुत्तर पुण्य कर्महरू उत्पादन गर्छ । त्यसैकारण भगवान बुद्धले भन्नुभएको थियो, प्रबज्याको पुण्य सुमेरू पर्वतभन्दा अग्लो छन । सागरभन्दा पनि गहिरो र आकाशभन्दा पनि विशाल छ ।

प्रबज्या विषय लिएर विघ्न बाधा गरिदियो भने अथवा उसको इच्छानुसार प्रबजित गर्न दिएन भने त्यो व्यक्तिलाई अकुशल भन्दा धेरै नै पाप लाग्छ । जस्तै: कुनै व्यक्तिले हेर्न सक्दैन केही चिज देख्दैन भने त्यसलाई अन्धा भन्दछन । त्यसले जिन्दगीभर केही वस्तु देख्ने छैन । त्यस्तै प्रबज्या रोक्ने व्यक्तिलाई अन्धकार मात्र हुन्छ । पापले गर्दा केही देख्ने छैन । त्यो व्यक्ति नर्कसम्म जान्छ । जस्तै: ठूलो सागरमा सबै ढल, नदी, फोहोरको पानी मिलेर जान्छ । त्यस्तै सबै पापहरू जम्मा भएर जन्म-जन्म भोग्नुपर्ने हुन्छ । चाहे बूढाबूढी होस, चाहे तरूणतरूणी होस, प्रबजित भयो भने प्रज्ञा सहित अरहन्त हुन सक्छ । साथै निर्वाणसम्म पुग्न सक्ने पुण्य प्राप्त हुन्छ ।

भगवान बुद्ध राजगृहको बेलुवणको एउटा गाउँ कलन्तक भन्ने ठाउँमा बस्नुभएको बेलामा राजगृहको श्रीजत भन्ने ब्राह्मण थिए । उहनको आयु एकसय वर्षको थियो । प्रबज्याको गुणगान सुनेर भगवान बुद्धको शासनमा प्रबजित हुन नसक्ने भएकोले आफ्नो श्रीमती, छोरा, छोरी, नोकरसँग अनुमति माग्न गएछन । म प्रबजित हुन जान्छु भगवान बुद्धकहाँ । ब्राह्मण बूढा भएको कारणले घर परिवारले विचार गरे कि बूढाको केही काम छैन खाली कराएर मात्र बस्छन । ठीकै छ प्रबजित भएर गए भने घरमा पनि



Downloaded from http://dhamma.digital

शान्ति प्राप्त हुन्छ । त्यसैकारण 'हुन्छ' आफ्नो इच्छानुसार छिटो भन्दा छिटो प्रव्रजित हुन जानु भनी परिवारले अनुमति दिए । ती बूढा पहिला कहिले पनि विहारमा गएका थिएनन । को राम्रो, को नराम्रो र प्रज्ञावान भनेर थाहा पनि थिएन । पहिलोपटक गएको बेलुवन विहारमा त्यो पनि प्रव्रजित हुनका लागि । त्यो समय भगवान बुद्ध बाहिर बहुजन हितायको लागि जानुभएको थियो । भगवान बुद्ध कहाँ हुनुहुन्छ भनी भिक्षुहरूलाई सोध्दा उहाँहरूले जवाफ दिनुभयो कि उहाँ बहुजन हिताय बहुजन सुखायको लागि बाहिर जानुभएको छ । त्यसो भए उहाँको विद्वान र प्रज्ञावान शिष्य को हो ? भिक्षुहरूले जवाफ दिनुभयो कि यहाँ सबैभन्दा विद्वान प्रज्ञावान भदन्त सारिपुत्र हो भनेर देखाइदिनु भयो । बिचरा लट्ठीको सहायता लिएर विस्तारै सारिपुत्र भन्तेले बिचार गर्नुभयो कि प्रव्रजितहरूले तीनवटा नियम अथवा काम गर्नु अत्यन्त आवश्यक हुन्छ । होइन भने अरूले दान दिएको खाना पचाउन सक्ने छैन । यो तीनवटा नियम यसले पालना गर्न सक्ने छैन । कारण यी बूढा एकसय वर्ष भइसके । वर्षको कारणले गर्दा भिक्षु बनेर केही काम लाग्ने छैन ।

●

Downloaded from http://dhamma.digital

# नेपाल र ताइवान विषय

भगवान बुद्ध जन्मिनुभएको नेपाल र एकचोटी पनि उहाँ पुग्नु नभएको ठाउँ ताइवान । भगवान बुद्धको उपदेश सुनेर, उहाँको शील अनुसार काम गरेर ताइवानको कति उन्नति भइसक्यो । पहिला १९७८ मा म यहाँ आउँदा ताइवान त्यति उन्नत भएको देखिएन । अहिले धेरै नै विकास भइसक्यो । यहाँ भगवान बुद्धको विषयमा काम गर्नको लागि हजारौं जग्गा दान दिने, करोडौं डलर दन दिने भनेको केही हैन । मानिसहरू खुसी खुसीले दान दिन्छन ।

२०६६ आश्विन २३ गते मंगलबारको दिनमा काठमाडौंबाट बैंकक र ताइवानमा देवकाजी शाक्य र म (अनोजा गुरूमाँ) दुईजना ९वीक्ष्७ बुद्ध ज्योति अन्तर्राष्ट्रिय संघको सम्मेलनको लागि गयौं । यो (फोकवान साङ्) ठाउँलाई भगवान बुद्ध पहाडको बत्ती भनेर नामाकरण गरिएको छ । सबै ठाउँमा प्रकाशै प्रकाश, सबै ठाउँमा बुद्धको उपदेश अनुसार प्रचार-प्रसार र विभिन्न प्रकारले अंकित गरिराखेको छ । उपदेश अनुसार काम भइरहेको थियो । बुद्ध धर्मको लागि जग्गा दिने जति पनि दाताहरू छन । मलाई एकजना दाताले यहाँ बस्ने हो भने सय रोपनी जग्गा दिन्छु भन्नुभयो । हेर्नु ! कति ठूलो श्रद्धा । मैले जवाफ दिएँ - नेपालमा विहारको जग्गा छ । बृद्धाश्रम, अस्पताल बनाउनको लागि त्यहाँ काम गर्छु भनैं । के गर्ने मुटुमाथि ढुङ्गा राखी हाँस्नु पऱ्याछ जस्तो । नेपालमा राम्रो काम गर्छु भनेर गर्ने व्यक्तिलाई प्रोत्साहन दिने कहाँ कहाँ, कल्पना नगरेको कुरा लिएर बाधा मात्र नदिए पुग्छ । मद्दत गर्ने व्यक्तिहरूले त खुसी खुसी गर्छन । तर आफ्नो कर्म पनि होला । पूर्व जन्ममा अरूले राम्रो काम गर्ने व्यक्तिलाई मैले बाधा पुऱ्याएको थिएँ सायद । त्यसको फल भोग्नै पर्छ, राम्रो वा नराम्रो । ताइवानमा एकजना दाताले १००० रोपनी दान दिएको र त्यस्तै एकजना दाताले एक करोड डलर दान दिनु भएकोमा उहाँहरूले सम्मान प्राप्त गर्नुभयो ।



Downloaded from http://dhamma.digital

यो सबै हेरेर नेपालमा बुद्ध जन्मनु भएको देश के भएको हो भनेर दुःख लाग्यो । ताइवान चाइनाबाट अलग्ग छुटेर आएको च्यांकवा सिटी । यो देशले ३० वर्षमा उन्नति गरे । खास त ताइवान एउटा टापु मात्र हो । अहिले एउटा एकदम विकसित देश बन्यो । भगवान बुद्धको उपदेश गाउँ-गाउँमा, नगर-नगरमा, देश-देशमा प्रचार-प्रसार भइराखेको देख्दा असाध्यै खुसी लाग्यो । मास्टर सिं युनले आधुनिक बुद्ध धर्म अनुसार प्रचार गर्नुभएका देखें । त्यसैकारण एउटा कार्यक्रम गर्दा २० औं हजार मानिसहरूले भाग लिने गर्छन । जबसम्म आफ्नो चित्त शुद्ध गर्न सकिदैन, तबसम्म शान्ति पाइने छैन । बुद्धको सिद्धान्त र उहाँले दिनुभएको उपदेश हो यो । सके जग्गा, धनसम्पत्ति, विहार, अस्पताल इत्यादि दान दिनु नभए विहार बनाइराखेको ठाउँमा भए पनि पुग्नु । त्यो पनि सकिएन भने यो गर्नू, त्यो गर्नू भनेर काम अह्राउने मात्र होइन, अरूले गरेको, अरूले दान दिएकोमा हेरेर अथवा सुन्दा र अनुमोदन गर्दा आधा पुण्य लाग्छ ।

जन्मेपछि मृत्यु वहन गर्नैपर्छ । मरेर जाने बेला केही पनि लिएर जान सकिदैन, खाली कुशल र अकुशल कर्मको फल मात्र हो । नेपालमा दान दिनेले खुसीपूर्वक दिनुहुन्छ तर नदिने व्यक्तिलाई अरूले दिएकोमा पनि डाह हुने । काम पनि गर्न नदिने बाँदरजस्तो । आफूले पनि नगर्ने, अरूले गरेको र गर्न खोजेकोमा पनि अवरोध पुऱ्याइदिने । यसलाई के भन्दछन ? मेरो विचारमा बुद्ध शिक्षा कम भएको कारणले नै यस्तो स्थिति आएको हो । बुद्ध भनेको ज्ञान हो । ज्ञानको भण्डार, ज्ञान उत्पन्न भएको मौरीले मह बनाउने जस्तो भयो । कारण मौरीले मह बनाउँछ तर उसले खाँदैन । अरूले मह निकालेर खान्छन । विभिन्न प्रकारको औषधिको लागि उपयोग गर्दछन । शरीरको लागि मह, तर बुद्धको ज्ञान चित्तको लागि उपकार हुने हो । टोल-टोलमा बुद्धको मूर्ति बनाइएको छ । म बुद्धिष्ट हुँ भन्छन । तर बुद्धको उपदेशलाई वास्ता गर्दैनन । अरू पालन गर्न नसके अरूले राम्रो काम गरेकोमा हानि नपुऱ्याई खुसी मात्र भइदिए पनि ठूलो पुण्य लाग्ने र हाम्रो नेपाल ताइवानभन्दा धेरै विकास हुने थियो होला ।

●



Downloaded from http://dhamma.digital

# दु:ख सत्य

साच्चिकै हो दु:ख सत्य आफ्नो काखीबाट शत्रुहरू पहलाइन्छ। कहाँबाट ? कसरी ? किन ? भनेर आफूले कल्पना नै गर्न सकेको छैन। आफूले केही दोष, भूल नगरे तापनि शत्रु भइरहन्छन र भगडा गर्न आइरहन्छन। म अचम्म लाग्छ किन होला ? के भएको भन्ने आफूलाई नै प्रश्न गर्ने गर्दछु। मूर्खहरूले पनि आफूले समाज सेवा गर्ने र उन्नति गर्ने काम गर्ने छैनन। आफूले पनि गर्दैनन कस्तो मूर्खहरूको बुद्धि ? जस्तै : बाँदरजस्तो। आफूले पनि उन्नति र सेवा गर्दैनन अरूले गरेकोमा पनि बाधा दिएर गराउन नदिने। जति विद्वान र धनसम्पत्ति भए तापनि भित्रको प्रज्ञा, बुद्धि, ज्ञान नहुँदा अरूले गरेको उन्नति, सेवा देखेर डाह हुने गर्छ। यस्तै भगवान बुद्धको समयमा पनि भइरहेको थियो। आजकल धेरै नै डाह-जलेस हुन्छ। त्यो व्यक्तिले कसरी उन्नति गऱ्यो र राम्रो भयो ? कसरी सम्पत्ति कमायो ? उहाँलाई किन सबैले मन पराएका छन भनेर विचार गर्ने क्षमता नै छैन। उहाँजस्तो म पनि राम्रो र सम्पत्ति कमाउनेछु, धर्मात्मा बन्नेछु भनेर विचार र मेहनत गर्दैन। भन उल्टा-उल्टा र डाह गरेर अकुशल काम गरिरहन्छ। यो कलियुग भएकोले होला। अकुशल काम गरेर अकुशल त भोग्नपर्छ। तर कुशल काम गर्दागर्दै पनि हाम्रो शरीरबाट आउने ५ प्रकारका दु:खहरू छन। यो दु:ख हटाउनको लागि विनाध्यान सकिँदैन। आफूलाई आउने दु:खः शारीरिक र मानसिक दु:खवाहेक अरू भयानक दु:ख ५ प्रकारका छन :

१. ञति वियोग, २. रोग, ३. धनसम्पत्ति नाश हुने, ४. शील, ५. दृष्टि विचार नराम्रो हुने यी भयानक दु:ख हुन। भनौं शारीरिक दु:ख हुँदा टाउको दुख्दा सिटामोल खाएर निको हुन्छ। घाउ भयो भने औषधि हालेर



Downloaded from http://dhamma.digital

निको गर्छ । पेट दुख्यो भने डाढिडुन खाएर निको हुन्छ अथवा अप्रेसन गरेर नराम्रो झिकेर निको पारिदिन्छ । तर मानसिक दु:ख भयो भने कोही कोही अम्मल पदार्थ जस्तैः रक्सी, गाँजा, धतुरो, चुरोट, ड्रग्स खाएर मनको दु:खलाई हटाउन खोज्छन तर अम्मलले गर्दा एकछिन शान्ति हुन्छ । अम्मल खाएर होस हराउँछ । एकछिनको लागि मात्र तर शोक आकुलव्याकुल भएको सधैं शान्ति हुने होइन । अम्मल खाँदा झन धनजन सम्पत्ति नाश हन्छ । अशिक्षाको कारणले गर्दा अम्मल खाएर शान्ति हुन्छ भनेर खान्छन र विचार गर्छन यो मूर्खताको कारण हो । एकछिनको लागि अवश्य पनि चित्तशान्ति र आनन्द होला । अम्मल पदार्थले झन शरीरमा हानि मात्र होइन छिटोभन्दा छिटो रोग लागेर मृत्यु भएर जान्छ । तर सतिपत्थान ध्यानबाट जीवन र चित्त शुद्ध भएर निरोगी निल्केश हुन्छ । राग, द्वेष, मोह, लोभ, लालची सबै हटेर तृष्णालाई निर्मूल पारेर निर्वाण सुख प्राप्त गर्न सकिन्छ । शोक आकुलव्याकुललाई हटाउने क्षमता स्मृति पठान अथवा सतिपठान ध्यानले मात्र हटाउन सकिन्छ । जीवनमा शोकबाट मुक्त हुन सक्यो भने दु:खबाट मुक्त हुन सक्छ । शोक आकुलव्याकुल हुने ५ प्रकारका कारण यस्ता छन :

१. आफ्नो जाति बन्धुबाट वियोग हुँदा शोक आकुलव्याकुल हुन्छ । कारण आफूसँग सम्बन्धित व्यक्तिहरू आफ्नो जन्मदाता आमाबुबा, दाजुभाइ, दिदीबहिनी, छोराछोरीहरू वियोग हुँदा, मृत्यु हुँदा कति दु:ख हुन्छ । आफूलाई परेको बेलामा थाहा हुन्छ कत्तिको शोक आकुलव्याकुल दु:ख हुन्छ भनेर धेरै नै दु:ख हुने रहेछ । मलाई अनुभव भएको जब मेरी आमा बित्नुभयो । मलाई धेरै दु:ख भयो । कारण हरेक दिन माया, करूणा, मैत्री, मुद्धिता गर्नुहुन्थ्यो । घरबाट निस्केकै हुँदैन, ए बुता तिमी कहिले आउने भनेर कराउनु हुन्छ । केही मीठो खानेकुरा भए मलाई भाग राख्नुहुन्थ्यो । मलाई यो दुख्यो र दु:ख भयो भनेर कुरा सुनाउँदा उहाँलाई पीडा हुन्थ्यो । त्यस्तो आमा नहुँदा मलाई कति दु:ख र आकुलव्याकुल भयो होला । मलाइ थाहा छ । जन्म भएपछि सबै मृत्यु भएर जानुपर्छ भनेर । थाहा पाए तापनि मान्छे त हो आकुलव्याकुल भइरहन्छ । कसैको श्रीमानश्रीमती बित्दा अथवा छोराछोरी बित्दा कति आकुलव्याकुल हुने होला तर अर्काको जाति अथवा आमाबुबा परिवार बित्यो भन्ने आफूलाई केही दु:ख हुनेवाला छैन । जब आफूलाई



Downloaded from http://dhamma.digital

परेको हुन्छ अनि थाहा हुन्छ । भन्छन तिम्रो बुबाआमा श्रीमान श्रीमती मरेर मलाई के मतलब । मेरो आमाबुबा श्रीमानश्रीमती मरे पो आकुलव्याकुल र दुःख हुन्छ । त्यसैकारण जाति वियोगले पनि आकुलव्याकुल हुन्छ ।

२. रोगः रोग आफूलाई भयानक ठूलो रोग लाग्दा कति आकुलव्याकुल र दुःख हुन्छ । सानासाना त त्यसै निको भएर जान्छ । तर भयानक रोग जस्तै : मुटु, क्यान्सर, किडनी क्यान्सर, फोक्सो क्यान्सर, आँखा क्यान्सर, एडस रोग । यस्तो रोग लाग्दा जति पैसा खर्च गरे तापनि निको नहुने । रक्तक्यान्सर; यस्तो रोग निको पार्नको लागि करोडौं करोड खर्च गरेर औषधि गरे तापनि निको नहुँदा आकुलव्याकुल र दुःख हुन्छ । तर पैसा भएको व्यक्तिले त खर्च गर्न सक्छ तर गरिबले कसरी खर्च गर्ने ? आफूलाई खाना खर्च हुँदैन; कहाँको औषधि र कसैको धनजन सम्पत्ति नाश हुन्छ । त्यसकारण रोग लाग्ने पनि ठूलो आकुलव्याकुल शोक दुःख हो ।

भगवान बुद्धले भन्नुहुन्छ - आरोग्य परम लाभ । निरोगी भएर बाँच्नु ठूलो लाभ सत्कार हुन्छ । अर्को एउटा राजा रोगी तर गरिब निरोगी । तर राजाभन्दा पनि गरिब व्यक्तिलाई सुख हुन्छ । राजा, राष्ट्रपति, प्रधानमन्त्री भएर के गर्ने ? रोग लाग्दा ठूलो शोक आकुलव्याकुल र दुःख हुन्छ ।

३. धनः सम्पत्ति विनाश हुँदा पनि ठूलो आकुलव्याकुल हुन्छ । जस्तैः आजकाल जतातत्तै बाटो फराकिलो गरेर ल्याएको देखिन्छ । खाली त्यही एउटा मात्र घर भएको व्यक्तिको घर भत्काउनु पर्दा कति दुःख हुन्छ । आकुलव्याकुल भएन त ? त्यस्तैः घरजग्गा धनसम्पत्ति अरूले जफत गर्दा, लुटेर लादा, खोलाले जग्गा खन्दा, आगो लाग्दा, चोरले चोर्दा धेरै ठूलो शोक सन्ताप आकुलव्याकुल हुन्छ ।

●



Downloaded from http://dhamma.digital

# शुद्ध मनले कार्य गरेमा सफल हुन्छ

म सुन्दरीघाटको पाटीमा एक्लै सुत्न आएकी । म सानो छँदा बनेपामा चन्द्रकीर्ति विहारभन्दा अलि माथि जंगल छ, जसको नाम गुँखहार हो । त्यहाँ पहिला फलफूल सस्तो थियो । जसले जे खाएता पनि कसैलाई कुनै आपत्ति थिएन । त्यो जंगलमा दिउँसै बाघ आउँथ्यो । म साथीहरूसँग मिलेर जंगलमा जाने गर्थे । त्यस चन्द्रकीर्तिमा एकजना भिक्षु भन्ते पनि बसेका थिए । उनी त्यस्तो बाघ आउने जंगलमा एक्लै बस्दथे । आफूले कसैलाई केही नगरी माया गरे कसैले पनि केही गर्दैन भन्ने कुरालाई सम्झेर त्यो भन्ते एक्लै त्यो जंगलमा बस्दथे । त्यो देखेर मलाई पनि मनमा आयो कि भन्ते एक्लै यसरी बस्न सक्छ भने म किन नसक्ने ? म पनि मान्छे नै हुँ । मलाई यो सुन्दरीघाटमा पनि बाघ, चितुवा आउँछ भन्ने थाहा थियो । याद पनि आउँथ्यो । एकदिन एक जना कुमार महर्जन र म कुराकानी गर्दै थियौं कि एउटा चितुवा हाम्रो अघिबाट सरक्क गयो । हामी दुवैले हेरिरह्यौं । त्यस्तै एक दिन चैत्यमा म एक्लै पूजा गरिरहेको बेला मेरै अगाडिबाट चितुवा हिंडदै तल खोलातिर गयो । त्यस्तै एक दिन चर्पी प्रयोग गर्न जाँदा मेरो खुट्टामाथिबाट सर्प सरक्क गयो । म पनि डराइन । यस्ता गजब गजबका अनेक घटनाहरू भएका थिए । त्यस्तै एक दिन खाना पकाउन जाँदा थाल उठाएको त बडेमानको ठूलो सर्प बसिराखेको पाएँ । त्यसैबेला मैले खण्डसूत्रको पाठ गरैं । त्यसबेला सर्पलाई मले हेरिरहें, सर्पले पनि मलाई हेरिरह्यो । खण्डपाठ सक्दा नसक्दै सर्प सरक्क कहाँ गयो, त्यो मलाई थाहा भएन । त्यस्तो बेला आँट र बुद्धिको संयम ज्यादै जरूरी हुन्छ । त्यसैकारण भगवान बुद्धले भन्नुभएको छ कि नारीर पुरूषमा केही फरक छैन, केवल बुद्धि मात्र फरक छ । हरेक ठाउँमा परूषमात्र पण्डित हैन, महिला पनि आँट वाला छ भन्ने गाथा उदगार गर्नुभएको छ । जस्तै : नहि सब्बेसु, ठानेस, पुरिसो होति पण्डितो, इत्थिपी पण्डिता होती तस्य तत्य विचक्खणा । भगवान



Downloaded from http://dhamma.digital

बुद्ध श्रावस्ती जेतवन विहारमा बस्नुभएको बेलामा दिएको उपदेश यस प्रकार छ । श्रावस्ती देशका राजा प्रसनजीत र महारानी मल्लिका थिए । प्रसेनजीत राजाले राज्य गर्नुभएको बेलामा राजा त त्यति बुद्धिमान थिएनन जति महारानी मल्लिका थिइन । राजाले राज्य चलाउने बेला महारानीको रायसल्लाह अनुसार चलाउने गर्दथे । राजाले मल्लिका महारानीलाई अत्यन्त माया गर्ने भएकोले उनले भनेका जे पनि मान्ने गर्दथे । महारानी भगवानप्रति एकदम श्रद्धा र आदर गर्ने उपासिका थिइन । त्यसकारण राजा प्रसेनजीतलाई समय समयमा भगवान बुद्धको उपदेश सुन्न र पालन गर्न भन्ने गर्दथिन । राजा पनि समय निकाली समय बेकार नफाली भगवान बुद्धको उपदेश सुन्न जाने गर्दथे । महारानी मल्लिका गर्भवती थिइन । एकदिन राजा अत्यन्त खुसी भई उपदेश सुनिरहेको बेला एकजना सेवक आएर राजाको कानमा खुसुक्क भन्यो - "महाराज महारानीले पुत्रीको जन्म दिनुभएको छ ।" राजाले पुत्रको आशा राखेकोले पुत्री जन्मेको कुराले मन मलिन गरे र खुसी भएका अनुहारमा गम्भीरता देखियो । ठीक त्यसैबेला भगवान बुद्धले भन्नुभयो -"नारी र पुरूषबीच शारीरिक केही क्षमता बाहेक अन्य कुनै कुरामा केही फरक छैन । राजकुमारले पाउनुपर्ने जस्ता शिक्षा, दिक्षा राजकुमारीलाई दिए राजकुमारपैले पनि गर्न सक्छ । महिलाले त्यो जुनसुकै कार्य गर्न सक्छ जुन पुरूषले गर्ने गर्दछन । त्यस्तै राज्य पनि सञ्चालन गर्न सक्दछन । यदि घरबाट भिक्षुणी नै भइन भने अरहन्त पनि हुन सक्नेछिन । त्यसकारण राजा तपाईंले चिन्ता लिनु पर्दैन" भनी उपदेश दिनुभयो । त्यो उपदेश सुनेर राजा चिन्तामुक्त भई आफनो अनुहार उज्यालो बनाए । भगवान बुद्धले कहिले पनि महिला र पुरूषबीच कुनै भेदभाव गर्नुभएन ।

महिलाहरू आफै आफूलाई तल बस्ने बानी गरेका हुन । हामीले देख्न सक्छौं, लक्ष्मीनारायणको फोटोमा जहिले पनि लक्ष्मी नारायणको खुट्टा मिचिरहेको । के महिलाहरूको काम सधैं खुट्टा मिच्ने मात्र हो ? प्रायः महिलाहरूलाई नेपाल र भारतमा दोस्रो दर्जाको मानव सम्भिmन गरिन्छ । बुबाआमाले पनि छोरीलाई बच्चा पाउने र घरगृहस्थीको कार्यमा मेशिन भई काम गरिरहने उपदेश दिने गर्दा हाम्रो संस्कारमाथि नै प्रश्न चिन्ह आउँछ । छोराले कुल तार्छ भनी मानसम्मान र माया पाउने तर छोरीले गरेको काम र



Downloaded from http://dhamma.digital

कर्मको यादै नगर्ने ।

हो वा होइन थाहा त छैन, म सानो छँदा मेरा बुबाको साथीले एकदिन मेरा बुकालाई घिउ चाकु किनेर घर ल्याएको देखेर सोध्नुभएको थियो कि 'ए हरि तिम्री श्रीमती गर्भवती थिइन के जन्माइन ?' उत्तरमा मेरा बुबाले सानो स्वरमा भन्नुभएको थियो कि बकुचा पायो किनकि उहाँलाई छोरा जन्मन्छ कि भन्ने आशा रहेको थियो । मानिसको सोच कत्तिको संकुचित छ । जबकी छोराभन्दा छोरीले बाबुआमाको दुःख, सुखबारे चिन्तित हुन्छन र पालनपोषण पनि गरेका छन र गरिरहेका पनि छन । छोरी, बुहारी, श्रीमती, बज्यै, बहिनी, दिदी सबै रूपमा महिला रहन्छन ।

भगवान बुद्धले उत्तरालाई उपदेश दिनभएको आमा सम्मान, श्रीमती, बहिनी जस्तै दिदी, साथी र सेवक जस्तो श्रीमती हुनुपर्दछ । त्यस्तै पुरूष पिता समान भाई, दाइ र साथी समान सेवक जस्तो माया दिने हुनुपर्दछ । श्रीमान श्रीमती केवल तृष्णा पोख्ने भाँडा मात्र होइन एउटा सुख दुःख बाँडने साधन पनि हो । एक दुवैको साथी हा । भारत र नेपालमा धेरैजसो महिला भनेको कामै नआउने जस्तो व्यवहार गर्छ । गाउँ गाउँमा झन महिलामाथि अत्याचार गरेको पाउँछौं । पुरूषले त हिंसा गऱ्यो, गऱ्यो, महिला माथि महिलाले पनि अत्याचार गरिरहेका छन । बुद्धिमान पुरूषले सदा महिलालाई अगाडि बढेको देख्न चाहन्छन । त्यसैकारण भगवान बुद्धले भन्नुहुन्छ कि महिलालाई शिक्षित गरे, ज्ञान दिए पुरूषले गर्न सकेको प्रत्येक कार्य महिलाले पनि गर्न सक्छन । त्यसकारण महिलालाई ज्ञान आवश्यक छ । ज्ञान भए यही अरहन्त हुन सक्छ । अरहन्त पनि भएको जस्तै भिक्षा हो । प्रज्ञाएर्तदगा अरन्त पताचारा, उपलक्षण भिक्षुणी, रक्मा, नन्दाथेरी ... ।

आजकाल महिलाहरू माथिल्लो पोष्टमा पुगेका छन । भारतमा इन्दिरा गान्धी प्रधानमन्त्री हुनु भयो । त्यस्तै पाकिस्तानमा बेनजीर भुट्टो प्रधानमन्त्री हुनुभयो । नेपालमा पनि सुशीला थापा स्वास्थ्यमन्त्री हुनुभएको थियो । अष्टलक्ष्मी शाक्य, हिसिला यमी, पम्फा भुसाल आदि मन्त्रीहरू भए । भगवान बुद्धका उपदेशहरू धमाधम लागू भइरहेका छन । खास रूपमा ध्यान गरेर हेर्दा गोयंका गुरूजी अथवा मदसी सया दो । एक पटक गुरूले ध्यान सिकाउनु भएको बेला शरीरमा एक एक टक गरेर हेर्नु र आफनो शरीरको



Downloaded from http://dhamma.digital

कुना कुनासम्म हेर्न भन्नुभयो । सरसर्ती हेर्दा त कतै पनि मेरो मन दुखेको मैले पाइनँ ।

सबै कुनामा ध्यान लाग्ने गरी हेर्दा देखिन्छ । मैले हेर्दासम्म खाली हडडी मात्र देखेजस्तै पुरूषहरूले हेर्दा पनि हडडीमात्र देखे । कहाँ पुरूष र कहाँ महिला सबैले यस्तै देखे । एउटा घटनाको वर्णन गर्न चाहन्छु जो यस प्रकार थियो : एकजना भिक्षुले ध्यान गर्दा सधैं हडडी मात्र देख्ने गर्थे । हाड छाला मात्र भएकोले भिक्षु भिक्षा माग्न गएछन । एकजना राम्री केटी भिक्षा दिन आइन । भिक्षु केटीलाई देखेर हाँसे, केटी पनि हाँसिन । भन्तेले त्यो केटीलाई हेर्दा उसको दाँत मात्र देखे । यसरी चार पाँच पटक भिक्षा माग्न जाँदा भिक्षुले केटीलाई मन पराएछ र विवाहको प्रस्ताव राख्यो । केटीको स्वीकृतिपछि विवाहको तयारी भयो ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# कर्मको फल : आनन्द महाजनको कहानी

'पुत्ता मत्थि' भनेको धर्मदेशना भगवान बुद्ध श्रावस्ती नगरमा बस्नुभएका बेला आनन्द महाजनको कारणले आज्ञा गर्नु भएको थियो। श्रावस्ती नगरमा महाजनसँग चालिस कोटि धन (दौलत) भएता पनि अत्यन्त कन्जुस थिए। उनले महिनाको दुईचोटी अथवा १५ दिनको एकचोटी आफनो छोरा मुलसिरिया लगायत आफन्त र ज्ञातिजनीहरूलाई यस्तो उपदेश दिन्थे - "यो चालिस कोटि धन सम्पत्ति धेरै छ भनेर नसम्भनु। यो सम्पत्ति कसैलाई पनि दिनु हुँदैन। कसैलाई पनि धन सम्पत्तिबाट मद्दत गर्नु हुँदैन। नभएको र नयाँ नयाँ धनसम्पत्तिबाट मद्दत गर्नु हुँदैन। नभएको र नयाँ नयाँ पुरानो सम्पत्ति थाँती राखी अभ्र अर्को धनसम्पत्ति जम्मा गर्नुपर्छ। एक रूपैया भए पनि आफूसँग भएको खर्च गऱ्यो भने सबै खर्च भएर जान्छ। अलि अलि गर्दै पैसा खर्च भएर जान्छ। त्यसकारण जति आपत विपत आए तापनि धन खर्च गर्नु हुँदैन। त्यसकारण भनिएको पनि छ :

अञ्जनान रवयं दिस्वा उपचिकानञ्च आचर्य।

मधून चमाहार पछितो घरमा बसे ति ॥

अर्थात, जस्तै सानो धमिराले अलि अलि माटो जम्मा गरेजस्तै, मौरीले मह जम्मा गरेजस्तै घरको गृहस्थीले पनि घर गृहस्थी चलाउनुपर्छ।"

आनन्द महाजनले आफना छोरा मुलसिरिलाई पनि नभनीकन पाँच प्रकारका रत्नहरू खाल्डो खनेर लुकाइराखेका थिए। ती महाजन धेरै नै कन्जुस थिए। कसैलाई एक पैसा दान दिएको रेकर्ड पनि थिएन। जति धनसम्पत्ति भएता पनि सबै छोडेर जानुपर्छ आखिरमा। एउटा सियोसम्म पनि लिएर जान सकिँदैन। खाली पाप र धर्म मात्र हो। सँगै लाने भनेको आफूले



Downloaded from http://dhamma.digital

गरेको कर्मको फल मात्र हो । संसारमा जन्म भएपछि मृत्यु हुन्छ । यो कसैले रोक्न नसक्ने ध्रुव सत्य हो । जति धन सम्पत्तिले भरिपूर्ण भए तापनि छाडेर जानुपर्छ ।

आनन्द महाजनको पनि मृत्यु भयो । अनि त्यही देशको एउटा दुर्गम क्षेत्रको गाउँमा चण्डाल पोडेहरू बस्ने एकजना महिलाको कोखमा गर्भ बस्न गयो । ती पोडेहरू एक हजार जनाको बस्ती थियो । तिनीहरू सबै माछा मारेर जीविका चलाएर बसेका थिए । पहिला जातपात धेरै नै थियो । त्यसैकारण तल्लो काम गर्ने पोडे भनेर अलग गाउँ दिएर साथै माछा मार्ने काम पनि दिएको थियो । त्यो समय अरूले माछा मार्न हुँदैन थियो । जब राजाले महाजन मृत्यु भएको समाचार सुनेपछि आनन्द महाजनको छोरोलाई महाजन पद दिनुभयो । मुलसिरी आफनो बुबा बितेर जाँदा देशको महाजन भयो महाजन भएपछि सबैले आदर गौरव राख्ने भइहाल्यो । एउटा जुन आनन्द महाजन मृत्युपश्चात पोडेको कोखमा जन्म लिँदा त्यहाँ १७०० जनाको काम पाएन, माछा पनि पाएन । काम नपाएपछि खान पनि पाएन । पोडेहरू हाहाकार भए । उनीहरूमा विचार आयो कि हाम्रो समाजमा कसैको कोखमा अलच्छिना बच्चाको जन्म लिन आयो होला । कसको पेटमा गर्भधारण हुन आएको होला हेर्न पऱ्यो भनेर ५००-५०० जनाको अलग अलग समूह बनायो । त्यसपछि जुन त्यो आनन्द जन्म हुन गएको तर्फमा केही काम नपाउने । पेट भर्नलाई धौ धा भयो । दिनरात काम खोज्न गएता पनि काम नपाउने, माग्न जाँदा खाना नपाउने उनको कारणले सबै जनाले दुःख पाउने भयो । अरू ५०० जनाको राम्रै जीविका चलेछ । यसको पनि आधा आधा गर्नुपऱ्यो भनेर २५०-२५० गऱ्यो । त्यसमा पनि २५० जनाले खान पाएनन । धेरै नै समस्या भोग्नुपऱ्यो । हेन एकजना पापीको कारणले गर्दा उनीहरूले थाहा पाएन कसको पेटमा बच्चा आयो भनेर । त्यसको पनि आधा आधा गरे । यस्तै गर्दा गर्दै एक महिलाको पेटमा आएको भनेर थाहा पाउँदा दुईजना लोग्नेस्वास्नी मात्र हुन्थे । बच्चा जन्म भएको छैन । त्यसको कारणले गर्दा सबैलाई खानको अभाव खानाको लागि दुःख भयो । त्यसकारण त्यो बच्चा जन्म भएको बेलामा आफूले पनि एकदाना नदिने र अरूलाई पनि दान दिन नलगाउने । दान दिन खोज्ने व्यक्तिलाई गाली दिने, हिस्याउने, जथाभावी



Downloaded from http://dhamma.digital

भन्ने चलन भएको थियो । त्यस्तो अलक्षिनी बच्चा गर्भ भएको भनेर आफनो गुरूबाट निकाली दियो । तर पछि बच्चा पाउँदा छोरो पायो । छोराको रूप रंग नै छैन । मानिस जस्तो भएर जुन मुख, कान, आँखा, नाक, हात खुट्टा हुनुपर्ने ठाउँमा एउटा पनि सही ठाउँमा भएन । सबै विपरीत भयो । यसप्रकार त्यो बच्चाको अंग प्रत्यंग विकलाङ्ग भएको कालो न कालो मोटो बनाएका पिचास जस्ता कुरूप भएर जन्म लियो । त्यो भएता पनि आमाको माया ममताले छोडन सकेन । आमाको मैत्री धेरै नै बलवान हुन्छ । आफना छोराछोरीप्रति आमाको माया ठूलो हुन्छ । भगवान बुद्ध भन्नुहुन्छ - बाबुका माया १०० गुणा छ भने आमाको माया १००० गुणा । त्यसैकारण त्यस्तो कुरूप भएता पनि आफनो छोरोलाई छोडन नसकेर छोरोलाई बोकेर काम खोज्न जानुपर्छ । तर छोरोको कारणले कतै काम पाएनन । काम छैन यो देशमा दान दिने पनि छ, मागेर भए पनि खानुपऱ्यो भनी माग्दा पनि खान पाउँदैनथ्यो । अनि त्यो छोरोलाई घरमा राखेर काम खोज्न जाँदा काम पाउने र काम गरेर पाएको ज्यालाबाट खाना खाने गर्थ्यो ।

बच्चा सानो छ, छोडेर जान पनि नसकिने, सँगै लिएर जाँदा काम, माम केही नपाउने । त्यसको लागि र उसको कर्मको कारणले गर्दा सबैले दु:ख पाए । यस्तो दु:ख गर्दागर्दै अलि हिँडेर जान र मागेर खान सक्ने अवस्थामा पुग्यो । आफनो कर्मको फल आफैले भोग्नुपर्छ । आफूले भोगेर पुण्य आफनो छिमेकी नाताकुटुम्ब सबैले भोग्नपऱ्यो । आमा बुबा मात्र होइन टोलछिमेकी समेतलाई खानाको अभाव भयो । जबसम्म त्यो बच्चालाई लिइरहन्छ तबसम्म खान पाउँदैनथ्यो । विस्तार बिस्तार बच्चाबाट केटा भएर ठूलो भएर आयो । आमाले धेरै दु:ख पाएर खाई नखाई बच्चालाई हुर्काइन । अनि मागेर खान सक्ने अवस्थामा पुगेपछि पुरानो एउटा भाँडो दिएर 'अबदेखि तिमी आफै यो भाँडो लिएर मागेर खानु । यो देशको शहरमा गएर मागेर खानु । यो देशमा दान दिने दाताहरू छन' भनेर पठाई दिइन ।

कुरूप केटा पनि आमाबाबुले छाडेपछि अब कसको सहायता लिने, माया गर्ने कोही पनि छैन । खुवाउने पनि को पनि थिएन । खानु त पऱ्यो । खानको लागि माग्न गयो, घर घरमा गयो । कसैले पनि केही दिएन । शहरमा घर, घर, दैलो दैलोमा जाँदा जाँदा पहिलाको जन्ममा आनन्द महाजन भएको



Downloaded from http://dhamma.digital

बेलाको घरमा पुग्यो । पहिला पहिलाको पुण्यको फलले उहाँसँग याद हुने जति सारज्ञान भएको हुनाले आफनो घर याद आएर घरभित्र पस्छ ।

घरभित्र जाँदा जाँदै तीनवटा द्वारभित्र पुगेछ । तीनैवटा द्वारभित्र पुण्यतामा पनि उसले उसैलाई चिनी सकेको थिएन । चारवटा द्वारमा पुग्दा उहाँले छोरा मुलसिरी महाजनलाई देख्दा छोरोलाई चिन्दा मनमा कुति कुति भएर रून थाल्यो । रोएर देख्दा मुलसिरीका सेवकहरूले समातेर बाहिर पठाउन खोज्यो । र अलक्षिण भनेर सेवकहरूले कुटपिट गरेर समातेर बाहिर राख्ने खाल्डोमा खसाइदियो । संजागवश त्यही समय त्यही ठाउँमा आनन्द भिक्षु सँगसँगै शिक्षा लिएर त्यहाँ पुग्नुभएको थियो । अनि भगवान बुद्धले आनन्द स्थवीरतिर हेरेर हाँस्नुभयो । आनन्द स्थवीरले भगवान बुद्ध हाँस्नु भएको रहस्यहरू सुन्नु भयो । फेरि स्थिरतालाई भन्यो - उहाँको छोरो मुलसिरीलाई बोलाएर ल्याउनु । भगवान बुद्धको आज्ञा पालन गरी मुलसिरीलाई बोलाएर ल्याउनुभयो । त्यो समय त्यहाँ धेरै नै मानिसहरू जम्मा हुनुभएको थियो । यस्तो कुरूप मान्छे जस्तो भएन । कस्तो अलक्षिणा होला यो । त्यही भगवान बुद्ध पनि बस्नु भएको छ । केही रहस्यमय अवश्य होला भनी सबै दर्शकहरू जम्मा भएर बसेका थिए । जब मुलसिरी पुग्ने बित्तिकै भगवान बुद्धले केटालाई कुटाइबाट, टोकाइ मुलसिरीसँग सोध्नुभयो - हे मुलसिरी यो केटालाई तिमीले चिनेका छौ ? थाहा छैन भने यो बच्चा अथवा यो कुरूप केटा तिम्रो बुबा हो आनन्द महाजन । यस्तो भगवान बुद्धबाट आज्ञा भयो । त्यहाँ कसैलाई पनि पत्यार भएन । कस्तो भगवान बुद्ध यस्तो कुरूप पनि मेरो बुबाले भन्नुभयो लाजैमर्दो भयो भनेर अलि रिस पनि लाग्यो । मुलसिरीको स्वभाव देखेर फेरि भन्नुभयो - तिम्रो बुबाले गाडेर राखेको धन सम्पत्ति तिमीलाई भनेर गएको छ ? तिमीले कति धन सम्पत्ति छ भनेर थाहा पाएको छ ? अहँ छैन भन्दै भनेर जवाफ दिँदा त्यसो भए पत्याएन भन्ने हेर । हे आनन्द तिमीले पाँच प्रकारका धन सम्पत्ति गाडेर लुकाई राखेको धन सम्पत्ति तिम्रो छोरालाई देखाई दिनु भन्दा सबै सम्पत्ति धमाधम देखाइदियो । पाँच प्रकारको महानिधान सबै देखाइदिँदा विश्वास भयो । कसैलाई पनि एक पैसा एक दाना नदिइकन कमाइराखेको धन आफूले के पायो ? अनि छोरो मुलसिरी पनि आश्चर्य भयो र भगवान बुद्धप्रति धेरैधेरै विश्वास लाग्यो र



Downloaded from http://dhamma.digital

जीवनभर भगवान बुद्ध, धर्म सँगको शरणमा जानुभयो। आफू मात्र होइन सम्पूर्ण परिवार सेवकहरू पनि शरणमा गए। त्यसपछि भगवान बुद्धले तलको गाथाद्वारा धर्म उपदेश दिनुभयो।

पुत्तामाथि धनमाथि इति बालो विहञ्ञति

अत्ताहि अत्तानो नाथि कुतो पत्ता कुतो धनतृति ॥

अर्थात, मेरो छोरो छ, मसँग धन सम्पत्ति छ, चिन्ता गरेर अथवा कल्पना गरेर बस्ने मूर्खजनहरूलाई दुःख हुन्छ। आफनो शरीर नै आफूले भनेजस्तो छैन भने पुत्रादि धन सम्पत्ति आफूले भनेजस्तो कहाँबाट हुन्छ ?

मूर्खहरूले मेरो छोराछोरी, धनसम्पत्तिको तृष्णाले गरेर धन दौलतको अभिमान गरेर हैरान भएर बस्नुहुन्छ। मेरो छोरी निशा भएर जान्छ भनेर हैरान हुन्छ। धन दौलत पनि विनाश भएर जान्छ भनेर हैरान हुन्छ। छोराछोरी, श्रीमानश्रीमती पालन पोषणको लागि रात दिन नभनी व्रत इत्यादि जम्मा गरे धेरै प्रकारका उद्योग कोसिस गरेर हैरान हुन्छ। धन कमाउनको लागि अनेक प्रकारको खपट कृषि गरेर नाना प्रकारको व्यापार व्यवसाय गरेर हैरान हुन्छ। हैरान हुने व्यक्तिलाई आफनो शरीर आफैले भनेजस्तो हुँदैन। उसको लागि मुख सेतो गर्नू मन पर्छ सक्दैन। जति औषधि दले पनि समय भएपछि बाल सेतो भएर आउँछ। जतिको रंग लाएता पनि फेरि सेतो नै हुन्छ। छाला चाउरी परेको हुन्छ, जति टम्म पार्ने भन्दा पनि सक्ने छैन। त्यस्तै दाँत झरेर जान्छ नयाँ दाँत पलाएता पनि राम्रो देखिँदैन। भनेको मतलब आफनो शरीर आफूले भनेजस्तो गर्न सक्दैन अरू के सकिन्छ ? आफू आफूलाई दुःख हुन्छ। आफूलाई सुख दिन सकेन त्यो आफूले भने जस्तो नभएको धारणा हो।

मरणको अवस्थामा सुतेर बसेको अवस्था र चितामा बसेको अनि आगोले पोलेको जस्तो यो लोक छोडर परलोकको बाटो हेरिरहेको व्यक्तिलाई दिनको तीन पटक नुहाइदिएर तीनपटक खाई सुगन्ध फूलमाला लगाई दिएता पनि जिन्दगीभर श्रृंगार गरेता पनि दुःखबाट मुक्त हुन सक्ने छैन। मरणान्त समय हुने अवस्थामा छोराछोरी, श्रीमती श्रीमान धन दौलतबाट आफूलाई केही उपकार गर्न सक्दैन। आनन्द महाजनले पनि कसैले केही एक पैसा,



Downloaded from http://dhamma.digital

एक दाना दिएर मद्दत गरेन । आफूले जम्मा गरेको धनसम्पत्ति सबै आफनो छोरालाई राख्नुभयो । अन्तिम मर्ने समयमा केही राम्रो काम गर्न सकेको थिएन । यस्तो समय धन दौलत छोरोले उहाँको दु:खबाट मुक्त गर्न सकिन्छ । के सुख उत्पन्न गर्न सक्छ र ? आफूले भनेजस्तो केही छैन भनेर भगवान बुद्ध धर्म उपदेश गर्नु भएको समय धर्म उपदेश सुनिरहनु भएको ८४००० प्राणीहरूलाई धर्मको लाभ भयो र धेरैलाई लाभ प्राप्त भयो ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# बुद्ध, ध्यान र यसको महत्व

भगवान बुद्धले बताउनु भएको धर्म दर्शन विज्ञानमा भावना धेरै महत्वपूर्ण छ । सत्य धर्म धारणा गर्नुलाई ध्यान भावनामा हिँडनु पर्दछ । धर्म सिद्धान्तको रूप हो । त्यसलाई शील, आचरण र व्यवहार ल्याउनुपर्दछ ।

बुद्ध धर्मका शास्त्र ग्रन्थ अनुसार ४० प्रकारका ध्यान सम्बन्धी कुराहरू छन । त्यसमध्ये आनापानासति ध्यान र विपस्सना ध्यान धेरै महत्वपूर्ण छ । ध्यानले बुद्धिको विकास गर्दछ । ध्यानले चित्तको धुलोलाई सफा गर्छ । ध्यानले सम्पूर्ण क्लेश निर्मूल गरिदिन्छ । ध्यान राम्रोसित गऱ्यो भने हामीसँग भएको राग, द्वेष, मोह, लोभ सबै हराएर जान्छ । किनभने हामीले यस्तो चञ्चल भएको मनलाई एउटा ठाउँमा राख्यौं अथवा राख्ने बेला हाम्रा शरीर छ कि छैन जस्तो अनुभव हुन्छ । यो मुखले मात्र भनेर हुँदैन । अभ्यास गर्नु अति आवश्यक छ । विना अभ्यासले थाहा पाउने छैन । अरूले चिनी मीठो छ भन्दैमा विश्वास गर्ने होइन । आफूले अभ्यास गर्नुपर्छ, आफूले खाएर हेर्नुपर्छ । त्यसकारण बुद्ध धर्मको विशेषता मुखले मात्र भन्ने हाइन अभ्यास गर्न अति आवश्यक छ । राम्रोसित ध्यान गर्दा यो सारा सम्पत्ति मेरो भनेर कहाँबाट आउँछ । तर ध्यानमा मन लगाउन सक्यौं भने धेरै फाइदा छ । ध्यान भनेको जसले गरे पनि हुन्छ । ध्यान गर्न जात, पात, धनी, गरीब, सेतो, कालो, उच, नीच हुँदैन । ध्यान जुन ठाउँमा गरे पनि हुन्छ । जंगल, घर, पाटी, विहार, मन्दिर, मसान, बाटो आदि । शिविरमा गएर गर्नुपर्ने आवश्यक छैन । केवल शिविरमा पूरा तालिम हुन्छ र त्यहाँ विद्वान गुरूहरूले सिकाउनु हुन्छ । अनि त्यहाँ शिविरमा बस्दा तालिम प्राप्त हुन्छ । त्यस्तो तालिम प्राप्त व्यक्ति जहाँ गएर ध्यान बसे पनि हुन्छ ।

कसैले भन्छन ठूलोबडा भएपछि ध्यान गर्नु आवश्यक छैन । तर



Downloaded from http://dhamma.digital

ध्यान सबैको लागि आवश्यक छ। ध्यान गर्नेहरू कहिले पनि नराम्रो बाटोमा लाग्दैन। जथाभावी, नराम्रो संगत गर्दैन। हाम्रा बाआमाले भन्नुहुन्छ - ध्यान गरेर पढ। ध्यान गरेर बाटोमा जाऊ। ध्यान गरेर काम गर्ने गर। ध्यान गरेर कुरा गर। त्यसकारण ध्यान जुनसुकै समयमा सबैम अति आवश्यक छ। आँखा चिम्लेर बस्नेलाई मात्र ध्यान भनिँदैन। एक चित्त गरेर आफनो मनलाई बसमा राखी काम गर्नु पनि ध्यान हो। यसमा ठूलो सानो भन्ने सवालै उठदैन। ध्यान बच्चादेखि लिएर सानातिना देवतासम्मलाई आवश्यक छ। भगवान बुद्धले पनि जुनसुकै अवस्थामा ध्यान गर्नु भएको छ।

एकदिन नागसेन भन्ते र मिलिन्द राजाबीच छलफल भयो। मिलिन्द राजाले आफूलाई शंका लागेको कुरा नागसेन भन्तेसँग सोध्नुभयो - भन्ते नागसेन, उपासक उपासिकाहरू भन्छन भगवान बुद्धले ध्यान गर्नुपर्ने काम सबै काम सबै बोधिवृक्ष मुनि सिध्याउनु भयो र चित्तमल सबै नाश गर्नु भएको थियो। अब केही पनि गर्नुपर्ने छैन, बनाउनुपर्ने छैन। फेरि भगवान बुद्धले बोधिवृक्ष मुनि ध्यान गर्नुभयो रे।

भन्ते नागसेन - यदि भगवान बुद्धले सम्पूर्ण काम बोधिवृक्ष मुनि सिध्याउनुभएको हो भने यो कुरा झुठा हुन्छ। भगवान बुद्धले जुन बोधिवृक्ष मुनि ध्यान गर्नुभएको थियो। यदि बोधिवृक्ष मुनि ध्यान गर्नुभएको हो भने सम्पूर्ण क्लेशलाई नास गरेको अथवा बुद्ध बनेको झुठा हुनेछ।

यदि आफूले गर्नुपर्ने, भन्नुपर्ने काम छैन भने फेरि बोधिवृक्षमुनि ध्यान गर्नुपर्ने के आवश्यक ? जुन व्यक्तिसँग काम गर्ने कामै छैन भने ध्यान गर्नुपर्ने के आवश्यक ? जुन व्यक्तिसँग रोग हुन्छ उसलाई औषधिको आवश्यक हुन्छ भने रोग नहुने व्यक्तिलाई औषधिको आवश्यक हुँदैन। यस्तै भोक लागेको व्यक्तिलाई खानाको आवश्यक हुन्छ। मीठो नमीठो केही मतलब हुन्न। अनि भोक लागेको छैन, पेट भरिएको छ भने उसलाई खानाको के आवश्यक ?

यस्तै जुन व्यक्तिले गर्नुपर्ने काम कर्म सबै नाश गर्नुभयो। उहाँलाई ध्यान गर्नुपर्ने के आवश्यक छ ? मलाई दोमन भएको केही कुरा तपाईंको अगाडि प्रस्तुत गर्न चाहन्छु। त्यसकारण जसरी हुन्छ बुझ्ने गरी मलाई बताउनु होला।



Downloaded from http://dhamma.digital

नागसेन भन्तेले भन्नुभयो - महाराज, यो दुइटा कुरा ठीक हो बोधिवृक्ष मुनि सम्पूर्ण कर्म क्लेशलाई सिध्याउनु भएको पनि पक्का हो । बुद्ध बनेको पनि पक्का हो । फेरि भगवान बुद्ध सधैं ध्यान गर्नुहुने पनि पक्का हो ।

महाराज ! ध्यानमा धेरै गुणहरू छन । सबै बुद्धहरूले ध्यान गरेर मात्र बुद्धत्व प्राप्त गर्नुभएको हो । बुद्धत्व प्राप्त गरे पछि उहाँहरूले होस गरेर र त्यसलाई प्रयोग गरेर जानुहुन्छ । त्यसो भएकोले सधैं ध्यान गर्नुपर्दछ । तपाईलाई कसैले खुब राम्रोसित सेवा गर्छ, रातदिन भन्दैन । अनि तपाई एकदम खुसी भएर अमूल्य वस्तु देख्नासाथ माया लाग्ने सामान उपहार दिनुहुन्छ । अनि त्यो सेवक तपाईसँग रिसाउँछ कि खुसी भएर फेरि तपाईलाई सेवा गर्न महाराज ?

राजाले जवाफ दिए - त्यसले मलाई जुन सेवा गर्छ कारण फेरि उपहार लिनको आशाले । कोही व्यक्ति रोगले ग्रस्त भएर शरीर सबै विष भएको गनाएर कीराले खाईराखेका रोगी कुनै डाक्टर वा वैद्यकहाँ आउँछ । त्यो डाक्टर वा वैद्यले त्यो रोगीलाई राम्रोसित मैत्रीपूर्वक औषधि गरेर निको पारिदियो भन त्यो रोगी खुसी भएर अमूल्य चिज डाक्टर वा वैद्यलाई उपहार दिन्छ । त्यो डाक्टर वा वैद्य रिसाउँछ कि फेरि फेरि मेहनत गरेर रोगीहरूको सेवा गर्छ । कहाँ रिसाउँछ भन्ते ? त्योभन्दा अमूल्य चिज प्राप्त गर्न सेवा गर्छ । त्यस्तै महाराज सबै बुद्धहरू ध्यान गरेर मात्र बुद्धत्व प्राप्त गर्नुभएको हो ।

महाराज ! ध्यानको गुण २८ प्रकारका छन । त्यसकारण भगवान बुद्धले ध्यान गर्नु भएको हो । त्यो यस प्रकार छ :

१. जो व्यक्ति ध्यानमा बस्छ अथवा ध्यान गर्छ, उसको स्वयं रक्षा हुन्छ ।

२. आयु लामो हुन्छ । बेकाममा यताउता हिँडयो भने अनेक प्रकारको भय, विघ्नबाधा आउँछ । रोगव्याधीउत्पन्न हुन्छ । तर ध्यान गर्ने व्यक्तिको आयु लामो हुन्छ । जस्तो कि कुनै एउटा मेशिनको एक वर्षको ग्यारेन्टी छ भने हामीले जथाभावीसँग चलायो भने त्यो एक वर्षको ग्यारेन्टी भएको मेशिन तुरून्त बिग्रन्छ तर त्यसलाई



Downloaded from http://dhamma.digital

हिफाजतसँग राम्रोसित चलायो भने लामो समयसम्म चलाउन सकिन्छ । त्यस्तै ध्यान गर्ने व्यक्तिको आयु पनि लामो हुन्छ ।

३. आनन्दपूर्वक आफनो चित्तलाई एकाग्र गरेर बस्यो भने यसको बल, शक्ति बढेर आउँछ ।

४. अरूले जति नै अवगुण गरेता पनि केही वास्ता हुँदैन । त्यस्ता अवगुणीलाई उपेक्षा गर्न सकिन्छ ।

५. अरूले गरेको निन्दा, प्रशंसा र आफूलाई यस्तोउस्तो भनेर सुनाएता पनि केही विस्मात हुँदैन ।

६. प्रकृतिको कारणले नै ध्यान गर्ने व्यक्तिको यश, कीर्ति बढेर जान्छ ।

७. सबैले अपजस दिएता पनि अपजस दिएर यस्तो भयो उस्तो भयो भने तापनि ध्यान गर्ने व्यक्तिलाई कुनै वास्ता हुँदैन ।

८. सन्तोषी सदा सुखी, असन्तोषी सदा दुःखी तर ध्यान गर्ने व्यक्तिलाई पूर सन्तोष हुन्छ ।

९. जुन व्यक्ति मसान, जंगल, घर बाटोमा एक्लै यताउता डुलेर बसे पनि उसलाई कुनै भय हुँदैन ।

१०. भूत, प्रेत, पिचास, राक्षस आए पनि ऊ निर्भिक हुन्छ ।

११. खाएर पेट ठूलो हुने, आलस्य बढने धेरै निन्दा आउने यस्ता कुराहरू हुँदैन ।

१२. जहाँ जानु परे पनि जो काम गर्नु परे पनि उत्साह बढछ ।

१३. ध्यान गर्ने व्यक्तिसँग रोग हुँदैन ।

१४. ध्यानमा द्वेष भावना हुँदैन ।

१५. ध्यानबाट अभिज्ञा हटछ मोह हुँदैन ।

१६. मसँग धन छ, मेरो रूप सम्पत्ति राम्रो छ मेरो परिवार छ भन्ने अभिमान हुँदैन ।

१७. बेकारको शंकालुपन हटेर जान्छ ।



Downloaded from http://dhamma.digital

छ । मन कति चलाख छ भन्ने कुरा ध्यान गरेर मात्र थाहा हुन्छ । ध्यानको स्वाद एकदम मीठो भएर आउँछ । ध्यान चार तरिकाबाट गर्न सकिन्छ ।

१. बसेर, २. उठेर, ३. हिँडेर बाटोमा जाँदा पनि दायाँबायाँ गर्दै जाने, ४. सुतेर,निन्द्रा नआएका बेला अथवा विरामी भएता पनि खुट्टा सिधा पारेर पूरा शरीरलाई एउटा एउटा माथिबाट तलसम्म, तलबाट माथिसम्म हेर्ने जसरी आफूले सिकेको छ त्यसरी गर्ने । निन्द्रा नआएतापनि छिटो भन्दा छिटो निन्द्रा आउँछ । अरू कल्पना गर्दा झन निद्रा आउँदैन । शरीर कमजोर भएर जान्छ । ध्यान गरेर सुत्दा चित्त निर्मल भएर सजिलैसित निद्रा आउँछ । यो एउटा निद्राको औषधि पनि हो । ध्यान गरेर सुत्दा निद्राको औषधि आवश्यक पर्दैन ।

पहिला ध्यान बस्ने अथवा समाधि भएपछि नाम र रूपको ज्ञान हुन्छ । नाम भनेको के हो ? रूप भनेको के हो ? थाहा हुन्छ । नाम भनेका चित्त (मन) रूप भनेको शरीर यो अलग अलग भन्ने थाहा हुन्छ । यो संसार बनी राखेको नामले गर्दा हो । नामले आदेश नदिइकन रूपले कुशल या अकुशल गर्दैन । पहिला चित्त उत्पन्न हुन्छ । त्यसपछि हात, खुट्टा, मुखले गर्छ । अभिधर्म हिसाबले नाम या चित्त १२१ वटा छन । रूप २८ वटा छन । यसलाई व्याख्या गरेर साध्य छैन । ध्यान गर्दा थाहा हुन्छ अनि यसमा के के हुन्छ ? के के भएर आउँछ ? आत्मा छ छैन भन्ने यथार्थ थाहा हुन्छ । अनि तिम्रो धर्म, मेरो धर्म भन्ने पनि बुझेर आउँछ । यो संसारमा झैझगडा भएर आएका धर्मको नाताले हो । ध्यान गर्दा यस्तो अविद्या हटेर ज्ञान पाइन्छ । ज्ञान भएका व्यक्तिले यस्ता उस्तो भन्दैन, झैझगडा गर्दैन । त्यसकारण ध्यान अति महत्वपूर्ण छ । एकछिन भए पनि ध्यान गर्न कोसिस गर्नु अति आवश्यक छ । ध्यानले सबैभन्दा पहिला आफूलाई फाइदा हुन्छ पछि अरूलाई फाइदा पुऱ्याउँछ ।

●



Downloaded from http://dhamma.digital

१८. चित्त चञ्चल हुँदैन । कुनै चिजमा पनि आशक्त हुँदैन, चित्त एकाग्र हुन्छ ।

१९. चित्त सधैं राम्रो हुन्छ । फिटकिरी राखेको पानी जस्तो सफा हुन्छ । मन राम्रो भए पछि अनुहार पनि उज्यालो हुन्छ ।

२०. मन सधैं प्रशन्न भएर खुसी हुन्छ । क्रोध कहिले पनि आउने छैन । शत्रु मित्रहरूको अगाडि सधैं प्रशन्न हुन्छ ।

२१. गम्भीर स्वभाव हुन्छ ।

२२. उसलाई धेरै प्रकारको लाभ सत्कार हुन्छ ।

२३. जथाभावी कुरा गर्ने अर्काका कुरा काटने स्वभाव हुँदैन ।

२४. जति धेरै सम्पत्ति देखेता पनि प्रसन्न हुने स्वभाव हुन्छ ।

२५. हरेक संस्कारहरू क्षणिक हो भनेर होस आउँछ र उत्पत्ति विनास भएको बोध हुन्छ । जस्तै बेस्सरी पानी पर्ने बेलामा पानीको डल्लो पर्छ, फुटछ त्यस्तै यो संसारमा संस्कार सबै उत्पत्ति र विनास राम्रोसित अनुभव गर्न सकिन्छ ।

२६. फेरि फेरि जन्म लिन नपर्ने निर्वाण मार्ग प्राप्त गर्न सकिन्छ ।

२७. श्रवण भाव यथार्थफल प्राप्त गर्न सकिन्छ । जुन इच्छा गरेको हो त्यो पूरा गर्न सकिन्छ ।

त्यसकारण यस्तो गुणलाई सबै बुद्धहरूले व्यवहारमा प्रकट गर्नुभएको छ । आफनो इच्छा तृष्णालाई नष्ट गर्नु भएर सबै बुद्धहरू सबै अर्हत भिक्षु, भिक्षुणीहरूले एकाग्र चित्त गरे ध्यानमा मग्न भएर बसेका छन । यसकारण सबै तृष्णालाई नाश गरेर ध्यानको महत्वलाई जानेर बुद्धहरूले सबै ध्यानमा आफूलाई लीन गरेका छन । जब ध्यानका महत्व स्वतः थाहा हुन्छ त्यसबेला छोडन मन लाग्दैन ।

ध्यान भनेको नगरेसम्म धेरै गाह्रो हुन्छ । आफनो मनलाई बसमा राख्न धेरै गाह्रो हुन्छ । तर लगातार एक महिनासम्म ध्यान गऱ्यो भने आफनो मनलाई बसमा राख्न सजिलो हुन्छ । पहिला मनमा आउँछ त्यसपछि शरीरले गर्छ, विना मनले शरीरले कहिले पनि कार्य गर्दैन मन एकदम चलाख



Downloaded from http://dhamma.digital

# धर्मको ज्ञानलाई व्यवहारमा उतारौं

जीवन शान्तिपूर्वक जीउनको लागि धर्म उपदेश अत्यन्त आवश्यक छ । धर्म गरेवापत आफूलाई पनि फाइदा अरूलाई पनि फाइदा । तर सत्यधर्म हुनुपर्छ । जस्तै उत्पत्ति र विनाश हुने भौतिक सम्पत्ति र प्राणीमात्र सबै उत्पत्ति र विनाश भइरहेको यो कसैले पनि परिवर्तन गर्न सक्दैन । यही सत्य धर्म हो । सबैलाई फाइदा हुने धर्म उपदेशहरू सुन्न अति आवश्यक छ । शहरमा बस्ने व्यक्तिहरूले त सुन्न पनि पाउँछन तर गाउँ गाउँ वा दुर्गम क्षेत्रमा बस्ने व्यक्तिहरूले उपदेश भनेको के हो थाहा नै पाउँदैनन । बुद्धधर्मको उपदेश सुन्ने पनि संस्कार हुनुपर्छ । संस्कार छैन भने भगवान बुद्धको उपदेश सुन्ने मात्र हुनेछ धारण गर्न सक्ने छैन । आफूले पहिला गरेको वा सुनेको पुण्य हुनुपर्छ ।

भगवान बुद्धकहाँ पुगेर धर्म उपदेश नसुनेको आफनो संस्कारलाई नछोडेर आफनो बानी वा स्वभाव सँगसँगै भएको एउटा उपमा दिन चाहन्छु । एकपटक एकदम मिल्ने पाँचजना साथीहरू थिए । जति मिले पनि आफनो जन्मले ल्याएको संस्कार छोडन गाह्रो छ । एक दिन ती पाँचजना साथीहरू भगवान बुद्धले दिएको उपदेश सुन्न गए । भगवान बुद्धले जंगलमा एउटा रूखका मुनि बसेर उपदेश प्रवचन दिइरहनु भएको थियो । ती पाँचजना साथीहरूले पनि प्रवचन र उपदेश सुन्न बसे  ती पाँच जना मध्ये एक जना साथीले उपदेश सुन्दा सानो लट्ठी हातमा लिई भुइँ कोटयाई रहेको थियो । दोस्रो साथीले रूख हल्लाउँदै बस्यो । तेस्रो साथीले आकाशमाथि हेरेर मात्र बस्यो । चौथो साथी चाहिँ निदाएर बस्यो । तर पाँचौं साथी चाहिँले एकचित्त भएर प्रवचन सुनेर बस्यो । ती चारजनाले आफनो आफनो संस्कार अनुसार कार्य गरे । ती पाँच जनाले यसप्रकार आ आफनो संस्कार बोकेर आएका थिए



Downloaded from http://dhamma.digital

१. पहिलो साथी भगवान बुद्धको प्रवचन सुन्न आएको त थियो तर सानो लट्ठीले भुइँमा घोचिरहेकोले पूर्वजन्ममा गड्यौला थियो। त्यसकारण भुइँमा लट्ठी घाचिरह्यो ।

२. रूख हल्लाएर बस्ने साथी पूर्वजन्ममा बाँदर थियो ।

३. आकाशमाथि हेरिरहने साथी पूर्वजन्ममा नक्षेत्र हेर्ने ज्योतिषी थियो ।

४. सुतेको साथी पूर्वजन्ममा सर्प थियो ।

५. भगवान बुद्धको उपदेश राम्रोसँग सुन्ने व्यक्ति पूर्वजन्ममा पनि एकचित्त भएर उपदेश सुन्ने व्यक्ति नै थियो ।

बुद्धको उपदेश मन परेको बेलामा दुर्गम क्षेत्र र गाउँ गाउँमा पनि धम्मश्रवण धर्मको उपदेश सुन्नु अति दुर्लभ छ । वि.सं. २०६० सालको वैशाख पूर्णिमाको उपलक्ष्इमा म र मेरो साथी माधुरी शाक्य हामी दुईजना काठमाडौंबाट टुम्लिङटार प्लेनबाट गयौं । त्यसपछि चैनपुरको लागि पहाड चढेर जानुपर्ने भएकोले हिँडेर गयौं । धेरै नै उकालो पहाड थियो । एउटा पहाड सकिन्छ, अर्को आउँछ । यसरी विहान ६ बजे हिँडेको साँझ ६ बज बेलुका चैनपुर पुग्यौं । त्यहाँ वैशाख पूर्णिमा मनाएर केही दिन बसी फर्कियौं। फर्किने क्रममा एक ठाउँमा थकाई मारेर बसेको बला अरू पनि केही चार पाँच जना मानिसहरू बस्न आए । उनीहरूसँग कुराकानी गर्ने क्रममा भगवान बुद्धका केही उपदेशहरूबारे एकघण्टा प्रवचन दियौं र छलफल गऱ्यौं । उनीहरू अचम्म परेर भने कि यस्तो गुरू आमाहरूलाई जिन्दगी पहिलो पटक देखेको । भगवान बुद्धको उपदेश पनि थाहा थिएन । खाली खानु, सुत्नु र बच्चा जन्माउने काम गर्नु । जिन्दगीमा कहिले पनि केही नसुनेको व्यक्तिहरूले उपदेश सुनेपछि अत्यन्त खुसी भएर जन्म लिएको सार भयो भने । त्यसदिन त्यहाँ नजिकको गाउँमा बास बस्यौं । त्यहाँका ५०/६० जना गाउँलेहरूलाई भगवान बुद्ध र बुद्धको उपदेशबारे प्रवचन गऱ्यौं । भोलिपल्टको प्लेन भएकोले हामी पुनः काठमाडौं फर्कियौं ।

अहिले बुद्धको उपदेश सुन्ने इच्छा भए जहाँ पनि दुर्लभ छैन र संस्कार हुनुपर्छ । पहिला पहिला घर, जग्गा, धन, सम्पत्ति आदि दिँदा पनि



Downloaded from http://dhamma.digital

यस्तो बुद्धको सही र सत्य उपदेश दिने व्यक्ति पाईंदैन थियो। एक पटक एउटा राजाले बुद्धको सही उपदेशको लागि राज्य त्याग गर्न तयार भयो तर पनि ज्ञान दिने, उपदेश दिने व्यक्ति भेट्टाउन सकेनन। अनि धर्म नै नभएको देशमा के बस्ने भनी आफनो राज्य त्यागेर गएको वर्णन धम्ससोण्ड राजाको कथा भन्न चाहन्छु :

भद्रकल्पमा काश्यप बुद्ध उत्पन्न भएको थियो। उहाँको शासन पनि लोप भएर जाँदा बोधिसत्व वाराणसी राजाको अग्रमहारानीको कोखमा जन्म लिनुभयो। उहाँ जन्मेपछि सम्पूर्ण प्राणीहरूलाई मानवहरूको चित्तमा धर्म उत्पन्न भएर आयो। त्यसैकारण उहाँको नाम धम्मसो राजकुमार भनेर नामाकरण गरियो। उहाँ अत्यन्त धर्म सम्बन्धी रूचि भएको व्यक्ति थियो। सबै जनता तथा प्राणीप्रति दया माया र प्रेमको भाव थियो। उनी त्याग र सहनशीलता भएका व्यक्ति थिए। त्यसैकारण उनी सानै भएता पनि सबैले मन पराउँथे। विस्तारै उनी ठूलो भएर आउँदा राजाले उनलाई सबै प्रकारका शिक्षा, ज्ञान आदिबाट पारांगत गराए र आफनो राज्यको राजकुमार उपराज पदवी दिनुभयो। यस्तो छोरो पाएर वाराणसी राजा अत्यन्त प्रशन्न थिए। विस्तारै राजा बुढो हुँदै गए र राजकुमार जवान भए। सम्पूर्ण प्राणीको एकदिन मृत्यु भएर जानुपर्छ। जन्म हुनेबित्तिकै मृत्यु हामीले बोकेर आएका हुन्छौं। अति राजसम्पत्ति, धनी, विद्वान, गरीब सम्पूर्ण पाणी मृत्यु भएर जानुपर्छ। एकदिन राजा दिवंगत भए। राजाको मृत्यु पछि मन्त्रीहरूले धम्मसोण्ड राजकुमारलाई राज्य अभिषेक दिनुभयो र उहाँ धम्मासोण्डक राजा भए। वाराणसी देश देव समान भयो भनेको मतलब स्वर्ग जस्तो र चक्रवर्ती राजा समाज वाराणसी राज्य गर्न भयो। कम समयमा नै पजाहरूलाई सुख दिनुभयो। देशको आवश्यकता अनुसार पानी, बिजुली, काम, खाना, अन्न, लुगाफाटो इत्यादि सम्पूर्ण पूरा गरेर दिए। जनतालाई दु:ख हुन्छ भने सबै प्रकारको सुखर सुविधाको प्रबन्ध गरेका थिए। तर देशमा कसैको तरफबाट पनि राम्रो कुरा धर्म उपदेश सुन्न पाएको छैन। केही महिना पछि उनले कल्पना गर्न थाले।

म पहिलाको जन्ममा धेरै दान पुण्य गरेर आएको कारणले गर्दा आज पनि राज्यसम्पत्ति भोग गर्न पाएको हो। यदि मैले दानशिल पालना गरेर



Downloaded from http://dhamma.digital

नआएको भए आज राजा र सम्पत्ति पाउने छैन तर यो सम्पत्तिमा मात्र भुलेर बस्ने शोभा हुँदैन । सबै सम्पत्ति छाडेर जानुपर्छ । लिएर जाने केही पनि छैन । केवल धर्ममात्र हो । त्यसैकारण धर्मबाट अलग भएर बस्ने सूर्य नभएको आकाश जस्तो हुन्छ । धर्म अत्यन्त आवश्यक छ ।

म पहिला पहिला अल्छी नभइकन गरेको पुण्यको प्रभावले स्वर्गको इन्द्रजस्तो सम्पूर्ण सम्पत्तिले भरिपूर्ण भएर बस्न पाएको छ । सम्पत्ति परिपूर्ण छ । तर धर्म छैन जस्तै चन्द्रमा नभएपछि रातको आकाश शोभा हुँदैन । राम्रो देख्ने छैन । त्यस्तै धर्म नभएको देश शोभा हुँदैन । यस्तो शोभा नभएको देशमा बस्नु भन्दा एक्लै बस्नु नै उत्तम छ । जनताको राजा हुँदा केही धर्म उपदेश थाहा पाउनुपर्छ । यदि धर्म उपदेशको कुरा सुन्न पाए म सारा धन दिनको लागि तयार छु । यदि कसैले बुद्धको उपदेश सुनाउँछ भने देशको प्रधानमन्त्रीको पद दिनेछु । यति मात्र होइन धनसम्पत्ति इत्यादि दान पनि दिनेछु । यस्तो भनी राज्यमा हल्ला चलाए । तैपनि कोही मानिस निस्केन । अनि एक एक हजार हात्तीभरि धन दिन्छु भन्दा पनिकोही भेटिएनन । निराश भएर राजा राज्यमा बस्नुभन्दा जंगलमा गई बस्नु बेश भनी राजपाठ सबै मन्त्रीलाई सुम्पी जंगलतिर लागे । धम्मसोण्डक राजाले आफनो सम्पूर्ण राजपाठ, सुखसम्पत्ति त्याग गरी जंगलमा गए । उनी जंगलभित्र पस्दा उनको पुण्यहेत, देवराज इन्द्रको पाण्डुकम्बल तातेर आयो । यो भयो भनी राजाले हेर्दा धम्मसोण्डक राजाले धर्म उपदेश सुन्न नपाएको कुरा थाहा पाए । तर नगर जम्बुदीपमा कोही पनि भेटन सकेन । त्यसकारण जंगलमा आएको हो भनी थाहा पाए । यदि उसले छिट्टै भन्दा छिट्टै उपदेश सुन्न पाएन भने सारै नै दु:ख पाउने छ कारण जंगलभित्र अनेक प्रकारका जीवजन्तुहरू छन । त्यसकारण उनले दु:ख पाउने समस्या आउने छ । इन्द्रले आफनो भयानक राक्षसको रूप राखी आँखा ठूला ठूला रातो रातो गरी पारी राजाको सामु उभिए । राजा भयभीत र त्रसित भएपनि आफनो चित्तलाई अलिकति पनि कम्प नगरी हर्नू भयो र विचार गर्नु भयो यस्तो राक्षसहरूको आयु लामो हुन्छ । यसलाई पक्कै पनि धर्मको बारेमा थाहा हुनुपर्छ भनी राक्षसलाई सोध्नुभयो - यस्तो राम्रो भयानक जंगलमा बस्नु भएको तपाई को हो ? म यो जंगलमा बसी धर्म सम्बन्धी खोज गरिरहेको छु । तपाईलाई देखेर खुसा



Downloaded from http://dhamma.digital

लाग्यो । तपाईलाई केही थाहा छ कि भनी यसरी गाथा पोख्नुभयो :

धम्म पवेस वनमागतोन्हि,

पहाय रज्ज अनि न्यतिसंध,

जानासि चे सम्म वदेहि मयहं

कदिप गाथंसशगतेन देसित ।*(सरूवाहिनी २९)*

अर्थ : आफनो राज्य, जाति भाईबन्धु सबै त्याग गरेर धर्म पाउनको लागि यो वन जंगलमा आइ बसेको छु । हे राक्षस साथी यदि तपाईलाई केही थाहा छ कि भगवान बुद्धले दिएको एउटा मात्र श्लोक भए पनि मलाई बताइ दिनुहोला ।

राक्षसले भन्यो - मलाई अलिकति थाहा छ रसमध्ये धम्म रस सर्वश्रेष्ठ हो भनेर :

धम्मं पजानाम हमेकदेश, जिनेरितं साधुतर रसानं, देसेमि चेहं तब धम्ममरणं, तुवं हि कि काहसिं देसकस्साति (३०)

अर्थ : रस मध्ये धर्मको रस अत्यन्त उत्तम हो भनेर भगवान बुद्धले आज्ञा गर्नुभएको धर्म एक टुक्रा मात्र मैले थाहा पाएको छु यदि मैले तपाईलाई त्यही उपदेश दिँदा तपाई मलाई के दिनुहुन्छ ? भन्यो । राजाले भने - हे साथी म दरबारमा भएको भए महान धर्म पूजा गर्ने थिएँ । तर राजपाठ, सुख सुविधा, भाईबन्धु नै त्यागी म जंगलमा बस्न आएको छु । तपाईलाई दिन सक्ने मसँग यो शरीर बाहेक अरू केही पनि छैन । राक्षसले भन्यो - त्यसो भए अहिले म भोकै छु । पहिला म तिम्रो शरीरको मासु खाएर आफनो भोक मेटाउँछु, रगत पिएर तिर्खा मेटाउँछु अनिमात्र धर्मको कुरा सुनाउँछु । भोकभोकै धर्मको उपदेश सुनाउन म सक्दिनँ । राजाले भने - हे साथी तपाई मलाई खानुहुन्छ भने धर्मको उपदेश कसलाई सुनाउने ? त्यसकारण पहिला धर्म उपदेश दिनु अनि मलाई खानु । राक्षसले भन्यो - मलाई मानिसहरूको विश्वास छैन । धर्मका कुरा सुनिसकेपछि भागेर जान्छन । राजाले राक्षसलाई विश्वास दिलाउनुभयो । राक्षसले आफनो सिद्धिले ठूलो पहाड बनायो र राजालाई त्यसको टुप्पोमा उभिन भन्यो र आफू



Downloaded from http://dhamma.digital

पहाडको तल फेदमा उभियो र भन्यो - म मुख आँ गर्छु तिमी माथिबाट हाम फाल । तिमीले हाम फालेको र मैले मुख बाएको समयबीच म तिमीलाई धर्म उपदेश गर्नेछु । हामी दुवै जनालाई फाइद हुन्छ । तपाईलाई धर्म उपदेश र मलाई रगत र मासु । यो कुरा सुनेर राजा पहाडमा जानु भई हाम फाल्यो । त्यही समय रूपधारी राक्षसले आफनो हात थाप्यो र उपदेश दियो :

अनिच्चा वत संखारा उप्पादवय धम्मिनो

उप्पज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखोति

अर्थ : सबै संस्कार धर्म अनित्य छ । उत्पन्न हुने र विनाश हुने यो स्वभाव धर्म हो । उत्पन्न भएर विनाश भएर जाने त्यो संस्कार धर्मलाई निषेध गरेर अथवा समाप्त गर्ने भनेको नै निर्वाण परमसुख हो । यति धर्म उपदेश सुनाएर आफनो महान सम्पत्ति आर्यस्वरूप देखाएर आफनो देव भुवनमै फर्केर जानुभयो ।

यस्तो प्रकारबाट सतपुरूषहरूले अप्रमाण ऐश्वर्य सुख सम्पत्ति र आफनो प्राण समेत वास्ता नगरी भगवान बुद्धहरूलाई आर्यहरूले प्रशंसा गरेर राख्नुभएको सद्धर्मलाई ग्रहण गर्न् हुन्छ । धेरै र थोरै सम्पत्ति भएको र अल्प आयु भएको हामीहरू जस्तो आत्मभव कुशल गर्नुको प्रमाण कहाँको योग्य हुन्छ । कुनै पनि व्यक्तिले यस्तो कुशल कर्म गर्न सक्दैन । महान पुरूषले मात्र धर्मको लागि काम गर्न र त्याग गर्न सक्छ ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# विन्दी अमेरिकन केटी

सन २००१ मा अमेरिका आउँदादेखि नै भेटेको उहाँको पनि धर्म सम्बन्धी र जीवन सम्बन्धी लेख्न मन परेर उहाँसँग सोधेको बेला जवाफ दिनुभएको यस्तो छ ।

मेरो आमाबुबा र भाइ थिए । हामी सानै थियौं । तर आमा र बुका सधैं झगडा गरिरहने भयो, अनि बुबाले सधैं कचकच गरिरहने भयो । सधैं यस्तो हुँदा शान्ति भनेको अलिकति पनि थिएन । म १६ वर्षको अनि मेरो भाइ १३ वर्षको थियो । हामी दुवैलाई छोडेर आमाले अर्कैसँग विवाह गर्नुभयो । बुबाले पनि अर्को श्रीमती ल्याउनुभयो । हामी दुवैजना एक्लो भयौं । भाइ पनि ठूलो भएपछि अलग्गै बस्न थाल्यो । अमेरिकाको चलनमा यो उमेरमा पुगेपछि अलग्गै बस्ने छन ।

बिन्दी (म) चाहिँ पढिराखेको छु, तर साथीहरूको नराम्रो संगतमा परेर खाली पढन मन नपर्ने, रक्सी वाइन जे होस धेरै पिउने, डान्स गर्ने, नसके त्यसै जतातत्तै सुतेर बस्ने, अलि रक्सीको रंग जाँदा डेरामा जाने । काममा पनि जानुपर्छ, काममा गइन भने खान पाइँदैन । रक्सीको कारणले काममा जान सकिँदैन, काम भएन भने पैसा हुँदैन । पैसा भएन भने खान पाइँदैन । अलिकति पैसा हुँदा रक्सी अमल पदार्थ खानुपर्ने बानी नै भयो । मलाई राम्रो नराम्रो भन्ने याद नै भएन । यो राम्रो छ, यो नराम्रो छ भनेर मार्ग देखाउने पनि कोही थिएन । बाटो देखाउने मार्गदाता अत्यन्त आवश्यक छ । आमाबाबु पनि नभएपछि कोही पनि छैन । साथीहरू पनि सबै जँडयाहा मात्र डान्स गर्ने भोज भतेरमा मात्र जाने भएको हुनाले म पनि त्यही जाँदा अलि खुसी हुने थिएँ र केटाहरू पनि साथैमा हुन्थे । केटा साथीहरू उनीहरूले भनेको जस्तो गर्नुपर्ने । यो नराम्रो, यो गर्नु हुँदैन भन्ने केही पनि छैन ।



Downloaded from http://dhamma.digital

आमाबुबा अलग अलग भइदिएको कारणले यस्तो भयो । अनि दुवैजना दुईतर्फ छन । भाइ पनि रक्सी, चुरोट खाने खाली अमल पदार्थ खाएर मख्ख भएर बस्ने । एकदिन काममा जान्छ, फेरि अर्को दिनमा आराम गर्ने । भएको पैसा खर्च गर्ने राम्रो ठाउँमा परेन । ठूलो भएपछि आफूलाई रोक्न सकेन भने त गाह्रो हुनेछ रहेछ ।

मलाई पनि खाली पिउने भए पुग्छ । जेसुकै होस धेरै हद नहुनेसम्म पिउनुपर्दछ । जे होस पानी भए पनि हुन्छ । पानी पिलाई दियो भने त एकदम राम्रो, कहाँ साथीहरूको त एकदम लाग्ने पिलाउँछ । अनि डेरामा आइँदैन जहाँ डान्स गरेको छ, त्यही सुत्ने । के गर्ने कहाँ गएको ? किन यसरी रक्सी पिएको भन्नेवाला छैन । माया गर्ने अनि गाली गर्नेवाला पनि छैन । धेरै धेरै नै दुःख भयो । कहिले पैसा हुँदैन खानको लागि । कहिले तीनवटा काम गर्ने, कहिले एउटा नै छैन । यस्तो गर्दा गर्दै १३ वर्ष बिताएँ । पछि साथीहरू कहिलेकाहीं गफसफ गर्छन । कहिले के विषय कहिले धर्म सम्बन्धी अनि साथीहरू नाना प्रकारका धर्ममा पनि गइराखेका थिए । कसैले म चर्चमा गइराखेको छु, चर्चमा जाउँ भन्दछन । कसैले जैन, बुद्ध कहाँ जाउँ भन्दछन । तर एकजना जुली भन्ने साथीले बुद्ध सम्बन्धी र महायानी सम्बन्धी खुब पढिरहन्थ्यो । अनि ऊ थेरवाद विहारमा पनि जाने रहेछ । उसले भन्यो - तिमीलाई थेरवाद विहारमा लिएर जान्छु । उहाँ ध्यान पनि सिकाउनु हुन्छ । धर्म सम्बन्धी अथवा अभिधर्म सम्बन्धी पनि सिकाउनु हुन्छ, त्यहाँ जाउँ भन्यो । अनि त्यही साथी जुलीको कुरा सुनेर १९९९ मा सिद्धगु विहारभित्र पहिलोपल्ट पसें । त्यो समयमा उमहसतो दयादो र अर्को उपतथ्व भन्ते हुनुहुन्थ्यो । सबभन्दा पहिला उहाँहरूले उपदेश दिनुभएको अहिलेसम्म सम्झना छ । म त दुःखबाट मुक्त गर्न कहाँ जाउँ कस्तो भई राखेको थिएँ । अनि मलाई जंगलको भित्र र दुई जना भिक्षुहरू र त्यो पनि धर्म सम्बन्धी सिकाउने र उपदेश दिने । मलाई त्यहाँ भित्र पस्दा एकदम खुसी लाग्यो । खाएर पिएर दुःख गरेर बसेको व्यक्तिलाई यस्तो शान्त वातावरणमा ल्याउँदा धेरै नै आनन्द लाग्यो । अनि नमस्कार, वन्दना कसरी गर्नुपर्छ भन्ने पनि जानेको थिइनँ । यहाँ अभिधर्मको कक्षा भइरहेको थियो । म र मेरो साथी त्यहीं बस्यौं र सुन्यौं । धर्म सम्बन्धी राग, द्वेष र मोह सम्बन्धी सिकाएको



Downloaded from http://dhamma.digital

गयो । यसले गर्दा आज यो जिन्दगी सुखी र अर्को जीवन अथवा पछिलाई पनि सुखी हुनेछ । शरीर पनि बच्यो, इज्जत पनि बच्यो र पैसा पनि बच्यो । नराम्रोसँग संगत पर्दा सबै बरबार हुने रहेछ । पछि आएर मन परेको केटालाई पनि छोडीदिएँ । कारण उसले पिउन छोडेको थिएन । पिएर अरू केटीहरूसँग रसरंग गर्ने बानी थियो । त्यसैकारण उसले विवाह गर्ने भनेर ठीक पारेर औंठी लगाइदिएको थियो । विवाह त गरेको थिएन । विहारमा आउँदा सही बाटो पनि देखें । अनि उनीहरूको घरमा गएर विदा मागेर औठी फिर्ता दिएँ । केटोको परिवारले मलाई अत्यन्त माया गर्थ्यो । औंठी फिर्ता गर्न जाँदा सबै दुःखी भए । केटाले त झनझन पिउन सुरू गऱ्यो । मैले विदा मागेँ र अस्तेन भन्ने ठाउँमा आएँ । यहाँ आएर बूढाबूढीलाई हेरविचार गर्ने ठाउँमा काम पाएँ । मैले सही समयमा रक्सी छोडेको कारणले शरीरमा त्यति हानी पुऱ्याएको छैन । तर पैसा भने धेरै नोक्सान गरें । बूढाबूढीहरूको सेवा गर्ने, उनीहरू जति रिसाए पनि म हाँसीहाँसी सेवा गर्छु । विहारमा आउने, विहारको पनि सेवा गर्ने । झन अनोजा गुरूमाले त रोगीको सेवा गरे पुण्य हुने विषयको उपदेश दिनुहुन्छ, सहनुपर्छ भनेर । आखिरमा लिएर जाने केही पनि छैन, केवल नाम मात्र हो भन्नुहुन्छ । भन्नुहुन्छ - रूप जिरती मतान नाम गोत नजिरती । शरीर खत्तम भएर खरानी भएर माटोमा मिलेर जान्छ । तर नाम भनेको कहिल्यै पनि मेटिदैन । त्यसकारण काम गरेपछि नाम त पाइहालिन्छ । नाम पाउनको लागि काम गर्दा नाम पाउने कम नै हुन्छ । कारण लोभको कारणले राम्रो काम गर्न सक्दैन । अहिले म खुसी छु । धर्म पनि गरौं, कर्म पनि, कहिलेकाहीं सत्यनारायण गोयन्का गुरूले सिकाउनु भएको विपस्सना ध्यान गर्न जान्छु । पहिला मसँग एकैचोटी रिस उठने बानी थियो । शरीर नै काम्ने जस्तो रिसले चूर हुने थियो । अहिले बिल्कुल रिसलाई रोक्न सकें । मलाई बुद्ध धर्म सिकेर धेरै फाइदा नै फाइदा पाएको छु ।

मेरा आमा बुबाहरू क्रिश्चियनमा छन । म आमाको पनि सेवा गर्न जान्छु । बुबाको पनि सेवा गर्न जान्छु । विहारमा आएको कारणले बुबा आमाको गुणलाई पनि बिर्सन हुँदैन भनेर अनोजा गुरूमाले बारम्बार भन्नुहुन्छ । उहाँहरूले हामीलाई पूरा समय दिएर हेर्न नसकेता पनि मैले आफनो कर्तव्यलाई बिर्सने छैन । फेरि जन्म त लिन मन पनि छैन । तर के



Downloaded from http://dhamma.digital

थियो । राग भनेको पनि बुझें, द्वेष भावना पनि बुझें तर मोह भनेको बुझिनँ । पछि मोह भनेको विषय सम्झाई दिनुभयो । म त मोहमा परेको रहेछु । आँखा भए तापनि पूरा काना जस्तो, राम्रो नराम्रो पनि थाहा नपाएको । आखिर एकदिन त मरेर जानुपर्छ । लिएर जाने केही पनि छैन । खाली राम्रो र नराम्रो मात्र हो । रक्सी पिएर लठ्ठ हुने, पैसा पनि धेरै खर्च हुने । जति दु:ख गरेर पैसा कमाए पनि एकदिनमा खर्च हुने । अर्को दिन खान पिउनको लागि फेरि कमाउनुपर्ने । आखिरमा पिलाउने त कोही पनि छैन । पिलाउने त छन तर पैसा तिरी दिने कोही पनि छैन । यस्तो कुरा याद नहुने गरी मोहले छोपेर राखेको रहेछ । अबदेखि यस्तो नाच, गान, पिउने ठाउँमा अलग हुनुपर्‍यो भनेर बिस्तारै टाढा हुँदै गएँ । केटा साथी पनि मभन्दा धेरै खानुपर्ने, सास्ती पनि गर्ने । उसले मलाई मन पराउँछ र मैले उसलाई तर कमाउने भन्दा पिउने चाहिँ पर्‍यो । जब मसँग पैसा हुन्छ तब मज्जासित पिउने, डान्स गर्ने नभएको बेला फेरि पिउनको लागि अर्काको तीनवटा बच्चा हेर्ने काम गर्ने अनि फेरि अर्काका के काममा बोलायो त्यही काममा जाने । बिरालोलाई खाना राख्न जाने जस्ता थिए मेरा काम । अनि बिस्तारै बिस्तारै यता आउँदा पिउने वानी टाढा हुँदै गयो । पैसा अलि अलि जम्मा गर्न सकियो । तरूणी र बलियो भएसम्म त यसरी पिउँछु, तर बुढी हुँदै गएपछि के गर्ने ? भनेर मोहबाट अलग हुनुपर्‍यो भनेर विहारमा आउन सुरू गरें । प्रत्येक आइतबार अभिधर्मको कक्षा हुन्छ । बेलुका ध्यान सिकाउनु हुन्छ । ध्यान एकघण्टा अनि छलफल एक घण्टा गर्ने । कहिलेकाहीँ काम भएको बेला आइतबार पनि काममा जानुपर्ने । दिमाग अलिकति सही ठाउँमा आएको जस्तो लाग्यो । यो पिउन, डान्स गर्ने नराम्रो काम हो भनेर थाहा पाएँ ।

सन २००१ मा नेपालबाट एकजना नन आउने भनेको सुनेर विहारमा आएँ । अनि त्यही गुरूमासँग कुरा गर्दा प्रवचन सुन्दा झन मन पर्‍यो । त्यो गुरूमा हो अनोजा । मेरो जीवनमा पहिलोपटक देखेको अनोजा गुरूमाँ । मन पनि मिल्ने भएकाले दुवैजना विहारमा सुत्ने, सफा सुग्घर गर्ने बानी भयो । अरू ठाउँमा जानुभन्दा विहारमा राम्रो लाग्न थाल्यो । पैसा खर्च भए तापनि त्यो खर्च भएको बेकारको ठाउँमा गएको छैन । दान पात्रमा



Downloaded from http://dhamma.digital

# जमा च्व

पहिला पहिला काठमाडौं उपत्यकामा रहेका भक्तपुर, पाटन र काठमाडौं तीन शहरलाई नेवारी भाषामा स्वनिग भनिन्थ्यो। यो उपत्यका चारैतिरबाट पानीले भरिभराउ थियो। बस्तीको नामोनिशान पनि थिएन। पूरा ताल भएको थियो। त्यसैताका विपसी बुद्ध पाल्नुभएर उहाँले कमलको फूलको बिउ यस तालमा राख्नुभयो। त्यस बिउबाट कमलको फूल फूल्यो र चार भगवान उत्पन्न भएका थिए। जामाच्वमा विपसी बुद्ध बसर प्रज्ञा पारमिता लेख्नुभएको भनाई छ। विपसी बुद्धले भविष्यवाणी गर्दा यो एउटा सुन्दर बस्ती बन्नेछ भनेर चारवटा दिशामा चारवटा चैत्य स्थापना गर्नुभयो। चैत्य मात्र होइन चारवटा भगवान बुद्धले रक्षा गर्नुभएको थियो। ती चार यस प्रकार छन :

१. पूर्व कुनामा फूच्व भगवान चैत्य

२. पश्चिम कुनामा जामाच्व

३. उत्तर कुनामा सिफूच्व

४. दक्षिण कुनामा घिनाच्व

जामाच्व र स्वयम्भूको रश्मि लाइनमा देखेको मेरो आँखा हो। यस्तो चारै कुनामा भगवान बुद्ध बसेर रक्षा गर्नुभएको थियो। च्वको मतलब चुच्चो माथि भनेको हो। आजकाल जामाच्व, फूच्वमा गाडीबाट जान सकिन्छ। अरू सिफूच्व र धुनाच्वमा हिँडेर जानुपर्छ। भगवान बुद्धले रक्षा गरेर राख्नु भएको हुनाले हाम्रो नेपालमा शान्ति भएको हो। पछि स्वयम्भू पनि त्यही विपसीबुद्धले कमलको बीउ राखेर जानुभएको थियो। तर पनि ल्हासाबाट मञ्जुश्री आएरताललाई आफनो खडगले छेदन गराई दिएपछि पानी सबै



Downloaded from http://dhamma.digital

गर्ने तृष्णा बाँकी छन । मैले हेर्दा धर्म भनेको अत्यन्त आवश्यक छ । जब म हस्पिटलका बूढाबूढीहरूको सेवा गर्छु, धर्ममा लागेका बूढाबूढीहरू शान्तिपूर्वक बस्नु हुन्छ । तर धर्ममा नलागेका माजमस्ती मात्र गरीराखेका बुढाबूढीहरूले सहन सक्दैनन । रिसले आफनो तितले आफनो फोहोरले हिर्काउने गर्छन । मेरो पूरा शरीरमा लाग्छ । तर के गर्ने ? सहनुपर्छ सहें । गएर नुहाई धुबाई गरें । भनेको मतलब धर्ममा गएको व्यक्तिहरूले रिसाएतापनि पछि माफी माग्न आउँछन । तर धर्ममा नलागेको त कुरै छाडौं । जे होस राम्रो संगत अर्ति आवश्यक छ, धर्म भनेको राम्रो हो ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

दक्षिणतिर बगेर गयो । आजकाल चोभार तलबाट कवेनाथ मन्दिरतिर छेदन गरेको भनेर चिन्ह बाँकी नै छ, त्यो इतिहासमा पाइन्छ । त्यसपछि विपसी बुद्धले रोप्नु भएको कमलको फूलमाथि स्वयम्भू भगवान बुद्ध उत्पन्न भएको भनेर प्रचलित छ ।

हाम्रो नेपालमा भगवान बुद्ध उत्पन्न भएको र भगवान बुद्धले नै रक्षा गरेको हुनाले शान्ति नै शान्ति छ । अरू देशमा जति पनि पैसा भएता पनि शान्ति छैन । मुख्यतया हाम्रो नेपाल नाम चलेको भगवान बुद्धको जन्म, सगरमाथा हिमाल विश्वमा अग्लो हिमाल भएको कारणले नै नेपाल भनेर चिनिन्छ । हाम्रो नेपाल सबै राष्ट्रभन्दा प्राकृतिक देश हो । यो देशमा आयुर्वेद औषधिहरू पनि प्रशस्त मात्रामा थियो । पहिलादेखि यो नेपाल बुद्धहरू जन्मने भएको देश हो । ककुछन्द, कोनागमण, कास्यप, शाक्यमुनि बुद्धहरू जन्मुभएको देश हो नेपाल ।

**चैत्य पूजा**

चैत्यलाई नेवारी भाषामा चिभा भनिन्छ । पालि शब्द चेतिय यसको समनार्थी शब्द हो । चेतिय धेरै प्रचलित भएको चैत्य भन्दछन । चैत्यको मतलब चित्तले बनाएको हुनाले र चित्त सम्बन्धी भएकोले चैत्य बन्न गएको थियो । सामान्यतया चैत्य गोलाकार नै हुनुपर्छ । चारकोणकै हुनुपर्छ भन्ने अनिवार्य छैन । बनाउने वस्तु पनि काठ, बालुवा, माटो, ढुंगा, सुनचाँदी जेबाट पनि बनाउन सकिन्छ । कलाको उन्नति र विकास सँगसँगै देश, काल र परिस्थिति अनुसार बनाउन सकिन्छ । जस्तै अशोक चैत्य, धम्मिक स्तुप अथवा चैत्य साँची चैत्य स्वदगौ फया अथवा चैत्य सबै सुनलेपन गरेको छ । थुपाराम चैत्य, स्वयम्भू, चारूमति चैत्य इत्यादि आ आफनो आकारले बनाएको छ । चैत्य चार प्रकारका छन :

**१. शारीरिक चैत्य :**

भगवान बुद्धको शरीरमा भएको चीजबस्तु राखेर बनाएको चैत्यलाई शारीरिक चैत्य भनिन्छ । जस्तै : केश धातु, चैत्य अस्ति मतलब हडडी राखेर बनाएको चैत्यलाई अस्तिधातु चैत्य, डण्तब धातु चैत्य, भगवान बुद्धको



Downloaded from http://dhamma.digital

शरीरमा भएको कुनै पनि वस्तु राखी बनाएको चैत्यहरू । भगवान बुद्धको समयमा नै बर्माबाट आएका दुईजना व्यापारी दाजुभाइले भगवान बुद्धलाई खानेकुरा भेटीको रूपमा चढाई सकेपछि भगवान बुद्धलाई सदा स्मरण गरी राख्न केही चिन्ह श्रद्धाले मागे । त्यसबेला भगवान बुद्धले उनीहरूलाई आफनो टाउकोबाट ७ वटा केश निकालेर दिनुभयो । त्यही केश लगेर आफनो देश बर्मामा स्थापना गरेर चैत्य बनाए । यही चैत्यलाई स्वयतगौफया भन्दछन । स्वत मतलब सुनको गौ मतल टाउको भनेको हो । तर केश धातु चैत्य भन्दछन । त्यस्तै श्रीलंकामा भगवान बुद्धको दाँत राखी बनाएको चैत्यलाई दन्त धातु चैत्य भन्दछन । बर्मामा धेरैजसो केशधातु चैत्यहरू छन । भगवान महापरिनिर्वाण भएपछि अरू पनि संस्कार सम्पन्न भयो। त्यसपछि महाकश्यप भन्तेको आज्ञा अनुसार द्रोण ब्राह्मणले तौलिएर धातुहरू आठ भागमा बाँडिदिए । १. राजगृह, २. वैशाली, ३. कपिलवस्तु, ४. अल्लकपक, ५. रामग्राम, ६. बेठदीप, ७. पावा र ८. कुशीनगर । अनि पिप्पलीवासीहरूले मात्र गोल र खरानी संकलन गरी लगे । यसलाई राखेर बुद्ध स्मरक चैत्य निर्माण गरियो । त्यस्तै राजा अशोकले चौरासी हजार अशोक चैत्य बनाएका थिए ।

## २. परिभोग चैत्य :

भगवान बुद्धले प्रयोग गर्नुभएको पात्र चिवर आदि परिष्कार राखी निर्माण गरिएका स्मारकहरूलाई नै परिभोग चैत्य भनिन्छ । त्यतिमात्र होइन धेरैले बोधिवृक्षलाई पनि परिभोग चैत्यको ऐतिहासिक उल्लेख विश्ववस्तक्रम अशोकको कालदेखि नै मानिआएको छ । भिक्षु आनन्दले बोधिवृक्षको शाखा श्रावस्तीमा रोपेका छन। चैत्यको रूपमा लिन्छन र बोधिवृक्ष चैत्य भन्दछन। भगवान बुद्धले चलाउनुभएको सामान, उहाँ बसेर चलाएको चीजबस्तु राखेर बनाएको चैत्यलाई परिभोग चैत्य भन्दछन ।

## ३. धर्म चैत्य :

धर्मचैत्य भनेको भगवान बुद्धको उपदेशहरू जस्तै त्रिपिटकसँग



Downloaded from http://dhamma.digital

सम्बन्धित छ, जति पनि उहाँले उपदेश दिनुभएको छ त्यसलाई लेखिराखेको धर्म स्कन्दको पनि गौरव राख्ने श्रद्धामा धर्म चैत्य त्रिपिटक ग्रन्थलाई शिलाअभिलेखलाई सजिलैसित धर्मचैत्य भन्न सकिन्छ । बर्मामा पनि शीला अभिलेख राख्नु भएको छ । त्यस्तै श्रीलंकामा पनि सम्पूर्ण त्रिपिटक शिलाअभिलेख छ । थाइल्याण्डमा पनि त्रिपिटक राखेर धर्म चैत्य बनाएको छ । उहाँको उपदेशहरूलाई आदर गौरव राखी कोरेर केही न केही कागज राखी बनाएको चैत्यलाई धर्म चैत्य भनिन्छ ।

### ४. उद्देश्य चैत्य :

उद्देश्य चैत्यलाई निमित्त चैत्य पनि भन्दछन । यी चैत्यहरू उपरोक्त तीन प्रकारका चैत्यहरू भन्दा भिन्नै प्रकारको चैत्य उद्देश्य चैत्य हो । यो चैत्य सबैभन्दा अस्तित्वमा देखिएको अनुमान छ । किनभने शारीरिक, परिभोग र धर्म चैत्यमा जति चाँडो जनश्रद्धा ओइरिने अबसर प्रशस्त छ, त्यति यसको छैन । कारण उद्देश्य चैत्य आफूले उद्देश्य लिएर बनाइन्छ । भगवान बुद्धको प्रतिमूर्ति आ आफनो कल्पनाले बनाएको छ । नपालमा बनाएको प्रतिमूर्तिहरू नेपाली अनुहारमा छन । बर्मामा बनाएको बुद्ध मूर्ति बर्मिजहरूको अनुसारको छ । चाइनामा पनि त्यस्तै छ । कोरियामा भगवानको मूर्तिलाई ढुंगामा राखी बनाएको छ । अरू चैत्य भन्दा उद्देश्य अथवा निमित्त चैत्य विश्वमा धेरै नै अनगिन्ती बनेका छन । भनौं थाइल्याण्डमा लकेटमात्र बनाएको गन्न सकिने छैन । कारण कल्पना अनुसार केही निमित्त राखेर बनाए, जुन भगवान बुद्धको मूर्ति पूजामा प्रशंसा गर्नु भएन झन मूर्तिपूजा अनगिन्ती बनाएको छ । आफनो विश्वास अनुसार बनाउनु हो । उद्देश्य चैत्य एउटा धारण वा याद आयो सुलक्षण कीर्ति सुन्दरीघाटमा सुलक्षण तीर्थ भन्दछन । कसैको मृत्यु भएपछि ११ पटकको श्रद्धा गर्ने गर्छ ।

पहिला एकजना राजाको छोरालाई नराम्रो सरूवा रोग लागेछ । त्यतिबेला अहिलेको जस्तो डाक्टर र औषधिहरू पनि थिएन । राजाले दरबार बस्ने अरूलाई पनि यो रोग सर्छ भनी चोभारको पहाडी जंगलमा लगेर छाडी दिएछन । त्यहाँ राजकुमारलाई खाने बस्ने कुनै सुविधा थिएन । जंगलका रूखका कलिला पातहरू खाई दु:खी जीवन व्यतित गरी बसेका थिए ।



Downloaded from http://dhamma.digital

संजोगवश एकदिन भगवान बुद्ध घुम्दाघुम्दै त्यस ठाउँमा आइपुग्नु भयो र राजकुमारलाई बाटो देखाउनु भयो । तल सुन्दरीघाट गएर नुहाउनु, बालुवाका चैत्य बनाउनु अनि त्यही चैत्यलाई नमस्कार गर्नु भनी भन्नुभयो । कुनै भक्तजन आएर फलफूल चढाउनेछन त्यही खाएर ध्यान गर्नु । करूणपूर्वक भनेको हुनाले राजकुमारले सो कुराको पालन गरे । जुन व्यक्तिसँग करूणा, दया हुन्छ यसलाई करूणामय भनिन्छ । राजकुमारले दिनहुँ बागमतीमा नुहाउने र बालुवाको भगवान बनाएर ध्यानमा बस्न थाले । यसरी राजकुमारले १२ वर्षसम्म तपस्या र सेवा गर्दा उनको सबै रोग निको भयो र उनीभित्र रहेको ३२ वटा अलक्षण सुलक्षणमा परिवर्तन भयो । चोभारमा फलामको खानी छ भन्ने भएकोले त्यहाँको पहाडलाई कछुवा पहाड पनि भन्दछन । त्यसकारण सुन्दरीघाटलाई सुलक्षण तीर्थ पनि भनिन्छ । बालुवाको उद्देश्य निमित्त चैत्य बनाएर आफनो जीवन सुधार गर्नुभयो ।

म सानो छँदा बनेपामा गुलाँ एक महिनासम्म धलंदनेगु भनेर व्रत बस्ने चलन थियो । त्यो बेला कालोमाटो ल्याई त्यसबाट चैत्य बनाउने र टिनको सलेश बनाइन्थ्यो । त्यो सबै जम्मा गरेर कसैले चैत्य बनाएको ठाउँमा राख्छ कसैले खोलामा फयाँक्छ । मैले पनि कालो माटोको चैत्य हजारौं बनाएँ । केही उद्देश्य राखेर निमित्त गरें । बनाएको चैत्यलाई नै उद्देश्य चैत्य भनिन्छ ।

पूजा दुई प्रकार छन : अमिसा र प्रतिपत्ति ।

असिमा पूजा भन्ने बित्तिकै विभिन्न पूजा थाली र फूल, धूप, नैवेद्य, अक्षता आदि राखी पूजा गर्ने अभ्यास गरिरहेका छौं । देवताहरूलाई पनि सिन्दुर, फूल, खाना, प्यारा ख्वाएर पूजा गरिन्छ । एकजना थाई नागरिक नेपाल आएका थिए । नेपालमा ३३ कोटि देवताहरू छन भनेकोले हरेक चैत्य मन्दिरतिर मानिसहरू घुमिरहेका देख्यो । ऊ एकदम अचम्म मान्यो । कारण मानिसहरूले अक्षता भगवानको मुखमा छरी सिन्दुर मुखमा लगाएको र प्यारा मुखमा ठुसी दिएको देख्यो । भगवानको यो अवस्था देखेर भन्यो नेपालमा देवीदेवताले जन्म लिँदैनन । मलाई त मन मन परेन । किनकि अक्षताले मुखमा छर्‍यो चोट लाग्छ, मुखभरि सिन्दुर लगाएर अनुहार नै बेरूप बनाइदिन्छन । प्रसाद भनी चढाएको फलफूल वा हिंसाजन्म प्रसाद (माछा,



Downloaded from http://dhamma.digital

मासु आदि) चढाउँछन । आफनो स्वार्थको लागि भेडा, बाखा, परेवा, हाँस आदि बली प्रसाद चढाउँछन । ती बलीका रगतहरू देवी देवतालाई चढाएर गए पछि झिंगाले भगवानलाई रगत खानको लागि पिउँछ । यस्तो भगवानले कसैलाई आशीर्वाद पनि त दिन सक्दैनन किनकि मुखभरि प्रसाद ठुसेको हुन्छ । कसरी आशीर्वाद दिन सक्छन ? म त नेपालमा देवी देवता भएर जन्म लिँदै लिन्न ।

अरू चार प्रकारका अमिसा पूजा :

१. भोजन दान दिने

२. परिष्कार (चीवर वस्त्रादी) दान दिने

३. गिलान प्रत्यय (औषधि) दान

४. शयनासन (विहार अथवा वासस्थान) दान ।

यो पनि पूजा हो । भगवान बुद्धको जीवनकालमा उहाँलाई श्रद्धापूर्वक यो चारले पूजा गर्नुहुन्छ । खास भिक्षु भिक्षुणीहरूलाई यो चार वटा नभई शिल पालना गरेर धर्म प्रचार गर्न गाह्रो छ । खास धुप, फूल, यसबाट पूजा गर्नेलाई त्यति प्रशंसा गर्नुभएको छैन । भगवान बुद्धलाई अभिसापूजा, मूर्ति पूजामा त्यति खुसी छैन । भक्तिमार्ग भन्दा ज्ञानमार्ग र ज्ञानलाई बुझेर आफनो जीवन सुधारेर लगेकोमा खुसी लाग्छ । भक्तजनले अगवबत्ति (धुप) बालेर पूजा गर्नुको अर्थ हो धुप निभेर गए पनि त्यसबाट निस्कने धुँवाको वास्नाले वातावरणलाई सुगन्धित बनाई रहन्छ । त्यस्तै मानिसहरू पनि मरेर गए पनि बहारको गुण बाँचिरहोस । त्यसकारण राम्रो राम्रो कामहरू गर्न अत्यन्त आवश्यक छ ।

प्रतिपूजा : भगवान बुद्धको आज्ञा अनुसार पालना गर्ने नै प्रतिपूजाको वास्तविकता हो । तथागतको आज्ञा अनुसार कर्म सुधार गर्दै जानु नै वास्तविक रूपमा भगवान बुद्धलाई पूजा गर्नु हो । भिक्षुहरू अमिसा पूजामा भक्तिभावमा मात्र सीमित नरही त्यसभन्दा बढी सम्पूर्ण संस्कारगत अनित्यतालाई बोध गरेर ध्यान भावनाको निरन्तर अभ्यास गर्ने । बुद्धको आज्ञा अनुसार आफूसँग भएको राग, द्वेष, मोह, लोभ, लालचपनलाई त्याग्नुपर्छ । चित्तलाई पवित्र गर्ने कार्यमा लीन हुने कर्म अभिवृद्धि गर्दै लानुपर्छ । भिक्षु



Downloaded from http://dhamma.digital

भिक्षुणीहरूले मात्र नभई सम्पूर्ण बुद्धको अनुयायीहरूले पनि दानशील भावनालाई अभिबृद्धि गराउनुपर्छ । यही नै धर्मको कर्तव्य हो । जुन नियम कार्य गर्नु नै प्रतिपूजा हो । यस पूजालाई भगवान बुद्धले प्रशंसा गर्नुहुन्छ । भगवान बुद्धले भन्नुहुन्छ कि "अत्त, दीप भव विरहत अत्तसरणा, अनञ्ञसरण, धम्म दीप धम्मसरण अनञ्ञसरणा ।" अर्थात आफनो दीप (ज्योति) आफै होऔं, आफनो शरण आफै होऔं, धर्म ज्यातिको शरणमा नै जाऔं अन्य शरणमा होइन ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# मूर्खहरू आफू पनि उन्नति गर्दैनन्, अरूलाई पनि गर्न दिँदैनन्

साँच्चिकै हो दु:ख सत्य आफनो काखीबाट शत्रुहरू पलाइरहन्छ। कहाँबाट कसरी किन भनेर आफूले कल्पना नै गर्न सकेको छैन। आफूले केही दोष, भूल नगरेता पनि शत्रु भइरहन्छ र झगडा गर्न आइरहन्छ। म अचम्म मान्छु किन होला, के भएको भन्ने आफैलाई नै प्रश्न गर्ने गर्दछु। मूर्खहरूको चित्त कस्तो सानो हुने होला ? मूर्खहरूले पनि आफूले समाज सेवा गर्न र उन्नति गर्ने काम गर्ने छैन। आफूले पनि गर्दैन कस्तो यो मूर्खहरूको बुद्धि ? जस्तै बाँदर जस्तो। आफूले पनि उन्नति र सेवा गर्दैन। अरूले गरेकोमा पनि बाधा दिएर गराउन नदिने। जति विद्वान र धन सम्पत्ति भएता पनि भित्रको प्रज्ञा, बुद्धि, ज्ञान नहुँदा अरूले गरेको उन्नति सेवा देखेर डाहा हुने गर्छ। यस्तै भगवान बुद्धको पालामा पनि भइरहेको थियो। आजकाल धेरै नै डाहा, जलन हुने। त्यो व्यक्ति कसरी उन्नति र राम्रो भयो र सम्पत्ति कमायो उहाँलाई सबैले मन पराउँछन भनेर विचार गर्ने नै क्षमता छैन। उहाँजस्तो म पनि राम्रो र सम्पत्ति कमाउने छु, धर्मात्मा बन्ने छु भनेर विचार र मेहनत गर्दैन। झन उल्टा उल्टा र डाहा र जलन गरेर अकुश काम गरिरहन्छ। यो कलियुग भएकोले होला। अकुशल काम गरेर अकुशल त भोग्नैपर्छ। तर कुशल काम गर्दा गर्दै पनि हाम्रो शरीरबाट आउने ५ प्रकारका दु:खहरू छन। यो दु:ख हटाउनको लागि विना ध्यानले सकिँदैन। आफूलाई आउने दु:ख शारीरक र मानसिक दु:ख बाहेक अरू भयानक दु:ख ५ प्रकारका छन : १. जति वियोग, २. रोग, ३. धनसम्पत्ति नाश हुने, ४. शिल, ५. दृष्टि विचार नराम्रो हुने यो भयानक दु:ख हो। भनौं शारीरिक दु:ख हुँदा टाउको



Downloaded from http://dhamma.digital

दुख्दा सिटामोल खाएर निको हुन्छ । घाउ भयो भने औषधि हालेर निको गर्छ । पेट दुख्यो भने डाढिनून खाएर निको हुन्छ अथवा अप्रेशन गरेर नराम्रो झिकेर निको पारिदिन्छ । तर मानसिक दुःख भयो भने अमल पदार्थ जस्तै : रक्सी, गाँजा, धतुरो, चुरोट, ड्रग्स खाएर मनको दुःखलाई हटाउन खोजिन्छ । तर अमलले गर्दा एकछिन मात्र शान्ति हुन्छ । अमल खाएर होस उडाउँछ एकदिनको लागि मात्र तर शोक आकुल व्याकुल भएको सधैं शान्ति हुने होइन । अमल खाँदा झन धनजन सम्पत्ति नाश हुन्छ । अशिक्षाको कारणले गर्दा अमल खाएर शान्ति हुन्छ भनेर खानु हुन्छ विचार गर्छ यो मूर्खको कारण हो । एकछिनको लागि अवश्य पनि चित्त शान्ति र आनन्द हुन्छ । अमल पदार्थले झन शरीरमा हानीमात्र होइन, छिटो भन्दा छिटो रोग लागेर मृत्यु भएर जान्छ । तर सतिपत्थान ध्यानबाट जीवन र चित्त शुद्ध भएर निरोगी निक्लेश हुन्छ । राग, द्वेष, मोह, लोभ लालची सबै हटेर तृष्णालाई निर्मूल पारेर निर्वाण सुख प्राप्त गर्न सकिन्छ । शोक आकुल व्याकुललाई हटाउन क्षमता स्मृति पठान अथवा सतिपठान ध्यानले मात्र हटाउन सकिन्छ । जीवनमा शोकबाट मुक्त हुन सक्यो भने दुःखबाट मुक्त हुन सकिन्छ । शोक आकुल व्याकुल हुने ५ प्रकारका छन ।

१. आफनो ञातिबन्धुबाट वियोग हुँदा शोक आकुल व्याकुल हुन्छ । कारण आफूसँग सम्बन्धित व्यक्तिहरू आफनो जन्मदाता आमाबुबा, दाजुभाइ, दिदीबहिनी, छोराछोरी वियोग हुँदा, मृत्यु हुँदा कति दुःख हुन्छ । आफूलाई परेको बेलामा थाहा हुन्छ भनेर धेरै नै दुःख हुने रहेछ । मलाई अनुभव भएको जब मेरी आमा बित्नुभयो मलाई धेरै दुःख भयो । कारण हरेक दिन माया करूणा मैत्री मुदिता गर्नुहुन्छ । ऐ बुता तिमी कहिले आउने घरबाट निस्केको हुँदैन, कहिले आउने भनेर कराउनु हुन्छ । केही मीठो खाने कुरा भए मलाई भाग राख्ने थियो । मलाई यो दुख्यो वा दुःख भयो भनेर कुरा सुनाउन हुन उहाँलाई त्यो पीडा हुन्थ्यो । त्यस्तो आमा नहुँदा मलाई कति दुःख र आकुल व्याकुल भयो होला । मलाई थाहा छ जन्म भएपछि सबै मृत्यु भएर जानुपर्छ भन्ने थाहा पाएता पनि मान्छे त हो आकुल व्याकुल भइरहन्छ । कसैको श्रीमान श्रीमती बित्दा अथवा छोराछोरी बित्दा कति आकुलव्याकुल हुने होला तर अर्काको जाति अथवा आमाबाबु परिवार बित्यो



Downloaded from http://dhamma.digital

कसैको ज्यान जाला कि भनेर डर थाहा नपाउँदै अर्काको सम्पत्तिमा लोभ लाग्ला । त्यस्तै वचनबाट पनि आफूलाई यादै नभइकन अर्काको चित्त दुख्ने हुन्छ कि अथवा नजानिकन अर्काको धनसम्पत्तिप्रति डाहा हुन्छ कि भन्ने डर र शरीरबाट हुने पाप तीन प्रकारको वचनबाट हुने पाप ४ वटा र मनबाट हुने पाप ३ वटा सबै मिलेर १० वटा दशांअकुशल पापमा केही शील बिग्रिन्छ कि भन्ने शोक आकुलव्याकुल र दुःख हुने त्यस्तो पनि छ । केही नियमहरू यताउता हुन्छ भन्ने चिन्ता गर्न हुन्छ ।

५. दृष्टि : नराम्रो दृष्टिमा लाग्नेछ । धारण धर्म संसारमा विभिन्न प्रकारका धर्महरू छन । सबै चीज वस्तु आफूले गरेको धर्म नै ठीक छ । अरूको धर्म राम्रो छैन भनेर नराम्रो दृष्टिबाट हेर्ने । दान दिएता पनि आफूलाई केही फल आएको छैन । जति दान दिएता पनि फाइदा नै छैन भनेर दृष्टि नराम्रो परेको छ । जति शील पालन गरे तापनि केही पनि फाइदा छैन भनेर शिलमा पनि फलको आशा गरेर दृष्टि नराम्रो हेर्नेहरू छन । आफना आमाबुबाहरूलाई जति सेवा गरेता पनि केही पनि फाइदा छैन भनेर नराम्रो दृष्टिमा परेका छन । निस्वार्थी भावले होइन स्वार्थी भावले गर्नेहरूलाई शोक, आकुल व्याकुल दुःख हुन्छ । आमाबुबाको सेवा गर्नु भनेको केही फलको आशा गरेको होइन, आफनो कर्तव्य पालना गरेको भनेर राम्रो दृष्टि राखेको भए राम्रो हुन्छ । तर फलको आशाले नराम्रो दृष्टि राख्दा शोक हुन्छ, आकुलव्याकुल हुन्छ । सम्यक दृष्टिमा लाग्यो भने मात्र सुख पाइन्छ । तर सम्यक दृष्टिमा नपरे उल्टा अन्धविश्वासमा लागेपछि शोक आकुलव्याकुल हुन नै भयो ।

यी ५ वटा आकुलव्याकुलबाट अलग हुने हो भने स्मृति पठान ध्यान गर्नुपर्छ । आफनो स्मृतिलाई राम्रोसित वशमा राख्न सक्यो भन्नेहरू क्षणमा होस राख्न सक्यो भने आकुलव्याकुल दुःखबाट मुक्ति पाइन्छ । छिटैभन्दा छिटै निर्वाण सुख पाइने छ ।

●



Downloaded from http://dhamma.digital

भने आफूलाई केही दु:ख हुनेवाला छैन । जब आफूलाई परेको हुन्छ अनि थाहा हुन्छ । भन्छ तिम्रो बुबाआमा, श्रीमान श्रीमती मरेर मलाई के मतलब ? मेरो आमाबुबा, श्रीमान श्रीमती मरे पो आकुल व्याकुल र दु:ख विद्या हुन्छ । त्यसैकारण जाति वियोग पनि आकुलव्याकुल हुन्छ ।

२. रोग : आफूलाई भयानक ठूलो रोग लाग्दा कति आकुलव्याकुल र दु:ख हुन्छ । सानातिना त्यसै निको भएर जान्छ तर भयानक रोग जस्तै : मुटु क्यान्सर, किडनी क्यान्सर, फोक्सो क्यान्सर, आँखा क्यान्सर, एडस रोग । यस्तो रोग लाग्दा जति पैसा खर्च गरेता पनि निको नहुने, रक्त क्यान्सर यस्तो रोग निको पार्नको लागि करोडौं करोड खर्च गरेता पनि धन सम्पत्ति सबै खर्च गरेर औषधि गरेता पनि निको नहुँदा आकुलव्याकुल दु:ख हुँदैन । तर पैसा भएको व्यक्तिले खर्च गर्न सक्छन तर गरीबले कसरी खच गर्ने ? आफूलाई खाना खर्च हुँदैन कहाँको औषधि ? कसैको धनजन सम्पत्ति नाश हुन्छ । त्यसैकारण रोग लाग्ने पनि ठूलो आकुलव्याकुल शोक दु:ख हो ।

भगवान बुद्धले भन्नुहुन्छ - आरोग्य परम लाभ । निरोगी भएर बाँच्नु ठूलो लाभ सत्कार हुन्छ । अर्को एउटा राजा रोगी तर गरीब निरोगी तर राजा भन्दा पनि गरीब व्यक्तिलाई सुख पाइन्छ । तर राजा, राष्ट्रपति, प्रधानमन्त्री भएर के गर्ने ? रोग लाग्दा ठूलो शोक आकुलव्याकुल र दु:ख हुन्छ ।

३. धन : सम्पत्ति विनाश हुँदा पनि ठूलो आकुलव्याकुल हुन्छ । जस्तै आजकाल जता बाटो फराकिलो गरेर ल्याएको छ । खाली त्यही एउटा मात्र घर भएको व्यक्तिका घर भत्काउनुपर्दा कति दु:ख हुन्छ ? आकुलव्याकुल भएन त ? त्यस्तै घरजग्गा, धनसम्पत्ति अरूले जफत गर्दा, लुटेर जाँदा, खोलाले जग्गा खन्दा, आगो लाग्दा, चोरले चोर्दा धेरै ठूलो शोक सन्ताप आकुलव्याकुल हुन्छ । आफूसँग भएको आफनो हकदारी भएको सम्पत्ति नाश हुँदा धेरै नै शोक दु:ख आकुलव्याकुल हुन्छ ।

४. शील : आफनो नियम शीलप्रति विश्वास हुँदा शील बिग्रिन्छ ·गनेर डर लाग्छ । आफूले पालिराखेको शील अलिकति भए पनि बिग्रिन्छ न्ने डर हुन्छ । जस्तै : पञ्चशील पालेर बस्ने व्यक्तिलाई कसैले रक्सी लिकति खाएर के पनि हुँदन भनेर फकाई फुकाई गरेर पिलाई दियो भने ञ्चशील बिग्रियो । त्यस्तो नहोस भन्ने डर लाग्दा जस्तै आफनो शरीरबाट



Downloaded from http://dhamma.digital

# बाल विवाहबारे बौद्ध दृष्टिकोण

विवाह वास्तवमा विल्कुलै व्यक्तिगत मामला हो तर परम्परागत रूपमा चलिआएका संस्कृति र रीतिरिवाजसँग यसको सम्बन्ध अत्यन्त गहन भएकै कारणले यसले ठूलो सामाजिक महत्व राख्छ । बौद्ध धर्मले विवाह सम्बन्धमा यसको विधि यस्तै हुनुपर्दछ भनेर तोकेको छैन । बुद्ध धर्मले नैतिक मूल्य मान्यतालाई र अनुशासन पालना गर्ने र ती कुराहरू सैद्धान्तिक र व्यवहारिक दुवै किसिमले 'बोध' गर्ने कुरा अगाडि सारिएको छ । बोध गर्नु भनेको दिमागले ग्रहण गर्ने बौद्धिक कुरामा मात्र सीमित राख्न मिल्दैन । बोध गर्नु भनेको बुझेर व्यवहारमा विवेकपूर्ण ढङ्गले ठीक-बेठीक, राम्रो-नराम्रो, असल-खराब हुनुपर्ने छन र यसलाई छुटयाएर प्रज्ञा सहित ज्ञानलाई सदुपयोग गर्नु हो ।

बाल विवाहको सम्बन्धमा बुद्ध धर्मको सिद्धान्त र कर्म अनुसार बुझेर प्रज्ञा र नैतिकता कसौटीमा यसलाई घोटेर हेर्नुपर्छ । मानवताको मूल्य मान्यता, बालअधिकारको सम्मान-अपमान, बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक र सर्वपक्षीय दृष्टिकोणले हेरेर बाल विवाह पद्धति ठीक हो या बेठीक हो, सही विश्लेषण गरो निष्कर्षमा पुग्नु बुद्धिमानी हुनेछ ।

सामान्यतः बाल शब्दले लोक व्यवहारमा बालक वा केटाकेटी भन्ने अर्थ दिने भए तापनि कोशहरूमा बाल शब्दका बालबालिका बाहेक अन्जान, अबोध, मूर्ख, अज्ञानी आदि थुप्रै अर्थ दिएको पाइन्छ । भगवान बुद्धको दृष्टिमा बालपना एक प्रकारको अज्ञानपूर्ण अबोधपन हो, जसमा ज्ञानको उदय भइसकेको हुँदैन । जब त्यसको विवाह गरिदिँदा कस्तो दुःख पाउने होला । पहिलाको जमानामा पाँच वर्ष भएपछि विवाह गरिदिने चलन थियो, कारण त्यो बालिकाको रजश्वला नभएको अवस्थामा विवाह गरि दिँदा मंगल शुद्ध हुन्छ भन्ने अन्धविश्वासले गर्दा हो । केटाकेटी बीचको वैवाहिक सम्बन्धले



Downloaded from http://dhamma.digital

समाजमा खराब असर पर्दछ नै । बालविवाहको दिमागमा नकारात्मक असर पर्दछ । बालबालिकाको दिमागमा नकारात्मक असर पर्दछ । बाल विवाहले आर्थिक, सामाजिक, सर्वभौतिक र मनोवैज्ञानिक समस्याहरू निम्त्याउँछ । पराभाव सूत्रमा भनिएको छ - बूढो मानिसले आफनो उमेरभन्दा धेरै फरक उमेरकी केटीसँग विवाह गरेमा उनको पतन हुन्छ । अपरिपक्व सानो उमेरमा विवाह गरिदिँदा बालबालिकाहरू आध्यात्मिक यथार्थबाट विचलित भई भौतिक सुख भोगतिर लाग्न जान्छन ।

अंगुत्तर निकायमा बालविवाह विषय कर्तव्य र दायित्वहरू उल्लेख भएका छन । के कलिला उमेरका केटाकेटीहरूका दिमागले महत्वपूर्ण कुराहरू बुझ्छन होला ? यसको उत्तर पनि सकारात्मक नै हुन्छ । सिंगालवाद सूत्रमा लोग्ने र स्वास्नीले एक अर्काप्रति पूरा गर्नुपर्ने कर्तव्य र दायित्वहरू उल्लेख भएका छन । अपरिपक्व उमेरमा नपुगेका लोग्ने र स्वास्नीबाट सकारात्मक ढङगले आशा गर्नु पनि बुद्धिमानी देखिँदैन ।

बुद्ध धर्मले प्रत्यक्ष रूपमा बाल विवाह सम्बन्धी कुराहरू उठाएको छैन । तर वैवाहिक जीवनका आचारसहिता बारे स्पष्ट रूपमा उपदेश दिएको छ । ती आचारसहिताको उचित पालना बाल विवाहमा बाँधिएका केटाकेटीबाट आशा गर्ने कुनै हालतमा सकिन्न, कारण एउटै छ उमेरको अवस्था र अपरिपक्वता । यसकारण भन्न सकिन्छ मानवीय मूल्य मान्यतासँग जोडेर हेर्दा बाल विवाह अनुचित छ । बुद्धधर्म सम्बन्धी सिद्धान्तहरू केलाउँदा बालविवाह विरोधी छ, धर्मको रूपमा हामी ग्रहण गर्न सक्छौं । अर्को अन्धविश्वास हो कारण बालविवाह ।

एकजना साहुको जुवा खेल्ने बानी थियो । तर सधैं हार्ने । कहिले पनि नजित्ने । जित्नको लागि के गर्नुपर्छ भनी सल्लाह गर्दा पतिव्रता धर्म पालना गर्ने श्रीमती भए त्यसको प्रतिवता धर्मले जित्छ । त्यही वचनले सानी केटीलाई विवाह गरेर कसैले पनि नछुने अनि उसको पतिव्रता धर्मबाट जुवाबाट जितौं भनेर सत्यक्रिया गर्दा जित्यो । यो एउटा अन्धविश्वास । अर्को दवावले गर्दा छोरी ठूलो भएपछि बिग्रिन्छ । भनौं म शारदा (डा. अनोजा) ११ वर्षको उमेरमा नै मेरा बुबाको साथी बिलु मानन्धरले भन्नुभयो -'छोरीहरू घरमा राख्नु हुँदैन । पछि बिग्रिन्छ । त्यसैले शारदा पनि ठूली भएर आयो ।



Downloaded from http://dhamma.digital

अब विवाह गरिदिनु ।' त्यस्तै मामा, फूपूहरूले पनि भन्नुभयो । तर मेरा बुबा बुद्धिमानी हुनु भएकोले उनीहरूलाई जवाफ दिनुभयो कि मेरी छोरी सानी छिन । विवाह गरिदिने समय भएको छैन ।

अर्को जातमा बिग्रिन्छ भनेर र धेरै दाइजो दिनुपर्ला भनी दाइजोको कारणले गर्दा, अर्को आमाबुबाको कर्तव्यबाट मुक्ति पाउनको लागि पनि बाल विवाह गरीदिने चलन छ । अब आयो समय र परिस्थितिले र अज्ञानता र अन्धविश्वासमा परेर बाल विवाह गरिने चलन भएको हो, तर बुद्ध दर्शन त्रिपिटकमा बालविवाह सम्बन्धी कहीं पनि उल्लेख गरिएको छैन र धेरै विद्वानजनहरूसँग पनि सुझबुझ गर्दा उहाँहरूले पनि देखाउनुभएको छैन । जस्तै : धम्मवती गुरूमाँ शासन धज्ज धम्माचरियामा अग्गमहागन्थकवाचक पण्डित, धर्मकीर्तिविहार, काठमाडौं ।

भगवान बुद्धको विवाह १६ वर्षको उमेरमा भएको थियो । त्यो समयमा यसलाई बालिग पनि भन्न सकिन्छ र अर्को कुरा भगवान बुद्धलाई पारिवारिक व्यवहारमा अल्मलाउन परिवारबाट विवाह गरिदिएको हामीलाई जानकारी छ । २००० वर्ष अगाडि र हालको वातावरण अवस्था भिन्दै हुन्छ । त्यो समयमा १६ वर्षलाई बालिगको अवस्था भन्न सकिन्थ्यो होला । हालै पनि ४० वर्ष अगाडि र हालको अवस्थालाई लिने हो भने त्यतिबेला रजश्वला १४, १५ वर्षमा हुन्छ भने हालका केटीहरूमा १०-११ वर्षमा नै हुन्छ । जसले गर्दा उनीहरूमा परिपक्व भएको देखिन्छ र विभिन्न संचार प्रविधिले गर्दा सानै उमेरमा साथी खोजी सानै उमेरमा विवाह गर्ने चलन चलेको छ । यस कुरीतिलाई हटाउन हामी सबै धर्म तथा सम्प्रदायका अनुयायीहरू प्रतिवद्धताका साथ लाग्नुपर्छ । बाल विवाह र बाल हिंसालाई निरूत्साही गर्नु बौद्ध धर्मको मान्यता हो ।

धर्म विहारी पुरूष होउन, धर्म विचारी नारी

धर्म वन्त सन्तान होउन, होउन निर्वाण लाभा ।

बुद्धम शरणम गच्छामी, धर्मम शरणम गच्छामी, संघम शरणम गच्छामी ।

●



Downloaded from http://dhamma.digital

# शान्तिका नायक भगवान् बुद्ध

शान्तिका नायक शाक्यमुनि गौतमबुद्ध लुम्बिनीस्थित नेपालभूमिमा शाक्य कुलपुत्रको रूपमा जन्मनुभई १६ वर्षमा विवाह कर्मपश्चात २९ वर्षको यौवनास्थामा राजसुख ऐश्वर्य त्यागी सत्यको खोजीका लागि उहाँले महाभिनिष्क्रमण गर्नुभयो । तत्पश्चात उहाँले सत्यको खोजीको क्रममा ६ वर्षसम्म घोर तपस्या गर्नुभयो र ३५ वर्षको उमेरमा बोधिज्ञान प्राप्त गर्नुभई सम्यक सम्बुद्ध हुनुभयो ।

सम्पूर्ण प्राणीजगतको दुःख नाश गर्ने सो बोधिज्ञान, सम्पूर्ण प्राणीजगतका कल्याणार्थ शान्तिको सन्देश सही ढङ्गले फैलाउनुहुने कसैलाई तोकेर भन्नुपर्दा उहाँ नै एक मात्र औंल्याउन योग्य व्यक्तित्व हुनुहुन्छ । जसले बोधिज्ञान प्राप्तिपश्चात ४५ वर्षसम्म "बहुजन हिताय बहुजन सुखाय" को निम्ति गाउँ-गाउँ, नगर-नगर चारिका गर्नुभई लोकहितार्थ कार्य गर्नु भएकोले हामी उहाँलाई महाकारूणिक सम्यक सम्बुद्ध पनि भन्ने गर्दछौं ।

आजको यस आधुनिक एवं जटिल सांसारिक परिवेशमा उहाँ एशियाको मात्र ज्योति नभई सारा विश्वकै ज्योति भई चम्किरहनुभएको छ । उहाँले देखाउनुभएको मार्ग र अनुदेशित उपदेशहरूलाई सही रूपले आफ्नो जीवनमा पालन गर्न सकेमा यस विश्वबाट शान्तिको शीतल छहारी कहिल्यै पनि हटनेछैन । भगवान बुद्धको समयदेखि नै बुद्धधर्म अर्थात बुद्धशिक्षा विश्वको एक महान धर्म र दर्शन प्रणालीको रूपमा रहिआएको छ । यो हाम्रो लागि गौरवान्वित कुरा हो कि २६०० वर्षको लामो इतिहासको कालखण्डमा भगवान बुद्ध र बुद्धधर्मको नाममा एक थोपा रगत पनि कहीँ-कतै चुहाउने काम भएको छैन । यसको कारण, भगवान बुद्धले नैतिक आचारण संहितालाई सामाजिक तथा सांस्कृतिक विविध पक्षहरूमा ऐन-कानून अथवा



Downloaded from http://dhamma.digital

नियम-नीतिहरूबाट नछुटयाउनाले हो, न त उहाँले मध्यममार्गीय ज्ञानमार्गलाई नैतिक आचरणबाट छुटयाउने कार्य नै गर्नुभयो ।

भगवान बुद्धद्वारा उपदेशित शिक्षालाई मानव-जीवनमा यथार्थ रूप्मा अपनाउन सकेको खण्डमा मानवीय सामाजिक, सांस्कृतिक, आर्थिक शिखर धुम्न सकिन्छ भन्ने कुरामा शंकास्पद एवं दुईमत हुने देखिँदैन । उदाहरणको लागि जापान, ताइवान, चीन, थाईलैण्ड तथा सिंगापुरजस्ता उच्च विकसित राष्ट्रहरूलाई हामी लिन सक्छौं । यसै क्रममा मलेसियामा भएको एउटा घटना म यहाँ प्रस्तुत गर्न चाहन्छु ।

मलेसियाको उपासिका मोनाहारको साथी सोन्चुङ्ग उपासकको फलामको फ्याक्ट्री (Factory) रहेछ र सो उपासकले आफ्नो Factory मा यस्ता कामदारहरू राख्न चाहन्छ जा पंचशील पालनमा पूर्ण शुद्धता होस र पंचशील पालन कामदारहरूको खोजी गर्न थालेछ किनकी पंचशील पालक कामदारको शारीरि, वाचसिक एवं मानसिक क्रियाकलापमा पूर्ण रूपले शुद्ध भएको हुन्छ र अवश्य पनि यस्ता कामदारहरू सत्यवादी हुन्छन, इमान्दारी हुन्छन । सत्यवादी र इमान्दारी कामदारको अमूल्य चारित्रिक गहनाहरू हुन । चरित्रमा धनी कामदार नै मालिकको प्रिय कामदारको रूपमा रहन्छ । त्यसैले सो उपासकले पंचशील पालन गर्ने साथै भगवान बुद्धको गहन उपदेश सुन्ने र शिक्षा ग्रहण गरेको व्यक्तिको खोजी गर्न थालेछ ।

सबै प्राणीहरू शान्तिपूर्वक बाँच्न चाहन्छन, शान्ति र स्वतन्त्र हुन चाहन्छन । शान्त जीवन सम्पूर्ण प्राणीहरूको नैशर्गिक अधिकार पनि हो । यो शान्तिपूर्ण जीवन हामी मानवहरूको मात्र चाहना र आवश्यकता नभएर हाम्रो मानव जीवनसँग आवद्ध प्राकृतिक वातावरणसँग गाँसिएको बोट-विरूवा, रूख, खोलानालाजस्ता प्रकृतिलाई पनि शान्तिको आवश्यकता छ । वातावरणीय शान्ति अर्थात राम्रो र स्वच्छ वातावरण घाम, पानी, माटो र मलको उचित मात्रामा ती बोट-विरूवालाई नहुँदो होत त चाँडै नै ती विरूवाहरूको अस्तित्व जमिनमा विलीन भएर जान्छ । समस्त प्राणीजगतको विकारको लागि शान्ति नैं मूल आधार हो । शान्तिबिना विकासको ढोका खोल्न सकिँदैन । संसारमा आज सबै मानवहरू शान्तिको लागि नै भौंतारिरहेका छन । हरेक पुरूष, महिला, युवा-युवती, बृद्ध-बृद्धा, सबैजना शान्तिको लागि नै चिच्याइरहेका



Downloaded from http://dhamma.digital

छन । नेपालमा मात्र होइन, हरेक राष्ट्रहरूमा शान्तिको आवश्यकत महशुस गरी यसको खोजनीतिमा मानवहरू लागि परिरहेका छन । शान्ति के गर्दा प्राप्ति हुन्छ, कसरी हुन्छ, यथार्थ के हो ? यी विविध शान्तिका प्रश्नहरू आज हाम्रो मानव समाजमा जटिल प्रश्नको रूपमा खडा भएको छ ।

वास्तवमा शान्ति त्यहाँ हुन्छ, जहाँ स्वतन्त्र जीवन हुन्छ अनि स्वतन्त्र जीवन तब हुन्छ जब व्यक्तिल आफ्नो जीवनमा कुनै छलकपट नगरी सामाजिक कल्याणका क्रियाकलापहरू गर्दछ । साथमा भद्र, शिष्टता र साधारण जीवनलाई अपनाउँदछ । फलस्वरूप बिनाभय-त्रास निर्धक्कसँग बाँच्न पाउने जीवन प्राप्त हुन्छ । भय र त्रासरहित जीवन नै शान्ति र स्वतन्त्र जीवन हो ।

आज संसारमा शान्तिको सही अर्थ बुझ्न नसकेकोले यज्ञ र महायज्ञद्वारा शान्ति स्थापना गर्न मानवहरू लागिपरेका छन । तर खोइ त ! विश्वमा शान्ति स्पना हुन सकेको ? निश्चय पनि यी कार्यहरू सफल हुन सकेको छैन । भगवान बुद्धको उपदेश अनुसार सय वर्षसम्म यज्ञ होम गर्नुभन्दा आफ्नो चित्त संयम गरी चित्त परिशुद्ध भएको मानिसको क्षणभर भएपनि सेवा गर्नु नै श्रेष्ठोत्तम छ । यसै भनाइबाट प्रष्ट छ कि चित्त परिशुद्ध पार्नुमा नै शान्ति रहेको हुन्छ । सम्पूर्ण उपदेश शान्ति फैलाउनुमा नै निहित भएकोले विश्वमा भगवान बुद्धलाई शान्ति नायक भनेर चिनिन्छ ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# हेतु पच्चयको अर्थ (पट्ठान)

भगवान सम्यक सम्बुद्धले बुद्धगयामा बोधिवृक्ष मुनि बुद्धत्व प्राप्त गर्नुभयो । बुद्धत्व प्राप्तिको तीन सप्ताहपछि अर्थात चौथौं हप्तामा रत्नाघरमा गई ध्यान गरेर बस्दा बस्दै उहाँलाई अभिधर्म र पट्ठानको विषयमा यथार्थ ज्ञान प्राप्त भयो । ध्यानको ऋद्धिबलद्वारा सम्पूर्ण शरीरको रोम रोमबाट दिव्यरश्मि प्रज्वलित भएको कथन छ । त्यही रश्मिको आधारमा बौद्धमार्गीहरूले झण्डाको रूप दिई पञ्चरंगी बौद्ध झण्डा निर्माण गरेको थियो ।

बौद्ध देशहरूमा पट्ठानलाई आत्मविश्वासपूर्वक पाठ गराइन्छ । यस पाठबाट बिघ्नबाधा, भय, रोग आदिबाट मुक्त हुन्छ र यसको प्रचलित नाम हेतु पच्चय हो । पठान २४ प्रकारका छन । यसको संक्षिप्त अर्थ यहाँ उल्लेख गर्दछु ।

यस पट्ठान पाठ श्रवण मात्रले पनि ठूला-ठूला रोग व्यथा निरोध भएकमा कथाहरू पनि त्रिपिटकहरूमा उल्लेख भएको पाइन्छ । त्यति मात्र होइन हाल पनि यसको बारेमा सुन्दै र देख्दै पनि आइरहेका छन । यसमा श्रोता र पाठकगणको श्रद्धा र आत्मविश्वासको ठूला भूमिका भएको हुन्छ । तर श्रद्धाले विभोर भई सतक भई अर्थ लगाएर सुन्न सकेमा मात्र ठूला-ठूला रोग व्यथा निको हुन सक्छन ।

१. हेतु प्रत्यय (हेत पच्चयो) – हेतुको अर्थ मूलकारण वा आधार । लोभ, दोष, मोह–अकुशल हेतुको मूलकारण हो । यो संसारमा जतिपनि मानसिक र शारीरिक कुशल वा अकुशल कार्यहरू गरिन्छन, ती सबैको मुख्य आधार हेतुको उत्पत्ति र विनाश धर्मबाट भइरहेको छ । यही नै हेतु प्रत्यय हो ।



Downloaded from http://dhamma.digital

२. आलम्बन प्रत्यय (आरम्मण–पच्चयो) – आरम्मणको अर्थ विषय वा आधार। जुन वस्तुको आधार लिई अरू वस्तु उत्पन्न हुन्छ, त्यसलाई आलम्बन प्रत्यय भन्दछन। उदाहरण – चक्षु विज्ञान रूप आयतनमा आधारित छ। चक्षु विज्ञानमा रूप आयतन।

श्रोत विज्ञानबाट शब्द आयतन।

घ्राण विज्ञानबाट गन्धायतन।

जिह्वा विज्ञानबाट रसायतन।

काय विज्ञानबाट स्पर्श आयतन।

यो सबै धर्म मिलेर मन विज्ञान-धातु र आलम्बन-प्रत्ययको रूपमा भएको हो। जुन प्रत्ययको आधारमा उत्पन्न हुन्छ, त्यो आलम्बन प्रत्यय हो।

३. अधिपति–प्रत्यय (अधिपती पच्चयो)– मालिक जुन वस्तु उत्पन्न हुनको लागि जुन धर्मको इच्छा संयुक्त भएको छ, त्यो नै अधिपति प्रत्यय हो। यसमा चार प्रकारका अधिपति छन। ती यसप्रकारका छन :–

(१) छन्द (इच्छा) (२) विरिय (उद्योग)

(३) चित्त (मन) (४) वीमंसा (प्रज्ञा)

४. अनन्तर-प्रत्यय (अनन्तर पच्चयो)–यदि केही वस्तु आफ्नो पछाडी आउने वस्तुको उत्पत्तिमा सहायता भयो भने त्यही अनन्तर प्रत्ययसँग सम्बन्धित छन। 'पट्ठान' मा भनेको छ "यसं यसं धम्मानं अनन्तरा ये ये धम्माउप्पज्जन्ति तेसं तेसं धम्मानं अनन्तर अनन्तर पच्चयेन पच्चयो" जुन जुन धर्मको अनन्तर हुन्छ, त्यो पहिलाको धर्म पछि आउने धर्मको प्रति अनन्तर पच्चयोको रूपमा प्रत्यय हुन्छ। उदाहरण– चक्षु, स्रोत, घ्राण, जिह्वा, काय जोडेर मनोधातु त्यसमा संयुक्त हुन्छ। कुशल, अकुशल र अव्याकृत धर्म उत्पत्तिको लागि अनन्तर प्रत्ययको प्रत्यय हुन्छ।

५. समानन्तर-प्रत्यय (समनन्तर पच्चयो)– बिलकुल अनन्तर प्रत्यय जस्तै हो।

६. सहजात-प्रत्यय (सहजात पच्चयो)– जब केही धर्म अरू धर्मसँग साथसाथै उत्पन्न हुन्छ भने ती दुईको बीचमा भएको सम्बन्धलाई सहजात



Downloaded from http://dhamma.digital

प्रत्यय भनिन्छ । उदाहरण – रूप र नाम (संज्ञा, वेदना, संस्कार र विज्ञान) एक अर्कासँग सहजात प्रत्ययको रूपमा सम्बन्ध हुन्छ, किनभने एकैसाथ उत्पत्ति विनाशको साथसाथ उत्पन्न हुने प्रत्ययलाई सहजात प्रत्यय भन्दछन ।

७. अन्योन्य-प्रत्यय (अञ्ञमञ्ञ पच्चयो) नाम, रूप एकले अरूलाई परस्पर उपकार गर्ने कार्यलाई भनिन्छ । (परस्पर एक अरूसँगको विश्वासबाट उत्पन्न हुने धर्मद्वारा आफूमा सम्बन्ध छ ।) यहाँ पनि माथि दिइएको उदाहरण दिएको छु । रूप र नाम (संज्ञा, वेदना, संस्कार र विज्ञान) आफू र अरूसँग विश्वासबाट उत्पन्न भएको छ । उपठम्बकमा उपकार हुन्छ, त्यसलाई अञ्ञमञ्ञ पच्चयो भनिन्छ ।

८. निश्रय-प्रत्यय (निस्सय पच्चयो)–निश्रयको अर्थ आधार आश्रय । वृक्षको आधार पृथ्वी हो । त्यस्तै जुनको धर्मको उत्पत्ति जुन धर्मको आधारमा हुन्छ, उसप्रति उसको निस्सय-प्रत्ययको सम्बन्ध छ । उदाहरण – चक्षु, स्रोत, घ्राण, जिह्वा, काय आयतनको आधार लिएर चक्षु विज्ञान, स्रोत, घ्राण, जिह्वा, काय विज्ञानको उत्पत्ति हुन्छ, त्यवसकारण यस बीचमा निश्रय-प्रत्ययको सम्बन्ध छ ।

९. उपनिश्रय-प्रत्यय (उपनिस्सय पच्चयो)– उपनिश्रयको अर्थ ( नजिकको आधार) हो बलवान, ताकत भएको, सकैसँग नडराउने आधार कुशल धर्महरूको दृढ आधार भएको पहिलोको कुशल धर्म भएको हुन्छ । यहि उसको बीचको सम्बन्धलाई उपनिश्रय प्रत्यय भनिन्छ ।

१०. पुरेजात-प्रत्यय (पुरेजात पच्चयो) – पहिला उत्पन्न भएको वर्तमान अवस्थासम्म उपकार हुने धर्मलाई पुरेजात प्रत्ययसँग सम्बन्धित भएको मानिन्छ । उदाहरण – चक्षु विज्ञान, धातु आदिको उत्पत्तिबाट पहिले चक्षु आयतन आदिको उत्पत्ति भएको हुन्छ । त्यस पुरेजात प्रत्ययसँग सम्बन्धित छ ।

११. पश्चात-प्रत्यय (पच्छाजात पच्चयो)– शरीरको उत्पत्ति पहिला हुन्छ, त्यसमा (उसमा) गरम चित्त र चेतसिक उत्पन्न हुन्छ । अतः दुईटा बीचको सम्बन्ध पश्चाजात-प्रत्यय हुन्छ । पछिल्लो उत्पन्न हुने चित्तले पहिलाको चित्तलाई मद्दत दिने ।



Downloaded from http://dhamma.digital

१२. आसेवन-प्रत्यय (आसेवन पच्चयो)– आसेवनको अर्थ बराबर बढाउने । केही धर्म बराबर अभ्यास गरेर अर्काको धर्म जन्माउने र त्योसँग उसको आसेवन प्रत्ययको सम्बन्ध हुन्छ । उदाहरण – प्रत्येक कुशल धर्मको उत्पत्ति पहिलाको कुशल धर्म आसेवनको अभ्यासबाट हुन्छ । त्यसकारण दुईवटाको बीचमा आसेवनको सम्बन्ध छ ।

१३. कर्म-प्रत्यय (कम्म पच्चयो)– केही चिज कर्म विपाक पहिला गरेको कुशल वा अकुशल धर्मलाई कर्म विपाक भनिन्छ । त्यसकारण कशल वा अकुशलको बीचमा भएको कम्म-प्रत्यय हुन्छ ।

१४. विपाक-प्रत्यय (विपाक पच्चयो) – वेदना, संज्ञा, संस्कार र विज्ञान स्कन्धहरूस्को विपाक स्वरूप हुन्छ, त्यस बीचको विपाक प्रत्यय हुन्छ ।

१५. आहार-प्रत्यय (आहार पच्चयो)– भोजनबाट हाम्रो शरीर बनेको छ । त्यसकारण शरीर भोजनप्रति आहारप्रति सम्बन्ध छ । आहार ४ प्रकारका छन :-

(१) कावलिकार आहार (२) फस्स आहार

(३) मनोसंचेतना आहार र (४) विज्ञान आहार

१६. इन्द्रिय-प्रत्यय (इन्द्रिय पच्चयो)– अभिधर्म अनुसार इन्द्रियहरू २२ प्रकारका छन । यी यस प्रकारका छन :- १. चक्षु, २. श्रोत, ३. घ्राण, ४. जिह्वा, ५. काय, ६. मन, ७. स्त्री, ८. पुरूष, ९. जिवितेन्द्रिय, १०. सुखेन्द्रिय, ११. दु:खन्द्रिय, १२. सौमनस्य इन्द्रिय, १३. दौर्मनस्य इन्द्रिय, १४. उपेक्षा इन्द्रिय, १५. श्रद्धा, १६. विर्य, १७. स्मृति, १८. समाधि, १९. प्रज्ञा, २०. अनाज्ञातमाज्ञास्यमीन्द्रिय, २१. आज्ञेन्द्रिय, २२. आज्ञात वीन्द्रिय ।

१७. ध्यान-प्रत्यय (झान पच्चयो)– उपकार दुईवटा पञ्चविज्ञानलाई छाडेर सुख-दु:ख वेदनासँग पाँचवटा ध्यान अंगलाई ध्यान-प्रत्यय भन्दछन ।

क) वितक्क विचार पीतिसुखेकग्गता सहितं पठम ध्यान,

ख) विचार पीतिसुखेकग्गता सहितं दुतिय ध्यान,



Downloaded from http://dhamma.digital

ग) पीतिसुखेकग्गता सहितं ततिय ध्यान,

घ) सुखेकग्गता सहितं चतुत्थ ध्यान,

ङ) उपक्खेकग्गता सहितं पञ्चम ध्यान,

१८. मार्ग-प्रत्यय (मग्ग पच्चयो) - अर्थ– यी धर्मले सत्यकाय-दृष्टि, आदि क्लेशलाई हटाई अपाय दुःख र वट्ट दुःख अन्त गरी निर्वाणसम्म पुऱ्याइदिनमा समर्थ भएकोले मार्ग (मग्ग) भनिन्छ ।

कुशलादी १२ वटा मार्गको मग्ग-प्रत्यय भनिन्छ ।

मार्ग १२ प्रकारका छन । जस्तै-

१. सम्मा दिट्ठि - सम्यक दृष्टि,

२. सम्मा-संकल्प - सम्यक-संकल्प,

३. सम्मा-वाचा - सम्यक-वचन,

४. सम्मा-कम्मन्त - सम्यक-कर्मान्त,

५. सम्मा-आजीव - सम्यक-आजीविका,

६. सम्मा-वायाम - सम्यक-व्यायाम,

७. सम्मा-सति - सम्यक-स्मृति,

८. सम्मा-समाधि -सम्यक-समाधि,

९. अलोभ,

१०. अदोष,

११. अमोह,

१२. अक्लेश,

१९. संयुक्त-प्रत्यय (सम्पयुत्त पच्चयो)– एक वस्तु एकारम्मन, एकुप्पाद, एक निरोध संस्खतबाट उपकार भएको अरूप धर्मलाई सम्पयुत्त-प्रत्यय भन्दछन ।

२०. वियुक्त-प्रत्यय (विप्पयुत्त पच्चयो)– भौतिक र मानसिक,



Downloaded from http://dhamma.digital

मानसिक र भौतिकसँग विप्पयुत्त प्रत्ययको सम्बन्धबाट सम्बन्धित किनभने दुईवटाको स्वभाव एक अरूसँग वियुत्त भएको छ, यसैकारण विप्पयुत्त प्रत्यय भन्दछन ।

२१. अस्ति-प्रत्यय (अस्थि पच्चयो)–जुन धर्म उपस्थित र राम्रोसँग फैलेर (व्याप्त भएर) अरू धर्म उत्पत्ति हुने अनिवार्य हुन्छ भने त्यो दुईवटाको बीचमा अस्ति-प्रत्ययको सम्बन्ध भएको हुन्छ । सबै भौतिक विकारहरूको उत्पत्तिको कारण चार महाभूत (पृथ्वी, आगो, तेज, वायो) को उपस्थिति हुनु अनिवार्य छन । चार महाभूतको विकारसँग अस्ति-प्रत्ययसँग सम्बन्धित छन ।

२२. नास्ति-प्रत्यय (नत्थि पच्चयो)–उपस्थित नभएको नफैलिएको केही धर्मबाट अरू धर्मको उत्पत्तिमा सहायता गर्छ भने आफै उत्पन्न भएको धर्म सम्बन्ध नत्थि-प्रत्यय सम्बन्धित भएको हुन्छ । जुन चित्त र चैतसिक एक छिनमा समाप्त हुन्छ । एकै छिनमा अविद्यमानबाट नै उत्पन्न भएको चित्त र चैतसिक नास्ति-प्रत्ययको सम्बन्ध भएको छ ।

२३. विगत-प्रत्यय (विगत पच्चयो)– विलकुल उपयुक्त प्रत्यय जस्तो हो ।

२४. अविगत-प्रत्यय (अविगत पच्चयो)– अविगत भावबाट उपकार भएको धर्मलाई अविगत-प्रत्यय भन्दछन ।

●

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# स्मृतिमा




## श्रद्धेय रत्न मञ्जरी गुरुमाँ

(दिवंगत: २०६३/०६/१९)

Downloaded from http://dhamma.digital

जीवनका उत्सर्गहरू
Jiwanka Utsargaharu

# डा. अनोजा गुरूमाँ



| | | |
|---|---|---|
| गृहस्थी नाम | : | शारदा मानन्धर |
| जन्मस्थान | : | बनेपा-५, वांछ्योटोल |
| जन्ममिति | : | ई.सं. १९६० जुलाई ७ |
| राष्ट्रियता | : | नेपाली |
| गृहत्याग | : | ११ वर्षकी छँदा |
| शिक्षा | : | विद्यावारिधि (२०५४ बौद्ध दर्शन) |
| प्रकाशित कृतिहरू | : | (१) सुलक्षण कीर्ति बिहार: एक परिचय (२०६१ माघ) (२) बौद्धध्यान (२०६२ असार) (३) बौद्ध प्रवचन माला: भाग-१ (२०६२ भाद्र) (४) शान्ति अभिप्रेरणा (२०६३ कार्तिक) (५) नियात्राका पदचापहरु (२०६५ मंसिर) (६) शील सन्देश (२०६७ फागुन) (७) बर्मा: अनुभव अनुभूति (२०६८ कार्तिक) (८) मङ्गल उपदेश (२०६९ भाद्र ३०) । |
| अन्य शिक्षा | : | प्राथमिक सेवा तालिम, एक्युप्रेसर तालिम, सिलाई, बुनाई, रफ्फु भर्ने तालिम, ध्यानयोग तालिम । |
| विशेष सङ्लग्नता | : | सुलक्षणकीर्ति विहार, चोभारका संस्थापक, बौद्ध ज्योति अन्तर्राष्ट्रिय संघ नेपाल शाखाका अध्यक्ष, सुगत सन्देश, बौद्ध पत्रिकाका प्रकाशिका तथा सल्लाहकार । |
| सङ्लग्न संघ-संस्था | : | धर्मोदय सभा, बौद्ध परियत्ति शिक्षा केन्द्र, शाक्यसिंह विहार, ध्यानकुटी विहार, अन्तर्राष्ट्रिय बौद्ध योग केन्द्र, भिक्षुणी संघ, नेपाल रसियन सांस्कृतिक केन्द्र, लुम्बिनी गौतमी विहार, धर्मकीर्ति विहार, जनमत प्रकाशन । |
| भ्रमण | : | भारत, पाकिस्तान, अमेरिका, इजरायल, टर्की, इटाली, थाईल्याण्ड, क्याम्बोदिया, यू.के., क्यानाडा, चीन, ताइवान, हङकङ, कोरिया, बर्मा, श्रीलङ्का, जर्मन, फ्रान्स, बेल्जियम, बंगलादेश, भुटान, स्वीजरल्याण्ड, न्यूजिल्याण्ड, मलेसिया, सिंगापुर, इन्डोनेसिया, जापान, अस्ट्रेलिया, मेक्सिको, पोर्चुगल आदि । |
| धर्म-दृष्टि | : | राम्रो गर्नु नै धर्म हो । राम्रो कर्म र राम्रो विचार गर्ने सोच बनाएर अरुको उपचार गर्नु नै धर्म हो । प्राणी हिंसा गरेर अरुलाई ढाँटेर, अर्कालाई छलेर, अर्काको चोरेर, चाकडी-चुक्ली गरेर धर्म पाइँदैन । बौद्ध भनेको बुद्धि वा ज्ञान हो । धर्म भनेको धरायतीति धर्म हो अर्थात् जे धारणा गरिन्छ, त्यसलाई धर्म भनिन्छ । यस आधारमा हेर्दा ज्ञानलाई अङ्गाल्नु नै बौद्ध धर्म हो । |

ISBN 9789937022965

Downloaded from http://dhamma.digital